# पहिलो अध्याय

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक **साहित्यकार गोपीन्द्र पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पसको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको परिपूर्ति गर्नु रहेको छ ।

## १.३ विषय परिचय

गोपीन्द्र पौडेलको जन्म वि.सं. २०१४ मा प्यूठान जिल्लाको लुङ्ग बाहानेमा भएको हो । पौडेलले वि.सं.२०३२ मा जनता मा.वि. बाट एस.एल.सी. पास गरेका हुन् । साथै महेन्द्र बहुमुखी क्याम्पसबाट वि.सं. २०३८ मा प्रमाण पत्र तह र वि.सं. २०४२ मा स्नातक उत्तीर्ण गरेका हुन् । उनले त्रि.वि. बाट वि.सं. २०४६ मा स्नातकोत्तर र वि.सं. २०६२ मा त्रि.वि. बाटै विद्यावारिधिको उपाधि समेत लिएको पाइन्छ ।

एस.एल.सी देखि स्नातकसम्मको शिक्षाको गतिलाई हेर्दा उनले बीचमा केही वर्ष शिक्षकको काम गर्ने, बीचमा छोड्ने अनि फेरि अध्ययनलाई निरन्तरता दिने गरेको देखिन्छ । वि.सं. २०४६ मा स्नातकोत्तर गरिसके पछि वि.सं. २०४८ मा पाटन संयुक्त एवं वि.सं. २०५४ मा सेवा आयोग पास गरी सोही क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत छन् । यिनै गोपीन्द्र पौडेल नेपाली साहित्य साधनाका क्षेत्रमा समेत सुपरिचित नाम बन्न पुगेको देखिन्छ । त्यसैले उनको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय गर्नु यहाँ सान्दर्भिक हुन आएको छ । गोपीन्द्र

पौडेलको जीवनवृत्तलाई हेर्दा विद्यार्थीकाल देखि नै सिर्जनकलामा संलग्न भएको पाइन्छ । प्रारम्भमा नाटक र कविताको सिर्जना भए पनि तिनको प्रकाशन भएको पाइदैन । औपचारिक रूपमा प्रकाशनको ढोका भने **सन्दर्भ हास्यव्यङ्ग्यको चर्चा भीमनिधि तिवारीको कविताको** भन्ने समीक्षात्मक लेखबाट खुल्न गएको पाइन्छ । पौडेलका प्रकाशित कृतिमा **'कामरेडमा नाउँ दरिएन'** (२०५६), निबन्ध संग्रह, **सौन्दर्यबोध र समीक्षा विविध** (२०५९) **'समालोचना, भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्वको मूल्याङ्कन'** (२०६५), कथाको सौन्दर्यशास्त्र (२०६५) जस्ता समालोचनात्मक कृतिहरू रहेका छन् । पौडेलका आलोचना, कलम, बेदना, गरिमा, अन्तर्ध्वनि, साथी, जनादेश, योजना जस्ता पत्रपत्रिकामार्फत पनि लेख, समीक्षा, एवं निबन्धहरू प्रकाशित भएको पाइन्छ ।

प्रगतिवादी नेपाली साहित्यको फाँटमा देखिएका पौडेलको व्यक्तित्व पनि सवल रहेको छ । यिनका व्यङ्ग्य, विद्रोहात्मकता र प्रगतिवादी चेत रहेको कुराको स्पष्ट स्वीकारोक्ति आफ्ना रचना मार्फत जनाएका छन् ।

## १.४ समस्या कथन

गोपिन्द्र पौडलको जीवन, व्यक्तित्व र कृतित्वको अध्ययन नामक प्रस्तुत शोधपत्रका समस्याहरू निम्न बमोजिम रहेका छन् ।

(क) गोपीन्द्र पौडेलको जीवन के-कस्तो रहेको छ ?

(ख) गोपीन्द्र पौडेलको व्यक्तित्व के-कस्तो छ ?

(ग) गोपिन्द्र पौडेलको कृतित्व के-कस्तो छ ?

(घ) गोपीन्द्र पौडेलको नेपाली साहित्यमा के-कस्तो योगदान रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नबमोजिम रहेने छन् :

(क) गोपीन्द्र पौडेलको जीवनीको निरूपण गर्नु,

(ख) गोपीन्द्र पौडेलको कृतित्वको समीक्षा गर्नु,

(ग) गोपीन्द्र पौडेलको कृतित्वको मूल्याङ्कन गर्नु र

(घ) नेपाली साहित्यमा गोपीन्द्र पौडेलले दिएको योगदानको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

गोपीन्द्र पौडेल निबन्धकार एवं समालोचक व्यक्तित्व भए पनि उनका बारेमा हालसम्म कसैले विशेष रूपले अध्ययनको चासो देखाएको पाइदैन । छिटफुट रूपमा विभिन्न पत्र-पत्रिका, पुस्तक एवं शोधार्थीले गरेको टिप्पणी, परिचय एवं समीक्षा भएको पाइन्छ । जसको क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

रविलाल अधिकारी, **प्रगतिवादी नेपाली समालोचना, लेकाली प्रकाशन पोखरा,** वि.सं. २०५६ मा अधिकारीले प्रगतिवादी नेपाली समालोचनाको तेस्रो चरणमा देखिएका समालोचकहरूमा गोपीन्द्र पौडेललाई लिएका छन् । यिनले आफू क्रान्तिकारी देखिन रूचाउने तर व्यवहारिकतालाई वास्ता नगर्ने चैतन्य, शक्ति लम्साल, ताराकान्त पाण्डे लगायत समालोचकहरूसँग गोपिन्द्र पौडेललाई उभ्याएका छन् ।

बुद्धिसागर घिमिरे, **नेपाली साहित्यमा कलम पत्रिकाको योगदान शोधपत्र** ( २०५६) मा घिमिरेले गोपीन्द्र पौडेललाई, लेख, निबन्ध, व्यङ्ग्य सबै रचना प्रकाशित गरी 'कलम' का प्रतिनिधि सर्जक बन्न पुगेको जनाएका छन् । यिनका लेख, रचना, व्यङ्ग्य समसामयिक राजनीतिक तथा सामाजिक विषयवस्तुमा आधारित छन् । सरल र सरस शैलीमा विषयवस्तु प्रस्तुत गर्नु यिनको मुख्य प्रवृत्ति देखिन्छ । यिनका रचनाले पाठकलाई ज्ञान र मनोरञ्जन दुबै गर्छन् भन्दै गोपीन्द्र पौडेललाई 'कलम' को प्रतिनिधि सर्जकको रूपमा राखेका छन् ।

सञ्जय, **कान्तिपुर, ८-८५ वैशाख २०५७ मा कामरेडमा नाउँ दरिएन** नाम निबन्धमा लेखकले व्यङ्ग्य विद्रोह मार्फत आफ्नो अभिष्ट पूरा गरेका छन् । साथै यसमा झर्रा नेपाली शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । त्यसैगरी व्यङ्ग्य निबन्धहरूको भीडमा आफूलाई पनि चिनाउने लेखकको प्रयाप्त सकारात्मक रहेको सञ्जयले बताएका छन् ।

ताराकान्त, पाण्डे-**प्रलेस** ७-१३ फाल्गुण वि.सं. २०५९ मा पछिल्लो चरणका प्रगतिवादी निबन्धकारहरूको उल्लेख गर्ने क्रममा गोपीन्द्र पौडेलको नाम उल्लेख गरेका छन् । त्यस्तै प्रगतिवादी निबन्धलाई आफ्नो मूल क्षेत्र बनाएर त्यसमा प्रतिबद्ध र सक्रिय हुने काम भए पनि तिनको सक्रियताले प्रगतिवादी निबन्धलाई गति दिएको कुरातर्फ शंका गर्ने ठाउँ छैन भन्दै त्यस्ता स्रष्टाहरूको निबन्ध सङ्ग्रहको नाम उल्लेख गर्ने क्रममा गोपीन्द्र पौडेलको कामरेडमा नाउँ दरिएन ( २०५६) निबन्ध संग्रहको पनि नाम उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** भूमिका प्रकाशन वाराणसी, वि.सं. २०६१ मा वि.सं. २०१० पछिका समयावधिमा बहुचिन्तन परम्पराको आरम्भ भएको एवं वि.सं. २०२१ पछिका कालखण्डमा समालोचना लेख्ने लेखकहरूको नाम उल्लेख गर्ने क्रममा गोपीन्द्र पौडेलको पनि नाम उल्लेख गरिएको छ ।

बलबहादुर महतारा-**नेपाली साहित्यमा प्यूठान जिल्लाको योगदान** (शोधपत्र) वि.सं. २०६१ साहित्यिक आन्दोलन र विद्यागत उपलब्धिको मूल्याङ्कन गरिएको छ । त्यसमा निबन्ध र समालोचना विधा अन्तर्गत गोपीन्द्र पौडेलको सिर्जन धर्म र योगदानको उल्लेख गरिएको छ ।

नेत्र एटम, **समालोचनाको स्वरूप,** साझा प्रकाशन २०६१ मा समकालीन नेपाली समालोचनाको बारेमा चर्चा गर्दा गोपीन्द्र पौडेलको पनि नाम उल्लेख गरेका छन् ।

सुधांसुले **जनजिब्रो** १०-१ मंसिर २०६३ मा **जनयुद्ध, स्रष्टा र सिर्जना** शीर्षकको लेख अन्तर्गत जनयुद्धकालीन साहित्यका उपलब्धिको चर्चा गर्दा निबन्ध विधा अन्तर्गत गोपीन्द्र पौडेलको पनि चर्चा गरेका छन् ।

नन्दीश अधिकारी-**प्रत्याक्रमण** २-१० फाल्गुण वि.सं. २०६३ मा **११ वर्षे जनयुद्धका युद्धसाहित्य** शीर्षकको लेखमा जनयुद्धकालीन साहित्यको बारेमा विधागत चर्चा गरेका छन् । त्यस क्रममा निबन्ध र समालोचना विधामा गोपीन्द्र पौडेलको पनि योगदान रहेको उल्लेख गरेका छन् ।

रामप्रसाद ज्ञवाली-२३-१ वैशाख २०६४, रश्मिमा प्रकाशित गोपीन्द्र पौडेलको लेख **'आधुनिक नेपाली कथा परम्परामा चरण विभाजनको समस्या र समाधान'** शीर्षकमा ज्ञवालीले चरण विभाजनका परम्परागत प्रयत्नहरू, तिनमा देखा परेका समस्या त्रुटि र दुर्वलताहरूको ऐतिहासिक अवलोकन र सर्वेक्षण गर्दै चरण विभाजनका वैज्ञानिक आधारहहरूको खोजीका साथ आधुनिक नेपाली कथाका चरणहरूको निरूपण गर्ने मौलिक प्रयास गरिएको कुरा जनाएका छन् । यो लेखलाई ज्ञवालीले नेपाली कथाको मात्र नभई नेपाली साहित्यकै बौद्धिक, तार्किक, रेखाङ्कनमय र नवीन विश्लेषण भएको प्राज्ञिक रचनाका रूपमा मान्न सकिने बताएका छन् ।

योगराज सापकोटा, संश्लेषण (१ : १), २०६५, पुस/माघ, काठमाडौं मा **'एउटा पठनीय कृतिः कथाको सौन्दर्यशास्त्र'** शीर्षकमा पुस्तक परिचयका क्रममा पौडेलको कथाको सौन्दर्यशास्त्र प्रगतिवादी दृष्टिकोणबाट कथाको सैद्धान्तिक अनुसनन एवम् विश्लेषण गरिनुका साथै यस कृतिले कथासम्बन्धी सौन्दर्यशास्त्रीय ज्ञान प्राप्त गर्न चाहने र थप अध्ययन-अनुसन्धान गर्नेहरूको लागि प्रचुर मात्रामा आदार एवम् मार्ग प्रदान गर्ने छ भन्ने निष्कर्ष दिइएको छ ।

धनप्रसाद सुवेदी, जनएकता, २०६५, पुस ७, काठमाडौं **विधासिद्धान्तमा थप आयामः कथाको सौन्दर्यशास्त्र** शीर्षकको लेखमा मार्क्सवादी सौन्दर्यशास्त्रका दृष्टिले नेपाली विधागत सौन्दर्य पर्गेल्ने कुरामा यस कृतिको विशेष महत्त्व छ । त्यसैले

मार्क्सवादी सौन्दर्यशास्त्रका सन्दर्भबाट गोविन्द भट्ट, चैतन्य, निनु चापागाई, ऋषिराज बराल, जगदीशचन्द्र भण्डारी, घनश्याम ढकाललगायतका सीमित सौन्दर्य शास्त्रीका लहरमा गोपीन्द्र पौडेललाई उभ्याउने काम यस कृतिले गरेको छ भन्ने उल्लेख गरिएको छ ।

## १.७ शोधको औचित्य

निबन्ध र प्रगतिवादी नेपाली समालोचनाका क्षेत्रमा गोपीन्द्र पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा छिटफुट रूपमा अध्ययन भए तापनि समग्र रूपमा अध्ययन भएको पाइँदैन । सो कुराको पुष्टि पूर्वकार्यको समीक्षा अन्तर्गत गरिएको अध्ययनबाट थाहा भएको छ । त्यसैगरी माथि गरिएको पूर्वकार्यको समीक्षाको अध्ययनले उनका बारेमा व्यवस्थित अध्ययन हुन नसकेको हुँदा शोधको औचित्य पनि स्पष्ट हुन गएको छ । त्यसैले गोपीन्द्र पौडेलको नेपाली निबन्ध र नेपाली प्रगतिवादी समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको तथ्य पूर्वकार्यको समीक्षाबाट स्पष्ट भइसकेको छ ।

## १.८ शोधको सीमाङ्कन

प्रस्तुत शोधको क्षेत्र गोपीन्द्र पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, अनुसन्धान एवं विश्लेषण हुनेछ । त्यसैले प्रस्तुत शोध गोपीन्द्र पौडेलको अध्ययनमा, सीमित रहेको छ । यस सन्दर्भमा वि.सं. २०६५ सम्मका पौडेलका रचना एवं पत्र पत्रिकामा रहेका र उपलब्ध भएसम्मका सामग्रीको कालक्रमिक विवरण दिएर उद्देश्य, विषय, वैचारिक पक्ष आदिका आधारमा गरिएको छ ।

खासगरी गोपीन्द्र पौडेलको जीवनी, व्यक्तित्व र कृतित्त्वको सङ्क्षिप्त अध्ययन र विश्लेषणमा प्रस्तुत शोधपत्र सीमित रहेको छ ।

## १.९ सामग्री सङ्कन विधि

नेपाली साहित्यमा गोपीन्द्र पौडेलको नाम प्रगतिवादी साहित्यकारको रूपमा परिचित बन्न पुगेको छ । त्यसकारण तत्सम्बन्धी सामग्रीहरूको सङ्कन गरी उनलाई प्रगतिवादी साहित्यको फाँटमा राखिनेछ ।

प्रस्तुत शोधकार्यलाई विश्वसनीय प्रमाणित एवं पूर्णता दिने प्रक्रियामा पुस्तकालयीय अध्ययन गर्ने क्रममा सम्बन्धित पुस्तक र पत्र-पत्रिकाहरूको अध्ययन गरिएको । यसै गरी सामाग्री सङ्कलन विधि मूलतः प्राथमिक र द्वितीय प्रकृतिको रूपमा राखिएको छ ।

शोध नायक, उनका समकक्षी व्यक्तित्वहरू र आफन्तहरूलाई भेटी लिखित र मौखिक रूपमा आवश्यक अन्तरवार्ताका माध्यमबाट यथासम्भव जानकारी प्राप्त गरी आवश्यक सामग्री र सूचना सङ्कन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको स्वरूप संरचनालाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि निम्न बमोजिम अध्ययन एवं शीर्षक-उपशीर्षकमा विभाजन गरिएको छ ।

| | | |
|---|---|---|
| (क) पहिलो अध्याय | - | शोध परिचय |
| (ख) दोस्रो अध्याय | - | गोपीन्द्र पौडेलको जीवनीको अध्ययन |
| (ग) तेस्रो अध्याय | - | गोपीन्द्र पौडेलको व्यक्तित्वको अध्ययन |
| (घ) चौथो अध्याय | - | गोपीन्द्र पौडेलको कृतित्वको अध्ययन |
| (ङ) पाँचौ अध्याय | - | उपसंहार तथा निष्कर्ष |

गोपीन्द्र पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन पश्चात शोधको अन्त्यमा प्रमुख सन्दर्भ ग्रन्थ, पत्र-पत्रिकाहरूको सूचि समेत प्रस्तुत गरिएको छ ।

# दोस्रो अध्याय

# गोपीन्द्र पौडेलको जीवनीको अध्ययन

## २.१ जन्म र जन्मस्थान

गोपीन्द्रकुमार पौडलको जन्म वि.सं. २०१४-११-७ गते प्युठान जिल्ला लुङ गा.वि.स. वडा नं. १ कसेरी पीपलमुनि पिता ईश्वरीप्रसाद पौडेल र माता मीना पौडेलका छ भाइ छोराहरूमध्ये साहिंला छोराको रूपमा भएको जानकारी पाइन्छ । यो जन्ममिति उनले प्राप्त गरेको नागरिकता र शैक्षिक प्रमाण पत्रको आधारमा रहेको छ । किनकि उनको चिना पनि नभएको र खास जन्ममिति थाहा नभएको बुझिन्छ । उनको न्वारानको नाम गोकर्ण पौडेल रहेको बुझिन्छ । पछि २०२७ सालतिर स्कुलमा भर्ना गर्ने क्रममा जेठा दाजु मधुसूदन पौडेलले गोपीन्द्रकुमार पौडेल भन्ने नाम राखिएको पाइन्छ । उनको लुङ गाउँको पूर्वमा किमचौर र लेखको डाँडो, पश्चिममा लुङखोला, उत्तरमा ढाखोला र दक्षिणमा हर्सङ् खोलाका बीचमा सर्लक्क चुलिएको सुन्दर गाउँ, वरिपरि चरी लड्ने भीर, खतरनाक भीरहरूमध्येको कसेरी पीपलमुनिको टुट्न्या भीर रहेको बुझिन्छ । भीरैभीरको टापुमा सजिएको लुङ प्रकृतिको अनुपम छटाहरूले भरिएको सुन्दर पहाडी बस्तीको रूपमा रहेको पाइन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

बाजे हरिनन्दन शर्माका छोरा ईश्वरीप्रसाद पौडेल र उनकी श्रीमती मीना पौडेलबाट छ छोरा र दुई छोरी भएको बुझिन्छ । दुई छोरीमध्ये जेठी छोरीको निधन ११ वर्षको उमेरमा भएको बुझिन्छ । छ भाइ छोराहरूमध्ये गोपीन्द्र पौडेल साहिँला छोराका हुन् । ईश्वरीप्रसाद पौडेलकी जेठी छोरीको निधन भएपछि हाल छ जना छोरा, १ छोरी जीवितै अवस्थामा रहेका छन् ।

## २.२ वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

गोपीन्द्र पौडेलको वंशपरम्परालाई खोतल्दै जाँदा उनका पूर्खाहरू भारतको पौडी भन्ने ठाउँबाट पश्चिम नेपाल हुँदै प्यूठानको भित्रीकोट र चुँजा भन्ने ठाउँमा आएर बसोबास गरेको पाइन्छ । त्यसपछि झण्डै वि.सं. २०४० तिर उनका

पूर्खाहरू लुङमा आई बसोबास गरेको बुझिन्छ । पूर्खाहरू बेदका अध्येता हुनाले उनका पूर्खाहरूलाई 'बेदुवा' पनि भन्ने गरेको बुझिन्छ । बाजे हरिनन्दन शर्मा प्रकाण्ड बैद्य एवम् ज्योतिष भएको कुरा ईश्वरबहादुर के.सी.को हवाला दिएर शोधनायकका दाजु मधुसूदन पौडेल बताउँछन् । बाजेले भित्र कोठामा रहेको विरामीलाई धागो बाँधेर बाहिर ल्याउने र धागोको सहाराले नै विरामीको अवस्था बुझ्न सक्ने कुरा पनि उनले बताउँछन् । यसरी पौडेलका बाबुले औंपचारिक शिक्षा नलिए पनि ज्योतिष र कर्मकाण्डको ज्ञान भएको बुझिन्छ । यसरी बाजे बैद्य र ज्योतिष विधामा राम्रो दखल हुनु र पछि छोरालाई पनि ज्योतिषसम्बन्धी ज्ञान हुनुले यो कुराको पुष्टि हुन् गएको पाइन्छ । (शोधनायकका दाजु मधुसूदन पौडेलबाट प्राप्त जानकारी)

गोपीन्द्र पौडेलको पारिवारिक पृष्ठभूमिलाई हेर्दा निम्न मध्यम वर्गीय किसान परिवार रहेको बुझिन्छ । आर्थिक विपन्नताका कारण पौडेलको पारिवारले जीविकोपार्जनका लागि अत्यन्त कष्टप्रद जीवन भोगाइको सामना गरेको बुझिन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

## २.३ बाल्यकाल

गोपीन्द्र पौडेलको बाल्यकाल लुङ बाहानेको सुन्दर भूमिमा व्यतीत भएको पाइन्छ । उनको जन्म लुङमा भएको र त्यसको दुई वर्षपछि सोही गा.वि.स. को बेसी बाहानेमा बसाईंसराई गरेर बस्न थालेको बुझिन्छ । बाहाने भिरालो पाखो परेको सुन्दर सानो बस्तीको पूर्वमा केही भिरालो र केही समथर मैदानी खेत, उत्तरमा बनजङ्गल, पश्चिम-दक्षिणमा पनि बनजङ्गल रहेको बुझिन्छ । निम्न मध्यम वर्गीय किसान परिवार भएकोले बाल्यकाल स्वभाविक रूपमा दुःखद् नै हुने गर्दछ । यसो भए पनि आमाबाबुको पालनपोषण र लाडप्यार भने पौडेलले प्रशस्त मात्रामा पाएको बुझिन्छ । पौडेलको जन्म विकट ग्रामीण पहाडी क्षेत्रमा भएको हुनाले त्यहाँ सहरीया र बजारीया परिवेश रहेको पाइँदैन । उनको परिवार निम्न मध्यम वर्गीय किसान भएकोले उनले पनि सोहीअनुरूप खेतवारी खन्ने,

बालीनालीलगाउने, पानी पटाउने, गाई-बाखा चराउने, घाँस दाउरा गर्नु आदि श्रमकार्य गरेको बुझिन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

स्वभाविक रूपमा बाल्यकालमा बालकहरूले मनोरञ्जन गर्ने, खेल खेल्ने, विभिन्न फलफूल, कन्दमूलहरू खोजी खान मनपराउने गरेको पाइन्छ । सोहीअनुरूप गोपीन्द्र पौडेलले पौडी खेल्ने, माछा मार्ने, गीत गाउने, नाचगानमा रमाउने जस्ता मनोरञ्जनात्मक कार्य गरेको बुझिन्छ । ग्रामीण परिवेश हुनाले पौडेलले मौसमअनुसार ऐसेलु, पीपल, चौतारी तिँदु, अम्बा, किम्मु, आरूबखडा, कँडिलो, बनतरूल, वनमूला, भत्कुला, गिठा, सक्करखण्ड आदि खाने र रमाउने गरेको बुझिन्छ । साथै बेला-बेलामा बालसखीहरूसँग डण्डीवियो, कपर्टी, क्रिकेट, लुकामारी खेलका अतिरिक्त रातको समयमा भैँडाबाखा जस्ता खेलहरू खेल्ने गरेको पाइन्छ । यसका साथै बालसखीसँग गाईबाखा चराउन जाँदा पौडेलले चामल बोक्ने, बालसखी डालीले बाखा दुहुने र बाँसको ढुङ्ग्रामा खीर पकाएर खानेजस्ता कार्य बाल्यकालमा गरेको पौडेलले स्वयम् बताउँछन् । (शोधनायकबाट प्राप्त जानकारी)

ग्रामीण परिवेश, सोहीअनुरूपको वातावरण र बालसखाहरू भएका हुनाले पढाइलेखाइप्रति खासै रूचि भएको देखिदैन । तर बाटोघाटो खन्नु, दुःखका बेला अरूलाई सहयोग गर्नु, मान्यजन र दुःखीजनलाई सहयोग गर्नु जस्ता सामाजिक कार्य गर्ने गरेको बुझिन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

## २.४ किशोरावस्था

गोपीन्द्र पौडेलको किशोरावस्था अन्य व्यक्तिहरूको सरह व्यथीत भएको देखिदैन । जबकि यो अवस्थामा सबै किशोरहरू हाँसी खुशी रोमान्टिक तवरले दिन विताउने गरेको पाइन्छ । तर, पौडेलमा यो अवस्थादेखि नै जिम्मेवारीबोधका कार्यहरू आउन थालेकाले उनले किशोरावस्था सहज भन्दा पनि जिम्मेवारी पूर्ण तवरले बिताएको बताएका छन् । यो अवस्थामा आइपुग्दासम्म पनि उनमा पढाइलेखाइप्रति सामान्य प्रयत्न मात्र भएको तर दाजुहरूको प्रेरणा र सहयोगबाट

भने अध्ययन कार्यलाई अगाडि बढाएको बताउँछन् । किशोरावस्थामा नै पौडेलले घर तथा वरपरको कार्यमा जिम्मेवारीबोध गर्न थालेको जनाउँछन् । त्यसैगरी पौडेलले सामाजिक कार्यमा विशेष रूचि र क्रियाशीलता देखाउने गरेको बुझिन्छ । पौडेलले घरायसी र गाउँले परिवेशअनुरूप धार्मिक-सांस्कृतिक कार्य विवाह, ब्रतबन्ध, छैंटी र काज किरिया, श्राद्ध, पूजाआज जस्ता धार्मिक-सांस्कृतिक कार्यमा संलग्न हुने गरेको बताएका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

गोपीन्द्र पौडेल १३ वर्षको हुँदा बुबाको मृत्यु भएको र बुबाको मृत्युपछि घरको रेखदेख र जिम्मेवारी पनि बोध भएको जनाएका छन् । पौडेलको किशोरावस्था हुँदा जेठा दाजु आई.ए.सी. पढ्न गएको र माहिलो दाजुले एस.एल.सी. दिदै गर्दा आफू भने निरक्षर रहेको कुरा बताउँछन् । पौडेलले किशोरावस्थामा बस्तुभाउ रेखदेख, खेतीपाती रेखदेख गरेर नै बिताएको पाइन्छ । त्यसैगरी पौडेल गाउँघरका आफ्ना अग्रजहरूसँग मिसिएर भजन गाउने जस्ता कार्य पनि गर्ने गरेको बताउँछन् । यो अवस्थामा नै जिम्मेवारीबोध र उत्तरदायित्वबोध बढनुको मूल कारण  दाजुहरू घरमा नबस्नु र बुबाको परलोक हुनु देखिन्छ । ( शोधनायकबाट प्राप्त जानकारी)

## २.५ शिक्षादीक्षा

गोपीन्द्र पौडेलको जन्म प्यूठान जिल्लाको विकट गाउँमा भएकोले सामान्यतया शिक्षा आर्जनका निम्ति प्रतिकूल परिवेश भएको बुझिन्छ । नजिकमा स्कुल नहुन, बाहाने नामको सिङ्गो गाउँमा शिक्षाप्रति आवश्यक सचेत भाव नहुनु, घरको आर्थिक अवस्था अत्यन्त दयनीय हुनु, छोराहरूलाई पढाउनु पर्छ भन्ने भावना बुबामा हुँदाहुँदै पनि सामान्य किसानी गरेर धेरै भाइ छोराहरूलाई एकै साथ पढाउने औंकात बुबा ईश्वरीप्रसाद पौडेलमा नभएको बुझिन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

गोपीन्द्र पोडेललाई २०२० सालतिर ६ वर्षको उमेरमा श्रीपञ्चमीको दिन पारेर बुबाले कालो पाटीमा रातो माटो भरेर बाँसको सिन्काले ‘क’, ‘ख’ र ‘ग’

जम्मा तीन अक्षर सिकाउनु भएको उनि बताउँछन् । साथै त्यस दिनबाहेक त्यो ( क्रियाकलाप) कार्य अबरूद्ध भएको बुझिन्छ । निम्न मध्यम वर्गीय किसान परिवार भएकाले र ग्रामीण जीवनपरिवेशका कारण सम्पूर्ण ध्यान खेतीपाती, पशुपालन, घाँसदाउरा गर्दै व्यतीत भएको बुझिन्छ । झण्डै २०२६/०२७ सालतिर आइपुग्दा जेठा दाजु मधुसूदन पौडेलले आई.ए.सी. पूरा गर्दै गरेका र महिला दाजु, केशवराज पौडेलले आई.कम. पढ्न शुरू गरेको पाइन्छ । शिक्षाप्रतिको जागरूकता एवम् भाइहरूप्रतिको सकारात्मक सोचका कारण मधुसूदन पौडेल र केशवराज शर्माबाट घरमा नै गोपीन्द्र पौडेल र उनका भाइ दामोदर पौडेललाई अंग्रेजी र नेपाली अक्षर सामान्य रूपमा चिनाउने गरेको बुझिन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

२०२७ साल पौषमा जेठा दाजु मधुसूदन पौडेलले आई.ए.सी. द्वितीय श्रेणीमा उत्तीर्ण गरी जनता मा.वि बाग्दुलामा विज्ञान विषय अध्यापन गर्ने शिक्षकको रूपमा कार्यरत भएको पाइन्छ । अध्यापनको कार्यभार समालेका गरेका दाजु मधुसूदन पौडेलमा भएको निस्वार्थ भाव, भातृप्रेम, सद्भाव, समुन्नत भविष्यदृष्टि भएका कारण सोही जनता मा.वि. बाग्दुलामा भाइ दामोदर पौडेल र गोपीन्द्र पौडेल सोझै कक्षा ६ मा भर्ना भएको बुझिन्छ । त्यतिबेलासम्म दुई भाइले अक्षरमात्र चिनेको पाइन्छ । अक्षरमात्र चिनेको भरमा सिधै छ कक्षामा भर्ना भई अध्ययन गर्नु त्यति सजिलो थिएन र ज्यादै कठीन भएको कुरा पनि गोपीन्द्र पौडेल बताउँछन् । (शोधनायकबाट प्राप्त जानकारी)

मधुसूदन पौडेलले आफू आइ.एसी. पास र महिलो भाइले आइ.कम. पढ्न शुरू गर्दासम्म भाइहरू गोपीन्द्र र दामोदर पौडेलले भर्खर स्कुल जान शुरू गरेको जनाउछन् । यसो हुनमा घरायसी आर्थिक अवस्था, खेतीपातीका साथै घरायसी कामले गर्दा भन्ने बुझिन्छ । अर्को कुरा पढाइप्रतिको जागरूकता पनि नभएको पाइन्छ । राम्रो पढ्नु पर्छ र ज्ञान हासिल गरी रोजगारी पाउनु पर्छ भन्दा पनि सामान्य रूपमा ज्ञान आर्जन गरी कर्मकाण्ड गरे पुग्छ भन्ने धारणा पनि रहेको पाइन्छ । त्यस्तै गाउँदेखि स्कुल पुग्न उकालो चढेर वा खोला तरेर जानु पर्ने भएको एवम् डेरा बसेर पढ्न पनि संभव थिएन भन्ने बुझिन्छ । जेठो र माइलालाई पढाए

यिनले भाइहरूको पनि उद्धार गर्लान भन्ने बुबाको मनसायअनुरूप आफूले पढ्न पाएको पौडेल बताउँछन् । दाजु मधुसूदन पौडेलले गोपीन्द्र पौडेललाई घरमा अनौपचारिक शिक्षा दिनुका साथै कक्षा ६ मा सिधै भर्ना गराएको व्यक्त गरेका छन् । बुबाको मृत्युपछि सबै जिम्मेवारी आफूमा थपिएको र आफ्नो मात्र जागीरको भरमा घरका सबै समस्याको साथै भाइहरूको इच्छा पूर्ण रूपमा पूर्ति गर्न भने नसकेका भन्ने भनाइ गोपीन्द्र पौडेलका दाजु मधुसूदन पौडेलको देखिन्छ तर बुबाको सपना र सुम्पेको जिम्मेवारी पूरा गर्न लागि परेको देखिन्छ । पढाइको महत्त्व पनि बढ्दै गएको आँकलन गरी आफूले गोपीन्द्र पौडेललाई अनौपचारिक शिक्षादेखि बी.ए. अध्ययन गर्दासम्म सक्दो सहयोग गरेको धारणा मधुसूदन पौडेलले व्यक्त गरेका छन् । (शोधनायकका दाजु मधुसूदन पौडेलबाट प्राप्त जानकारी)

गोपीन्द्र पौडेलको पारिवारिक स्थिति निम्न मध्यम स्तरको भए पनि बुबामा शिक्षाप्रतिको सचेत रहेको बुझिन्छ । आफ्ना दुई छोरालाई पढाएमा यिनले भाइहरूलाई पनि पढाउने छन् भन्ने अभ्यान्तर चाहना र दृढविश्वास पौडेलका बुबामा रहेको बुझिन्छ । बाबुको सोही अभ्यन्तर चाहना र दृढविश्वासलाई थाप्लोमा बोकेर जीवनयापनको यात्रामा सकारात्मक पाइला चाल्ने दाजुहरूको प्रयास, जसको प्रशंसा जति गरे पनि थोरै हुन्छ भन्ने जानकारी पौडेलले दिएका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

परिवारकासाथ हाँसिखुशी बस्ने चाहना सबैमा हुने गर्दछ तर त्यस्तो चाहना सबैमा सधैंभरि रहिरहन्न सक्दैन । त्यस्तो चाहना हुँदाहुँदै पनि पौडेललाई किशोरावस्थामा नै पितृशोकको आघात पर्न गएको पाइन्छ । दुर्भाग्य २०२७ साल पौषमा पौडेल स्कुल भर्ना भएको ६ महिना पछि २०२८ साल जेठमा बुबाको मृत्युले उनलाई ठूलो आघात पुऱ्याएको बुझिन्छ तर दाजुहरूमा रहेको विवेकशीलता, उदारता र त्यागको भावनाका कारणले पौडेलको पढाइले निरन्तरता नै पाएको जानकारी पौडेलले दिएका छन् (शोधनायकबाट प्राप्त जानकारी)

विभिन्न परिस्थितिको कारणले गर्दा पौडेल ६ कक्षामा सिधै भर्ना भएको बुझिन्छ । एकतिर अक्षरमात्र चिनेर ६ कक्षामा पढ्दा आधार कम्जोर भएको र अर्कोतिर आसपासको प्रतिकूल परिवेशका कारण पढाइप्रतिको तीव्र चेतना नहुनाले समग्र पठनपाठन मध्यम स्तरको भएको उनी बताउँछन् । जेठा दाजुले आई.एसी र माहिलाले एस.एल.सी. पूरा गरी सक्दा पनि आफू फगत गोठालो मात्र भएको कारण कतिपय प्रतिष्ठित गाउँलेहरूले गिज्याउने गरेतापनि त्यसलाई उपेक्षा नमानेर प्रेरणाको स्रोतको रूपमा लिएको एवम् जसले गर्दा आफू कठीन परिस्थितिका बाबजुद पनि यो स्थानमा आइपुग्न सफल भएको जानकारी पौडेलबाट प्राप्त भएको छ । (शोधनायकबाट प्राप्त जानकारी)

२०२७ सालमा कक्षा ६ मा भर्ना भएका गोपीन्द्र पौडेलले २०३२ सालमा तृतीय श्रेणीमा एस.एल.सी. पास गरेको पाइन्छ । वि.सं. २०३३ मा आई.ए. पढ्न भनेर दाङ गए पनि त्रि.वि.ले लिने प्रवेश परीक्षा उत्तीर्ण गर्न नसकेर एक वर्ष त्यतिकै खेर गएको तथा पुनः वि.सं. २०३४ मा म.ब. क्याम्पस दाङमा भर्ना भई वि.सं. २०३६ मा आई. ए. उत्तीर्ण गरेको जानकारी पौडेलले दिएका छन् । जीवनका आरोहअवरोह पार गर्दै एस.एल.सी. र आई.ए. सम्मको अध्ययन समेत पूरा गर्ने निम्न आर्थिक भएका पौडेलका समु थुप्रै चुनौति थिए । अस्तव्यस्त परिवारिक अवस्थाका कारण पौडेललाई पढाइ र सम्पूर्ण व्यहार चलाउन कठीनाई परेको देखिन्छ । वस्तुतः जीवनमा अनेक आर्थिक सङ्कटहरू झेल्नु पर्ने बाध्यता पौडेलको परिवारसामु रहेको पाइन्छ । यही दयनीय आर्थिक अवस्था र आफ्नै अदूरदर्शिताका कारण पौडेल तुरून्तै बी.ए. मा भर्ना हुने अनुकूल परिस्थिति सिर्जना हुन नसकेको देखिन्छ । आफ्नो आर्थिक सङ्कटलाई टार्दै घरव्यवहार पनि सञ्चालन गर्न पौडेल शिक्षण पेशामा संलग्न भएको बुझिन्छ । यसरी पुनः अध्ययनलाई निरन्तरता दिने पौडेलमा बढेको चाहनाअनुरूप वि.सं. २०३८ मा बी.ए. मा भर्ना भए पनि विद्यार्थी राजनीतिमा भएको सक्रिय संलग्नताका कारण पढाइ कम्जोर भएको तीन वर्षसम्म बी.ए. अनुत्तीर्ण भएको बताउछन् । पुनः पौडेलमा आएको अध्ययनप्रतिको सचेत भाव रतदनुरूपको प्रयासस्वरूप वि.सं. २०४३ मा बी.ए.

उत्तीर्ण गरेको जानकारी पौडेलले दिन्छन् । नेपाली भाषा र साहित्यप्रतिको मोह एवम् आकर्षणले गर्दा २०४४ सालमा नेपाली विषयमा स्नातकोत्तर तहमा त्रि.वि. कीर्तिपुरमा भर्ना भएको देखिन्छ । कीर्तिपुरमा पढ्न आइसके पछि भने पौडेलमा पढाइप्रति सचेतता जागेको र जिम्मेवारी बोधको अनुभव भएको बुझिन्छ । त्यसैकारण उनी वि.सं. २०४६ मा एम.ए. प्रथम श्रेणीमा उत्तीर्ण भएको जनाउँछन् । त्यसपछि पौडेलले अध्यापन पेशालाई अङ्गिकार गरेको बताउँछन् तर उनमा रहेको पढाइप्रतिको अभ्यन्तर रूचि र तीव्र इच्छाशक्ति शान्त भएन बरू झन बौद्धिक प्यास बढेर आएका कारण वि.सं. २०५५ मा विद्यावारिधिको लागि 'प्रगतिवादी नेपाली कथाका प्रवृत्ति' शीर्षकमा शोधप्रस्ताव दर्ता गरेको बुझिन्छ । पौडेलले वि.सं. २०६२ मा त्रि.वि. बाट विद्यावारिधिको अध्ययन पूरा गरी उपाधिसमेत ग्रहण गरेका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

अतः जीवनका उकाली ओराली पार गर्दै अभाव र विसङ्गतिसँग पौंठेजोरी खेल्दै सहास एवम् धैर्यतापूर्वक विधावारिधि तहसम्मको अध्ययन पूरा गरेर अत्यन्त सबल दृष्टान्त पौडेलले प्रस्तुत गरेका छन् । त्यसैले उनको शैक्षिक जीवन अत्यन्त सबल, विशिष्ट र अनुकरणीय रहेको निष्कर्ष प्राप्त हुन्छ ।

## २.६ विवाह र पारिवारिक स्थिति

सृष्टिको सिर्जनाकालदेखि चल्दै आएको विवाहलाई जीवनको अपरिहार्य घटनाको रूपमा लिइन्छ । सबैजसो मानवजातिले यस परम्परालाई शिरोधार्य गर्दै आएको पाइन्छ । गोपीन्द्र पौडेललको पनि विवाहको विषयलाई लिएर वि.सं. २०३३ देखि नै चर्चा चल्न थालेको भएपनि त्यस बेलाको उमेरलाई प्रतिकूल अवस्थाको रूपमा लिएको उनले जनाएका छन् । वि.सं. २०३५ सालमा बसाँइ सराईका क्रममा दाङ आएपछि पनि साथीभाइ र इष्टमित्रबाट विवाहसम्बन्धी प्रसस्त मात्रामा चर्चा चलेको कुरा पौडेलले बताएका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

गोपीन्द्र पौडेलमा प्रगतिवादी विचार र स्वभावलम्बी भावना रहेको बुझिन्छ । त्यो समयमा पौडेल तत्कालीन नेकपा (चौ.म) मा प्रतिबद्ध र सक्रिय रहेको

पाइन्छ । आफ्नो वैचारिक निष्ठाका कारण पौडेलले विवाहका लागि जात, कूल, घरान, सम्पत्ति, दाइजो आदि सामन्ती प्रथाको विपरित वैचारिक पक्षलाई आधार बनाएको बताउँछन् । पौडेलले यिनै वैचारिक निष्ठालाई आधार बनाएर जीवन साथीसम्बन्धी केही सर्तहरूलाई अगाडि सारेको बुझिन्छ । जस्तो पहिलो सर्तमा ने.क.पा (चौ.मा.) आबद्ध, दोस्रो त्यसको जनवर्गीय सङ्गठनमा क्रियाशील, तेस्रो प्रगतिशील विचारले ओतप्रोत र चौथो कम्तीमा प्रतिक्रियावादी वृत्तमा संलग्नता नरहेको भन्ने देखिन्छ । यिनै सर्तहरूको परिधिमा रहेर साथीहरू नारायण शर्मा र गुरूप्रसाद अधिकारीको सहयोग र मध्यस्थतामा दाङ चौचेरा निवासी माधवप्रसाद रेग्मीकी जेठी छोरी उर्मिला रेग्मीसँग विवाहको निधो गरिएको कुरा पौडेलले बताएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

उर्मिला रेग्मीमा राजनीतिक आस्था देखिनुका साथै सामाजिक कार्य एवम् पेसामा समेत सम्बद्ध रहेको देखिन्छ । त्यसै कारण दुवैको मन्जुरीमा नै वि.सं. २०३९ मंसीर २२ गते दिउँसोको लगनमा केही खुकुलो बैदिक विधि र परम्पराअनुसार नै विवाह भएको कुरा पौडेलले जानकारी दिएका छन् । पौडेलको विवाहको सन्दर्भमा पनि परिवारमा थोरै असन्तुष्टि प्रकट भएको बुझिन्छ । पौडेल झर्रो बाहुन तर उर्मिला बाहुन भन्दा एक तहमुनि जैसी बाहुन भएकाले घरमा आमा र केही आफन्तलाई सम्झाउन हम्मेहम्मे परे पनि केही इष्टमित्रको सान्त्वना पनि मिलेको बुझिन्छ तर उर्मिलाको व्यावहारिक कुशलताका कारण विवाहपछि भने सबै परिवरजन र इष्टमित्र सन्तुष्ट रहेको कुरा पौडेलले बताएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

त्यसबेलाको समयमा हाम्रो विजातीय विवाह भएको र विवाहपछि मप्रति कुनै त्यस्तो नीच भावनाका कार्य नभएको बरू मेरी आमाको मृत्यु सानै उमेरमा भईसकेकाले मैले जन्मदिने आमा नै पाएँ जस्तो भएको थियो किनकि मेरी सासूले मलाई कहिले पनि बुहारीको रूपमा हेर्नु भएन जहिले पनि छोरीको रूपमा नै हेर्नु भयो भन्ने कुरा गोपीन्द्र पौडेलकी जीवनसाथी उर्मिला पौडेलले व्यक्त गर्नुले पनि

विवाहपछि पारिवारिक सम्बन्ध सुमधुर बनेको बुझिन्छ । (शोधनायककी श्रीमती उर्मिला पौडेलबाट प्राप्त जानकारी)

दाम्पत्य जीवनको साहचर्य एवम् समयको गतिसँगै पौडेल दम्पतीलाई दुई जना पुत्रको लाभ भएको र छोराहरूले पनि आफ्नो क्षमताअनुसार नै शिक्षालाई अगाडि बढाउँदै लगेको देखिन्छ । जेठो छोरा प्रज्ज्वल इन्जिनियरिङ्ग अन्तिम वर्षमा र कान्छो छोरा प्रताप बी.बी.ए. दोस्रो वर्षमा अध्ययन गर्दै गरेका छन् । पौडेल दम्पतीले यिनै दुई छोराको शिक्षा-दीक्षामा राम्रो सुप्रबन्ध मिलाएको जनाएका छन् । पौडेलको ६ जना दाजुभाइ समेतगरी २४ जनाको संयुक्त परिवार भए पनि जीवन सञ्चालनका क्रममा सबै भाइहरू अलग अलग रहेको बताउँछन् । प्यूठानबाट पौडेल परिवार बसाँइसराइको क्रममा दाङमा झरेको भए तापनि यो परिवारका सबैजसो सदस्यहरू हाल काठमाडौंमा नै बसोबास गर्न थालिसकेका छन् । गोपीन्द्र पौडेलको सकल परिवार हाल तीनथाना गा.वि.स. वडा नं. ८ मितेरी नगर, ढुङ्गाअड्डामा बसोबास गरेको पाइन्छ । साथै पौडेलकी जीवनसँगीनी उर्मिला रेग्मी सरकारी कार्यालयमा ना.सु. स्तरको पदमा कार्यरत रहेको बुझिन्छ । ( शोधनायकबाट प्राप्त जानकारी)

समष्टि रूपमा भन्नु पर्दा पौडेलको जीवन दुःखले सञ्चालन भए पनि पारिवारिक एवम् वैवाहिक जीवन सरल, सहज, सुखद, एवम् सन्तुलित रूपमा व्यतीत भएको जानकारी प्राप्त भएको छ ।

## २.७ आजीविका

भौतिक जगत्मा विभिन्न आवश्यकताहरूको परिपूर्ति गरी बाँच्नका लागि अर्थजगत्ले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसै हुनाले आधारभूत आवश्यकताको परिपूर्ति गर्दै जीवन जिउने माध्यमको रूपमा अर्थोपार्जन अपरिहार्य मानिन्छ । गोपीन्द्र पौडेलको आर्थिक अवस्था पितापूर्खाका पालादेखि नै निम्न मध्यम स्तरको रहेको देखिन्छ । त्यसकारण आर्थिक अभावको पीडालाई पौडेलले ज्यादै नजीकबाट आत्मसात् गर्दै आएको कुरा उनको बाल्यकाल र शिक्षा-

दीक्षासम्बन्धी प्रक्रियाले पनि स्पष्ट पार्दछ । पहाडी क्षेत्र प्यूठानमा बस्ता खेतीकिसानी व्यवसाय गरेको र त्यहाँबाट बसाइसराइका क्रममा दाङमा झरेपछि पनि खेतर्सकिसानी र जागिर गरेको बुझिन्छ । पौडेलको जग्गा जमीन पनि कमै भएको र परिवारले त्यहीमा नै आश्रित हुनु परेकाले आर्थिक अवस्था निम्न मध्यम वर्गीय देखिनु स्वभाविक नै हुन जान्छ । (शोधनायकबाट प्राप्त जानकारी)

यसरी विभिन्न आर्थिक समस्याहरूसँग जुँध्दै गोपीन्द्र पौडेलले आफ्नो पढाइको शृङ्खलालाई जसो तसो गरेर अवरूद्ध हुन दिएनन् । उनले एस.एल.सी. दिएपछि नै शिक्षण पेशालाई अबलम्बन गर्ने बीचमा छोड्ने फेरी अध्ययनलाई निरन्तरता दिने गरेको पाइन्छ । पौडेलको यो क्रम बी.ए. उत्तीर्ण गदाको अवधिसम्म रहेको बुझिन्छ । अन्ततः स्नातकोत्तर तहको पढाइ सिध्याएपछि आफू पनि शिक्षण पेशामा लागेको र श्रीमती सरकारी सेवाको ना.सु. स्तरको जागीरे भए पनि छोराहरूलाई प्राइभेट कलेजमा पढानु पर्ने जस्ता समस्याका साथै अन्य आयआर्जनको स्रोत नभएको जानकारी पाइन्छ । जीवन जीउनका लागि कठोर सङ्घर्ष गर्नु परेको हुनोल कमाउने र सञ्चय गर्ने ध्याउन्न भन्दा पनि महिनाभर कमाएर महिनाभरका समस्या समाधान गर्ने चिन्ता बढी परेको कुरा पौडेलले बताएका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

### २.८ बसाइसराइ/स्थानान्तरण

परापूर्वकालदेखि चल्दै आएको बसाइसराइ परम्परा नेपालकै प्रमुख समस्याको रूपमा रहेको पाइन्छ । नेपालमा अधिकांश विकट पहाडी भू-भाग हुनाले त्यहीँ बसेर जिवीकोपार्जन गर्न कठिनाई हुने हुनाले कतिपय मान्छेहरू विभिन्न साधन सम्पन्न ठाउँहरूमा बसाइसराइको क्रममा गएको देखिन्छ । यस्तो समस्या गोपीन्द्र पौडेलको परिवारमा पनि पर्न गएको देखिएको छ । पौडेलको परिवार २०३५ सालमा पहाडी जिल्ला प्यूठानको लुङ बाहानेमा बसोबास गरेको बुझिन्छ । बुबाको अल्पआयुमा नै मृत्यु भएकाले परिवार धान्न समस्या परेको पौडेल बताउँछन् । परिवारको मुख्य व्यवसाय कृषि हुनु र त्यसमा पनि लगानी गर्ने श्रम र

सीपको अभाव आदि प्रतिकूल अवस्था देखिन्छ । आफूभन्दा माथिका दुई दाजुहरू अध्ययनमा संलग्न हुनु र भाइहरू सानै भएकाले खेतीपाती अँधीया-ठेक्का दिँदा खान नपुग्ने अनि आफै गर्न पनि असमर्थ भएको कारणले पौडेलको जीवनमा ठूलो चुनौति आइपरेको बुझिन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

पौडेलको परिवारमा दुई दाजुहरू दूरगामी दृष्टि राख्न सक्ने भइसकेका हुनाले पहाडको त्यही ठाउँमा बसेर खेतीपाती गरी जिवीकोपार्जन पनि नहुने र भाइबैनीको पढाइ पनि नहुने देखेर जेठा दाजु मधुसूदन पौडेल र आमाको चाहनाअनुरूप वि.सं. २०३५ मा दाङ बसाइ सरेको बताउँछन् । पौडेल परिवार जुन सपना देखेर दाङ सरेको थियो । दाजुहरूको न्यून कमाई, भाइबैनीको भरणपोषण र पढाइका कारण थप जग्गाजमीन जोड्न असमर्थ भएकोले त्यहाँ पनि खासै आर्थिक अवस्था सुदृढ हुन सकेको देखिंदैन । दाजुहरू जागीरे, भाइबैनी र आफू पनि अध्ययनमा क्रियाशील हुनु तथा त्यहाँ पनि खेतीपाती अधीयाँ ठेक्का लगाए पनि खान नपुग्नुले आर्थिक अवस्था खासै राम्रो देखिदैन । वि.सं. २०४६ पछि पौडेल परिवारले पैत्रिक जेथा बाँडफाँड नगरी सबै भाइ आ-आफ्नो ढङ्गले जीविको पार्जन गर्ने निधो गरेको बुझिन्छ । सोहीअनुरूप गोपीन्द्र पौडेल पनि आफ्नो परिवारका साथ काठमाडौं बस्न थालेको पाइन्छ । काठमाडौंको कुलेश्वरमा झण्डै १४ वर्ष जति डेरामा बसेपछि २०६० सालमा तीनथाना गा.वि.स. वडा नं. ८ ढुङ्गाअड्डामा बसोबास गर्दै आएका छन् । अहिले पौडेलका सबै दाजुभाइहरू काठमाडौंमा नै बसोबास गर्न थालेको पनि गोपीन्द्र पौडेलले जानकारी दिएका छन् । ( शोधनायकबाट प्राप्त जानकारी)

## २.९ साहित्य सिर्जना

### २.९.१ सिर्जनअभ्यास र आरम्भ

गोपीन्द्र पौडेलले विद्यार्थीकालदेखि नै साहित्यमा रूचि राखेको देखिन्छ । वि.सं. २०३० तिर पौडेलबाट गीत लेखनको अभ्यास भएको बुझिन्छ । वि.सं. २०३१ बाट कविता र नाटक लेखनको आरम्भ भएको कुरा पौडेलबाट थाहा हुन

आएको छ । पौडेलले वि.सं. २०३१ मा एस.एल.सी. परीक्षा दिएर ने.रा.प्रा.वि. लुङ सिउरीकाटेमा अध्यापन गर्न थालेको जनाउँछन् । त्यतिवेला स्कुलको वार्षिक कार्यक्रममा नाटक देखाउने चलन रहेकोमा सोही समयमा पौडेलले 'गरीब बदलियो' नामक नाटक लेखी मञ्चनसमेत गरेको बुझिन्छ । त्यतिबेला देखाइने नाटकमा पौडेलले आफैले निर्देशन र अभिनय समेत गरेको बताउँछन् । गाउँमा हुने गरेका शोषण-उत्पीडनको विरोधसमेत नाटक मार्फत गरेको जानकारी पौडेलबाट प्राप्त भएको छ । (शोधनायकबाट प्राप्त जानकारी)

वि.सं. २०३६ पछि कविता लेखनतर्फ विशेष रूचि भएका कारण पौडेलले छन्दोबद्ध कविता लेख्ने प्रयास गरे पनि पूर्णतः छन्दको निर्वाह भने नभएको उनी बताउँछन् । पौडेलले विभिन्न अनौपचारिक भेला, गोष्ठी, विवाह, बनभोज आदिमा पनि कविता बाचन गर्ने र गर्न रूचाउने बताएका छन् । पौडेलमा भावनात्मक अभिव्यक्ति प्रखर रहेको बुझिन्छ जसको पुष्टि २०३८, २०३९ सालतिर साथीभाइहरूलाई चिट्ठी पठाउँदा कवितामै पठाउँने गरेको भन्ने भनाइ उनको रहेको छ । जस्तो २००७ सालको प्रसङ्गमा पनि एउटा कविता लेखेको र आफ्नै विवाहको सन्दर्भमा एउटा कविता लेखेको पाइन्छ । त्यो कविता विवाह स्थलमा नै सुनाउने योजना भए पनि त्यसो नभएर पहिलो रात जीवनसाथी उर्मिलालाई सुनाएको कुरा पौडेलबाट जानकारी प्राप्त भएको छ । (शोधनायकबाट प्राप्त जानकारी)

पौडेलको चिट्ठीलेखन शैली पनि सशक्त र प्रभावपरक रहेको बुझिन्छ । उनले बहिनी साथी कमलालाई लेखेको चिट्ठी अनि भाइ/साथी दामोदरलाई लेखेको चिट्ठी महत्त्वपूर्ण रहेको बताएका छन् । उनले चिट्ठीबाटै बैचारिक निष्ठा कायम राख्ने सन्देश दिने र विचार परिवर्तनसमेत गराउने गरेको कुरा बताएका छन् । उनको कवितात्मक चिट्ठीकै आधारमा प्यूठान स्थित बहिनी कमला अ.ने.रा.स्व.वि.यू छैंठौंमा लाग्न उत्प्रेरित भएको कुरा जानकारी दिएकाछन् । पौडेलले साथीभाइलाई चिट्ठी लेख्दाबाहेक अटो भर्दा पनि कवितामै भरिदिने गरेको कुरा बताएका छन् ।

त्यसको एउटा दृष्टान्त यस्तो छ :

चेप्टाई म दिने थिएँ यसमा स्वरूप फोटो भए ।

फोटो छैन र यो विचार पनि ता खाटो नहोस् है सखे ॥

अटोमा फोटो चाहिन्छ, फोटो नभएकै कारण विचार खोटो नहोस् भन्ने भाव माथिका पंक्तिबाट व्यक्त भएको पाइन्छ । झण्डै वि.सं. २०४३ सम्म उनको यो अभ्यासिक लेखन कायम रहेको बुझिन्छ । अभ्यासिक लेखनको दौरानमा पौडेलले विशेषतः कविता, नाटक र गीत नै लेख्ने गरेको पाइन्छ । जब पौडेलले वि.सं. २०४४ मा कीर्तिपुरमा आएर एम.ए. पढ्न थाले त्यसपछि कविताकलाका बारेमा सचेत हुँदै जाँदा कविका रूपमा आफू कम्जोर भएको ठानी कविता लेखनबाट विश्रान्ति लिएको बताउँछन् । (शोधनायकबाट प्राप्त जानकारी)

मूलतः गोपीन्द्र पौडेलले वि.सं. २०३०/०३१ देखि नै लेखनको आरम्भ गरेको भए तापनि प्रायः पहाडी क्षेत्रको बसाइको कारण प्रकाशनको प्रतिकूलता रहेको पाइन्छ । त्यो समयमा लेख्नु पर्छ भन्ने चेतना भए पनि प्रकाशन गर्नुपर्छ भन्ने चेतना र उत्प्रेरणा नभएको बुझिन्छ । अनि प्रतिकूल परिवेशका कारण त्यो समयका रचनाहरू अप्रकाशित नै रहेका पाइन्छन् । खास प्रकाशनका दृष्टिले सिर्जनारम्भ भने २०४५ सालमा 'जनजागृति' मा प्रकाशित 'प्रसङ्ग हास्यव्यङ्ग्यको चर्चा भीमनिधिका कविताको' शीर्षकको समीक्षात्मक लेखबाट भएको जानकारी पौडेलबाट थाहा भएको छ । (शोधनायकबाट प्राप्त जानकारी)

### २.९.२ सिर्जनक्रियाशीलता

गोपीन्द्र पौडेलका आभ्यासिक लेखन आरम्भ २०३०/२०३१ साल तिरबाट नै गीत,कविता र नाटकमार्फत भएको बुझिन्छ तर पौडेलका अभ्यासिक कालका रचनाहरू सबै लेखनमा नै सीमित रहेका र कुनै पनि प्रकाशन भएका छैनन् । उनले वि.सं. २०४५ मा समीक्षात्मक लेखको प्रकाशन गर्नुका साथै त्यसपछि लेखनमा निरन्तरता र क्रियाशीलता रहेको जनाउँछन् । वि.सं. २०४५ पश्चात् पौडेलका समालोचना, निबन्ध साथै अन्य सममासयिक टिप्पणी र लेखहरू प्रकाशन

हुन थालेको पाइन्छ । पौडेलका फुटकर रचनाहरू विभिन्न दैनिक, साप्ताहिक पत्रपत्रिकाहरू - कान्तिपुर, जनदिशा, जनादेश, योजना, जनजिब्रो, जनधारणा आदिमा रहेका छन् भने पाक्षिक, मासिक पत्रपत्रिकाहरू- प्रत्याक्रमण संश्लेषण, जलजला, नौलो बिहानी, शिखर, मधुपर्क, गरिमा, सुमन आदिमा प्रकाशित भएको पाइन्छ । पौडेलका अन्य मासिक त्रैमासिक पत्रपत्रिकाहरूमा पनि लेख रचनाहरू प्रकाशित भएको पाइन्छ जस्तो कलम, बेदना, साथी, अन्तर्ध्वनि, जमर्को, रश्मि, लालीगुराँस, साहित्य सन्ध्या, उद्बोधन नयाँ चेतना, आदि रहेका छन् । पौडेलका फुटकर पत्रपत्रिकाका रचनाहरूको अलावा 'कमरेडमा नाउँ दरिएन' (२०५६) व्यङ्ग्य निबन्ध संग्रह, सौन्दर्य बोध र समीक्षा विविध (२०५९), समालोचना, भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व (२०६५) सिद्धान्त र समयालोचन एवम् कथाको सौन्दर्यशास्त्र (२०६५) जस्ता पुस्तककार कृतिका रूपमा प्रकाशित भएका छन् ।

यसरी गद्य लेखनमा क्रियाशील रहेका पौडेलले लेखन सिर्जनका लागि प्रशस्तै अनुभव बटुलेको देखिन्छ । अनुसन्धानमूलक लेखनमा रूचि राख्ने पौडेलले प्रगतिवादी चिन्तन र सिर्जन विधिको अनुसरण गरेको देखिन्छ । पौडेलको लेखनमा थोरै प्राज्ञिकताको आभास पनि पाउन सकिन्छ । गोपीन्द्र पौडेलले आफूलाई वैचारिक रूपमा मार्क्सवादी वा प्रगतिवादी लेखकका रूपमा उभ्याएका हुन् त्यसो त उनका रचनामा प्रगतिवादी चिन्तनप्रतिको निष्ठा पनि प्रबल रूपमा देख्न सकिन्छ । यस सम्बन्धमा पौडेलका दाजु मधुसूदन पौडेलले पनि भाइको यही निष्ठाको प्रशंसा गर्दछन् ।

### २.९.३ प्रेरणा र प्रभाव

हरेक व्यक्तिलाई समाजका विभिन्न व्यक्तिहरूका विभिन्न खाले क्रियाकलाप, व्यवहार र अन्य कुराले प्रभाव पार्नु स्वभाविक हो । अग्रज र प्रतिष्ठित व्यक्तिको विचार एवम् चिन्तनले जोसुकै व्यक्तिलाई पनि प्रभावित र प्रेरित गर्न सक्दछ । कुनै पनि व्यक्तिलाई लोकजीवनमा प्रचलित लोकसङ्गीत सुन्दर प्राकृतिक वातावरणले

पनि प्रभाव र प्रेरणा दिइरहेको हुन्छ । समाजका जुनसुकै क्षेत्रका व्यक्तिहरूको प्रभाव र प्रेरणाले प्रत्येक मान्छेले आफ्नो जीवनको स्पष्ट मार्गचित्र कोर्दै आफ्नो उद्देश्यसम्म पुग्न सफल हुन्छ । वस्तुतः गोपीन्द्र पौडेलले पनि साहित्यसिर्जनाका क्रममा समाजका विभिन्न व्यक्तिहरूबाट प्रभाव र प्रेरणा ग्रहण गरेको देखिन्छ । सर्वप्रथम पौडेल स्वयम्लाई नेपाली लोकजीवनमा प्रचलित लोकगीत, धार्मिक गीतलगायत नाचगान, बजान दोहोरी गीत, भैलो सिगारू, सोरठी, फागु आदिबाट साङ्गीतिक चेतनाको प्रभाव र प्रेरणा परेको बुझिन्छ । पौडेल सानामो बुबाको संसर्ग रहँदा बुबामा संस्कृतको कर्मकाण्डसम्बन्धी सामान्य ज्ञानका कारण बुबाले साँझ-विहान भट्याउने संस्कृतका सिलोक साथै लेखनाथ पौडेलका ‘सत्यकाली संवाद’को मौलिक वाचन गर्दा त्यसबाट काव्यात्मक एवम् साङ्गीतिक प्रभाव र प्रेरणा पर्न गएको पाइन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

गोपीन्द्र पौडेलले वि.सं. २०२९ तिर लक्ष्मी प्रसाद देवकोटाको ‘मुनामदन’ र वि.सं. २०३० तिर नै माधव प्रसाद घिमिरेको ‘गौरी’ पढेपछि त्यसतर्फ आकृष्ट भएको र गौरीबाट अधिक रूपमा प्रभावित भएको बताउँछन् । त्यसैगरी पौडेल स्वयम्ले वि.सं. २०३१ मा लेखेको नाटक ‘गोरीव बदलियो’ को मञ्चन गर्दा सोही समयमा प्यूठान लुङका सचेत राजनीतिज्ञ हरिबहादुर के.सी. (भूमिगत अवस्थामा) ले केवल पुरे किसानको ‘सङ्घर्षको ठीक गर’ शीर्षकको कविता सुनाएपछि त्यसले अत्यन्त उद्वेलित बनाएको र त्यसमा पनि निम्न पंक्तिहरूले निरन्तर झक्झकाइरहने गरेको संझना उनले गर्दछन् । उनलाई सर्वाधिक प्रभाव पार्ने कवितांश यी हुन् :-

> रातो रक्त उमाल झक्भक छिटै नेपालका हे धन
> देलान् आषिक ती तराई चुचुरा पाखापखेरा वन ।
> ती साहित्यकला र संस्कृतिउपर गर्दै ठूलो आदर
> सच्चा हे जनसेवी साथीहरू हो लौ विश्वमोर्चा गर ॥

वि.सं. २०३६ मा उक्त कविता फेला परेपछि कण्ठस्थ पारेको स्वीकारोक्ती पौडेलले दिएका छन् । वि.सं. २०३६ मा ने.क.पा (चौ.म) भित्र आबद्ध भएपछि बैचारिक निष्ठा र साहित्य सिर्जनप्रति अभिरूचि झनै जागेको बुझिन्छ । यसका साथसाथै 'सन्देश' 'लालुपाते'का कविता पनि पौडेलका निम्ति प्रभाव र प्रेरणाका स्रोत बनेको देखिन्छ । अभ्यासिक कविता लेखनका सन्दर्भमा नारायण शर्माको संसर्गबाट निरन्तर उत्प्रेरित भएको उनले जनाएका छन् । त्यसैगरी प्रभारम्भिक चरणमा गाउँले लोकजीवनमा प्रचलित दोहरीगीत, लोककथा, दन्त्यकथा, गाउँखाने कथा, सुन्दर प्राकृति जीवन, नदीनाला, छाँगाछहराको गुञ्जन, लोकजीवनमा खेतीपाती, घाँसपात, गाईवस्तु चराउँदाका सन्दर्भमा गाइने प्रणय, वेदनाका गीतबाट पनि पौडेल औंधि प्रभावित भएको बुझिन्छ । त्यसैगरी औंपचारिक लेखन-सिर्जनका क्रममा गोपीन्द्र पौडेल आफ्ना अग्रज एवम् समकालीन आदरणीय साहित्यकारहरू चैतन्य, ऋषिराज वराल, कृष्ण सेन 'इच्छुक' र ताराकान्त पाण्डेय आदिको संसर्गबाट प्रभावित र प्रशिक्षित हुँदै निरन्तर क्रियाशील भएको उनको स्वीकारोक्ति पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१० पेसागत संलग्नता

गोपीन्द्र पौडेलले जुन पेशालाई आफ्नो सम्पूर्ण जीवन सञ्चालनको माध्यम बनाए त्यो उनको पूर्ख्यौली पेशा थिएन । जबकि उनको पुर्खाले अवलम्बन गरेको पेशालाई तिलाञ्जली दिँदै शिक्षण पेशालाई नै प्रारम्भदेखि हालसम्म अवलम्बन गरेको देखिन्छ । पौडेल आजीवन शिक्षण पेशामा संलग्न हुनुमा यो उनको रूचिको पेशा भएको र आफूले अध्ययन गरिरहँदा 'मास्टर' बन्ने उद्देश्य लिएको बताउँछन् । सायद यही उद्देश्य र रूचिले गर्दा होला उनले एस.एल.सी. दिए लगत्तै यही पेशालाई आत्मसात् गरेको बुझिन्छ । यसरी पौडेलको पेशागत संलग्नतालाई खोतल्दा वि.सं. २०३२ मा एस.एल.सी. दिएलगतै जिल्ला शिक्षा शाखा प्यूठानबाट नियुक्ति पाई ने.रा.प्रा.वि. लुङ सिउरीकाटेमा शिक्षण कार्यमा संलग्न भएको र वि.सं. २०३३ देखि वि.सं. २०३४ सम्म सोही विद्यालयमा प्र.अ. भई कार्य गरेको देखिन्छ । त्यसैगरी वि.सं. २०३६ माघदेखि वि.सं. २०३७ जेष्ठसम्म नि.मा.मा. वि

दुधरास दाङमा विद्यालय सञ्चालक समितिबाट नियुक्त भई संस्थापक शिक्षकको कार्य गरेको पाइन्छ । त्यस्तै वि.सं. २०३७ जेष्ठदेखि वि.सं. २०३७ फागुनसम्म शिक्षाशाखाबाट नियुक्त भई नि.मा.वि. रूकुम सोलावाङ्मा प्र.अ. पदमा कार्यरत रहेको बुझिन्छ। पौडेल वि.सं. २०३७ चैत्रदेखि वि.सं. २०३८ भदौसम्म शिक्षाशाखा रोल्पाबाट नियुक्त भई नि.मा.वि मिसिडाँडा 'कोर्चावाङ्' रोल्पामा प्र.अ. पदमा कार्यरत रहेको देखिन्छ । । सोही समयमा वि.सं. २०३८ वैशाखको राष्ट्रव्यापी शिक्षक आन्दोलनमा रोल्पा जिल्लाको तर्फबाट नेतृत्वदायी भूमिका निर्वाह गर्ने क्रममा कृष्णबहादुर महरा, धनेश्वर पोखरेलका साथ अन्य मा.वि. का शिक्षकहरूलाई पनि सरिक गराएको पौडेलले बताएका छन् । त्यसैकारण जिल्ला प्रशासनबाट अघोषित बारेन्टमा परी भूमिगत जीवनशैली अबलम्बन गरेको र पछि निष्कासनमा समेत परेको कुरा स्वयम् पौडेलबाट थाहा हुन आएको छ । ( शोधनायकबाट प्राप्त जानकारी)

त्यसैगरी गोपीन्द्र पोडेलको शिक्षण पेशाको सिलशीला हेर्दा वि.सं. २०३९ फागुनदेखि वि.सं. २०४० फागुनसम्म पर्वत मा.वि. कोल, रूकुममाबाट नियुक्त भई कामु प्र.अ. को पदभार ग्रहण गरी शैक्षिक कार्य सञ्चालन गरेको देखिन्छ । वि.सं. २०४१ वैशाखदेखि वि.सं. २०४३ माघसम्मबाट नियुक्त भई जनकल्याण मा.वि. दुधरास दाङमा मा.वि. शिक्षकका रूपमा कार्य गरेको देखिन्छ । त्यस्तै काठमाडौमा आएर स्नातकोत्तरतहको अध्ययन पूरा गरेपछि वि.सं. २०४७ चैत्रदेखि वि.सं. २०४८ असारसम्म नेपाल युवक मा.वि. पकनाजोल, काठमाडौंमा मा.वि. शिक्षकका रूपमा कार्य गरेको पाइन्छ । पौडेलस्नातकोत्तर उत्तीर्ण गरेको केही वर्षपछि वि.सं. २०४८ असारमा आंशिक प्राध्यापकका रूपमा पाटन संयुक्त क्याम्पसमा कार्यरत भएका हुन् । त्यसपछि वि.सं. २०४९ चैत्रमा करार सेवामा प्रवेश गरेका पौडेल वि.सं. २०५४ देखि उपप्राध्यापक पदमा स्थायी भई सोही क्याम्पसमा अध्यापनरत छन् । यसका अतिरिक्त पौडेलले वि.सं. २०४८ मा करिव ६ महिना मनकामना मा.वि. दक्षिणढोका गोकर्ण काठमडौमा अध्यापन गरेको पाइन्छ । वि.सं. २०४९ देखि वि.सं. २०५१ सम्म जनभावना क्याम्पस चापागाउँ

ललितपुरको संस्थापक अध्यापक भई कार्य गरेको देखिन्छ । त्यस्तै पौडेलले वि.सं. २०५० देखि वि.सं. २०५१ सम्म जनमैत्री क्याम्पस कुलेश्वर आवास, काठमाडौंमा संस्थापक अध्यापक भई कार्य गरेको बुझिन्छ । वि.सं. २०५२ फागुदेखि वि.सं. २०५३ फागुनसम्म सगरमाथा आवासिय स्कुलमा मा.वि. शिक्षक एवम् वि.सं. २०५४ वैशाख देखि वि.सं. २०५८ वैशाखसम्म सोमाङ एकेडेमी ललितपुरमा अध्यापनरत रहेको पाइन्छ । यही क्रममा हाल वि.सं. २०६४ भाद्रदेखि क्यापिटल कलेज कोटेश्वरमा अध्यापन कार्यमा संल्गन रहेको बुझिन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

गोपीन्द्र पौडेलले अध्यापन पेशा भन्दा अन्य पेशामा संलग्न भई काम गरेको पाइँदैन । पौडेलले बाल्यकालदेखि नै आर्थिक संकट व्यहोर्दै आएको जानकारी उनको जीवनबृत्तको चर्चा गर्ने क्रममा थाहा हुन आएको छ । पौडेलको आर्थिक अवस्था बालकदेखि नै कम्जोर रहेको र त्यो समयमा परेका विभिन्न पीडा र अप्ठ्यारा परिस्थितिसँग जुध्दै पढाइलाई नै आफ्नो साध्य बनाएको अनि पढिसकेपछि शिक्षण पेशामा संलगन हुने उद्देश्यअनुरूप प्राध्यापन पेशामा नै हालसम्म संलग्न रहनुले अन्य पेशाप्रति पौडेलको उदासिनता पाउन सकिन्छ । पौडेलले स्कूल, कजेल जुन ठाउँमा जहाँ जति काम गरे त्यहाँ इमान्दारिता प्रदर्शन गरेको बुझिन्छ । पठनपाठन मुख्य उद्देश्य भए पनि राजनीतिक चेतना जगाउनेतर्फ पनि पौडेल उत्तिकै सचेत रहेको देखिन्छ । विशेषगरी पहाडी स्कुलमा अध्यापन गर्दा पार्टी संङ्गठन र राजनीतिमा क्रियाशील हुनाले मास्टरी पेशा देखाउने दाँत र चपाउने दाँत भने सङ्गठनात्मक कार्य भएको स्पष्ट स्वीकारोक्ति पौडेलले दिएका छन् । विनासामाजिक राजनीतिक उद्देश्य कहीँ पनि विशुद्ध पेशामा संलग्न नभएको र त्यो आफ्नो रूचि अनुसारको कार्य नै भएको कुरा पौडेलले जानकारी दिएका छन् । ( शोधनायकबाट प्राप्त जानकारी)

## २.११ वैचारिक राजनीतिक आस्था, निष्ठा र प्रतिबद्धता

कुनै पनि व्यक्तिमा जीवनलाई सही ढङ्गले बुझ्न सक्ने अवस्थाको जन्म त्यतिबेला हुन्छ, जुनबेला सही विचारलाई आत्मसात् गर्न सकिन्छ । त्यस्तै विचारले नै मान्छेको सामाजिक अस्तित्त्वलाई जोगाउने र उच्च स्थानमा राख्ने मुख्य साधन हो भन्ने कुरा पौडेलले आत्मसात् गरेको वैचारिक राजनीतिक आस्था, निष्ठा र प्रतिबद्धताबाट थाहा पाउन सकिन्छ । पौडेलको वैचारिक आस्थाको स्रोत जीवनजगत् र त्यसप्रतिको निष्ठा नै रहेको बुझिन्छ । बुबाले पूजाआजा र सामान्य कर्मकाण्ड गर्ने हुनाले पौडेलमा बाल्यकालतिर परम्परागत धार्मिक विचारअनुरूप त्यसप्रति प्रभाव परेको देखिन्छ । त्यस्तै धार्मिक एवम् वैचारिक आस्था, निष्ठा र विपन्न जीवन भोगाइका कारण पौडेलमा गरीव वर्गप्रति आस्था रहेको बुझिन्छ । गोपीन्द्र पौडेलमा कक्षा ८ मा पढ्दा पढ्दै सामान्य वैचारिक परिवर्तन आएको छ, जसको मुख्य कारण घरबाट स्कुल जाँदा कक्षा १० मा पढ्ने आफ्ना अग्रज दाजुहरूले बाटोमा पर्ने भूमे देवाताको थानमा पिसाब फेरिदिए, उनको विश्वास थियो भूमे देवताले ती दाजुहरूलाई सजाय दिन्छन् । अब के बिध्न हुने हो भनेर उनी निकै विचलित भएको तर दिन वित्दै जाँदा ती दाजुहरूलाई केही पनि भएन तत्पश्चात् उनमा ईश्वर वा भगवानप्रति विश्वास हट्दै गएको कुरा उनले जनाएका छन् । किशोरावस्थामा पौडेलमा चरम द्वन्द्व, आस्तिकता र नास्तिकता वा भौतिक र आध्यात्मिक चिन्तका बीचमा रहेको देखिन्छ । यसरी जीवनजगत्बारे बुझ्दै जाँदा भौतिक, लौकिक जगत्प्रति भरोसा बढी र आध्यात्मिक जगत्प्रति विश्वास कम रहेको कुरा पौडेलले जनाएका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

गोपीन्द्र पौडेल वि.सं. २०३६ को विद्यार्थी आन्दोलनमा प्रत्यक्ष संलग्न भएको देखिदैन तर त्यसको परोक्ष प्रभाव परेको र त्यहीँबाट कम्युनिष्ट राजनीति ग्रहण गरेको देखिन्छ । यसको साथै वि.सं. २०३६ को जनमत सङ्ग्रहको घोषणाले वैचारिक धारणामा परिवर्तन ल्याएको पाइन्छ । यसै बीच उनी वि.सं. २०३६

असारदेखि तत्कालीन ने.क.पा. (चौ.मा.) मा सङ्गठित भएपछि भने मार्क्सवादप्रति वैचारिक र साङ्गठनिक प्रतिबद्धता जनाउँदै मार्क्सवादी आन्दोलनमा क्रियाशील रहँदै आएको पाइन्छ । वि.सं. २०३६ देखि वि.सं. २०४० सम्म मार्क्सवादी दर्शन र राजनीतिबारे प्रशस्त अध्ययन गरेको हुनाले नै वैचारिक निष्ठा अटल भएको बुझिन्छ । पौडेलले सिर्जन कार्यको सन्दर्भमा पनि मार्क्सवादी-समाजवादी, यथार्थवादी वा प्रगतिवादी मूल्यमान्यता र निष्ठालाई अनुसरण गरेर अगाडि बढेको र जीवनजगत्लाई हेर्ने, बुझ्ने र बदल्ने सन्दर्भमा उन्नत विचारको अनुसरण गरेको बुझिन्छ । पौडेलले जस्तोसुकै कठीन परिस्थितिमा पनि विचारमा सौदावाजी वा वैचारिक विचलन नभएको र नहुने कुरामासमेत स्पष्ट धारणा दिएका छन् । ( शोधनायकबाट प्राप्त जानकारी)

यसरी गोपीन्द्र पौडेलले आत्मासात् गरेको उन्नत विचार र त्यसपछिको अटल आस्था र प्रतिबद्धताले नै उनलाई प्रतिष्ठित बनाएको छ भन्न सकिन्छ ।

## २.१२ सामाजिक-राजनीतिक सङ्घसंस्थामा संलग्नता

गोपीन्द्र पौडेल साहित्यिक गतिविधिका साथै सामाजिक तथा राजनीतिक दुवै क्षेत्रमा क्रियाशील व्यक्तित्व हुन् । यिनको संलग्नता राजनीतिक र सामाजिक दुवैमा देखिनुका साथै सामान्यतया राजनीतिक र सामाजिक संघसंस्थामा संलग्नता देखिन्छ । त्यसको सङ्क्षिप्त चर्चा तलका उपशीर्षकमा गरिन्छ ।

### २.१२.१ राजनीतिक प्रभाव, प्रेरणा र प्रतिबद्धता

गोपीन्द्र पौडेलको किशोरावस्था गाउँमा नै वितेको थियो । गाउँमा बस्दा र माध्यमिक तहसम्म पढ्दा सामान्यत वामपन्थी राजनीतिकबाट प्रभावित भएको बुझिन्छ । पौडेलले गाउँ समाजमा विद्यमान शोषण- उत्पीडनको स्वस्फूर्त रूपमा विरोध गर्ने गरेको जनाएका छन् । पौडेलमा वि.सं. २०३१/०३२ तिरदेखि समान्य राजनीतिक प्रभाव पर्न थालेको अनि तज्जन्य चेतना सगबगाउन थालेको पाइन्छ । गाउँले पढेलेखेका अग्रजहरू वामपन्थी राजनीतिमा संलग्न हुनाले त्यसको प्रभाव

पौडेलमा पनि पर्नु स्वभाविक नै हो । त्यो समयमा पुष्पलाल र मोहनविक्रम सिंहका बीचमा चरम विवादका प्रसङ्गहरू चलेका र त्यसबाट उनी पनि सामान्य रूपमा परिचित भएको देखिन्छ । वि.सं. २०३५ तिर वी.पी कोइरालाको राजनीतिबाट केही प्रभावित भएको जनाउँछन् तर वि.सं. २०३५/०३६ को विद्यार्थी आन्दोलन र त्यसैको पृष्ठभूमिमा भएको पाकिस्तानी नेता जुल्फीकर अली भुट्टोलाई फाँसी दिएको घटनाले धेरै तरङ्गीत बनाएको कुरा पौडेलले जनाएका छन् । ( शोधनायकबाट प्राप्त जानकारी)

आफू विज्ञानको विद्यार्थी भएकाले मार्क्सवादीसम्बन्धी द्वन्द्वात्मक भौतिकवाद पढ्ने मौका पाएको र माक्सवादी सिद्धान्त मन परेको शोधनायकका दाजु सूदन पौडेल बताउँछन् । मार्क्सवाद विज्ञानसम्मत मान्यता हुनाले भाइ गोपीन्द्र पनि आफूले अनुसरण गरेको विचारबाट प्रभावित भएका हहुन् भन्ने जानकारी मधुसूदन पौडेलले दिएका छन् । (शोधनायकका दाजु मधुसूदन पौडेलबाट प्राप्त जानकारी)

वि.सं. २०३६ जेष्ठ १० गते जनमत संग्रहको घोषणा भएपश्चात् देशमा राजनीतिक परिवेश खुकुलो भएकोले लगतै ने.क.पा. (चौ.म.) को सम्पर्कमा आएको जनाएका छन् । यसैक्रममा वि.सं. २०३६ असारमा नै उनले तत्कालीन ने.क.पा. .( चौ.म.) को पार्टी सदस्यता लिएको बताएका छन् । पौडेललाई दाङ जिल्ला कमिटिअन्तर्गत रहने गरी आदरणीय अग्रजहरू नारायण शर्मा र शशिधर अधिकारीबाट पार्टी सदस्यता प्रदान गरिएको र नारायण शर्माबाटै उत्तरोत्तर प्रशिक्षण र प्रोत्साहन पाएको एवम् आफ्ना राजनीतिक गुरूमार्फत् शेल कमिटिमा सङ्गठित भएको जनाएका छन् । वि.सं. २०३८ मा दाङ जिल्लाको पश्चिम एरिया कमिटिमा प्रमोसन हुनुको साथै वि.सं. २०३९ देखि २०४२ सम्म झण्डै चार वर्ष नेकपा (चौ.म) को दाङ जिल्ला सङ्गठन समितिमा बसेर उनले सक्रिय भई कार्य गरेको बुझिन्छ । पौडेलले शुरूमा कुनै पनि जनवर्गीय सङ्गठन वा मोर्चामा सङ्गठित नहुँदै एकैचोटी पार्टी सदस्यता प्राप्त गरेको र पछि मात्र मोर्चा र जनवर्गीय सङ्गठनको जिम्मेवारी सम्हालेको पाइन्छ । काठमाडौं आएपछि पौडेलले त्यही मूलधारअन्तर्गत नेकपा (मसाल) नेपकपा (एकताकेन्द्र) र नेकपा (माओवादी)

मा सङ्गठित र क्रियाशील रहँदै आएको कुरा जनाएका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

### २.१२.२ विद्यार्थी राजनीतिमा संलग्नता/क्रियाशीलता

गोपीन्द्र पौडेलको राजनीतिक पृष्ठभूमिलाई खोतल्दा विद्यार्थीकालदेखि नै राजनीतिमा चासो दिएको पाइन्छ । महेन्द्र बहुमुखी क्याम्पस दाङमा वी.ए. मा अध्ययन गर्दादेखि नै विद्यार्थी राजनीतिमा सक्रिय रहेको देखिन्छ । वि.सं. २०३८ मा अ.ने.रा.स्व.वि.यु दाङ क्याम्पस इकाइ समितिको सचिव र वि.सं. २०३८ मै स्व.वि.यु. निर्वाचमा दाङकै इतिहासमा पहिलोपटक अध्यक्षसहित ५ जना सदस्य निर्वाचित हुँदा गोपीन्द्र पौडेल पनि सदस्य पदमा विजयी भएको बुझिन्छ । त्यस्तै वि.सं. २०३९ मा अ.ने.रा.स्व.वि.यु. दाङको जिल्ला सम्मेलनबाट सचिव पदमा निर्वाचित भई जिम्मेवारीपूर्वक आफ्नो कार्यकाल पूरा गरेको पाइन्छ । त्यसपछि काठमाडौं आएर स्नातकोत्तर तहमा अध्ययन गर्दा वि.सं. २०४३ देखि २०४५ सम्म विद्यार्थी राजनीतिमा सक्रिय रहेको कुरा पौडेलले जानकारी दिएका छन् । ( शोधनायकबाट प्राप्त जानकारी)

### २.१२.३ सांस्कृतिक-साहित्यिक संघ-संस्थामा संलग्नता/क्रियाशीलता

सांस्कृतिक-साहित्यिक क्षेत्रमा क्रियाशील हुने चाहनाअनुरूप पौडेल झण्डै वि.सं. २०३१ बाटै स्वतस्फूर्त रूपमा यो क्षेत्रमा क्रियाशील हुने क्रममा नाटकलेखन, मञ्चन र निर्देशनलगायतका सांस्कृतिक-साहित्यिक गतिविधिमा संलग्नता रहेको देखिन्छ । यसका साथै वि.सं. २०३५ मा दाङ आएपछि पनि सांस्कृतिक क्रियाकलापमा संलग्न भएको र यहाँ नारायण शर्माको उत्प्रेरक भूमिका पाएको बुझिन्छ । यो समयमा प्रगतिशील संस्कृतिको विकास र उत्थानकालागि द्यौसीभैलो, सोरठी, तीजका गीतगान, भजनलगायतका क्रियाकलापमा सक्रिय रहेको कुरा पौडेलले बताएका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

गोपीन्द्र पौडेल वि.सं. २०३९ सालमा अखिल नेपाल जनसांस्कृतिक संघ दाङको जिल्ला सङ्गठन समितिको सदस्य भई कार्य गरेको बुझिन्छ । त्यसैगरी वि.सं. २०४८ मा अ.ने. जनसांस्कृतिक संघको राष्ट्रिय भेलाबाट केन्द्रीय कोषाध्यक्ष पदमा निर्वाचित भई निरन्तर गतिशिल हुँदै वि.सं. २०५५ सालसम्म सो पदमा कायम रहेको पाइन्छ । त्यसरी नै वि.सं. २०५० को प्रलेस तेस्रो राष्ट्रिय सम्मेलनमा केन्द्रीय पार्षद भई कार्य गर्दै आएका पौडेलले वि.सं. २०६३ प्रलेसको पाँचौ राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्य भएको बुझिन्छ । वि.सं. २०६४ मा 'इच्छुक' सांस्कृतिक प्रतिष्ठान गठन भएपछि पौडेल त्यस संस्थाको कार्यसमिति सदस्यसमेत रहेको पाइन्छ । साथै वि.सं. २०६४ मा अखिल नेपाल लेखक संघको केन्द्रीय सचिवालय सदस्यमा निर्वाचित भई साहित्यिक सांस्कृतिक गतिविधिमा क्रियाशील भएको देखिन्छ । यसरी गोपीन्द्र पौडेल कुनै न कुनै संघ सङ्गठनमा आबद्ध भई यस क्षेत्रमा सक्रिय रहँदै आवश्यक परामर्शसमेत दिने गरेको बताउँछन् । ( शोधनायकबाट प्राप्त जानकारी)

### २.१२.४ अन्य संघ-सङ्गठनमा संलग्नता

गोपीन्द्र पौडेलले वि.सं. २०३९ मा दाङ जिल्ला युवक सङ्गठनको जिल्ला सङ्गठन समितिमा बसेर कार्य गरेको जनाउँछन् । यसरी नै वि.सं. २०५० मा नेपाल प्रध्यापक सङ्गठन पाटन संयुक्त क्याम्पसको एकाई समितिमा सदस्य निर्वाचित भई तीन वर्षे कार्यकाल सम्पन्न गरेको बुझिन्छ । त्यसै समयमा प्राज्ञिक स्वम् शैक्षिक उन्नयनसम्बन्धी कार्यमा संलग्न रहेको पाइन्छ । त्यसैगरी वि.सं. २०६४ मा त्रि.वि. छापाखानाको सञ्चालक समितिको सदस्यमा मनोनीत भई छापाखानासम्बन्धी कार्य गरेको बुझिन्छ । वि.सं. २०६३ मा पौडेलले दाङ काठमाडौं गणतान्त्रिक मोर्चाको सल्लाहाकारमा चयन भएको जनाउँछन् । यसै शिलशीलामा वि.सं. २०६३ मा प्रगतिशील प्रध्यापक संगठन पाटन संयुक्त क्याम्पस एकाइ समितिको सचिवमा रहेर पेसागत एवम् प्राज्ञिक कार्यमा संलग्न रहेको कुरा पनि पौडेलले जनाएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१३ रूचि र स्वभाव

कुनै पनि व्यक्तिका आ-आफ्नै किसिमका रूचि र स्वभाव हुन्छन् । त्यस्तै गोपीन्द्र पौडेलको पनि छुट्टै खालका रूचि र स्वभाव छन् । साहित्य, पढ्नु त्यसमा पनि विशेषत आख्यानात्मक कृति नै पढ्नु उनको रूचि र स्वभाव रहेको बुझिन्छ । त्यस्तै लेखनसिर्जनामा पनि विशेष रूचि रहेको छ, भने त्यसमा पनि अनुसन्धानात्मक लेखनमा पौडेलको विशेष रूचि रहेको पाइन्छ । सांस्कृतिक आन्दोलन, सँस्कृतिक क्रियाकलाप तथा सँस्कृतिका बारेमा पनि लेख्न विशेष रूचि रहेको पाइन्छ । पौडेललाई सादा जीवन विताउन मन पर्ने तर तडकभडक पटक्कै मन नपर्ने देखिन्छ । यो उनको सानैदेखिको स्वभाव हुनाले कहिलकाहीँ नयाँ कपडा सलक्क परेको लगाउन मन नपरेर कच्याक कुच्चुक पारेर पनि लगाउने गरेको कुरा पौडेलले बताएका छन् । पौडेलको खानपिनमा पनि आफ्नै छुट्टै किसिमको रूचि रहेको पाइन्छ । उनी आधुनिक परिकार भन्दा पनि साधापन र परम्परागत खाद्यवस्तुतर्फ रूचि देखाउने गर्दछन् जो हिजो ग्रामीण जीवनमा रहँदा बस्दा खाइन्थ्यो । त्यसैमा नै उनको रूचि देखिन्छ । जस्तो मौसमअनुसार निउरो, गावा, डौँडे, घिरौँला, भिण्डी, सिन्की,मस्यौरा जस्ता तरकारीका साथै खीर, हलुवा, सेलरोटी आदिमा रूचि राख्ने गरेको पाइन्छ । त्यस्तै आफूलाई मिठो लाग्ने चीज एक्लै खाँदा नमिठो लाग्ने हुनाले एक्लै नखाने कुरा पनि पौडेलले बताएका छन् । ( शोधनायकबाट प्राप्त जानकारी)

गोपीन्द्र पौडेलमा समाज र परिवारप्रतिको मर्यादा एवम् पेशागत इमान्दारिता पनि अनुकरणीय रहेको पाइन्छ । त्यसैगरी पारिवारिक भन्दा पनि सामाजिक भावना बढी रहेको र आफ्नो विचारमा स्थिरता रहेको देखिन्छ । उच्च शैलीको जीवन यापन गर्ने नचचाहने अनि जहिले सरल जीवन यापन गर्न मन परापउने उनको सानैदेखिको रूचि वा स्वभाव रहेको छ । हालसम्म पनि उनको बानी यस्तै रहेको पाइन्छ भन्ने कुरा पौडेलका दाजु मधुसूदन पौडेलले समेत सहर्ष स्वीकार गर्दछन् । (शोधनायकका दाजु मधुसूदन पौडेलबाट प्राप्त)

गोपीन्द्र पौडेलमा धेरै सरलपन, सोझोपन रहेको र यो कुरा अरूले नि महसूस गर्ने गरेको पौडेल बताउँछन् । त्यसैले साथीभाइ, इष्टमित्रप्रति शङ्का भन्दा बढी विश्वास गर्ने गरेको बुझिन्छ । बाहिर रिस ढिलो उठ्ने तर घरमा छिटो रिस उठ्ने कुरा पौडेलले बताएका छन् । भ्रमण गर्न नपाए पनि मनोरम प्राकृतिक वातावरणमा रमाउने धेरै रूचि रहेको बुझिन्छ तर त्यस्तो भ्रमणको अवसर नपाएको कुरा उनले बताएका छन् । पौडेल आफू सहयोगी भएको, सकेसम्म त्यस्तो चेष्टा गर्ने गरेको तर त्यसको भागीदार प्राय बन्ने नगरेको अनुभूमित सुनाउँछन् । साथीभाइ-इष्टमित्रलाई दुःख पर्दा, विरामी हुँदा उनको चासो बढ्ने गरेको बुझिन्छ । पुस्तकालयमा बसेर अनुसन्धानात्मक कार्य गर्दा बढी आनन्द आउने र त्यसमा पनि खोजिएका सामग्री फेला परेमा झनै आनन्द मान्ने स्वभाव उनको देखिन्छ । त्यसैगरी अग्रजहरूप्रति आदर गर्ने र उनीहरूको कहिल्यै कुरा नकाट्ने कुरा पौडेलले बताएका छन् । यसो गर्दा कहिलेकाहीँ वैचारिक निष्ठा फितलो हुन सक्ने उनी बताउँछन् ।

गोपीन्द्र पौडेलमा पहिलादेखि नै पत्रपत्रिका पढ्न रूचाउने त्यसमा पनि साहित्यिक पत्रपत्रिका बढी पढ्न मन पराउने, सबैसँग घुलमिल हुन रूचाउने तर एक्लै बस्न भने नरमाइलो मान्ने एवम् सकेसम्म व्यावहारिक कार्यमा पनि जुनसुकै कार्य गर्न नहिचकिचाउने जस्ता रूचि र स्वभाव रहेको कुरा गोपीन्द्र पौडेलकी जीवनसाथी उर्मिला पौडेल बताउछिन् (शो.ना. श्रीमति उर्मिला पौडेलबाट प्राप्त)

अतः पौडेलमा भएका यिनै सरल रूचि र स्वभावले उनको व्यक्तित्व शालीन, शिष्ट र मर्यादित हुनुका साथै यसले उनलाई परिपक्क बनाएको पनि देखिन्छ ।

## २.१४ जीवनमा अविष्मरणीय क्षणहरू

कुनै पनि व्यक्तिको जीवन घटनैघटनाले भरिएको पुञ्जको रूपमा रहेको हुन्छ भन्दा अत्युक्ति नहोला । हरेक व्यक्तिले जीवनरूपि यात्राका क्रममा विभिन्न अनूभूति र घटनाहरूलाई व्यहोरेका हुन्छन् । कतिपय घटनाहरूलाई भुल्न चाहेर

पनि भुल्न नसकिने हुन्छन् । कति त जीवनमरणसँग गाँसिएका र अविष्मरणीय हुने गर्दछन् । गोपीन्द्र पौडेलको जीवनमा पनि यस्ता घटनाहरू  प्रशस्त घटेका र दुई-चार अविस्मरणीय घटना उल्लेख गर्न लायक देखिन्छन् । वि.सं. २०२६ तिर १२ वर्षको उमेरमा गाई चराउन लाखाचौर भन्ने ठाउँमा जाँदा त्यहाँ साना रूखका हाँगा हुँदै ठूलो रूखमा चढेर ओर्लन नसकेको र भ्रण्डै तीन घण्टा रूखमा बसेपछि छिमेकी दाजु चित्रबहादुर के.सी.ले दुई वटा नाम्ला गाँसेर रूखमा फालिदिएपछि त्यसलाई रूखको हाँगामा बाँधेर उनी तल ओर्लन सफल भएको बताउँछन् । एकान्त जङ्गलमा संयोगवश कोही कसैले थाहा नपाएको भए त्यही निदाउँने र लडेर मर्ने संभावना थियो भन्दै पौडेलले यसलाई अविस्मरणीय घटनाको रूपमा लिएको पाइन्छ । दोस्रो अविस्मरणीय क्षणको संभ्रुना पौडेल यसरी गर्दछन् । वि.सं. २०२२ तिर उनी मावलीमा बस्दा भैंसीचराउन डाँडीपोखरी र टुटन्या चौरतिर जाने गरेको त्यसबेला भिरालो भागमा बाँसको सोपितामा बसेर चिप्लेटी खेल्ने चलन उनी बताउँछन् । सायद लडेर मरिन्छ भन्ने ज्ञान पनि नभएर नै होला । टुटन्या भीरमाथि चिप्लेटी खेल्दै गर्दा उनी लडेर भीरको छाँगोमाथि एउटा अँगेरेको बुटामा अड्किन पुगेको बताउँछन् । संयोगबश उनी लडेको देख्ने घाउडा बाजेले हल्लीखल्ती गर्दा दुई चार जना गोठाला जम्मा भएर पटुकाको सहायकताले उनलाई माथि तान्न सफल भएको सम्भ्रुना पौडेल गर्दछन् । यदि त्यहाँबाट खसेको भए अन्तिम संस्कार गर्नका लागि हाडखोरसम्म भेटिनु पनि संभव नभएको उनी बताउँछन् । कहिलेकाँही त्यो ठाउँमा पुगेर टुट्न्या भीरबाट तलतिर हेर्दा मात्र पनि आफू स्तब्ध हुने गरेको पौडेल बताउँछन् । त्यही भीरको कहाली लाग्दो दृश्यलाई हेरेर 'गाउँ त राम्रो लुङलीको चरी लड्ने भीर' भन्ने लोकगीतको संभ्रुना पनि पौडेललाई हुने गर्दछ । यो उनको जीवनमरणसँग सम्बन्धित कहाली लाग्दो घटना थियो भन्ने जानकारी पाइन्छ । त्यस्तै उनको जीवनको अर्को घटना शैक्षिक एवम् नैतिक प्रेरणासँग सम्बन्धित देखिन्छ । पौडेल कक्षा ७ मा पढ्दा सामान्य रूपको अशिष्ट शब्द बोलेको कारण विज्ञान पठाउने गुरू गेहराज शर्माले एक थप्पड गालामा पिट्नु भएको र त्यसपछि सचेततापूर्वक उनले त्यस्ता शब्द प्रयोग गर्न छडिदिएको बताएका छन् । त्यस्तै कक्षा ८ मा पढ्दा पौडेलले विज्ञान विषयको

परीक्षामा अग्रजहरूको सिको गरेर चीट चोर्ने कार्य गरेको बुझिन्छ । तर, उनलाई यो चोरी हो, अनैतिक कार्य हो, लुकिछिपी गर्नु पर्छ भन्ने ज्ञान नहुँदा कापीको पाना डेस्कमाथि राखेर खुल्ला चोरी गर्न थालेको र निरीक्षण गरिरहेका शिक्षक खेम गिरीले त्यो देखेर जोडदार रूपमा एक थप्पड हिर्काएपछि उनले तोरीका फूल देख्न पुगेको र यो बायाँ गालो आफै पनि दुखिरहेको संझना पौडेल गर्दछन् । त्यो कस्तो प्रेरणादायी थप्पड थियो भने त्यसपछि उनले कुनै पनि जाँचमा चोर्ने काम गरेनन् तर धेरैले यो कुरा पत्याउन नसक्ने पौडेल बताउँद छन् । पौडेलको जीवनमा उट्फट्याङ घटना पनि घटेको बुझिन्छ जस्तो रातको समयमा भर्खर छरेको धानको व्याडमा दगुर्ने अनि बारीमा बाँधेका अरूका गाइवस्तुलाई फुकाई दिने जस्ता अन्य धेरै अविस्मरणीय घटना भए सबै उल्लेख गर्न संभव नभएको जानकारी पौडेलबाट पाइन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

## २.१८ जेलजीवन

गोपीन्द्र पौडेल वि.सं. २०३५/०३६ तिरदेखि नै विद्यार्थी आन्दोलनमा क्रियाशील हुँदै आएका प्रसङ्गहरू उल्लेख भइसकेका छन् । जीवनभर व्यवस्था विरोधी आन्दोलनमा लागेर पनि केही घण्टा र केही दिनबाहेक लामो र अविस्मरणीय क्षणका रूपमा जेलजीवन विताउनु नपरेको देखिन्छ । धेरै पटक प्रशासनको आँखाको तारो भएको र अघोषित रूपमा बारेण्टमा सरेको उनी बताउँछन् । व्यवस्था विरोधी गतिविधि र अग्रगामी चेतका कारण यसो हुनु स्वभाविक नै देखिन्छ । त्यस्तै वि.सं. २०३८ तिर रोल्पामा शिक्षक आन्दोलनमा सरिक हुँदा तत्कालीन प्रशासनको डरको कारण महिनौसम्म लुकिछिपी हिड्नु परेको कुरा उनी बताउँछन् । त्यसैगरी रूकुममा पनि शिक्षक भएर काम गर्दा प्रशासनको कुदृष्टि पर्ने गरेको एवम् बेलावखत प्रशासनबाट हप्कीदप्की खानुपरेको बुझिन्छ । वि.सं. २०४२ मा रामराजाप्रसाद सिंहले बमकाण्ड गराउँदा एक जना छुल्याहा गाउँले काँग्रेसले उनको घरमा बम राखेको भन्ने झुटो चुक्ली लगाएर गिरफ्तार गराउँदा दाङको पुलिस थानामा झण्डै १८ घण्टा विताइसकेपश्चात् छुटेको बताउँछन् । त्यसरी नै काठमाडौंमा वि.सं. २०६० मा लोकतन्त्रकालागि

स्रष्टाहरूको आन्दोलनअन्तर्गत प्रज्ञाभवनबाट निस्केको स्रष्टाहरूको जुलुसमा सहभागी हुँदा पुतलीसडकबाट गिरफ्तार भई एक दिन महाराजगञ्जस्थित प्रहरी हिरासतमा बस्नु परेको जानकारी पौडेलले दिएका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

## २.१६ भ्रमण

बालकदेखि लिएर बृद्धसम्म सबै मान्छेका लागि भ्रमण रूचिको विषय हो । त्यसैले गोपीन्द्र पौडेलको भ्रमणप्रति अत्यन्त रूचि भए पनि त्यो रूचिमै सीमित रहेको बुझिन्छ । यसो हुनुका पछाडि बाध्यात्मक स्थिति रहेको पाइन्छ । मार्क्सवादी स्रष्टा हुनाले असंभव कल्पना पनि नगर्ने र ठूला-ठूला युरोपीयन देशहरूको पनि कल्पना नगर्ने एवम् संयोग मिलेमा त्यस्तो संभावना र अवसरलाई स्वीकार्ने भए पनि आफ्नै मुलुकमासमेत मनग्गे घुम्ने अवसर नमिलेको पौडेल बताउँछन् । पौडेललाई वि.सं. २०५० तिर प्रगतिशील प्राध्यापक सङ्गठनको राष्ट्रिय सम्मेलनमा प्रतिनिधि भएर कञ्चनपुर जाँदा टकपुर र शारदा व्यारेज हेर्ने अवसर मिलेको अनि उनलाई राष्ट्रियताप्रतिको सम्वेदनशीलताले छोएर नतमस्तक भएको बताउँछन् । त्यस्तै अवसर वि.सं. २०५६ तिर प्रगतिशील प्राध्यापक सङ्गठनको राष्ट्रिय सम्मेलनमा प्रतिनिधि भएर धरान जाँदा कोशी व्यारेजको दुर्दशा हेर्ने अवसर पाएको र त्यहाँ पनि राष्ट्रघाती मिचाहरूको साँढवृत्ति देखेर आफू मर्माहत भएको कुरा पौडेलले उल्लेख गरेका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

भ्रमण गर्ने तीव्र इच्छा हुँदाहुँदै पनि विभिन्न आर्थिक एवम् व्यावहारिक कारणले गर्दा नपाइएको कुरा पौडेलकी जीवनसाथी उर्मिला पौडेलले बताएकी छन् । तर यसका बाबजुद गोपीन्द्र पौडेलसँग केही सीमित ठाउँमा भने घुमेको उनी बताउँछिन् । दिल्लीमा आफ्ना बुबालाई भेट्न जाँदा एवम् प्यूठान जाँदा साथै भ्रमण गरेको कुरा जनाएकी छन् । पौडेलसँग भ्रमण गर्दा एकदम रमाइलो हुने अझ झन बाटो हिड्नु पर्दा भने बाटो काटेकै थाहा नपाइकन गन्तव्यमा पुग्दा मात्र थाहा हुने

कुरा उर्मिला पौडेलले बताएकी छन् । (शोधनायककी श्रीमती उर्मिला पौडेलबाट प्राप्त जानकारी)

पौडेलले अध्ययन भ्रमणका क्रममा सुर्खेत जिल्लाको ऐतिहासिक एवम् प्राकृतिक स्थल बुलबुल ताल, लाटीकोईली, काँक्रे विहारको भ्रमण वि.सं. २०३६ मा गर्ने अवसर प्राप्त भएको जनाएका छन् । पौडेलले शिक्षण कार्यको सिलशिलामा रूकुम, रोलपा, सल्यान, जाजरकोट आदि जिल्लाको पनि भ्रमण गरेको बुझिन्छ । बाह्य मुलुकको भ्रमणको सिलशीलामा पौडेलले भारतका केही ठाउँहरू दिल्ली, हरिद्वार, आगरा, मथुरा बृन्दावन आदि स्थानको भ्रमण गरेको बुझिन्छ । ( शोधनायकबाट प्राप्त जानकारी)

## २.१७ जीवनका प्रमुख मोडहरू

प्रत्येक व्यक्तिमा विभिन्न समयमा अनेकन मोडहरू आउने गर्दछन् । त्यस्ता मोडहरू गोपीन्द्र पौडेलको जीवनमा पनि आइपरेको देखिन्छ । पौडेलले १३ वर्षको उमेरमा औंपचारिक शिक्षाको आरम्भ गरेको पाइन्छ । विद्यालय शिक्षाको आरम्भ गर्दा कक्षा ५ सम्मको अध्ययन नै नगरी सामान्य अक्षर चिनेकै भरमा वि.सं. २०२७ मा एकैचाटी कक्षा ६ मा भर्ना हुनुलाई उनले जीवनको पहिलो र महत्त्वपूर्ण मोडको रूपमा लिएका छन् । जसले गर्दा गोपीन्द्र पौडेललाई यस अवस्थासम्म ल्याइपुऱ्याएको पाइन्छ । त्यस्तै एस.एल.सी. पास गरिसकेपछि गाउँमै मास्टरी गरेर बस्ने परम्परा र अभावका विपरित उच्च शिक्षा पढ्ने हिम्मत् गर्नु एवम् त्यसमा दाजुहरूको भरपुर सहयोग पाउनुलाई पौडेलले दोस्रो मोडका रूपमा लिएका छन् । त्यसैगरी वि.सं. २०३६ मा राजनीतिक जीवनमा प्रवेश गरेका पौडेलले वि.सं. २०३६ असारमा एउटा क्रान्तिकारी पार्टी तत्कालीन नेकपा (चौ.म) को सदस्यता ग्रहण गर्नुलाई अर्को मोडका रूपमा लिएका छन् । उनलाई सदस्यता प्रदान गर्ने नारायण शर्मा र शशीधर अधिकारी रहेको उनी बताउँछन् । यस घटनाले जीवनलाई बुझ्ने र बदल्ने सन्दर्भमा वस्तुगत दृष्टिकोणको निर्माणमा सघाउ पुऱ्याएको र जीवनप्रति सचेत बनाएको हुनाले यसलाई पनि पौडेलको जीवनको

महत्त्वपूर्ण मोडको रूपमा लिन सकिन्छ । पौडेलले शिक्षण पेशालाई अँगाल्दै अनि बीचमा छोड्दै आफ्नो अध्ययनलाई पनि निरन्तरता दिँदै विद्यावारिधिसम्मको अध्ययन पुरा गर्नुलाई पनि महत्त्वपूर्ण मोडको रूपमा नै लिन सकिन्छ । त्यसैगरी वि.सं. २०३१ देखि नै साहित्य लेखनमा क्रियाशील भए पनि छापाविमुख रहेको अवस्थामा वि.सं. २०४५ बाट छापामा आउनु सिर्जन यात्राका क्रममा भएको महत्त्वपूर्ण मोडको रूपमा रहेको उनले बताएका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

## २.१८ मानसम्मान

गोपीन्द्र पौडेललाई वि.सं. २०६२ मा प्यूठान काठमाडौं सेवा समाजद्वारा साहित्यकारका रूपमा सम्मान गरिएको थियो । त्यसैक्रममा अन्य प्यूठानी साहित्यकारहरूलाई पनि सम्मान गरिएको बुझिन्छ । त्यतिबेला उनलाई सम्मान गर्ने प्रमुख अतिथिका रूपमा एमाले स्थायी कमिटी सदस्य बामदेव गौतम रहेको बुझिन्छ । (शोधनायकबाट प्राप्त जानकारी)

## २.१९ निष्कर्ष

गोपीन्द्र पौडेलको जन्म वि.सं. २०१४ मा प्यूठान जिल्लाको लुङ बाहनेमा भएको पाइन्छ । त्यतिमात्र होइन, पौडेलको बाल्यकाल साथै शिक्षा-दीक्षा पनि त्यहीँबाटै भएको हो । बाबुले सामान्य खेती किसानीबाट जीवन गुजारा गर्दै आएकोले पौडेलको पठनपाठन पनि कठिन अवस्थामा नै गुज्रिएको पाइन्छ । वि.सं. २०२८ मा बाबुको मृत्युले पौडेलमा घरायसी जिम्मेवारी बढ्नु, आफूमाथिका दाजुहरू पढ्दै गरेका र अरू साना भाइबहिनीहरूको समेत रेखदेख पौडेलले नै गर्नु परेकाले पढाइप्रति त्यति तीव्र गति भने देखिदैन । यति हुँदाहुँदै पनि दाजुहरूको शिक्षाप्रतिको सकारात्मक सोचका कारण पौडेललाई पनि हौसला र प्रेरणाका साथ अघि बढाएको बुझिन्छ । आर्थिक विपन्नता र विषम परिस्थितिसँग सङ्घर्ष गर्दागर्दै पौडेलले एस.एल.सी. सम्मको अध्ययन भने जनता मा.वि. बाग्दुलाबाट पूरा गरेको देखिन्छ । त्यसपछि पौडेललाई पनि उच्च शिक्षाको मोह जागेर आयो फलस्वरूप

उनले महेन्द्र बहुमुखी क्याम्पस दाङबाट आई.ए. र वी.ए. सम्मको अध्ययन पूरा गरेका हुन् । उक्त अध्ययनको सिलशीलामा आर्थिक समस्याका कारण एवम् आफूलाई समेत ध्यान पुऱ्याउनु पर्ने बाध्यात्मक अवस्था सिर्जना भएका कारण उनले आफ्नो अध्ययनलाई बीच बीचमा छोड्दै केही समय शिक्षण पेशा गर्ने अनि पुनः अध्ययन गर्दै समस्याको समाधान गरेको देखिन्छ । क्याम्पस अध्ययनकै क्रममा विद्यार्थी राजनीतिमा प्रवेश गरेका पौडेलले स्ववियु सदस्यमा निर्वाचित एवम् क्याम्पस एकाइ समितिका विभिन्न पदमा रही कार्य गरेको बुझिन्छ । विद्यार्थीकालदेखि नै राजनीतिमा लागे पनि खासै जेल जीवन विताएको भने देखिदैन । विद्यार्थी राजनीतिमा क्रियाशील हुँदै जाँदा शुरूमा वी.पीको विचारबाट प्रभावित भए पनि पछि मार्क्सवादी विचारबाट प्रभावित भई त्यही विचार र निष्ठाको अनुसरण गर्न पुगेको देखिन्छ । उक्त पृष्ठभूमिले के पुष्टि गर्दछ भने गोपीन्द्र पौडेलको सिर्जनकला प्रगतिवादी चिन्तनसँग संम्यृक्त हुन पुग्यो । फलस्वरूप उनी प्रगतिवादी चिन्तनका प्रखर एवम् क्रियाशील सर्जक-समालोचकका रूपमा स्थापित हुन पुगेका छन् ।

समाजमा विद्यमान रहेको अन्याय, अत्याचार, विसङ्गति एवम् विकृतिप्रति जनचेतना जगाउन चहाने पौडेलले आफ्नो पढाइ, राजनीति र जागिरका सिलशीलामा थुप्रै सङ्घर्षपूर्ण अवस्था पार गरेको देखिन्छ । दाङबाट काठमाडौं आएपछि पौडेलमा पढाइप्रति तीव्र इच्छा जागेकाले त्रि.वि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरेको बुझिन्छ । गोपीन्द्र पौडेलभित्र रहेको पढाइप्रतिको प्रवल इच्छा शक्तिको कारण विद्यावारिधि तहको अध्ययन पूरा गरेको देखिन्छ । यसरी जीवनको आरम्भदेखि नै आर्थिक अभावसँग सम्झौता गरेर भए पनि आफ्नो अध्ययनलाई निरन्तरता दिएका पौडेल वि.सं. २०४८ देखि प्राध्यापन पेशामा संलग्न रहँदै आएका छन् । स्नातक तहको अध्ययनकै क्रममा वि.सं. २०३९ मा उर्मिला रेग्मीसँग बैवाहिक सम्बन्धमा बाँधिएका पौडेलका दुई छोरासहित चार जनाको परिवार रहेको छ । यसरी नै उर्मिला पौडेल (रेग्मी) पनि सरकारी जागीर खाने र आफूले पेशागत स्थायित्व प्राप्त गरेपछि भने क्रमशः आर्थिक सङ्कट केही

मात्रामा टरेर गएको देखिन्छ । अनुसन्धान कार्यमा असाध्य रूचि राख्ने पौडेलले मूलरूपमा समालोचना र निबन्धलाई सिर्जनाको पाटो बनाएका छन् । मार्क्सवादी सौन्दर्यशास्त्रका बारेमा राम्रो ज्ञान भएका पौडेल समकालीन सन्दर्भमा प्रगतिवादी नेपाली समाचोकका रूपमा स्थापित एवम् परिचित छन् ।

# तेस्रो अध्याय

# गोपीन्द्र पौडेलको व्यक्तित्वको अध्ययन

## ३.१ गोपीन्द्र पौडेलको व्यक्तित्व निर्माणका पक्षहरू

व्यक्तित्व भनेको एउटा व्यक्तिले समग्र रूपमा हासिल गरेका क्रियाकलापहरू जस्तो गुण, अवगुण उसले प्राप्त गरेका सामाजिक मानमर्यादा र व्यक्तिनिष्ट आन्तरिक एवम् शाह्य यावत् चिनारी हो । जुनसुकै व्यक्तिको आफ्नो निजी पहिचान हुन्छ । कुनै व्यक्तिको निजी पहिचान भनेकै उसको व्यक्तित्व हो । अर्थात् जुन गुणदोषका आधारमा ऊ समाजमा पपिरचित हुन्छ त्यहीँ उसको व्यक्तित्व हो । कुनै पनि व्यक्तिको व्यक्तित्वका पक्षहरूलाई निश्चित मापदण्डमा मात्र सीमित गरेर हेर्न सकिदैन तापनि व्यावहारिक सुविधाका लागि व्यक्तित्वलाई विभिन्न आधारहरूमा वर्गीकरण गरेर हेरिएको पनि पाइन्छ । जुनसुकै व्यक्तिको आफ्नो व्यक्तित्व निर्माणका लागि आवश्यक पर्ने कारक तत्त्वहरू प्रतिभा, लगनशीलता, क्षमता, बौद्धिकता र विचारका विभिन्न आधारहरू रहेका हुन्छन् । यी कुराहरूका अतिरिक्त व्यक्तित्व निर्माणमा वंशानुगत गुण, जैविक र सामाजिक तत्त्वको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस्ता जैविक निर्धारकहरूमा वंशानुक्रम, शारीरिक सुगठन, रसमय स्नायुमण्डलको विशेष प्रभाव रहन्छ भने सामाजिक निर्धारक तत्त्वहरूमा जीवनका समग्र क्रियाकलापहरूको प्रभाव परेको देखिन्छ । त्यसैगरी मानवीय व्यक्तित्व निर्माणमा पारिवारिक रहन-सहन, भेषभूषा, विचार-व्यावहार जस्ता सांस्कृतिक कुराहरूको पनि विशेष भूमिका रहेको पाइन्छ । एउटा व्यक्तिले जीवनमा साहित्यकार, डाक्टर, समाजसेवी, पत्रकार, खेलाडी, कुटनीतिज्ञ, राजनीतिज्ञ, दार्शनिक, वैज्ञानिक आदि व्यक्तित्व हासिल गर्न सक्छ । व्यक्तित्व निर्माण गर्ने पद्दति, विधि र तरिका व्यक्तिअनुसार फरक फरक हुने गर्दछन् ।

जुनसुकै व्यक्तिको आ-आफ्नै व्यक्तित्व हुन्छ भने आ-आफ्नै निजत्व पनि हुन्छ । त्यसैगरी मनोवैज्ञानिक आधारमा मानवीय व्यक्तित्वलाई बहिर्मुखी र

अन्तर्मुखी गरी दुई भागमा विभाजन गरेर पनि हेर्न सकिन्छ । शारीरिक रूपमा देखिने व्यक्तित्व बहिर्मुखी हो भने मानसिक रूपमा निर्मित भएको व्यक्तित्व अन्तरमुखी हो । कुनै व्यक्तिलाई उच्च स्थानमा पुऱ्याउने व्यक्तित्व भनेको आन्तरिक व्यक्तित्व नै हो । गोपीन्द्र पौडेलको व्यक्तित्वको निर्माण उपयुक्त तथ्यका आधारमा भएको मान्न सकिन्छ । अतः गोपीन्द्र पौडेलको व्यक्तित्वको निर्माणका लागि आवश्यक विभिन्न पक्ष रहेका छन् । तिनलाई तलका उपशीर्षकअन्तर्गत चर्चा गरिएको छ ।

## ३.२ शारीरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको बाह्य व्यक्तित्व भनेको शारीरिक व्यक्तित्व नै हो । झट्ट हेर्दा बाहिरबाट स्पष्ट रूपमा देखिने शारीरिक बुनोट र बनोट सम्बन्धीव्यक्तित्व नै बाह्य व्यक्तित्व हो । यही आधारमा गोपीन्द्र पौडेललाई हेर्दा ५१ औं वसन्त पार गरिसकेका ५ फिट २ इन्ट उचाई र ७० किलोग्राम तौल मोटो परिपुष्ट शरीर, गहुँ गोरो वर्ण र मिलेको शारीरिक बनोट देखिन्छ । गम्भीर स्वभाव भएका पौडेलले कम बोल्ने र सबै खाले आगन्तुकहरूसँग हार्दिकताका साथ प्रस्तुत हुनुले झन उनको व्यक्तित्व ज्यादै आकर्षक देखिन्छ । कुनै पनि बाह्य तडकभडक नरूचाउने गर्दछन् । सँधै सरलता, सहजता, स्वाभाविकताको अनुसरण गर्ने पौडेल केही बोल्नु पर्दा गम्भीर चेहरामा प्रस्तुत हुँदै आफ्ना भनाइहरू नम्र, शिष्ट, सौहार्द बोलीमा अरूसँग राख्दै सरल र सहज रूपमा प्रस्तुत हुने गर्दछन् । गोपीन्द्र पौडेल सामान्य लवाई र आवश्यकताको उपभोग गर्न चाहने हुनाले उनमा कुनै पनि किसिमको उत्ताउलोपन, अहंवृत्ति र भड्किलोपन पाइँदैन । यसरी पौडेलका चम्किला आँखा, फूर्तिलो जिउ आदि शारीरिक व्यक्तित्वका आवश्यक तत्त्व हुन् र पहिचान हुन् भनन सकिन्छ ।

## ३.३ साहित्यिक व्यक्तित्व

गोपीन्द्र पौडेलको साहित्यिक व्यक्तित्वअन्तर्गत मूलतः समालोचक र निबन्धकार व्यक्तित्व प्रखर देखिए पनि सम्पादक, भूमिकालेखक साहित्यिक

वार्ताकार आदि व्यक्तित्व रहेका छन् । पौडेलको साहित्यिक व्यक्तित्व निर्माणका आधारहरू विभिन्न रहेका छन् । उनको आभ्यासिक र औंपचारिक लेखन गरी झण्डै ३५ वर्ष साहित्यिकयात्रा रहेको देखिन्छ । औंपचारिक लेखनको २१ वर्षे यात्रामा उनले चारवटा पुस्तकाकार कृति निकालेका छन् भने विभिन्न दैनिक, साप्ताहिक, मासिक आदि पत्रपत्रिकामा लेख रचनाहरू पनि प्रकाशन गरेको पाइन्छ । आफ्नै पहिचान र योगदान, अध्ययन अनुसन्धान र लगाव विभिन्न संघसंस्था र आन्दोलनमा संलग्नता र क्रियाशीलताबाट साहित्यिक व्यक्तित्व निर्माण भएको बुझिन्छ । उनका यी व्यक्तिहरूका बारेमा विस्तारमा तलका उपशीर्षकहरूमा चर्चा गरिएको छ ।

### ३.३.१ समालोचक व्यक्तित्व

गोपीन्द्र पौडेलको साहित्यिक व्यक्तित्वका विभिन्न पाटामध्ये समालोचक व्यक्तित्व नै प्रमुख रूपमा रहेको बुझिन्छ । पौडेको आभ्यासिक लेखन कविता र नाटकबाट शुरू भए पनि प्रकाशनमा आएको लेखन भने समालोचना नै प्रमुख रूपमा देखिन्छ । वि.सं. २०४५ को ‘जनजागृति’ मा ‘प्रसङ्ग’ हास्यव्यङग्यको चर्चा भीमनिधि तिवारीको शीर्षकको पहिलो समीक्षात्मक लेखबाट पौडेलको समालोचना लेखनले प्रकाशनको औंपचारिक ढोका खुलेको देखिन्छ । पौडेलको समालोचक व्यक्तित्वको गतिलो प्रमाणका रूपमा उनका समालचोचनात्मक कृति र फुटकर समीक्षात्मक रचनाहरूलाई प्रस्तुत गर्न सकिन्छ । पौडेलका **सौन्दर्यबोध र समीक्षा विविध** (२०५९), **भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व** (२०६५) र **कथाको सौन्दर्यशास्त्र** (२०६५) पुस्तकाकार रूपमा प्रकाशित भएका समालोचनात्मक कृति हुन् । यी कृतिहरूमा उनका सैद्धान्तिक र व्यावहारिक समीक्षा रहेका छन् जसमा प्रगतिवादी चिन्तनको आधारमा व्याख्या, विश्लेषण गरिएको पाइन्छ । पौडेलले मार्क्सवादलाई नै साहित्य समीक्षाको सैद्धान्तिक आधार बनाएका छन् । यी कृतिका अतिरिक्त उनका विभिन्न विधामा गरिएका सैद्धान्तिक एवम् व्यावहारिक समालोचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । उनका कथाविषयक, नाटकविषयक, संस्कृतिविषयक, निबन्धविषयक, कविताविषयक र जीवनी

व्यक्तित्वविषयक समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन् । उनका विभिन्न पत्रिकाहरूमा प्रकाशित केहीँ लेखहरूलाई यहाँ प्रस्तुत गर्न सकिन्छ । पैयुँ फूलन थालेपछि (मधुपर्क : २०६३), आधुनिक नेपाली कथा परम्परामा चरण विभाजनका समस्या र तिनको समाधान (रश्मि : २०६३), संस्मरण विधाको सैद्धान्तिक अवधारणा (कलमः २०६३), जनयुद्धकालीन नेपाली कथामा जनयुद्धको प्रतिबिम्ब (मधुपर्क : २०६४) संस्कृति, सांस्कृतिक आन्दोलनको परम्परा र दिशा, ( सुमनः २०५८) पाँच कविताका पाँच थुङ्ग फूल (कलम : २०६३/०६४), जनयुद्धका दस वर्ष र सांस्कृतिक रूपान्तरणमा त्यसको भूमिका, (प्रतिबिम्बन : २०६४) जस्ता समीक्षात्मक एवम् समालोचनातमक फुटकर रचनाहरू पौडेलका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

गोपीन्द्र पौडेलका समालोचनाहरू निश्चित सैद्धान्तिक दृष्टिकोणमा आधारित पाइन्छन् । त्यो निश्चित सैद्धान्तिक दृष्टिकोण भनेको प्रगतिवादी मान्यता वा सिद्धान्त नै हो । यसै सिद्धान्तमा आधारित भएर उनलेसैद्धान्तिक र व्यावहारिक दुवै प्रकारका समालोचनामा क्रियाशीलता देखाएको पाइन्छ । ती समालोचनालाई हेर्दा के देखिन्छ भने उनी विषयको सूक्ष्म निरीक्षण गर्छन् र आफ्नो सिद्धान्तका आधारमा तिनको विश्लेषण गर्दै निष्कर्षमा पुग्दछन् । यसरी उनी गम्भीर सैद्धान्तिक एवम् व्यावहारिक समालोचकका रूपमा स्थापित हुन पुगेका छन् भन्ने विचार नन्दीश अधिकारीले दिएका छन् । (शोधनायकका सहकर्मी नन्दीश अधिकारीबाट प्राप्त जानकारी)

पौडेल प्रगतिवादी नेपाली समालोचनाको तेस्रो चरणमा देखिएका समालोचक हुन् भनेर रविलाल अधिकारीले (अधिकारी, २०५६ : २८) उल्लेख गर्नुले पनि उनको समालोचनासम्बन्धी सैद्धान्तिक आधार स्पष्ट हुन्छ । त्यसैगरी वि.सं. २०२१ पछिको काल खण्डमा देखापरेका समालोचकहरूमा गोपीन्द्र पौडेल पनि एक हुन् भन्ने कुरा राजेन्द्र सुवेदी (सुवेदी २०६१:२६७) ले पनि बताएका छन् ।

अतः गोपीन्द्र पौडेल सूक्ष्म निर्णायात्मक क्षमता भएका एक बौद्धिक प्रतिभाशाली प्रखर एवम् क्रियाशील प्रगतिवादी समालोचक हुन् भन्ने विचार विद्वान् समाचोकले दिएका धारणबाट पनि स्पष्ट हुन्छ । त्यसैले पौडेलको विभिन्न व्यक्तित्वमध्ये समालोचक व्यक्तित्व नै प्रमुख रहेको स्पष्ट हुन्छ ।

## ३.३.२ निबन्धकार व्यक्तित्व

गोपीन्द्र पौडेल साहित्यिक क्षेत्रमा क्रियाशील व्यक्तित्व हुन् । उनले समालोचनाको साथसाथै निबन्ध सिर्जनामा क्रियाशीलता देखाएका छन् । पौडेलको 'कामरेडमा नाउँ दरिएन', (२०५६) निबन्ध संग्रहको रूपमा नै प्रकाशित भएको पाइन्छ । यो सङ्ग्रहको अतिरिक्त उनका विभिन्न पत्रपत्रिकाहरूमा पनि फुटकर निबन्धहरू प्रकाशित भएको बुझिन्छ । जस्तो 'कान्तिपुर', 'साहित्यसन्ध्या', 'नौलो विहानी' एवम् 'फित्कौली' आदि पत्रपत्रिकाहरू रहेका छन् । पौडेलले आफ्ना निबन्धमा व्यङ्ग्यलेखनलाई विशेष चासो देखाएको पाइन्छ । उनी आफ्ना निबन्धमार्फत राष्ट्रद्रोही शासक प्रशासकहरूलाई झटारो हान्न पनि पछि परेका छैनन् । उनका निबन्धहरूमा यथास्थितिवादको विरोध र अग्रगामी चेतनाको अभिव्यञ्जना व्यक्त भएको पाइन्छ । उनले आन्दोलन, सङ्घर्षको समर्थन विसर्जन र विखण्डन विरोधी स्वर निबन्धमार्फत गुञ्जाएका छन् । माथि भनिएका कुराहरूको पुष्टि पौडेलको कामरेडमा नाउँ दरिउन (२०५६) को भूमिकाले पनि गर्दछ । "देशदुनियाँको कुनाकाप्चामा आँखा तन्काउँदै जाँदा जहाँजहाँ कर्केदृष्टि पर्छ त्यहाँत्यहाँ मलाई छेडखान गर्न मन लाग्छ र घोचपेच गर्न मन लाग्छ । तर कर्केदृष्टि ठाउँमा पर्दैन, कुठाउँमा मात्र पर्छ । जतिबेला कुठाउँमा कर्केदृष्टि पर्छ त्यतिबेला मलाई बाङ्गिन मन लाग्छ । त्यतिले पनि मन सन्तोष हुँदैन, त्यसैले ती कर्केदृष्टि पर्ने ठाउँहरूलाई भुत्ल्याउन मन लाग्छ, खुल्क्याउन मन लाग्छ र हुँदाहुँदै चौटालाम्टा बिनेर छरप्रस्टै पार्न मन लाग्छ । यहाँ मैले त्यही प्रयास गरेको छु । मलाई राकसको कुरूप संस्कृति होइन मान्छेको सुन्दर संस्कृति मन पर्छ, त्यसैले म राकसी संस्कृतिलाई थिल्थिल्याउन चहान्छु" उपर्युक्त वाक्यहरू निबन्धका

भूमिकामा प्रकाशन भएका छन् । ती कुराहरूलाई हेर्दा उनलाई कुशल एवम् प्रतिभासम्पन्न निबन्धकारको रूपमा चिनाएको तथ्य अवगत हुन्छ ।

गोपीन्द्र पौडेलबाट प्रगतिवादी निबन्ध लेखनलाई आफ्नो मूल क्षेत्र बनाएर सक्रिय एवम् प्रतिबन्ध हुने काम भएको पाइन्छ । साथै पौडेलको सक्रियताले प्रगतिवादी निबन्धलाई गति दिएकोतर्फ शङ्का गर्ने ठाउँ छैन भन्ने ताराकान्त पाण्डेको भनाइले पनि उनको निबन्धकार व्यक्तित्वलाई उजागर गरेको छ । ( पाण्डेय : २०५९), गोपीन्द्र पौडेल निबन्धकारका रूपमा पनि परिचित छन् । उनका निबन्धहरूले समाजका विकृति, विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । त्यसैले गोपीन्द्र पौडेल व्यङ्ग्य निबन्धकारका रूपमा परिचित रहेका छन् । यस अतिरिक्त पौडेललाई विभिन्न सांस्कृतिक, सामाजिक क्षेत्रसँग पनि जोडिएको पाइन्छ । उनी अत्यन्त सहयोगी न्यायका पक्षमा उभिने सत्य कुरालाई निर्भिक रूपमा साथीहरूको बीचमा राख्ने र विषयलाई कुशलतापूर्वक प्रस्तुत गर्ने एक कुशल व्यक्तित्वका धनी पनि देखिन्छन् । कतिपय अवस्थामा उनी अत्यन्त सरल भई दिन्छन् । जुन सरलताले व्यावहारिक रूपमा उनलाई कतिपय समयमा कम्जोर बनाएको मैले देखेको छु भन्ने विचार प्राध्यापक नन्दीश अधिकारीले व्यक्त गरेका छन् । (प्राध्यापक नन्दीश अधिकारीबाट प्राप्त जानकारी)

### ३.३.३ सम्पादक व्यक्तित्व

गोपीन्द्र पौडेल साहित्यिक क्षेत्रमा क्रियाशील प्रखर प्रतिभाशाली व्यक्तित्व हुन् । साहित्यिक व्यक्तित्वका विभिन्न पाटामध्ये पौडेलको सम्पादक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको पाइन्छ । पौडेलले 'आलोचना' साहित्यिक त्रैमासिकको सम्पादन मण्डलमा रहेर कार्य गरेको बुझिन्छ तर त्यो पत्रिका धेरै निन्तर हुन नसकेकाले उनले सो कार्यलाई पनि लामो समयसम्म निरन्तरता दिन पाएनन् । त्यसपछि वि.सं. २०४९ देखि वि.सं. २०५२ सम्म 'कलम' (प्रगतिशील साहित्यिक (पत्रिका) को कार्यकारी सम्पादक भई कार्य गरेको देखिन्छ । त्यसैगरी वि.सं. २०५८ मा प्यूठानबाट निस्केको 'लिस्ने' (मासिक पत्रिका) को सम्पादन सहयोगी भइ कार्य

गरेको बुझिन्छ । यसरी नै पौडेलले यस क्षेत्रमा अनुभवको आर्जन गर्दै अगाडि बढेको पाइन्छ । यसैगरी २०६४/०६५ सालमा अमर सांस्कृतिक सहिद कृष्ण सेन 'इच्छुक' को समग्र पक्ष समेटेर तयार पारिएको 'इच्छुक' स्मृति ग्रन्थको सम्पादन पनि गरेको पाइन्छ । यसरी नै वि.सं. २०६४ देखि 'जलजला' मासिकको सल्लाहाकार समेत रहेको बुझिन्छ ।

पौडेल यस क्षेत्रमा क्रियाशील रहेका कारण उनको सम्पादक व्यक्तित्व पनि प्रभावकारी रहेको छ । यो कुराको जानकारी उनले यस क्षेत्रमा दिएको योगदानले स्पष्ट पार्दछन् । त्यसकारण पौडेलको यो व्यक्तित्व अझै प्रखर हुँदै जाने संभावना पनि उत्तिकै रूपमा प्रवल रहेको देखिन्छ ।

## ३.३.४ भूमिका लेखक व्यक्तित्व

भूमिका लेखन पनि व्यक्तित्व निर्माणको एउटा महत्त्वपूर्ण पाटो हो । पौडेलको व्यक्तित्वका विभिन्न मध्येको भूमिका लेखक व्यक्तित्वको पाटो पनि उल्लेख्य रूपमा रहेको छ । यो विषयमा जति कार्य गरेका छन्, त्यसमा उनको भूमिका लेखनशैली मौलिक पृथक खालको रहेको देखिन्छ । यथार्थपरक वैचारिक मान्यतालाई आधार बनाएर रचनाको मूल्याङ्कन गर्ने क्षमता र कुशलता उनको भूमिका लेखनमा पाइन्छ । उनले यो कार्यमा सान्दर्भिक कुराहरूको चर्चासमेत गर्ने गरेका छन् । कमीकम्जोरीहरूको आलोचना एव सवल पक्षको प्रशंसा जस्ता सन्तुलित अभिव्यक्ति उनको भूमिका लेखनमा पाइन्छ । पौडेलले 'नसरीनलाई चिठ्ठी' नामक सिन्धु शर्माद्वारा जनयुद्धका अनुभूतिहरूको सङ्गालोको रूपमा रहेको पत्रात्मक शैलीमा लेखिएको उक्त कृतिको भूमिका लेखेका छन् । यसमा पत्रात्मक शैलीमा लेख्ने देशीविदेशी साहित्यकारको दृष्टान्त प्रस्तुत गर्दै सिन्धु शर्माकृत 'नसरीनलाई चिठ्ठी' नामक कृतिको वेग्लै र विशिष्ट महत्त्व रहेको जनाएका छन् । प्रस्तुत कृतिमा माओवादी जनआन्दोलनदेखि लिएर ऐतिहासिक जनआन्दोलनसम्मलाई समेटिएको छ । त्यसैले भोलिका दिनमा नेपाली समाजको रूपान्तरणसम्बन्धी प्रक्रियालाई बोध गर्न चाहने पाठकालागि यो महत्त्वपूर्ण खुराक

हुनुका साथै इतिहास लेखकहरूका लागि समेत महत्त्वपूर्ण आधार सामग्री हुने विश्वास पौडेलले सो कृतिको भूमिकामार्फत व्यक्त गरेका छन् । सोभित सिकारूको नाटक 'अमर मृत्यु' र कमल निओलको 'भोको रात'को भूमिका लेखनलाई पनि दृष्टान्तका रूपमा लिन सकिन्छ । यिनै आधारमा नै पौडेलको भूमिका लेखक व्यक्तित्व पनि प्रखर नै रहेको छ भन्ने कुरालाई नकार्न सकिदैन ।

### ३.३.५ साहित्यिक वार्ताकार व्यक्तित्व

साहित्यिक व्यक्तित्वका पाटाहरूलाई खोतल्दै जाँदा पौडेलमा साहित्यिक वार्ताकार व्यक्तित्वको पाटो पनि रहेको देखिन्छ । उनले साहित्यसँग सम्बन्धित रहेर विभिन्न पत्रपत्रिकाहरूलाई दिएका लिखित एव. मौखिक अन्तर्वाताहरले नै यसको पुष्टि गर्दछन् । उनले 'सहयात्री' त्रैमासिकमा निबन्ध विषयमा दिएको अन्तर्वाता एवम् जनएकता साप्ताहिकमा निबन्ध, लोकतान्त्रिक स्रष्टाहरूको भूमिका र आफ्नै अध्ययन अनुसन्धान बारे दिएको अन्तर्वार्ता यस सन्दर्भमा उल्लेख हुन सक्छन् । त्यसैगरी 'नेपाली पत्र' मासिकमा दिएको विभिन्न साहित्यिक सन्दर्भ र 'जलजला' मासिकमा साहित्य तथा सङ्घर्ष सम्बन्धी अन्तर्वार्ताहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । उनका यस्ता अर्न्तरवाता यथार्थपरक र तथ्यपरक दृष्टिकोणअरूपका हुने गरेका छन् । यी तथ्यहरूले पनि उनी कुशल वार्ताकार व्यक्तित्व हुन भन्ने कुराको उजागर भएको छ ।

### ३.३.६ शोध अनुसन्धाता व्यक्तित्व

गोपीन्द्र पौडेल शोध-अनुसन्धान तथा शोध निर्देशनका क्षेत्रमा क्रियाशील रहेका छन् । त्यसैले उनले अनुसन्धनात्मक कार्यप्रति विशेष चासो र रूचि देखाएको बुझिन्छ । पौडेलले 'प्रगतिवादी नेपाली कथाका प्रवृत्ति' शीर्षकमा विद्यावारिधि कार्य सम्पन्न गरेका छन् । अनुसन्धानका क्षेत्रमा उनले वि.सं. २०६५ मा विश्वविद्यालय अनुदान आयोगअन्तर्गत 'नेपाली कथामा २००७ सालको प्रतिबिम्ब' शीर्षकमा लघु अनुसन्धान कार्य सम्पन्न गरेको बुझिन्छ । यसै क्रममा पौडेल वि.सं. २०६२ देखि पाटन संयुक्त क्याम्पसमा नेपाली विषयको स्नातकोत्तर

कार्यक्रमअन्तर्गत विभिन्न विषयमा शोधनिर्देशन साथै आवश्यक परामर्श प्रदान गर्दै आएको पाइन्छ । पौडेलको शोध एवम् निर्देशन कार्यमा देखिएको क्रियाशीलताले उनको शोध-अनुसन्धाता व्यक्तित्वको पुष्टि गरेको छ । त्यसकारण पौडेलको उक्त व्यक्तित्व पनि उल्लेख्य रहन गएको देखिन्छ ।

## ३.३.७ अन्य साहित्यिक व्यक्तित्व

गोपीन्द्र पौडेलका माथि उल्लेख गरिएका बाहेक साहित्यिक व्यक्तित्वका अन्य पाटाहरू पनि रहेको पाइन्छ । उनले समालोचना र निबन्धका अतिरिक्त कविता र नाटक विधामा पनि कलम चलाएको बुझिन्छ । उनको आरम्भक रचनाको रूपमा कविता नै रहेको जनाएका छन् । उनले चिठ्ठी पत्रमा, विभिन्न उत्सव, विवाह वनभोज आदिमा कविता लेखेर सुनाउने गरेको बताएका छन् तर प्रकाशनमा आउन भने सकेको पाइँदैन । त्यसैगरी 'गरिव बदलियो' नामक नाटक पनि उनले लेखेको बुझिन्छ । उनले विभिन्न सांस्कृतिक कार्यक्रममा नाटक निर्देशन र मञ्चन गर्ने गरेको बताएका छन् । यो कार्य भने वि.सं. २०३१ देखि वि.सं. २०४२ सम्मको बीचमा रहेको कुरा उनले बताएका छन् । यसरी उनको लोकगीत, लोकनृत्यमा सहभागिता, संलग्नता र विभिन्न प्रसङ्गमा क्रियाशीलता हुनुले उनमा अन्य साहित्यिक व्यक्तित्वका पाटा पनि विद्यमान देखिन्छन् ।

## ३.४ साहित्येत्तर व्यक्तित्व

गोपीन्द्र पौडेलको साहित्यिक व्यक्तित्वका साथै साहित्येत्तर व्यक्तित्वका पाटाहरू पनि प्रसस्तै रहेका छन् । साहित्य भन्दा फरक व्यक्तित्वका पाटाहरूले उनको साहित्यिक व्यक्तित्वलाई माथि उठाउनमा ठूलो टेवा पुऱ्याएको पाइन्छ । त्यसैले उनका साहित्येत्तर व्यक्तित्वका विविध पक्षहरूलाई विभिन्न उपशीर्षकमा राखेर प्रस्तुत गर्न सकिन्छ ।

### ३.४.१ सामाजिक व्यक्तित्व

गोपीन्द्र पौडेल साहित्य सिर्जनामा क्रियाशील व्यक्तित्व भए पनि उनमा सामाजिक कार्यप्रतिको विशेष रूचि र चासो सानै उमेरदेखि रहेको बुझिन्छ । उनले पहाड (प्यूठान) मा बस्तादेखि नै सामाजिक कार्यप्रति रूचि र संलग्नता देखाउने गरेको पाइन्छ । उनले गाउँघरमा बाटोघाटो, पुल-पुलेसा निर्माणदेखि लिएर असहाय, दुःखी, रोगी आदिप्रति पनि सहयोगको भावना राख्ने गरेको बुझिन्छ । स्कुल निर्माण कार्यमा संलग्न हुँदा विशेषतः नि.मा.वि. दुधास र जनकल्याण मा.वि. दुधरासको निर्माणमा उनले सक्रिय भूमिका निर्वाह गरेको जनाएका छन् । यसैगरी प्रलेस, अखिल नेपाल जनसांस्कृतिक संघ, प्राध्यापक संघ आदि संघसंस्थामार्फत सामाजिक कार्यमा संलग्न भएको पाइन्छ । वि.सं. २०३६ देखि वि.सं. २०३८ सम्म दाङमा जनचेतना पुस्तकालय खोली सञ्चालन र व्यवस्थापनमा जिम्मेवारीपूर्ण भूमिका निर्माण गरेको बताएका छन् । प्राध्यापन र साहित्य साधनामा समय निकालेर विभिन्न साहित्यिक, सांस्कृतिक, सङ्गठनमार्फत सामाजिक कार्यमा संलग्न र क्रियाशील रहेको बुझिन्छ ।

यसरी साहित्य एवम् प्राध्यापनमा मात्र सीमित नभई सामाजिक विसङ्गतिलाई हटाउन सङ्गठित भई लाग्नुले पनि गोपीन्द्र पौडेलको सामाजिक दायित्वबोध उच्च एवम् तीव्र रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ३.४.२ राजनीतिक व्यक्तित्व

गोपीन्द्र पौडेलको राजनीति पृष्ठभूमिलाई निहाल्दा विद्यार्थी अवस्थाबाटै राजनीतिमा अभिरूचि देखाएको पाइन्छ । वि.सं. २०३५ मा केहीँ समय वी.पी. कोइरालाको राजनीतिक व्यक्तित्वबाट पभावित भएको बुझिन्छ । वि.सं. २०३६ देखि मार्क्सवादी दर्शन, चिन्तन र राजनीतिबाट प्रभावित भई वि.सं. २०३६ असारमा तत्कालीन नेकपा (चौ.म) मा आबद्ध रहेको पाइन्छ । उनमा रहेको इमानदारिता, रूचि र क्रियाशीलताका कारण उनले विभिन्न मोर्चामा काम

नगरिकन पार्टी सदस्यता प्राप्त गरेको देखिन्छ । पौडेल उक्त वैचारिक दृष्टिकोणलाई आत्मसात् गर्दै प्रगतिवादी साहित्य एव. समालोचनाका क्षेत्रमा हालसम्म क्रियाशील रहेका छन् । त्यसैले पौडेलको राजनीतिक विचार पनि यसको सापेक्षमा अगाडि बढेको पाइन्छ ।

यसरी गोपीन्द्र पौडेल वि.सं. २०३८ देखि वि.सं. २०४२ सम्म विद्यार्थी राजनीतिमा सक्रिय रहेको देखिन्छ । उनले वि.सं. २०३८ सालमा अनेरास्ववियू दाङ जिल्ला समितिको सचिव भई पदीय जिम्मेवारीको भूमिका पनि निर्वाह गरेको पाइन्छ । यसैगरी वि.सं. २०३९ मा महेन्द्र बहुमुखी क्याम्पस दाङको स्ववियू निर्वाचनमा सदस्य पदमा निर्वाचित भएको देखिन्छ । वि.सं. २०३८ देखि वि.सं. २०४१ सम्म नेकपा (चौ.म) दाङको जिल्ला सङ्गठन समितिमा र राजनीतिमा सक्रिय भएको देखिन्छ । उनी प्रायजसो राजनीतिक सङ्गठन, सङ्घर्ष र गतिविधिमा संलग्न भएको पाइन्छ । उनी हाल नेकपा (माओवादी) मा आबद्ध रहेको जनाउँछन् । जनयुद्ध कालमा कतै खुल्ला र कतै भूमिगत रूपमा सहयोग समर्थन गर्नुका साथै निष्ठा एवम् लगाव राखेको कुरा उनी बताउँछन् । (शोधनायकबाट प्राप्त जानकारी)

### ३.४.३ सांस्कृतिक व्यक्तित्व

संस्कृति मानवीय जीवन शैलीको रूपमा रहेको पाइन्छ । त्यसैले गोपीन्द्र पौडेलको सांस्कृतिक व्यक्तित्व पनि उल्लेख्य रहेको छ । पौडेल पुरातन सामन्ती एवम् पुँजीवादी संस्कृतिका विपरीत उन्नत जनसंस्कृतिको पक्षमा उभिएको बुझिन्छ । झण्डै वि.सं. २०३१ तिरदेखि सामन्ती संस्कृतिका विरोधमा उत्रिनु र नाटक, गीतलगायतका कार्यक्रममा नवीनताको खोजी गर्नु जस्ता कुराले उनको यो व्यक्तित्वको पुष्टि हुन गएको छ । परम्परागत रूपमा मनाइँदै आएका चाड पर्वहरू दशैं, तिहार र तीजमा गाइने गीत, नृत्य र सङ्गीतमा आधुनिकता र नवीनता दिने प्रयास उनले गरेको बुझिन्छ । पुरातन संस्कृतिको विरोध र नयाँ संस्कृतिको

पक्षपोषणका लागि सशक्त भएर लागेको जानकारी उनी दिन्छन् । त्यसैले उन्नत संस्कृतिको निर्माण पक्षमा दिएको योगदान महत्त्वपूर्ण बनेको देखिन्छ ।

### ३.४.४ सङ्गठक व्यक्तित्व

गोपीन्द्र पौडेल साहित्य एवम् समालोचनाका क्षेत्रमा मात्र नभई विभिन्न सङ्गठनमा पनि संलग्नता र क्रियाशीलता देखाएका छन् । उनी वि.सं. २०३५ देखि पार्टी सङ्गठनका विभिन्न साङ्गठनिक क्रियाकलापमा सक्रिय भएर लागेको बुझिन्छ । पौडेल वि.सं. २०३८ देखि वि.सं. २०४० सम्म दाङ जिल्लाको अ.ने.रा.स्व.वियू को जिल्ला कमिटीको सचिवमा निर्वाचित भएपछि तल्ला कमिटीको निर्माण र परिचालनको जिम्मेवारी पाएको देखिन्छ । पौडेलले वि.सं. २०४८ देखि वि.सं. २०५५ सम्म अखिल नेपाल जनसाँस्कृतिक सङ्घको केन्द्रीय कोषाध्यक्ष भई कार्य सञ्चालन गरेको पाइन्छ । यसरी नै वि.सं. २०६३ देखि प्रलेस केन्द्रीय समितिको सदस्य तथा वि.सं. २०६४ देखि अखिल नेपाल लेखक सङ्घको केन्द्रीय सचिवालय सदस्य भएको बताउँछन् । त्यसैगरी पार्टी सङ्गठनमा समेत क्रियाशील भई संगठन निर्माण र परिचालनको भूमिका लिएको कुरा बताएका छन् । उनी आफू स्वयम् सङ्गठित हुनुका साथै सङ्गठन निर्माण र परिचालनमा सशक्त रूपमा सक्रियता देखाएको बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

अतः पौडेल प्राध्यापक पेशामा क्रियाशील रहे पनि विभिन्न सङ्घ सङ्गठनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको र विद्यार्थी सङ्गठनदेखि लिएर सांस्कृतिक एवम् प्रगतिशील लेखक सङ्गठनमा समेत नेतृत्वदायी भूमिका खेल्दै आएको पाइन्छ । फलस्वरूप पौडेलको साङ्गठानिक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको निष्कर्ष प्राप्त हुन्छ ।

### ३.४.५ प्राध्यापक व्यक्तित्व

गोपीन्द्र पौडेलका साहित्येत्तर व्यक्तित्वको अन्य पाटाहरूमध्ये प्राध्यापक व्यक्तित्व एउटा महत्त्वपूर्ण पाटो रहेको पाइन्छ । पेसागत लगाव र क्रियाशीलताले

गर्दा व्यक्तित्व निर्माणको यो पक्ष सबल बन्न पुगेको छ । पौडेलले वि.सं. २०४८ असार ८ गतेदेखि पाटन संयुक्त क्याम्पसमा आंशिक प्राध्यापकको रूपमा कार्यरम्भ गरेको बुझिन्छ । त्यसैगरी उनी वि.सं. २०४९ चैत्रदेखि सहायक प्राध्यापक पदमा करार सेवाअन्तर्गत कार्यरत रहेको देखिन्छ । पौडेल वि.सं. २०५४ कार्त्तिक ४ गतेबाट त्रि.वि. सेवा आयोगमार्फत सिफारिस भई उपप्राध्यापन पदमा स्थायी भएर पाटन संयुक्त क्याम्पसमा नै रहेका छन् । पौडेल मुख्य संस्था पाटन संयुक्त क्याम्पसको अतिरिक्त अन्य संस्थामा पनि प्राध्यापन पेशामा संलग्न रहेको बुझिन्छ । वि.सं. २०४९ देखि वि.सं. २०५१ सम्म जनभावना क्याम्पस चापागाउँमा प्राध्यापरत रहेको जनाएका छन् । त्यसैगरी वि.सं. २०५०-२०५२ सम्म जनमैत्री क्याम्पस कुलेश्वरमा प्राध्यापनरत रहेको बताएका छन् ( शोधनायकबाट प्राप्त जानकारी) ।

गोपीन्द्र पौडेल प्राध्यापनका क्षेत्रमा सफल प्राध्यापकका रूपमा स्थापित भएका छन् । आफ्नो प्राध्यापकीय दायित्वलाई उनले निष्ठापूर्वक निर्वाह गरेको पाएको छु भन्ने भनाइ प्राध्यापक नन्दीश अधिकारीले व्यक्त गरेका छन् (नन्दीश अधिकारीबाट प्राप्त) ।

### ३.४.६ शिक्षक व्यक्तित्व

गोपीन्द्र पौडेलको साहित्येर व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये शिक्षक व्यक्तित्व पनि महत्त्वपूर्ण पाटाको रूपमा रहेको पाइन्छ । पौडेलले विद्यालय तहबाट अध्यापनको शुरूवात् गरेको हुनाले उनले शिक्षण पेशालाई महत्त्वपूर्ण पेशाको रूपमा लिएका छन् । अध्ययन र अध्यापन वैकल्पिक पाटाको रूपमा रहे पनि शिक्षण पेशा अभ्यान्तर रूचिको विषय रहेको बताएका छन् । पौडेल वि.सं. २०३२ मा एस.एल.सी. दिए लगत्तै जिल्ला शिक्षा शाखा प्यूठानबाट नियुक्त पाई ने.रा.प्रा.वि लुङ सिउरीकाटेमा शिक्षण कार्यमा संलग्न रहेका बुझिन्छ । वि.सं. २०३३ साउनदेखि वि.सं. २०३४ साउनसम्म सोही विद्यालयमा प्र.अ. भई कार्य गरेको जनाएका छन् । त्यस्तै वि.सं. २०३९ माघदेखि वि.सं. २०३७ जेठसम्म

नि.मा.वि. दुधास दाङमा विद्यालय सञ्चालक समितिबाट नियुक्त भई संस्थापक प्र.अ. को रूपमा कार्य गरेको जनाएका छन् । उनी वि.सं. २०३७ जेठदेखि वि.सं. २०३७ फागुनसम्म शिक्षा शाखा रूकुमबाट नियुक्त भई नि.मा.वि. सोलावाङ रूकुमको प्र.अ. पदमा कार्यरत रहेको र वि.सं. २०३७ चैत्रदेखि वि.सं. २०३८ भदौसम्म शिक्षा शाखा रोल्पाबाट नियुक्त भई नि.मा.वि मिसिडाँडा कोर्चावाङ रोल्पामा प्र.अ. भई काम गरेको बुझिन्छ । त्यसैगरी वि.सं. २०३९ देखि वि.सं. २०४० फागुनसम्म पर्वत मा.वि. कोल रूकुममा वि.सं. स. बाट नियुक्त भई काम् प्र.अ.को जिम्मेवारी बहन गरेको बताएका छन् । वि.सं. २०४१ वैशाखदेखि वि.सं. २०४३ माघसम्म वि.सं. बाट नियुक्त भई जनकल्याण मा.वि. धुदरास दाङमा मा.वि. शिक्षकका रूपमा रहेको जनाएका छन् । यही क्रममा वि.सं. २०४७ चैत्रदेखि वि.सं. २०४८ असारसम्म नेपाल युवक मा.वि. पकनाजोल काठमाडौंमा मा.वि. शिक्षकको रूपमा कार्य गरेको बुझिन्छ । यसरी हुँदाहुँदै वि.सं. २०५४ वैशाखदेखि वि.सं. २०५८ वैशाखसम्म सोमाङ एकेडेमी ललितपुरमा अध्यापरत रहेको कुरा पौडेलले बताएका छन् । यसरी लामो समयसम्मको विद्यालय शिक्षकको अनुभवले उनलाई कुशल शिक्षकका रूपमा उभ्याएको पाइन्छ ।

### ३.४.७ प्रेरक व्यक्तित्व

आर्थिक विपन्नता, अभाव र कठोर सङ्घर्षलाई खपेर अनवरत रूपले सक्रिय हुँदै आएका सङ्घर्षशील व्यक्तित्वका धनी गोपीन्द्र पौडेलले जीवन भोगाइका कठिनाबाट प्राप्त अनुभवनलाई अवसरका रूपमा सदुपयोग गरेर आफ्ना पाइला अगाडि बढाएको पाइन्छ । पौडेलको बाल्यकाललाई फर्केर हेर्दा १३ वर्षको उमेरसम्म प्राथमिक शिक्षाबाट बञ्चित रहेको देखिन्छ । त्यसैगरी उनले १३ वर्षको उमेरमा १२ खरी अक्षर चिनेर एकैचोटी कक्षा ६ देखि अध्ययन थालनी गरेको पाइन्छ । पौडेल ६ कक्षामा भर्ना भएको ६ महिनामा नै उनलाई पितृ शोध परेको बुझिन्छ । यसरी नै पौडेलले एस.एल.सी. पास गरेपछि आई.ए. पढ्दा एक जना साहूका छोराछोरीलाई साँझ विहान पढाउने कार्य गरेको र आफूले पनि त्यसैको माध्यमबाट पढ्ने गरेको बताएका छन् । यो कार्य आयआर्जनको रूपमा नभएर

साँझ विहान खानकालागि गर्ने गरेको उनले जनाएका छन् । पौडेलले लगातार पढ्ने अवसर नपाएर शिक्षण पेशामा संलगन हुँदै र आफूले अध्ययन पनि गर्ने गरेको बताएका छन् । यसै गरी एम.ए. पढ्न काठमाडौं आएपछि भने जीवनसाथी उर्मिलाले दुई साना बच्चासँग रोल्पा जस्तो दुर्गम ठाउँमा गा.वि.स. सचिव पदमा कार्य गरेर खर्च जुटाउने गरेको र सोही खर्चबाट आफ्नो अध्ययनलाई अगाडि बढाएको बताउँछन् । जीवनसाथी उर्मिला तथा दाजुहरूको उत्प्रेरणा र आफ्नै मेहतनको बलमा विधावारिधिसम्मको अध्ययन पूरा गर्न सफल भएको उनले बताएका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

पौडेल जुन साहस र हिम्मतकासाथ लगनशील भएर कार्य गर्दै आज जुन गरिमा र सफलता आर्जन गर्न सफल भएका छन् यो उनको लागि एवम् सबैकालागि प्रेरणाको स्रोत बनेको छ । यसरी नै प्रगतिवादी नेपाली समालोचना र निबन्धका क्षेत्रमा उनी निरन्तर रूपमा उभिन सफल भएका छन् । उनको यो महत्त्वपूर्ण योगदानलाई ठूलो उपलब्धिका रूपमा मूल्याङ्कन हुन सकेका खण्डमा उत्तरवर्ती सर्जक एवम् समालोचक उनीबाट प्रेरित हुने प्रबल सम्भावना पनि देखिन्छ ।

अतः अनेक समस्याहरूसँग पौंठेजोरी खेल्दै प्रगतिवादी समालोचना र निबन्धका क्षेत्रमा उनका महत्त्वपूर्ण कृति र फुटकर सिर्जना एवम् लेखरचनाले ठूलो योगदान दिएको पाइन्छ । यी विषयमा रूचि जगाउने र समर्पित हुने मार्ग प्रशस्त गरिदिएकाले पनि भावी पुस्ताहरूका लागि पौडेल एउटा प्रेरक व्यक्तित्वका रूपमा रहेको देखिन्छ ।

### ३.४.८ निष्कर्ष

गोपीन्द्र पौडेलको व्यक्तित्व विभिन्न पाटाहरूको अध्ययन गर्दा उनको साहित्यिक व्यक्तित्व र त्यसअन्तर्गत पनि समालोचक व्यक्तित्व नै प्रभावशाली रहेको निष्कर्ष प्राप्त हुन्छ । वि.सं. २०४५ मा 'जनजागृति' मा 'प्रसङ्ग हास्यव्यङ्ग्यको चर्चा भीमनिधि तिवारीका कविताको' शीर्षकको सामीक्षात्मक

लेखको प्रकाशनबाट उनले औंपचारिक रूपमा सिर्जनाका क्षेत्रमा प्रवेश गरेको देखिन्छ। पौडेल पछिल्लो समयमा राजनीतिक एवम् विभिन्न सामाजिक क्रियाकलापमा सक्रियता देखाउँदै आएका छन् । पौडेलले अध्यापनका साथसाथै समालोचनाका क्षेत्रमा समेत क्रियाशील रहेको देखिन्छ। उनी समालोलचनामा पनि प्रगतिवादी समालोचकका रूपमा चिनिएका छन् । यसरी कीर्तिपुरबाट एम्.ए. र पी.एच.डी. सम्मको अध्ययन उनले पूरा गरिसकेका छन् । साथै उनी पाटन संयुक्त क्याम्पस पाटन ढोकामा स्थायी उपप्राध्यापकका रूपमा हालसम्म कार्यरत रहीँ रहेका छन् । उनले भूमिका लेखनमा पनि आफ्नो प्रतिभा प्रदर्शन गरेको देखिन्छ ।

यसरी समालोचक, निबन्धकार, सम्पादक, साहित्यिक वार्ताका प्राध्यापक, भूमिका लेखक, शोअनुसन्धाता, एवम् सङ्गठक व्यक्तित्व आदि साहित्यिक र साहित्येत्तर व्यक्तित्वका पाटाहरू पौडेलमा विद्यमान रहेको पाइन्छ । उनका सैद्धान्तिक र व्यावहारिक समालोचनात्मक कृति, निबन्धात्मक कृति तथा फुटकर समालोचनात्मक र निबन्धात्मक थुप्रै रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । यसरी उनको अर्को पाटोलाई हेर्दा हालसम्म प्रध्यापन पेशामा नै सक्रिय रहेको देखिए तापनि उनको प्रमुख रूपमा समालोचक र प्रध्यापक व्यक्तित्व नै उल्लेख्य रहेको निष्कर्ष प्राप्त हुन्छ ।

# चौथो अध्याय

# गोपीन्द्र पौडेलको कृतित्वको अध्ययन

## ४.१ परिचय

गोपीन्द्र पौडेलले विद्यार्थी जीवनदेखि नै साहित्यप्रति रूचि राखे पनि २०३१ सालदेखि आभ्यासिक लेखन आरम्भ भएको बुझिन्छ । यसरी वि.सं. २०३१ बाट पौडेलले कविता र नाटक लेखन थालेको पाइन्छ । तर ती कविता र नाटक प्रकाशित नभई लेखनमा मात्र सीमित रहेको देखिन्छ । प्रकाशनका दृष्टिले भने वि.सं. २०४५ को **'जनजागृति'** मा प्रकाशित **'प्रसङ्ग हास्यव्यङ्ग्यको चर्चा भीमनिधिका कविताको'** शीर्षकको समीक्षात्मक लेखबाट शुरू भएको पाइन्छ । उनका पुस्तकाकार कृतिका साथै विभिन्न पत्रपत्रिकाहरूमा समीक्षात्मक लेख र निबन्धहरू प्रकाशित भएका छन् ।

यस अध्ययनमा गोपीन्द्र पौडेलको कृतित्त्वको अध्ययन गरिएको छ । उनका साहित्यिक कृतिहरू सिर्जनात्मक र समीक्षात्मक गरी दुई प्रकारका रहेका छन् । सिर्जनात्क कृतिअन्तर्गत **'कमरेडमा नाउँ दरिएन'** (२०५६) व्यङ्ग्य निबन्ध सङ्ग्रहका साथै अन्य फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । त्यसैगरी समालोचनाअन्तर्गत **'सौन्दर्यबोध र समीक्षा विविध'** (२०५९), **'कथाको सौन्दर्यशास्त्र'** (२०६५), **'भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व'** (२०६५) का साथै दर्जनौ फुटकर समालोचना विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । पौडेलका समालोचनात्मक कृति र लेखहरू सैद्धान्तिक र व्यावहारिक गरी दुई प्रकारका छन् । सैद्धान्तिक समालोचनाअन्तर्गत हास्यव्यङ्ग्य विषयक, कथा विषयक, संस्कृति विषयक र निबन्ध विषयक रहेका छन् । व्यावहारिक समालोचनाअन्तर्गत पनि कविता, कथा र नाटक विषयका एवम् अन्य विषयसँग सम्बन्धित फुटकर लेख-रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यिनलाई विविध विधा विषयक समालोचनाअन्तर्गत समेटिएको छ । पौडेलका यी कृतिहरू समीक्षात्मक मार्क्सवादी मूल्यमान्यतामा आधारित देखिन्छन् । त्यसैले

पौडेलको वैचारिक धारणा र चिन्तन साहित्यसम्बन्धी प्रगतिवादी मान्यतामा आधारित रहेको पाइन्छ । यस अध्ययमा पौडेलको समालोचनाकारिताको प्रवृत्तिगत सर्वेक्षण, सिर्जनात्मक कृतित्त्व अध्ययन विश्लेषण तथा निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।

## ४.२ गोपीन्द्र पौडेलका निबन्धहरूको अध्ययन

गोपीन्द्र पौडेलले कविता र नाटकबाट आभ्यासिक लेखन शुरू गरे पनि उत्तरोत्तर समोलोचना र निबन्धलाई नै सिर्जनाको मुख्य विधा बनाएको देखिन्छ । उनका निबन्धहरू पुस्तकाकार एवम् फुटकर रूपमा पनि प्रकाशित भएका छन् । पौडेलको **'कामरेडमा नाउँ दरिएन'** (२०५६) निबन्ध सङ्ग्रह विशुद्ध सिर्जनात्मक कृतिका रूपमा प्रकाशित भएको छ । यो निबन्ध सङ्ग्रहमा विभिन्न शीर्षकअन्तर्गत तेह्रवटा निबन्धहरू सङ्कलित रहेका छन् । उनको प्रस्तुत निबन्ध संग्रह एवम्म फुटकर निबन्धहरूलाई मूलतः विषयवस्तु, उद्देश्य /विचार एवम् भाषाशैलीका आधारमा तिनको संक्षिप्त विश्लेषण यहाँ गरिएको छ ।

### क. घोप्लेबाजी

पौडेलको 'घोप्लेबाजी' निबन्धको शीर्षकले नै पुष्टि गरेको छ, यो विसङ्गति र विकृति माथिको तिखो प्रहार हो । यसमा सामाजिक, आर्थिक, राजनीतिक एवम् सांस्कृतिक जनजीवनमा देखा परेका असङ्गति र विकृतिलाई मूलभूत रूपमा विषयवस्तु बनाइएको छ । पञ्यातकालदेखि चलेको विकृतिहरू प्रजातन्त्र आएपछि समाप्त हुनुको साटो मौलाउने मौका पाएको देखिन्छ । यसमा राजनीतिक नेताहरूले जनतालाई भुक्याएको  आफ्नो स्वार्थको निम्ति राष्ट्रका अमूल्य सम्पदाहरू वनि विदेशीलाई सुम्पनसमेत नचुकेको धारणा प्रस्तुत गरिएको छ । यो घोप्लेबाजीको चक्रव्यूमा फसेपछि यसको स्वाद पाइसकेपछि मानवमात्र त के देवता पनि उम्कन चाहँदैनन् भन्ने दृष्टान्त यसमा पाइन्छ । यसमा मूलभूत रूपमा सामाजिक विकृति र विसङ्गतिलाई नै मुख्य विषयवस्तु बनाइएको छ ।

कुनै पनि रचनाकारले आफ्नो कृति रचना गर्नुको कुनै नकुनै उद्देश्य राखेको पाइन्छ । त्यसैले पौडेलले पनि यस निबन्धमार्फत जोसुकैले पनि स्वर्थी भावनालाई त्यागेर सामाजिक भावनाको अवलम्बन गर्नु पर्ने उद्देश्य राखेको देखिन्छ । यो निबन्धमा मार्क्सवादी चिन्तनलाई आत्मसात् गर्दै सोहीअनुरूप प्रगतिवादी विचार र चिन्तनलाई प्रस्तुत गर्न खोजिएको छ । साथै प्रगतिवादी विचारले मात्र स्वार्थी भावनालाई त्यागी सामाजिक भावनाको विकास हुन्छ भन्ने ठहर लेखकको देखिन्छ । यसमा जनताद्वारा निर्वाचित प्रतिनिधि र जनताको पसिना खाएर बसेकाहरूले नै जनतालाई शोषण गर्ने र राष्ट्रघाती कार्यहरू गर्ने गरेको हुँदा यस्तो कुप्रवृत्तिलाई निमूर्ल पार्न जनताहरू आफै जागरूक हुनुपर्ने धारणा यसमा व्यक्त भएको पाइन्छ ।

यो निबन्धमा छोटा-छोटा बाक्य एवम् सरल भाषाको प्रयोग भएको पाइन्छ । ठाउँ ठाउँमा प्रस्तुत भएका उखान-टुक्काहरूले निबन्धलाई रोचक एवम् कौतूहलपूर्ण बनाएका छन् । विभिन्न ठाउँमा प्रयोग भएका अंगेजी शब्दले पुष्ट्याइँमा मद्दत गर्नुका साथै भाषालाई धरिलो बनाएका छन् । विभिन्न खाले विकृति र विसङ्गतिप्रति तिखो आलोचना गरिएको यस निबन्धको भाषा धारिलो र पाइन्दार नै रहेको देखिन्छ ।

## ख. कामरेडमा नाउँ दरिएन

पौडेलको यस निबन्धको विषयवस्तु पनि राजनीतिक नै देखिन्छ । यसभित्र सक्कली र नक्कली कामरेडका क्रियाकलापलाई मुख्य विषयवस्तु बनाइएको छ । यसमा आफ्ना गुरूले शुरूमै कामरेडमा नाउँ दरिदिए पनि आफू अहिलेसम्म कामरेडमा दरिन नसकेको गुनासो एकातिर पाइन्छ भने अर्कातिर अवसरवादी कात्तिके र चैते कामरेडहरूले छेपारे रूप धारण गरेर विगविगी मच्चाएको गुनासो देखिन्छ । अनि हरेक क्षेत्रमा यिनै कात्तिके र चैते कामरेडको हालीमुहाली चल्ने तर आफू सिद्धान्तनिष्ठ भए पनि कहिल्यै कामरेड हुन सकिएन भन्ने कुरालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

यो निबन्धको मुख्य उद्देश्य भनेको अहिलेको समयमा कामरेड शब्दको अपहेलना हुन गएको वास्तविकताको उजागर गर्नु देखिन्छ । आफ्ना गुरूले कामरेड पदको पगरी गुथाउँदा यो साह्रै महँगो पद हो भनेका भए पनि अहिले यसको मूल्यमा गिरावट आएको प्रति निबन्धकार चिन्तित देखिन्छन् । कात्तिके र चैते कामरेडले डाँडाकाँडा ढाक्नु भन्दा वास्तविक चिन्तन र सिद्धान्तलाई आत्मसात् गरेर हिड्ने कामरेड थोरै भए पनि हुन्छ, भन्ने आशय निबन्धकारको पाइन्छ ।

यो निबन्धमा सरल एवम् मिठासपूर्ण भाषाको प्रयोग भएको पाइन्छ । त्यसैले निबन्ध झनै रोचक र कौतूहलपूर्ण बनेको देखिन्छ । भदौरे, कात्तिके र चैते जस्ता शब्दहरूको प्रयोगले भाषाशैलीलाई पाइन्दार बनाएको पाइन्छ । यो निबन्धमा शब्द, भाव र विचारको चमत्कारपूर्ण प्रयोग भएको हुँदा यसमा भाषाशैलीगत दृष्टिले वाग्वैदग्ध्यको प्रयोग भएको पाइन्छ ।

**ग. जय काठमाडौं माता !**

पौडेलको 'जय काठमाडौं माता !' निबन्धमा सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षहरू समेटिएका छन् । त्यसको लागि काठमाडौंको स्थानगत परिवेशलाई विशेष अवलम्बन एवम् विषयवस्तु बनाइएको पाइन्छ । काठमाडौं आएपछि नेताहरू भ्रष्ट र कुकर्म गर्नपट्टि लागेको यसमा देखाइएको छ । उनीहरूले जनतालाई दिएको वचनलाई लत्याएर आफ्नो इमान्दारिताको पनि प्रवाह नगरी भ्रष्टाचार र कमिसनको खेल खेली गगनचुम्बी महलमा बसेको उल्लेख निबन्धकारले गरेका छन् । यिनै कुराहरू नै प्रस्तुत निबन्धमा विषयवस्तु बनेर आएका छन् ।

यस निबन्धमा विशेष गरेर राजनीतिक नेताहरूको व्यवहारप्रति आलोचना गरिएको छ । देशविदेशमा पवित्र स्थलको रूपमा कहलाएको भूमिमा आएर कमिसन र घूसखोरी कार्य गर्ने र आफू आरामदायी जीवन यापन गर्नेहरूप्रति तिखो व्यङ्ग्य यसमा गरिएको छ । यो निबन्धमा पनि पौडेलको प्रगतिवादी चिन्तन मुखरित भएको छ । यो निबन्धमार्फत कुरीति, कुसंस्कारको अन्त्य गरी चेतनाको

अभिबृद्धि गर्न सकिएमा मात्र देशलाई अग्रगामी दिशातिर लान र आमूल परिवर्तन गर्न सकिने धारमा यसमा प्रस्तुत गरिएको छ ।

यो निबन्धमा सरल, सम्प्रेष्य भाषाको प्रयोग भएको पाइन्छ । यसमा विभिन्न तरीकाबाट राजनीतिक नेता एवम् घूसखोरीहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । त्यसैले यसमा व्यङ्ग्योचित भाषाशैलीको प्रयोग भएको देखिन्छ । यहाँ सामाजिक र राजनीतिक कुप्रवृत्तिप्रति व्यङ्ग्य गरिएको हुनाले यसमा सामाजिक व्यङ्ग्य पाउन सकिन्छ । यो निबन्धमा चौतर्फी आलोचना नै आलोचना भएकोले व्यङ्ग्य प्रविधिका रूपमा प्यारोडीको प्रयोग भएको पाइन्छ ।

### घ. कामरेड सर्खारको दशैं

'कामरेड सर्खारको दशैं' शीर्षकले नै व्यङ्ग्यलाई झल्काउने हुँदा यो निबन्धमा पनि व्यङ्गयात्मक शैली र भावभङ्गी नै प्रखर रहेको छ । यसमा पनि राजनीतिक परिदृष्यलाई नै विषयवस्तु बनाइएको छ । यो निबन्धमा प्रजातन्त्र आएपछि सरकार बनाउने र ढाल्ने चलखेल पार्टीहरूमा हुने गरेको उल्लेख पाइन्छ । त्यसमा पनि मार्क्सवादको खोल ओढी बहुदलीय जनवादको वकालत गर्ने कामरेडहरूको सत्तामुखी र ढलमुले चरित्रलाई देखाइएको छ । सत्तामा बसेर दशैं नै मनाएसरी मोजमस्ती गर्ने र जनतालाई झुटा आस्वसन दिने कामरेडहरूको व्यवहारप्रति तीव्र व्यङ्ग्य यसमा गरिएको छ । त्यसैले राजनीतिक विकृतिलाई नै निबन्धको विषयवस्तु बनाइएको छ ।

जनताले जुन रूपमा कम्युनिस्ट पार्टीलाई जिताएर सर्खारमा पठाएका थिए ती पार्टीका नेताहरूले जनभावनाअनुरूप कार्य नगरी जनतालाई ढाँट्ने कार्य गरेको यथार्थबोध यसमा भएको देखिन्छ । यस निबन्धमा विशेष गरेर राजनीतिक पार्टी र नेताहरूको कुकृत्यप्रति व्यङ्ग्य र आलोचना गर्नु नै मुख्य उद्देश्य रहेको पाइन्छ । यस्तो प्रवृत्तिले गर्दा देशमा कुसंस्कार र अराजकताको निर्माण हुन सक्ने देखाइएको छ । यस निबन्धमा पनि प्रगतिवादी विचार र सिर्जन विधि अवलम्बन गरिएको पाइन्छ । देश र जनताका लागि केही गर्छु भनेर आएपछि सोहीअनुरूपको कार्य

भएमा मात्र देश र जनताको हित एवम् आमूल परिवर्तन हुन सक्छ भन्ने भाव सम्प्रेषण यसमा भएको छ ।

यस निबन्धमा पनि सरल, सरस एवम् व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग भएको छ । निबन्धमा प्रयोग भएका शब्दहरू व्यङ्ग्योचित, पाइन्दार एवम् धरिलो रहेका छन् । यसको भाषाशैलीगत प्रविधिलाई हेर्दा प्यारोडी शैलीलाई नै आत्मसात् गरिको पाइन्छ ।

**ङ. मुठभेड !**

यस निबन्धमा खास गरेर राज्यआतङ्क र जनहत्यासम्बन्धी पक्षलाई नै विषयवस्तु बनाइएको छ । देशमा प्रजातन्त्र आउनुभन्दा अगाडि बलियोले निर्धोलाई, बाँठाले लाटोलाई र शोषकले शोषितलाई हेर्ने नराम्रो दृष्टिकोण थियो । त्यसमा प्रजातन्त्र आएपछि पनि कुनै सुधार हुन नसकेको बरू त्यसले उग्र रूप लिएको उल्लेख निबन्धमा देखिन्छ । जनताले प्रजातन्त्र आएपछि शान्ति सुव्यवस्था र अमनचयनका साथ जीवनयापन गर्ने सपना देखेका थिए तर त्यसको ठीक विपरीत धारा पंधेरा, वनजंङ्गल गर्ने महिला एवम् गोठालाहरू नै मुठभेडको शिकार हुनु परेको देखिन्छ । यो मुठभेडबाट कोहि पनि बच्न नसकेको र शान्ति सुव्यवस्थाको नाममा झन दूराचार बढेको भन्ने प्रसङ्ग नै निबन्धका विषयवस्तुका रूपमा आएका छन् ।

यो निबन्धको प्रमुख उद्देश्य भनेको देशमा जुन रूपमा कुसंस्कृति र कुपरम्पराको अन्त्य भई प्रजातन्त्रसँगै शान्ति सुव्यवस्थाको राम्रो प्रबन्धका साथै नेपाली समाजको आमूल परिवर्तनको चहाना देखाउनु रहेको छ । यसमा देशका दमनकारी शासक वर्गप्रति आलोचना र तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । यसमा देश र देशवासीको दुःखलाई आफ्नै सम्झनुलाई लेखकको उन्नत एवम् प्रगतिवादी विचारको रूपमा लिन सकिन्छ । यो मूलतः मूठभेडको नाममा परिवर्तनको आकांक्षा राखेर वर्गसङ्घर्षको अभियानमा संलगन जनसामान्यको हत्या गर्ने सत्तासंस्कृतिप्रति व्यङ्ग्य गर्ने निबन्ध हो । यसमा सम्पूर्ण शोषित पीडित जनतालाई सताउनेहरूका

विरूद्ध आमूल परिवर्तनका लागि जनता पनि मुडभेडका निम्ति तम्तयार हुनुपर्ने धारणा प्रस्तुत गरिएको छ ।

यो निबन्धमा प्रयोग भएको भाषाशैलीलाई हेर्दा सरल एवम् सम्प्रेष्य तथा व्यङ्ग्यात्मक भाषा-शैलीको प्रयोग भेटिन्छ । यसमा प्रयोग भएको 'हग्नेलाई भन्दा देख्नेलाई लाज' जस्ता ठेट नेपाली उखानहरूको प्रयोगले भाषाशैलीगत एवम् पठनीय रोचकता समेत थपिएको देखिन्छ । यस निबन्धमा राजनैतिक-सामाजिक विसङ्गति एवम् हिंस्रक प्रवृत्तिप्रतिको तिखो व्यङ्ग्यलाई हेर्दा यसको भाषा शैली र प्रविधि व्यङ्ग्योचित मान्न सकिन्छ ।

## च. वार्ताको निम्तो

पौडेलको 'वार्ताको निम्तो' निबन्धको शीर्षकले नै यसको विषयवस्तुको पुष्टि गर्न सक्षम भएको देखिन्छ । तर पनि यसमा राजनैतिक, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय घटनाहरू पनि प्रसङ्गवश चर्चामा आएका छन् । निबन्धमा अन्तर्राष्ट्रियस्तरमा पेरूको फुजिमोरीले वार्ताको नाटक रचेर त्यहाँका क्रान्तिकारीलाई दबाएजस्तै नेपालका शासक वर्ग पनि माओवादी जनयुद्धलाई दवाउन उद्यत रहेको खास विषयप्रसङ्ग यसमा देखाइएको छ ।

यो निबन्धमा राष्ट्रिय-अन्तार्राष्ट्रिय क्षेत्रमा वार्ताका नाउँमा क्रान्तिकारीहरूलाई दबाउन रचिने षड्यन्त्रकारी घटनाहरूको आलोचना गरिएको छ । यस निबन्धमा पनि अग्रगामी विचारलाई नै निबन्धकारले प्रश्रय दिएको पाइन्छ । राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा वार्ताको निम्तोको जालो फिँजाएर शासक वर्गले ताक परे तिवारी नत्र गोतामे भने झैं व्यावहार गर्ने गरेको हुँदा त्यस्तो प्रवृत्तिप्रति तिखो व्यङ्ग्य यसमा गरिएको छ । मूलतः वार्ताका नाममा हुने षड्यन्त्रको भण्डाफोर गर्नु निबन्धकारको मुख्य उद्देश्य देखिन्छ । यस निबन्धमा यस्तै कुप्रवृत्तिको भण्डाफोर गर्न सकेमा मात्रै देश र समाजमा आमूल परिवर्तन हुन्छ भन्ने धारणा निबन्धकारको देखिन्छ ।

यो निबन्धमा प्रयोग भएको भाषा सरल, सरस एवम् मिठासपूर्ण हुनुका साथै शैलीमा पनि पूर्ण रूपमा व्यङ्ग्यात्मकता नै पाइन्छ । यसमा प्रयोग भएका उखान टुक्काले कौतूहलता बढाउनुका साथै भाषाशैलीलाई धारिलो र पाइन्दार बनाएको छ । यो निबन्धमा देश-विदेशमा वार्ताका नाममा हुने गरेका कुकृत्यहरूप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको हुँदा व्यङ्ग्यको प्रविधि पनि आकर्षक नै पाइन्छ ।

**छ. आवश्यकता**

पौडेलले 'आवश्यकता' नामक निबन्धमा स्वयम् आफूले भोग्नु परेका तिता अनुभवका साथै समग्र युवाहरूको भोगाइलाई यहाँ विषयवस्तुका रूपमा देखाउन खोजेका छन् । यसका साथै निबन्धमा राजनीतिक एवम् राष्ट्रिष्य सरोकारका विषयलाई नै मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । निबन्धमा निबन्धकार आवश्यकताको खोजीमा भौंतारिताभौंतारिदै सिंहदरबार छिरेको र त्यहाँ भित्र मन्त्री पदको आवश्यकतासम्बन्धी विज्ञापन देखेर तनि छक पर्दै आफैले आफूलाई ला खा जागिर भन्दै आफ्नै मुखमा लोप्पा ख्वाएर फर्किएको घटना नै मुख्य रूपमा प्रस्तुत भएको पाइन्छ ।

यो निबन्धको मुख्य उद्देश्य भनेको राजनीतिक, प्रशासनिक क्षेत्रमा बढेको कुसंस्कारको आलोचना गर्नु नै रहेको देखिन्छ । जनताको घरदैलोमा गएर यो गर्छु र त्यो गर्छु भन्दै झुट्टा आश्वासन दिएर चुनाव जितेर आउने तर सिंहदरबार छिरेपछि आफ्नो स्वार्थअनुकूल राष्ट्रिय सम्पत्तिलाई बेच्न पनि पछि नपर्ने संस्कृतिको निर्माण भएको देखिन्छ । निबन्धमा सानो मुलुकमा धेरै मन्त्री बनाउने प्रवृत्तिको घोर विरोध देखिन्छ । निबन्धमा कुसंस्कार, कुप्रवृत्ति, स्वार्थीभावना एवम् नातावाद आदिको अन्त्य हुनु पर्ने विचार व्यक्त भएको पाइन्छ ।

यस निबन्धमा सरल, सम्प्रेष्य एवम् व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग भएको पाइन्छ । सामाजिक र राजनीतिक क्षेत्रमा हुने गरेका घटनाहरूप्रति व्यङ्ग्य प्रहार गरिएको हुँदा यसमा तीव्र रूपमा सामाजिक व्यङ्ग्यको प्रयोग देखिन्छ ।

सिंहदरबार पुगेपछि फेरिएको नेताको चरित्र र मन्त्री भएपछि गरेका स्वार्थपूर्ण र राष्ट्रघाती कार्यहरू यसैको दृष्टान्तका रूपमा आएका छन् । यो निबन्धमा राजनीतिक कार्यहरूप्रति गरिएको आलोचनालाई हेर्दा भाषाशैली पनि व्यङ्ग्योचित नै देखिन्छ ।

**ज. मुखियाको मौजामा बुद्धको सन्देश**

पौडेलले यो निबन्धको विषयवस्तु पनि राजनीतिक क्षेत्रलाई नै बनाएका छन् जसले देशमा काण्डै काण्ड मच्चाएका थिए अनि प्रजातन्त्रका पक्षधरहरूलाई दमन गरी पञ्चायती व्यवस्थालाई टिकाई राख्न चहान्थ्ये । तर आज तिनीहरूलाई नै प्रजातन्त्रवादीहरू घोडा बनेर चढाइरहेका छन् । प्रजातन्त्र पक्षधर नेतालाई पाखा लगाई त्यस्ता व्यक्तिलाई काखी च्यापेको देख्दा मौजाको डिलमा बसेर टुलुटुल हेर्नुसिवाय अरू केही गर्न नसक्ने अवस्था निबन्धकारको देखिन्छ । यो बुद्धको देशमा अशान्ति र हिंसाजन्य कार्य गर्ने मुखियाहरू नै मौजा-मौजामा शान्तिरूपी बुद्धको सन्दभेश फैल्याउँदै हिडिरहेका छन् । यिनै कुराहरू प्रस्तुत निबन्धमा विषयवस्तुका रूपमा प्रयोग भएका छन् ।

यो निबन्धमा अशान्ति र हिंसा फैलाउने मुखियाहरू नै बस्ती-बस्तीमा बुद्धको सन्देश बोकेर हिंडेका छन् तिनै काण्डैकाण्डका मालिकहरूको हाली मुहालीप्रति तीव्र व्यङ्ग्य र आलोचना गर्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको पाइन्छ । यस्ता मुखियाहरू जो बुद्धको खोल आढेर मौजा मौजामा बुद्धको सन्देश बाँड्दै हिड्छन् तिनीहरूका विरूद्ध विद्रोह गर्न सके मात्र देशमा आमूल परिवर्तन हुन सक्छ भन्ने विचार निबन्धकारको देखिन्छ ।

निबन्धमा छोटा छोटा बाक्य एवम् सरल सप्रेष्य भाषाको प्रयोग भएको पाइन्छ । यसमा पनि व्यङ्ग्यत्मक शैली देखिन्छ । यस निबन्धमा नेपाली जनजीवनमा प्रयोग हुने उखान टुक्काको पनि मिठासपूर्ण प्रयोग भएको पाइन्छ । ती उखान टुक्काहरूले व्यङ्ग्यलाई कसिलो बनाउन थप सहयोग गरेको देखिन्छ । यो निबन्धमा सामाजिक राजनीतिक क्षेत्रमा हुने गरेको कुप्रवृत्ति र कुसंस्काप्रति

व्यङ्ग्य गरेको हुँदा यसमा प्रयुक्त व्यङ्ग्य सामाजिक, राजनीतिक खालको रहेको छ ।

**झ. पार्टीमाथि टेकेर कालापानी खोज्दा**

यो निबन्धमा राजनीतिक र राष्ट्रियतासम्बन्धी सवाललाई विषयवस्तु बनाइएको छ । यसमा कालापानीको विशेष खोजीनीति गर्ने कार्य भएको छ । आफ्नो देशको राष्ट्रिय स्वाभिमान र सम्पदामा अर्को देशको बलमिचाइ हेर्न नसकिने दृष्टिकोण निबन्धमा प्रस्तुत गरिएको छ । सोहीअनुरूप निबन्धकारले नेपालका माउँ पार्टी रूखदेखि सूर्य, तारा र हलोसम्म चाहारे पनि कालापानीका विषयमा यथार्थ बुझ्न खोज्दा वास्तविकता कतैबाट पनि थाहा पाउन नसकेको उल्लेख पाइन्छ । अन्तमा निबन्धकारले आफ्नै घैंटामा विवेकरूपी घाम लागेको बताउँदै कालापानी खोज्नु भनेको आफ्नो माटो खोज्नु हो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

यस निबन्धमा राष्ट्रिय भूमि अर्काको पंजामा पर्नुको कारण सबै पार्टीसँग शोधखोज गर्दा पनि मौनता साँधेर बस्नेहरूप्रति निबन्धकारको आलोचना र व्यङ्ग्य विद्रोह रहेको भेटिन्छ । देश सपार्न भनेर पठाएकाहरूबाट नै देशघाती कार्य हुनाले कुसंस्कृति र कुप्रवृत्तिको निर्माण हुन गएको छ । प्रस्तुत निबन्धमा आफ्नो भूमिको अधिकार देशवासीलाई नै हुनुपर्छ भन्ने उद्देश्य राखिएको । यस्ता कुरीति र कुसंस्कारको अन्त्य गरेपछि मात्रै राष्ट्रियताको संरक्षण हुने ठहर निबन्धकारको देखिन्छ । जनताले नै देशका लागि सोचे मात्र देशमा आमूल परिवर्तन र राष्ट्रियताको संरक्षण हुन सक्छ भन्ने धारणा निबन्धकारको देखिन्छ ।

यो निबन्धमा सरल, सम्प्रेष्य एवम् व्यङ्ग्यात्मक भाषाशैलीको प्रस्तुति भएको छ । यस निबन्ध लेखनको उद्देश्य विकृतिप्रति आलोचना गर्नु रहेको हुँदा यसको व्यङ्ग्य प्रविधि प्यारोडी खालको नै देखिन्छ । ठाउँ ठाउँमा प्रयोग भएका उखानहरूले निबन्ध रोचक एवम् घोचकरूपमा अगाडि बढेको पाइन्छ । यसमा

राजनीतिका नाममा देखापरेको विसङ्गति र विकृतिप्रतिको आलोचना धरिलो र पाइन्दार भाषाशैलीका माध्यमबाट गरिएको छ ।

### ञ. पजेरो रोग

पौडेलले निबन्धको विषयवस्तुका रूपमा सामाजिक र राजनीतिक विकृतिलाई नै छनौट गरेको देखिन्छ । यसमा निबन्धकार रोगले ग्रस्त भएर देशका जल्दाबल्दा डाक्टरकोमा गएको बुझिन्छ । उनीहरूले आफ्नो व्यथा सोधेर औंषधीको लामो लिस्ट दिएको तर त्यसले रोग निको नहुने देखेर ती औंषधी नखाएको भन्ने प्रसङ्ग यसमा आएको छ । पछि बुझ्दै जाँदा असनको बूढो बैद्यकहाँ गई सबै रोगको बेलीविस्तार लगाउँदा थाहा भयो निबन्धकारलाई पजेरो रोग लागेको रहेछ तर आफू मास्टरी छोडेर सांसद भई राष्ट्रघाती कार्य गरेर पजेरो नचढ्ने अठोट बैद्यसमक्ष निबन्धकारले गरेको पाइन्छ । यसरी सांसदहरूको पजेरोभोगी संस्कृतिको कठोर आलोचना गर्नु नै प्रस्तुत निबन्धको केन्द्रीय विषयवस्तु रहेको देखिन्छ ।

यस निबन्धमा सांसदहरूको पजेरो मोहप्रति तीव्र व्यङ्ग्य गर्नु नै मुख्य उद्देश्य रहेको देखिन्छ । यसमा सबैले आ-आफ्नो पेशा र सेवाप्रति इमान्दार भएमा मात्र आमूल परिवर्तन र समुन्नत संस्कृतिको निर्माण हुने दृष्टिकोण निबन्धकारको देखिन्छ । यस निबन्धमा व्यङ्ग्य-विद्रोहका माध्यमबाट विचारको अनुसरण गर्नु पर्ने सन्देश दिन खोजिएको छ ।

यस निबन्धमा पनि सरल, सम्प्रेष्य एवम् व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग भएको पाइन्छ । यसमा उखान एवम् नेवार जातिले बोल्ने ठेट नेपाली भाषाको प्रयोगले कौतुहलता र रोचकता थपेको छ । नेपालका डाक्टर एवम् सांसदहरूप्रति धारिलो र पाइन्दार भाषाशैलीका माध्यमबाट तीव्र व्यङ्ग्य प्रहार गरिएको छ ।

### ट. टपर्टुइयाँ आयोग

यो निबन्धमा पनि सामाजिक, राजनीतिक क्षेत्रमा हुने गरेका विकृतिहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । कुनै पनि समस्याको निदानका लागि बन्ने गरेका

आयोगप्रति यसको विषयवस्तु लक्षित रहेको देखिन्छ । जुनसुकै विरोधका कार्य गर्न धर्ना, जुलुस र अनसन बस्नु पर्ने अनि मन्त्रीको हातबाट जुस खाएर अनसन तोडिने कुसंस्कृतिप्रति तिखो व्यङ्ग्य गरिएको छ । सडकदेखि सदनसम्मका सानातिना घटनाहरूका लागि पनि आयोग गठन हुनु पर्ने तर नाममात्रको आयोगको औचित्य केही नहुने दृष्टान्तस्वरूप विषयवस्तुका विभिन्न पाटा यसमा आएका छन् ।

राजनीतिक क्षेत्रमा बन्ने आयोग अनावश्यक धर्ना, अनसन र विरोधका विरूद्ध व्यङ्ग्य प्रहार गर्नु नै यसको मुख्य लक्ष्य देखिन्छ । राजनीतिक क्षेत्रमा हुने गरेका यस्ता कार्यले पारिवारीक क्षेत्रलाई पनि गाँजी कुसंस्कृतिको निर्माण हुन गएको कुरा पनि यसमा पाइन्छ । यो निबन्धमा निबन्धकारको चिन्तन र धारणा पनि उन्नत प्रकृतिको देखिन्छ । यस्ता वितण्डा संस्कृतिको अन्त्य गरी देशमा सुसंस्कृतिको स्थापना गर्न जनता स्वयम्ले नै आमूल परिवर्तनको बाटोतिर लाग्नु पर्ने देखिन्छ ।

यस निबन्धमा सरल वाक्य, संप्रेष्य भाषा एवम् झर्रा नेपाली शब्दहरूको प्रयोग राम्रोसँग भएको देखिन्छ । निबन्धमा सांसद, व्यापारी, विद्यार्थी आयोग आदिप्रति गरिएको आलोचना र व्यङ्ग्यलाई हेर्दा धारिलो भाषाशैलीको प्रयोग पाइन्छ । सामाजिक र राजनीतिक क्षेत्रमा गरिएको व्यङ्ग्यलाई नियल्दा प्यारोडीलाई व्यङ्ग्य प्रविधि बनाइएको पाइन्छ ।

### ठ. मै ने पजेरो सर्खारको लौटा दिया

यस निबन्धमा पनि राजनीतिक क्षेत्रअन्तर्गत सांसदहरू पजेरोभोगी संस्कृतिलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । हिजोसम्म साधारण जनताको हैसियातकाहरू जनताले चुनाबमा जिताएर पठाएपछि जनताको काम गर्नु त कता हो उल्टै पजेरोभोगी भएको देखिन्छ । जब सर्वत्र यो समाचार फैलिन्छ अनि नजिकिदै गरेको चुनावमा हार्ने ठहर एवम् आफू कम्निस्ट पार्टीको हुँ भन्ने देखाउन पजेरो सर्खारलाई बुझाएको भन्ने समाचारको हल्ला फिंजाएको देखिन्छ

तर यथार्थमा त्यसो नभएको र चुनावी कार्यक्रममासमेत पजेरोको प्रयोग भएका घटनाहरू यस निबन्धमा आएका छन् ।

यस निबन्धको मुख्य उद्देश्य पजेरोभोगी सांसदहरूप्रति व्यङग्य एवम् आलोचना गर्नु रहेको देखिन्छ । हिजोका त्यो हवीगतका सांसदहरू आज पजेरोभोगी हुँदा जनतासामु नराम्रो दृष्टिकोण र संस्कृतिको निर्माण भएको बुझिन्छ । देश र जनताको आमूल परिवर्तनको लागि सुविधाभोगी हुनु भन्दा मितव्ययी हुनु पर्ने धारणा निबन्धकारको देखिन्छ

यसमा सरल, सरस एवम् सम्प्रेष्य भाषाको प्रयोग देखिन्छ । यसका शैलीमा व्यङ्ग्यात्मकता नै पाइन्छ । यस निबन्धमा नेपाली उखानको धेरै प्रयोग भेटिन्छ । निबन्धको शीर्षक नै रोचक र कौतूहलपूर्ण देखिन्छ । सांसदहरूलाई गरिएको आलोचना र व्यङ्ग्यलाई सशक्त दृष्टान्तको रूपमा लिन सकिन्छ ।

**ङ. मिलिनियम डे**

यो निबन्धमा सामाजिक-सांस्कृतिक, प्रसङ्गलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । नेपाली समाजमा युवा पुस्तामा पाश्चात्य संस्कृतिप्रतिको मोह बढ्दै गएको पाइन्छ । त्यस्तै नेपाली नेताहरूले भारतीय नेताहरूलाई चाकडी गर्ने प्रवृत्ति पनि आयातीत संस्कृति नै बनिसकेको देखिन्छ । केटाकेटीदेखि वयस्कासम्म यो संस्कृतिले गाँजिसकेका विषय प्रसङ्ग निबन्धमा प्रस्तुत भएका छन् ।

निबन्धको मुख्य उद्देश्य भन्नु नै पाश्चात्य संस्कृति र विदेशी नेतालाई गरिने चाकडीप्रति आलोचना र व्यङ्ग्य प्रहार गर्नु रहेको छ । अर्काको संस्कृतिको नकल गर्नाले आफ्नो मौलिक संस्कृतिको पहिचान गुम्न गई विकृति र विसङ्गतिको निर्माण हुन जान्छ भन्ने धारणा निबन्धकारको पाइन्छ । यो निबन्धमा पनि प्रगतिवादी विचारले नै प्रश्रय पाएको देखिन्छ । विकृति र विसङ्गतिको अन्त्य गरी आमूल परिवर्तनको सन्देश यस निबन्धमा दिन खोजिएको छ ।

यो निबन्धमा भाषाशैलीगत जटिलता खासै पाइदैन । निबन्धमा अधिकांश ठाउँमा अंग्रेजी शब्दहरूको अर्थपूर्ण प्रयोग गरिएको भेटिन्छ । उखान टुक्काको प्रयोग र अंग्रेजी शब्दको प्रयोगले निबन्धमा मिठास र कौतुहतालाई बढाएको पाइन्छ । निबन्धमा मूलतः सामाजिक, राजनीतिक र सांस्कृतिक क्षेत्रका विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको हुँदा यसमा सामाजिक-सांस्कृतिक व्यङ्ग्य देख्न सकिन्छ । ठाउँठाउँमा प्रयोग भएको अंग्रेजी शब्दहरूले निबन्धको भाषा धारिलो र पाइन्दार बनाएको पाइन्छ ।

### ढ. न्यूरोडको निषेधयात्रा

**'न्यूरोडको निषेधयात्रा'** शीर्षक **फित्कौली** (१:२), २०६२ असोजमा प्रकाशित निबन्धमा पौडेलले राजनीतिलाई नै विषयवस्तु बनाएको देखिन्छ । देशमा युद्धविराम भई सकेको छ शान्ति स्थापना हुने आशामा आम जनताहरू विश्वस्त भएर बसेका छन् तर सरकारले आफै पनि निषेधि क्षेत्रको घोषण गरेको पाइन्छ । जसका कारण सोझासिधा जनताहरू आफ्नो कामका लागि निधेक भएर हिड्डुल गर्न पाएका छैन् । उनीहरू प्रहरी प्रशासनको चपेटामा परिरहेको कुराहरू विषयवस्तुका रूपमा आएका छन् ।

यो निबन्धको मुख्य उद्देश्य भने वर्तमान अवस्थाको राजनीति र सत्तासीनहरूद्धारा चलाइएका दमनकारी नीतिको भण्डाफोर गर्नु नै रहेको देखिन्छ । युद्धविराम भईसकेपछि सम्पूर्ण नेपाली जनता मानवअधिकारवादी एवम् विदेशी शक्तिहरूले समेत स्वागत्योग्य कार्य सम्झेर स्वागत् गरिरहेका छन् । तर सरकारले यसलाई शङ्काको घेराभित्र राखेर शङ्काको आँखाले हेरिरहेको पाइन्छ । यी र यस्तै कुराहरू नै मुलभूत रूपमा निबन्धको उद्देश्यका रूपमा आएका छन् ।

यस निबन्धमा छोटा छोटा वाक्यको प्रयोग, सरल, एवम् सम्प्रष्य भाषाको प्रयोग भएको छ । यसमा प्रयोग भएको वक्त अनुसारको भाषा प्रयोगले त झन निबन्धलाई रोचक बनाएको पाइन्छ । समग्र निबन्धको प्रकृतिलाई हेर्दा यसमा धारिलो एवम् पाइन्दार भाषाको प्रयोग भएको देखिन्छ । यसमा राजनीतिक क्षेत्रमा

देखिएको विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ । यस निबन्धलाई व्यङ्ग्य प्रविधिका दृष्टिले हेर्दा सामाजिक व्यङ्ग्यको प्रयोग भएको पाइन्छ ।

### ण. माउँमादी माने भालुको कम्पट

**'माउँमादी माने भालुको कम्पट'** शीर्षकको निवन्ध **नौलो विहानी** (९:७, २०६३) माघमा प्रकाशित निबन्धमा पौडेलले राजनीतिलाई सेरोफेरोमा राखेर निबन्धको विषयवस्तु बनाएको देखिन्छ । प्रजातन्त्रे शासनकालमा भ्रष्टाचारको आहालमा डुबुल्की मारेर मुलुकलाई खँगार्नेहरू नै रातारात लोकतन्त्रवादी बनेर माओवादीको लेथ्नो काट्ने गर्छन् । देशी विदेशी शक्ति देखि लिएर आम सञ्चार माध्यम एवम् पत्रकार मित्रहरूले समेत अनेकका बखेडा लगाएर माओवादीलाई दोषारोपण गरेका प्रसङ्गहरू मूलभूत रूपमा विषय प्रसङ्गमा आएका छन् ।

यस निबन्धको मुख्य उद्देश्य भनेको हरेक कोणबाट माओवादीविरूद्ध गलत प्रसार गरी जनसमक्ष नकारात्मक रूपमा प्रस्तुत गराउनु रहेको देखिन्छ । देशविदेश एवम् जनतासामु भ्रामक रूपमा समचार संप्रेषण गरी नकारात्मक सूचना प्रवाह गर्ने पत्रकार एवम् त्यस्ता कुराहरूलाई प्रोत्साहन दिने शासकवर्गप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । पौडेलले यस निबन्धमा पनि प्रगतिवादी चिन्तनलाई आत्मासात् गरेको देखिन्छ । प्रगतिवादी चिन्तनले मात्र देशलाई यथास्थितिको पञ्जाबाट फुत्काई अग्रगामी दिशातर्फ लान सकिने उद्देश्य निबन्धमा राखिएको पाइन्छ ।

प्रस्तुत निबन्धमा सरल, सरस एवम् सम्प्रेष्य भाषाशैलीको प्रयोग भएको पाइन्छ । निबन्धमा शासक एवम् पत्रकारहरूलाई घुमाउरो पाराले व्यङ्ग्य गरिएको छ । त्यसैले यसमा राजनीतिक, सामाजिक व्यङ्ग्य नै प्रवल रूपमा रहेको छ । निबन्धमा प्रयोग भएको भाषा व्यङ्ग्य प्रयोगका दृष्टिले धारिलो र वजनदार नै रहेको देखिन्छ ।

## ४.३ गोपीन्द्र पौडेलका समालोचनात्मक कृतिहरूको अध्ययन

गोपीन्द्र पौडेलका समालोचनात्मक, एवम् फुटकर समालोचनाहरूको कालक्रमिक विवरण र वर्गीकरण प्रस्तुत गरी तिनको क्रमशः अध्ययन गरिएको छ

| क.सं. | कृतिहरू | प्रकाशन वर्ष |
|---|---|---|
| १ | सौन्दर्यबोध समीक्षा विविध | २०५९ |
| २ | भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व | २०६५ |
| ३ | कथाको सौन्दर्यशास्त्र | २०६५ |

पौडलका विभिन्न मासिक, त्रैमासिक पत्रपत्रिकाहरूका प्रकाशित फुटकर समालोचनात्मक कृतिहरूको विवरण यसप्रकार रहेका छन् ।

| क.सं. | समालोचना शीर्षक | प्र.प.ना.व.अ. | मिति | स्थान |
|---|---|---|---|---|
| १ | प्रगतिवादी साहित्य चिन्तन र लेनिन | कलम २ : २ | २०५१ वैशाख | काठमाडौं |
| २ | कुन्जिनी काव्य एक दृष्टि अनेक | जमर्को ३ :१ | २०५६ वैशाख | ललितपुर |
| ३ | लोक साहित्य विधाको परिचय विशेषता, वर्गीकरण तथा विश्लेषण | जमर्को ४:१ | २०५७ वैशाख | ललितपुर |
| ४ | संस्कृति, सांस्कृतिक आन्दोलनको परम्परा र दिशा | सुमन अङ्क ३, पूर्णाङ्क ६, | २०५८ असोज | प्यूठान |
| ५ | विचार र विधागत मान्यताका पृष्ठभूमिका ‘आन्दोलन कविता’ | सौन्दर्यबोध र समिक्षा विविध | २०५९ आश्विन | काठमाडौं |
| ६ | वैशिष्ट्यगत सर्वेक्षणका सन्दर्भमा पारिजातको ‘वैसालु वर्तमान’ | ” | ” | ” |
| ७ | स्वर संरचनाका दृष्टिमा आहुतिको ‘तपस्वीका गीतहरू’ | ” | ” | ” |
| ८ | कवि केवलपुरे किसान र कविता सिर्जनाका स्वरहरू | ” | ” | ” |
| ९ | युद्ध प्र. मिश्र : कवितायात्रा, विश्लेषण र मूल्याङ्कन | ” | ” | ” |
| १० | हृदयचन्द्रसिंह प्रधानको कथाकारिताको विश्लेषण-मूल्याङ्कन | ” | ” | ” |
| ११ | समकालिन यथार्थ र कथालेखनका वैशिष्ट्य | ” | ” | ” |
| १२ | हरिहर खनालका कथामा यथार्थको प्रतिविम्वन | ” | ” | ” |
| १३ | सन्दर्भ समकालीन कथालेखनको चर्चा वेदना (कथाविशेष) का कथाको | ” | ” | ” |
| १४ | रिमालको ‘मसान’ नाटकमा विद्रोहको स्वरूप | ” | ” | ” |
| १५ | व्यङ्ग्यको बाङ्गोपना र निर्जीवका बाङ्गा निबन्धहरू | ” | ” | ” |
| १६ | श्याम प्र. शर्मा : प्रलेसदेखि मुक्ति पुरस्कारसम्म | ” | ” | ” |

| | | | | |
|---|---|---|---|---|
| १७ | कथा रचनामा स्रष्टाको जीवनदृष्टि र विचार तत्त्वको भूमिका | सुमन ३:१३ | २०६० असोज | प्यूठान |
| १८ | कथामा पात्रको स्थान, चयन तथा वर्गीकरण | स्मृतिका क्षण | २०६० | ललितपुर |
| १९ | व्यङ्ग्याको बाङ्गोपन र बाङ्गिनुको तात्पर्य | फित्कौली १:५ | २०६२ माघ/फागु | काठमाडौँ |
| २० | पैँयु फूल्न थालेपछि | मधुपर्क ३९:५ | २०६३ असोज | काठमाडौँ |
| २१ | संस्कृति, जनसंस्कृति र सांस्कृतिक रूपान्तरण | राजतमहोत्सव स्मारिका | २०६३ कात्तिक | प्यूठान |
| २२ | आधुनिक नेक.मा चरण विभाजको समस्या र समाधान | रश्मि | २०६३ कात्तिक | काठमाडौँ |
| २३ | नेपाली लुघकथा परम्परा र समकालीन प्रवृत्ति | साहित्य सन्ध्या | २०६३ कात्तिक | काठमाडौँ |
| २४ | द्वन्द्वरत नेपाली समाज र समयका कथा | नौलो विहानी ९:४ | २०६३ कात्तिक | काठमाडौँ |
| २५ | संस्कृतिका विभिन्न आयम र यसको रूपान्तरणकारी भूमिका | चेतना १२:२ | २०६३ कात्तिक | काठमाडौँ |
| २६ | गाउँवादी माने भालुको कष्ट | नौलो विहानी ९:७ | २०६३ माघ | काठमाडौँ |
| २७ | पाँच कविका पाँच थुङ्गा फूल एक सांस्कृतिक विश्लेषण | कलम १५:१ | २०६३/०६४ चैत्र-भाद्र | काठमाडौँ |
| २८ | जनयुद्धका दश वर्ष र सांस्कृति रूपान्तरणमा त्यसको भूमिका | प्रतिबिम्वन १:१ | २०६३ असार | काठमाडौँ |
| २९ | स्रष्टा भेट | जलजला ६:३ | २०६४ असोज | काठमाडौँ |
| ३० | दाहालको कथाकारिता कथासाक्षका सन्दर्भमा | कृति र स्मृतिमा डा. बल्लभमणि दाहाल | २०६४ | काठमाडौँ |
| ३१ | सांस्कृतिक मूल्यबोध र शासकीय संस्कृति | प्रत्याक्रमण २ पृ. १५ | २०६४ साउन | काठमाडौ |
| ३२ | जनयुद्धकालीन नेपाली कथामा जनयुद्धको प्रतिबिम्बन | मधुपर्क | २०६४ फागुन | काठमाडौँ |
| ३३ | कृष्णसेन 'इच्छुक' व्यक्तिएक व्यक्तित्व अनेक | ४०:१० | २०६५ जेष्ठ | काठमाडौँ |
| ३४ | सञ्चार संस्कृति र संविधान सभा | संश्लेषण ११:१ | २०६५ जेष्ठ | काठमाडौँ |
| ३५ | शोकाञ्जली: बहिरङ्ग पर्यवेक्षण तथा अन्तरङ्ग विश्लेषण | इच्छुक स्मृतिग्रन्थ | २०६५ | काठमाडौँ |
| ३६ | इच्छुक सिर्जनचेत, सौन्दर्यचेत र उन्नत संस्कृतिका त्रिवेणी | नौलो विहानी | | काठमाडौँ |
| ३७ | नेपाली कवितापरम्परामा हास्यव्यङ्ग्य प्रयोगको रूपरेखा | भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व | २०६५ | काठमाडौ |
| ३८ | तिवारीको कवितामा हास्यव्यङ्ग्य निर्माण र उनको हास्यव्यङ्ग्यात्मक कवितायात्रा | ” | ” | ” |
| ३९ | तिवारीको हास्यव्यङ्ग्य कवित्वको मूल्याङ्कन तथा निष्कर्ष | ” | ” | ” |

### ४.३.१ सैद्धान्तिक समालोचनाको विश्लेषण

गोपीन्द्र पौडेलले सैद्धान्तिक समालोचनाअन्तर्गत कथाविषयक, हास्यव्यङ्ग्य विषयक र निबन्धविषयक सैद्धान्तिक समालोचनामा कलम चलाएका छन् । उपर्युल्लिखित समालोचनासम्बन्धी अध्ययन तलका उपशीर्षकअन्तर्गत गरिएको छ ।

#### ४.३.१.१ कथाविषयक सैद्धान्तिक समालोचना

गोपीन्द्र पौडेलको २०६५ सालमा प्रकाशित **'कथाको सैद्धान्तिकशास्त्र'** कथा सिद्धान्तबारेको अनुसन्धान एवम् खोजमूलक पुस्तकाकार कृतिको रूपमा रहेको छ । पौडेलले यसमा कथाको सैद्धान्तिक स्वरूपको निराकरणलाई नै विषय विश्लेषणको आधार बनाएका छन् । उक्त पुस्तकलाई पौडेलले पाँच परिच्छेदमा विभाजन गरी कथा बारेको विश्लेषण गरेका छन् । यसै क्रममा पहिलो परिच्छेदमा कथाको विधागत परिचय र संरचना, दोस्रोमा कथाको उद्भव र विषयस्रोत, तेस्रोमा कथाको रचना प्रक्रिया, चौथोमा कथारचनाको उद्देश्य प्रयोजन र पाँचौ परिच्छद्धेदमा उपसंहार र निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी पौडेलले नेपाली साहित्यका सन्दर्भ कथासिद्धान्तको औंचित्य एवम् उपयोगीतासमेत स्थापित गर्ने प्रयत्न गरेका छन् । पौडेलले कथाको सैद्धान्तिक स्वरूपको विश्लेषणको क्रममा विभिन्न शीर्षक एवम् उपशीर्षक विभाजन गरेका छन् । उपर्युक्त शीर्षक उपशीर्षकमा रहेका मूलभूत कुराको अध्ययन क्रमशः यहाँ गरिएको छ ।

पौडेलले यस कृतिको पहिलो परिच्छेदमा मूल शीर्षक **कथाको विधागत परिचाय र संरचना** राखेका छन् । त्यसैगरी आरम्भ, कथाको प्राचीनता, कथाः आख्यानको स्वरूप र वैचारिक आधार, कथाको संरचनात्मक ढाँचाः कथाका उपकरण अनि यसअन्तर्गत पनि कथानक/कथावस्तु, पात्र/परित्र, विचारतत्त्व/सारवस्तु, दृष्टिविन्दु भाषा एवम् अन्य संरचक घटकहरू जस्ता विभिन्न शीर्षक दिएका छन् ।

पौडेलले कथा सर्वप्राचीन एवम् लोकप्रिय आख्यानात्मक विधा भएको बताएका छन् । यसको विधागत परिचयका सन्दर्भमा यसको प्राचीनताका साथै आख्यान-साहित्यको एक भेदका रूपमा कथाको परिचय स्थापित गरेका छन् । कथा रचना गर्ने कार्य सामान्य नभएर कलात्मक एवम् वैचारिक कार्य सम्पन्न गर्नु भएको उल्लेख गर्दै कथाको स्वरूप र वैचारिक आधारको निरूपण गरिएको छ । यस सन्दर्भमा प्रगतिवाद वा मार्क्सवादी मान्यताको अनुसरण यहाँ गरिएको छ । कथाको स्वरूप र संरचनासम्बन्धी परम्परागत धारणाको उपयोग गर्दै नवीन मूल्य र मान्यताको आधारमा व्याख्या एवम् विश्लेषण यहाँ गरिएको छ ।

पौडेलले कथालाई साहित्यका विभिन्न विधामध्ये सबैभन्दा प्राचीन विधा भएकोले यसको प्राचीनता मानवजातिको इतिहाससँग गाँसिएको बताएका छन् । कथाको आरम्भ मानवजातिले एक आपसमा भाषाको सम्प्रेषण गर्न थालेदेखि नै भएको हो भन्ने उनको ठहर छ । त्यसैले कथा मानवजातिले आर्जन गरेको भाषाजतिकै पुरानो रहेको कुरा पनि पौडेलले बताएका छन् । मानवजातिमा आउने आदिदेखि अन्त्यसम्मका घुम्ती र मोडहरू एवम् जय र पराजय जस्ता समस्त घटनाहरू पनि कथा नै हुन् भन्ने तर्क पनि पौडेलको रहेको छ । मानवजातिले सम्पन्न गरेका समस्त क्रियाकलापलाई पृथक गरेर कथाको प्राचीनता र परम्पराको साम्यक् अध्ययन हुन नसक्ने पौडेलको धारणा छ ।

पौडेलले कथा गद्य शैलमिा लेखिने र सुन्नेसुनाइने सर्वाधिक लोकप्रिय विधा भएको उल्लेख गर्दै पूर्वमा रामायण र महाभारत एवम् पश्चिममा ग्रीसेली पूराकथा र प्राचीन महाकाव्यहरू आख्यान उपाख्यानका स्रोत एवम् कथाका भण्डार हुने भन्ने विचार पौडेलको रहेको छ । उनले मानवसभ्यताको विकाससगै स्वतन्त्र साहित्यिक विधाका रूपमा आधुनिक कथाको जन्म १९ औं शताब्दीमा भएको बताएका छन् । कथा लेखनको प्रचलन पूर्व र पश्चिम दुवै तिर रहेको उल्लेख गर्दै पूर्वमा प्रचलित कथाले आदर्श र पश्चिममा प्रचलित सर्ट स्टोरीले यथार्थको पक्षपोषण गरेको पाइन्छ भन्ने धारणा पौडेलको देखिन्छ । आधुनिक कथालाई परिभाषित गर्ने क्रममा पूर्वीय भन्दा पाश्चात्य विचार चिन्तनले नै महत्त्व पाएको

एवम् पश्चिमी सन्दर्भमा नै यसको अर्थ खुल्न गएको हुँदा यथार्थवादी लेखनले नै आधुनिकताको तात्पर्यबोध खुल्न गएको हुँदा यथार्थवादी लेखनले नै आधुनिकताको तात्पर्यबोध र मूल्यबोध स्थापित हुन गएको कुरा पौडेलले बताएका छन् । यसरी नै पूर्वीय तथा पाश्चात्य पूराकथाको अति प्राचीन परम्परा रहेको पाइन्छ तापनि आधुनिक समीक्षाशास्त्रअनुसार यसको जुन रूपलाई विधागत स्वीकृति प्रदान गरिएको छ, त्यो १९ औं शताब्दीको पाश्चात्य जगत्कै देन हो । (श्रेष्ठ, २०५७ : ६) भन्ने दयाराम श्रेष्ठको धारणाले पनि यसको पुष्टि हुन जान्छ ।

पौडेलले **'कथा आख्यानको एक भेद'** भन्ने अर्को उपशीर्षकअन्तर्गत पूर्व र पश्चिममा कथा र उपन्यासलाई बुझाउने 'आख्यान' र "फिक्सन" शब्दको प्रचलन रहेको बताएका छन् । यसरी हेर्दा यी दुवै विधा केही समान गुण र धर्मका आधारमा समान लागे पनि तात्त्विक रूपमा फरक रहेका छन् भन्ने धारणा पौडेलको देखिन्छ । त्यसैले उपन्यास र कथालाई 'आख्यान' वा "फिक्सन" का दुई भेद भनेर छुट्टयाउने, अध्ययन-अनुशीलन गर्ने र गर्न सकिने परम्परा विद्यमान रहेको उनी बताउँछन् । कथा र उपन्यास दुवै बिधामा अनिवार्य संरचक घटक र अन्य सहायक घटक समान हुनुका साथै तिनीहरूका विषयस्रोत पनि समान खालका हुने गरेको परिप्रेंक्ष्यमा कतिपय विषय-प्रसङ्गले कथा र उपन्यासका बीचमा निकटता पाइने तर पनि उपन्यासलाई छोट्याएर कथा र कथालाई लम्ब्याएर उपन्यास बनाउन नसकिने धारणा पौडेलको छ । अतः पौडेलले उपन्यास र कथामा पारिवारिक नाता पाइए पनि दुवैको स्वतन्त्र अस्तित्त्व रहेको छ भन्ने स्पष्टोक्ति दिएका छन् ।

पौडेलले कथाको विधागत स्वरूप सङ्क्षिप्त आयाममा आबद्ध तर पूर्ण एवम् कलात्मक सिर्जना हो भनेका छन् । पौडेलले कथामा विधागत मूल्यसँग सघन विचार हुनु आवश्यक छ भन्दै यसमार्फत सघन विचार, सघन संरचना तथा सघन पाठकीय प्रभाव सम्प्रेंषण हुनु पर्ने दृष्टान्त प्रस्तुत गरेका छन् । त्यस्तै कथाको महत्त्वपूर्ण पक्ष भनेको 'कथा' नै हो । यसलाई मापन गर्ने महत्त्वपूर्ण र पहिलो

आधार भनेको पनि 'कथा' नै हो । त्यसैकारण कथामा यस्ता कुरा भएन भने नाम मात्रको हुने र पाठकसामु बाँच्न पनि नसक्ने धारणा पौडेलको छ ।

पौडेलले कथासिद्धान्तको वैचारिक अवधारणाको निरूपण गर्ने मूल आधार मार्क्सवाद वा प्रगतिवाद नै हुने कुरा बताएका छन् । त्यस्तै मार्क्सवादी मूल्य मान्यताको आधारमा नै यसको व्याख्या र अनुशीलन गर्न सकिने धारणा उनको पाइन्छ । कथाको संरचनात्मक व्यवस्थाभित्र विचारतत्त्वको महत्त्वपूर्ण भूमिका हुने कुरालाई रूपवादीहरूले स्वीकार्दैनन् भने मार्क्सवादीहरू स्वीकार्दछन् भन्ने ठहर पौडेलको पाइन्छ । त्यसैले प्रगतिवादलाई कथाको सैद्धान्तिक अध्ययनको आधार बनाएको कुरा पौडेलले स्पष्ट पारेका छन् ।

पौडेलले अर्को उपशीर्षकअन्तर्गत **'कथाको संरचनात्मक ढाँचा : कथाका उपकरण'**को बारेमा चर्चा गर्ने क्रममा कथा स्वतन्त्र साहित्यिक विधाको रूपमा रहेको बताएका छन् । पौडलले कथाको संरचनात्मक ढाँचाका साथै उपकरणका बारेमा विभिन्न विद्वान्हरूले दिएको धारणालाई दृष्टान्तका रूपमा प्रस्तुत गर्दै यिनै दृष्टान्त र निचोडका आधारमा कथाका उपकरणहरूको पनि चर्चा गरेका छन् । कथा र उपन्यास गद्याख्यानका दुई विधा हुँदाहुँदै पनि संरचनात्मक रूपमा भिन्नता पाइने हुँदा कथा संरचनात्मक दृष्टिले लघु आयामिक विधा भए पनि यसमा जीवनको सार्थक प्रस्तुति हुने कुरा पौडेलले बताएका छन् । कथा विचारशून्य संरचना नभएर निश्चित विचारको सम्प्रेषण गर्ने विधाको रूपमा रहेको उनले जनाएका छन् । पौडेलले कथाका संरचक घटक भनेका उपकरण हुन् भन्दै ती उपकरणहरू यति नै छन् भनेर किटानी गर्नु सजिलो नभएकाले कथाकारले कथारचना गर्दा सबै उपकरणको प्रयोग नगरी आवश्यकता अनुसार गर्दछ भन्ने उनको धारणा देखिन्छ । त्यसकारण कथाको उपकरणको मुख्य कार्य भनेको संरचनागत बुनोट र बनोट हो भन्ने ठहर पौडेलको छ ।

नेपाली साहित्यमा कथाका उपकरणहरूका सम्बन्धमा विभिन्न विद्वान्हरूले केही फरक धारण राखे पनि समग्रमा उस्तै तात्पर्य प्रस्तुत हुने गरेको परिप्रेक्ष्यमा,

यिनै विद्वान्हरूको धारणालाई मध्यजनर राख्दै र आफ्नो धारणासमेत उपकरणका सम्बन्धमा पौडेलले प्रस्तुत गरेका छन् । पौडेलले कथाका उपकरणलाई प्रमुख र अन्य गरी दुई भागमा बाँडेर प्रस्तुत गर्नु औंचित्यमूलक र सरल हुने उल्लेख गरेका छन् । उनका अनुसार प्रमुख उपकरणअन्तर्गत कथानक, चरित्र, विचार, दृष्टिविन्दु, भाषा देखिन्छन् भन्ने अन्य घटकअन्तर्गत संवाद, सारवस्तु, उद्देश्य, प्रतीक, परिवेश, रूपविन्यास, बिम्ब, गति, लय, द्वन्द्व, घटना आदिलाई राखेका छन् । पौडेलले सबै संरचक घटक वा उपकरणको कथामा समान प्रयोग भने पाउन नसकिने धारणा दिएका छन् ।

गोपीन्द्र पौडेलले कथाको सौन्दर्यशास्त्र नामक कृतिको दोस्रो परिच्छेदमा कथाको उद्भव र **कथारचनाको विषयस्रोत**लाई मुख्य शीर्षकको रूपमा राखेका छन् । यसमा उनले आवश्यकताअनुसार अन्य उपशीर्षकहरूको पनि समावेश गरी विश्लेषण गरेका छन् । पौडेलले कथाको उद्भव प्रक्रियाको चर्चा गर्ने क्रममा कथाको जन्म यति बेलादेखि भयो भनेर किटान गर्न नसकिए पनि मानवजातिको उत्पत्तिसँगै भएको हो भन्ने अनुमान लगाउन सकिने धारणा राखेका छन् । मानिस जिज्ञासु र सर्जक भएका कारण आफू नजिकका घटना र आफ्ना अनुभूतिलाई शृङ्खलित रूपमा सुनाउने र सुन्ने प्रक्रियाबाटै कथाको जन्म भएको हो भन्ने भनाइ पौडेलको देखिन्छ । त्यसैले कथा प्राचीनतम् विधा हो भन्नेमा दुई मत देखिन्न भन्ने ठहर पौडेलको छ । त्यसैगरी मार्क्सवादका दृष्टिमा कथाको उद्भव प्रक्रियाको मूल स्रोत भनेको मानवश्रम हो भन्ने धारणा पौडेलले राखेका छन् । कलासाहित्य समाजकै उपज हुने हुनाले यसलाई समाजकै लागि प्रयोग गरिने तथा कथावाचक पात्र र स्रोता पनि समाजमै हुने हुनाले समाजसँग यसको सम्बन्ध अविच्छिन्न रहेको हुन्छ भन्ने विचार पौडेलको देखिन्छ ।

पौडेलले कथारचनाको विषयस्रोतका बारेमा पनि सम्यक् चर्चा गरेका छन् । उनले कथासिर्जना मानवद्वारा मानवकै लागि हुने र मान्छे -मान्छे मिलेर बनेको मानवसमाजकै कथा भन्ने उनको धारणा छ । यसको विषयस्रोत पनि मानव समाज हुन स्वभाविक भन्ने उनको धारणा छ । एउटा कथास्रष्टाले आफ्नो जीवनमा

आइपर्ने विभिन्न उत्तारचढाव र अनुभूमतिलाई सिर्जनामा ढाल्दछ भन्ने भनाइ पौडेलको छ । कथारचनाको विषयस्रोत देवीदेवता, पशुपक्षी, धर्म, नीति, मानवश्रम, वर्गसङ्घर्ष र रूपान्तरणका विभिन्न प्रक्रिया हुन् सक्ने ठहर पौडेललको छ । त्यसैक्रमा कथारचनाको विषयस्रोतका दृष्टिले श्रमप्रक्रिया, आर्थिक-सामाजिक संरचना, निरन्तर वर्गसङ्घर्ष र रूपान्तरण एवम् अन्य संवेदनात्मक पक्षहरू पनि सक्ने धारणा पौडेलले प्रस्तुत गरेका छन् ।

पौडेलले यस कृतिको तेस्रो परिच्छेदअन्तर्गत **कथाको रचनाप्रक्रियालाई** मूल शीर्षक बनाएका छन् । पौडेलले कथारचनाप्रक्रियाको आरम्भमा रचनाप्रक्रियाको तात्पर्य कथारचना गर्ने परीपाटी, विधि र पद्दति हो भनेका छन् । कथा रचना गर्दा कथास्रष्टामा स्पष्ट दृष्टिकोण हुनुपर्ने तर स्पष्ट दृष्टिकोणको अभावमा कथा समाजसापेक्ष, वर्गसंपेक्ष तथा यथार्थसापेक्ष हुन सक्दैन भन्ने धारणा पौडेलको देखिन्छ । कथामार्फत कथाकारले के-कस्तो विचार प्रस्तुत गर्दछ भन्ने कुरा उसले अङ्गीकार गरेको जीवनदृष्टि र जीवनबोधमा भर पर्ने पौडेल बताउँछन् । कथामा यथार्थको छनौट गर्ने वा प्रारूप तयार पार्ने पद्धतिलाई पनि पौडेलले महत्त्वपूर्ण पक्षका रूपमा लिएका छन् । यसैगरी अन्तर्वस्तु र रूपको व्यवस्थित विन्यासविना कथा रचनासम्बन्धी सौन्दर्यात्मक मूल्यको निरूपण हुन सक्दैन भन्दै कथा रचनाप्रक्रियाको सन्दर्भमा प्रतिनिधि विषयवस्तु, प्रतिनिधि पात्र र प्रतिनिधि परिवेशको चयनसम्बन्धी विधि र पद्दति पनि महत्त्वपूर्ण मानिन्छ भन्ने पौडेलको ठहर छ ।

पौडेलले कथास्रष्टाको जीवनदृष्टि र सौन्दर्यबोध उपशीर्षकअन्तर्गत कथाको रचना प्रक्रियासँग कथास्रष्टा अनिवार्य रूपमा गाँसिएको हुन्छ भनेका छन् । कथास्रष्टाले जीवनजगत्सम्बन्धी विविध कुराहरू बाट नै उसले सौन्दर्यानुभूति प्राप्त गर्ने हुनाले उसले प्राप्त गर्ने जीवनदृष्टि र सौन्दर्यबोधका आधारमा कथा रचना गर्ने पौडेलले उल्लेख गरेका छन् । यसरी हेर्दा कथास्रष्टाले अबलम्बन गर्ने जीवन दृष्टिका सन्दर्भमा दार्शनिक एवम् वैचारिक दृष्टिकोण पहिलो आवश्यकता हुन्छ भन्ने उनको धारणा रहेको छ । त्यसैले जीवनजगत्लाई बुझ्ने र बदल्ने दर्शन

भनेकै मार्क्सवादी दर्शन हो, ऐतिहासिक एवम् भौतिकवादी दर्शन हो भन्ने दृष्टान्त पौडेलले प्रस्तुत गरेका छन् । वस्तुतः पौडेलका विचारमा यही दर्शन र क्रान्तिकारी विचारलाई आत्मसात् गर्नु एउटा प्रगतिवादी कथास्रष्टाका लागि अनिवार्य आवश्यकता हो भन्ने निष्कर्ष पौडेलको पाइन्छ ।

पौडेलले **'यथार्थको प्रारूपीकरणः उदात्तीकरण र विद्रूपीकण'** उपशीर्षकमा मानवीय समाज तथा समग्र जीवनजगत्को गतिशील चरित्र नै यथार्थ हो भनेका छन् उनका विचारमा यथार्थको प्रारूपीकरण गनु भनेको कथा रचनाको मूलद्वरमा प्रवेश गर्नु हो । यसको सम्बन्ध कथाका संरचक घटकसँग हुन्छ भन्ने पौडेलले उल्लेख गरेका छन् । यथार्थवादी प्रक्रियालाई अबलम्बन गर्न नसक्दा यथार्थको भ्रष्टीकरण हुन जान्छ अनि वर्गसङ्घर्षद्वारा स्थापित उदात्तलाई आत्मासात् गर्न नसक्दा यथार्थको विद्रूपीकरण हुन जाने ठहर पौडेलको छ । मार्क्सवादी दृष्टिकोणअनुरूप ठम्याएको यथार्थ नै साँचो अर्थमा यथार्थ हुनाले यथार्थसम्बन्धी वस्तुवादी बुझाइले मात्र कलाकृतिमा यथार्थको प्रतिबिम्बिन हुन सक्छ भन्ने मार्क्सवादी धारणालाई पौडेलले आत्मसात् गरेको देखिन्छ ।

पौडेलले **'अन्तर्वस्तु र रूपको द्वन्द्वात्मकता'** उपशीर्षकअन्तर्गत कलासाहित्यमा मात्र होइन जीवनजगत्का जुनसुकै वस्तुमा अन्तर्वस्तु र रूपको अस्तित्त्व सधैं रहिरहने बताउँछन् । कुनै पनि वस्तु निर्माण प्रक्रियामा यी दुई अनिवार्य एवम् अविभाज्य तत्त्व हुनाले विशुद्ध रूपमा एकविना अर्कोको अस्तित्त्व हुँदेन भन्ने पौडेलको ठहर छ । कथामा अन्तर्वस्तु र रूपका बीचको सम्बन्ध तथा समायोजनले नै कथालाई प्रभावकारी बनाउँछ भन्ने दृष्टिकोण पौडेलको छ ।

त्यसैगरी **'यथार्थको नयाँ प्रतिमान समकालीन नेपाली सन्दर्भ'** उपशीर्षकमार्फत पौडेलले पुरानोअन्त्य नभई नयाँको सिर्जना हुन संभव छैन भन्ने दृष्टिकोण अगाडि सारेका छन् । ध्वंश र निर्माणको प्रक्रियाअनुरूप नै यसको प्रतिस्थापन हुन्छ भन्ने ठम्याइ पौडेलको छ । वर्गसङ्घर्षको प्रक्रियामा पुरानोको अन्त्य र नयाँको उदय हुने वस्तुगत नियमअनुरूप नै यथार्थसम्बन्धी नयाँ प्रतिमान

कायम भएको हो भन्ने दृष्टिकोण उनको रहेको छ । यसका साथै राजनीतिक-सामाजिक जीवनमा आएको परिवर्तनले यथार्थसम्बन्धी नयाँ मूल्य र प्रतिमान स्थापित भएका छन् भन्ने पौडेलको धारणा देखिन्छ । विगतको वर्गीय द्वन्द्वले सिर्जना गरेको यथार्थ नै नेपाली समाजको प्रतिनिधि यथार्थ हो र यही नै नयाँ यथार्थ पनि हो भन्ने निष्कर्ष पौडेलको छ । नेपाली परिदृष्यलाई हेर्दा यथार्थको नयाँ प्रतिमानबाट नेपाली कथाले नयाँ सौन्दर्यमूल्य र बल प्राप्त गरेको छ । अतः नयाँ यथार्थलाई ठम्याउने कुराले कथा रचनामा महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने ठहर पौडेलको देखिन्छ ।

पौडेलले **'प्रतिनिधि विषयवस्तु, पात्र र परिवेशको चयन'** उपशीर्षकअन्तर्गत कथाको रचना प्रक्रियाका सन्दर्भमा विषयवस्तु, पात्र र परिवेशको चयन पनि महत्त्वपूर्ण हुने कुरा बताएका छन् । पौडेलले विषयवस्तु, पात्र र परिवेशको सन्तुलित चयन नहुँदा कथा अपेक्षाकृत सफल नबन्ने धारणा राखेका छन् । पौडेलले प्रतिनिधि विषय वस्तुको तात्पर्य प्रभावपूर्ण विषयवस्तु, तत्कालीन सामाजिक-जीवनमा विद्यमान घटना प्रक्रिया र वस्तु वा अनुभूतिमध्ये प्रतिनिधि वस्तुको चयन कथाकारले गर्दछ भन्ने धारणा प्रस्तुत गरेका छन् । एउटा कथाकारले चौतर्फी अनुकूल राख्ने खालको विषयवस्तुको चयन गर्नु पर्ने अनि मात्र कथा सफल हुने धारणा व्यक्त गरेका छन् । कथामा पात्रको भूमिका महत्त्वपूर्ण हुन्छ भन्दै कथास्रष्टाले समग्र वर्ग, क्षेत्र र घटना विशेषको प्रतिनिधित्व गर्ने पात्रको चयन गर्न उपयुक्त हुने कुरा पौडेलले व्यक्त गरेका छन् । त्यस्तै पौडेलले एउटा कथाकारले चयन गरेको विषयवस्तु तथा पात्रअनुरूप परिवेशको चयन हुनु पर्छ भन्ने दृष्टिकोण राखेका छन् । कथामा पात्र, घटना, क्रियाव्यापार तथा द्वन्द्वअनुरूप परिवेशको चित्रण भए मात्र कथामार्फत सुन्दर विचारको सम्प्रेषण हुन सक्छ भन्ने पौडेलको ठहर छ ।

पौडेलले यस कृतिको चौथो परिच्छेदमा **'कथारचनाको उद्देश्य/प्रयोजन'** भन्ने मूल शीर्षक दिएका छन् भने अन्य उपशीर्षकमार्फत पनि यस कुरालाई प्रष्ट पार्ने प्रयास यहाँ भएको छ । त्यसको क्रमबद्ध चर्चा तल प्रस्तुत गरिएको छ ।

पौडेलले आरम्भ उपशीर्षकअन्तर्गत कलासाहित्यको मुख्य उद्देश्य भनेकै सिङ्गो मानव समाजालाई नै रूपान्तरण गर्दै अग्रगमन र संमृद्धितिर उन्मुख गराउनु हुनाले यसै आधारमा उद्देश्यको निर्धारण गरिन्छ र गर्नु आवश्यक छ भन्ने उल्लेख गरेका छन् । त्यसैले कथा रचनाकारले कुनै एउटा उद्देश्य मात्र नभएर समग्रलाई कथाको उद्देश्य बनाउन सक्ने धारणा पौडेलको देखिन्छ । एउटा कथाकारले विनाउद्देश्य कथा सिर्जना गर्नु संभव छैन बरू उसले कुनै न कुनै उद्देश्य प्राप्तिको लागि सिर्जना गरिरहेको हुन्छ भन्ने विचार पौडेलको पाइन्छ । सबै कथाकारले एकै प्रकारका कथा नलेखी उसले आफ्नो रूचि, दृष्टिकोण र चिन्तन परम्पराअनुरूपको फरक फरक खालका कथा लेख्ने गर्दछ भन्ने ठहर पौडेलको देखिन्छ ।

पौडेलले **'व्यापक समाजपर्यवेक्षण'** उपशीर्षकमा साहित्यका सबै विधामा समाजपर्यवेक्षण हुन्छ र सबैजसो विधाको मुख्य उद्देश्य पनि पनि यही नै रहेको दृष्टिकोण प्रस्तुत गरेका छन् । समाजको वास्तविक चित्र प्रस्तुत गर्ने सन्दर्भमा कथामा खास खास वैशिष्ट्य विद्यमान हुनाले कथामा समाजको व्यापक पर्यवेक्षण गर्नु यसको मुख्य उद्देश्य हुन्छ भन्ने धारणा पौडेलको देखिन्छ । मानवीय समाज भनेको समग्र सौन्दर्यात्मक चेतनाको स्रोत हो, त्यसैले समाजबाट प्राप्त सौन्दर्यानुभूमिलाई व्यवस्थित र शृङ्खलित बनाएर प्रस्तुत गर्नु कथा स्रष्टाको मुख्य उद्देश्य हुन जान्छ भन्ने विचार पौडेलको देखिन्छ । कथाकारमा समाजको भित्रीतहसम्म पुगेर यावत समस्याको चिरफार गर्ने सामर्थ्य रहेको हुनाले समाजबाट लिएर पुनः समाजमै फर्काउने सौन्दर्यात्मक निधि बन्न सक्ने परिप्रेक्ष्यमा पनि कथारचनाको प्रयोजन भन्नु समाजको प्रतिबिम्ब हो भन्ने कुरामा उनी सहमत देखिन्छन् । वस्तुतः समाज पर्यवेक्षणको तात्पर्य भनेको समाज विकासको गतिशील प्रक्रियालाई आत्मासात् गर्दै समृद्धितिर अगाडि बढ्नु हुनाले समाजलाई समृद्धितर्फ अभिमुख गराउने सौन्दर्यात्मक चेतनाले नै कथामार्फत हुने समाज पर्यवेक्षण सार्थक हुन सक्छ र समाज पर्यवेक्षणको प्रयोजन पनि सार्थक हुन सक्छ भन्ने निष्कर्ष पौडेलको देखिन्छ ।

यसै परिच्छेदको अर्को उपशीर्षक **'श्रमसौन्दर्यको प्रतिबिम्बन'** अन्तर्गत कुनै पनि वस्तु के कति सुन्दर छ भनेर ठम्याउने आधार भनेको वस्तुलाई हेर्ने दृष्टिकोण हुनाले त्यो पनि समाजसापेक्ष र वर्गसापेक्ष हुने गर्दछ भन्ने उनले बताएका छन् । कलासाहित्यको उद्भव पनि श्रमप्रक्रियाबाट भएको र यसको मूल स्रोत पनि श्रम नै भएको परिप्रेक्ष्यमा कथारचनाकारले श्रमसम्बन्धी समस्त क्रियाकलापलाई नै कथारचनाको उद्देश्य बनाउनु तथा श्रमसौन्दर्यको प्रतिबिम्बिनतर्फ अग्रसर हुनु स्वभाविक हो भन्ने दृष्टिकोण पौडेलको छ । वर्तमान अवस्थामा कथाको रचना गर्नु भनेको स्तुति गान र सस्तो मनोरञ्जन प्रदान गर्ने नभएर श्रमिक जीवनको यथार्थ धरातलमा उभिएर श्रमिकहरूको कथा लेख्ने समय हुनाले कथा श्रमजीवी वर्गको उत्थान र निर्माणका लागि हुनु पर्छ भन्ने मान्यता पौडेलको देखिन्छ । अतः यही मान्यता अनुरूप लेखिएका कथामा मात्र श्रमसौन्दर्यको प्रतिबिम्बन हुन्छ भन्ने पौडेलको स्पष्टोक्ति पाइन्छ ।

पौडेलले कथारचनाको उद्देश्य अन्तर्गत **'क्रान्तिकारी भविष्य दृष्टिको अभिव्यञ्जना'** उपशीर्षकमार्फत मार्क्सवादीहरू क्रान्तिकारी आशावादमा विश्वास एवम् भरोसा गर्दछन् भनेका छन् । पौडेलले मार्क्सवादी स्रष्टाहरू वर्तमानमा सीमित हुँदैनन् बरू अतीतदेखि वर्तमान हुँदै भविष्यसम्म अवलोकन गर्ने गर्दछन् भन्ने उल्लेख गरेका छन् । त्यसैले प्रगतिवादी मूल्यमान्यतालाई आत्मसात् गरेर लेखिने कथामा क्रान्तिकारी भविष्यदृष्टिको अभिव्यञ्जना भएको हुन्छ भन्ने मान्यता पौडेलको देखिन्छ । यदि कथास्रष्टा क्रान्तिकारी आदर्शबाट अभिप्रेरित छ भने उसले क्रान्तिकारी भविष्यदृष्टिको उद्बोधन गर्ने, उद्देश्य अनुरूप कथामार्फत सुदूरभविष्यसम्म दृष्टि पुऱ्याउन सक्ने गर्दछ नत्र यो कार्य पूरा नहुने धारणा पौडेलले व्यक्त गरेका छन् । अन्तमा पौडेलले एउटा कथा रचनाकारले कथा मात्र लेख्दैन बरू कथामा अतितदेखि भविष्यसम्मको सिङ्गो युग लेख्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । यसरी सिङ्गो मानवसमाज र जीवनजगत्लाई भविष्यप्राप्तिका लागि उत्प्रेरित गर्ने सन्दर्भमा कथामा भविष्यदृष्टिको अभिव्यञ्जना गर्नु कथा रचनाको प्रयोजन पनि हो भन्ने ठहर पौडेलको देखिन्छ ।

पौडेलले कथामा **'वर्ग सङ्घर्षको प्रतिबिम्बन'** सम्बन्धी चर्चा गर्ने क्रममा मानवजाति र सभ्यताको इतिहास भनेकै वर्गसङ्घर्ष हो भनेका छन् । साथै समाजमा वर्गको विभाजन भएदेखि नै वर्गसङ्घर्ष चलिरहेको छ जसको परिणाम सर्वहारा श्रमजीवी वर्ग निरन्तर उत्थानतिर र शासक एवम् पूँजीपति वर्ग पतनको दिशातिर उन्मुख हुँदै गएको धारणा उनले दिएका छन् । साहित्य पनि वर्गसङ्घर्षबाट टाढा रहनु संभव छैन भन्दै यथार्थवादी र प्रगतिवादी साहित्यकारले साहित्यका माध्यमबाट विरोध वा समर्थन गरेको पाइन्छ भने दृष्टिकोण पौडेलमा देखिन्छ ।

जब एउटा कथास्रष्टाले आत्मसङ्घर्ष गरी प्राप्त अनुभूतिलाई कथामा समावेश गर्दछ भने त्यो कथास्रष्टाले समाजमा विद्यमान अन्तर्विरोधलाई छिचोल्दै तिनलाई कथामा प्रतिबिम्बन गर्न समर्थ हुन्छ भन्ने पौडेलको ठहर छ । यसरी वर्गविभक्त समाजमा वर्गीय द्वन्द्व अपरिहार्य भएको परिप्रेक्ष्यमा त्यही वर्गीय द्वन्द्वको प्रतिबिम्बन नै कथा रचनाको मुख्य प्रयोजन देखिन आउँछ भन्ने भनाइ पौडेलको छ ।

यसैगरी अर्को उपशीर्षकमा **'नयाँ संस्कृति र सौन्दर्यमूल्यको उपस्थापन'** सम्बन्धी चर्चा गर्ने क्रममा वर्गसङ्घर्षको विकाससँगै नवीन सांस्कृतिक एवम् सौन्दर्यमूल्यको स्थापनाको प्रयास गरिएको हुन्छ, भन्ने दृष्टिकोण पौडेलको देखिन्छ । मार्क्सवादी मूल्यअनुरूप नै प्रगतिवादी रचनाकारहरूले कथा रचना गर्नुको मुख्य उद्देश्य पनि नवीन सौन्दर्यमूल्य तथा सांस्कृतिक चेतनाको स्थापना गर्नु नै देखिन्छ भन्ने भनाइ उनको छ । कथा विचार सम्प्रेषण गर्ने लोकप्रिय साहित्यिक विधा हुनाले कथाले समाजमा रहेको पुरातन विचारको तिखो अलोचना र उदात्त विचारको पक्षपोषण गर्दछ भन्ने उनको धारण छ । त्यसैगरी कथाले सौन्दर्यमूल्यको जगेर्ना गर्न मात्र नभई मानवीय समाजमा नवीन सौन्दर्य चेतनाको सम्प्रेषण गर्दै स्थापित उन्नत सौन्दर्य मूल्यको जगेर्ना पनि गर्दछ भन्ने ठहर पौडेलको देखिन्छ ।

पौडेलले यो कृतिको अन्तिममा एवम् छैठौ परिच्छेदमा उपसंहार एवम् निष्कर्ष प्रस्तुत गरेका छन् । **'कथाको सौन्दर्यशास्त्र'** नामक कृति कथाविधाको सैद्धान्तिक विषयलाई मात्र समेटेर लेखिएको छ । जम्मा पाँच परिच्छेदमा विभक्त यस कृतिअन्तर्गत पहिलो परिच्छेदमा कथाको विधागत परिचय, दोस्रोमा कथाको उद्भव र विषयस्रोत, तेस्रोमा कथाको रचना प्रक्रिया, चौथोमा कथारचनाको उद्देश्य, प्रयोजन र पाँचौमा तिनको उपसंहार र निष्कर्षको स्वरूप रहेका छन् । यसमा कथासम्बन्धी प्रगतिवादी मूल्यमान्यताको जस्ताको तस्तै अनुसरण नगरेर साहित्यसम्बन्धी प्रगतिवादी मूल्य र मान्यतालाई आधार बनाएर व्याख्या एवम् विश्लेषण गरिएको छ । कथाको प्राचीनता मानवजातिले आर्जन गरेको भाषासँग जोडिएको छ । त्यसैले मान्छेले भाषाको प्रयोग गर्न थालेदेखि कथा सुन्ने र सुनाउने परम्पराको थालनी भएको हो भन्ने धारणा पौडेको पाइन्छ । कथा मौखिक परम्परामा हुर्केर मौलाएको सर्वाधिक लोकप्रिय र पुरानो विधा मानिन्छ । यही परम्परा पूर्वमा वेद, उपनिषद हुँदै महाभारतसम्म र पश्चिममा ग्रिसेली पूरा कथा र प्राचीन महाकाव्य समृद्ध रहेको देखिन्छ । पूर्वमा गद्य आख्यान र पश्चिममा फिक्सनको परम्पराबाट यी दुई विधा पृथक हुन पुगेको परिप्रेक्ष्यमा कथालाई यी दुईको एक भेदको रूपमा पौडेलले स्वीकार गरेका छन् । कथाको संरचनात्मक ढाँचा वा स्वरूपको अध्ययन गर्दा स्थूलत : परम्परागत उपकरणलाई नै आधार बनाएर त्यसमा विभिन्न विद्वान्ले दिएको फरक धारणा प्रस्तुत गर्दै आफ्नो थप निष्कर्ष सहितको पुष्टि पौडेलबाट भएको छ ।

कथाको उद्भव र विषयस्रोतका रूपमा मानवश्रम, आर्थिक सामाजिक संरचना, वर्गसङ्घर्ष र रूपान्तरणका प्रक्रिया तथा अन्य संवेदानात्मक पक्षलाई मान्न सकिने धारणा यहाँ प्रस्तुत भएको छ । कथाको रचना प्रक्रियाका सन्दर्भमा यथार्थको प्रारूपीकरण, उदात्तीकरण र विद्रुतीकरण महत्त्वपूर्ण मान्न सकिन्छ । यथार्थको यचन गर्ने कुरा कथामा रचमनाकारले अवलम्बन गरेको जीवनदृष्टिमा भरपर्ने हुन्छ, भने यथार्थको गतिशील पक्षलाई आत्मसात् गरी कथारचना गर्नु प्रगतिवादी कथास्रष्टाको धर्म हुन जान्छ भन्ने पौडेलको धारणा देखिन्छ ।

कथारचनाकारमा रहेको दृष्टिकोणका कारण यथार्थको उदात्तीकण र विद्रुपीकरण गरिएका उदाहरण नेपाली कथा लेखनका सन्दर्भमा देख्न पाइन्छ । कथारचनाका सन्दर्भमा प्रतिनिधि विषयवस्तु, प्रतिनिधिपात्र र प्रतिनिधि परिवेशको चयन हुनु आवश्यक ठानिन्छ । कथारचनाको विषयस्रोत श्रमकार्य भएजस्तै यसको प्रयोजन पनि श्रमसौन्दर्यको प्रतिबिम्बन गर्नु नै रहेको हुन्छ । त्यसैले समाजको अन्तर्कुन्तरका प्रस्तुति कथामार्फत हुने गर्दछ । वर्गविभक्त समाजको वर्गीय संरचनाअनुरूप वर्गसङ्घर्षको निरन्तर चलिरहने प्रक्रिया हुनाले वर्गसङ्घर्ष प्रतिबिम्बन हुनु पनि कथाको प्रमुख उद्देश्य हुन आएको देखिन्छ । वर्गीय समाजमा वर्गसङ्घर्षको माध्यमबाट चलि रहने रूपान्तरणको प्रक्रिया र तत्पश्चात् स्थापित हुने नवीन सांस्कृतिक एवम् सौन्दर्यमूल्यको उपस्थापनलाई पनि कथारचनाको प्रयोजन मान्न सकिन्छ । यसरी एउटा कथारचनाकारले कथा मात्र लेख्ने उद्देश्य नराखी अतीतदेखि भविष्यसम्मको सिङ्गो युग लेख्ने उद्देश्य राख्छ र भविष्यलाई पनि पछ्याइरहन्छ भनिएको पाइन्छ ।

पौडेलले कथाको सौन्दर्यशास्त्र नामक कृतिको व्याख्या विश्लेषण र अनुसन्धान गरी सात वटा बुँदामा समेटेर यसको निष्कर्ष दिने प्रयन्त गरेको देखिन्छ । ती बुँदालाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

१. कथा सर्वप्राचीन, लोकप्रिय र लघु आख्यानात्मक स्वरूप एवम् संरचनाले युक्त साहित्यिक विधा हो ।

२. कथारचना गर्न भनेको वैचारिक एवम् कलात्मक कार्य पूरा गर्नु हुनाले यसमा सुन्दुर विचार र सुन्दर कथाशिल्पको सुन्दर सम्मिश्रण भएको पाइन्छ ।

३. कथामा उपकरणहरूको शृङ्खलाबद्ध, व्यवस्थित, सुसठित एवम् तर्कसङ्गत् विन्यास नै संरचनात्मक ढाँचा हो । कथामा अनिवार्य र ऐच्छिक संरचक घटकहरू हुने गर्दछन् ।

४. कथानक कथाको महत्त्वपूर्ण एवम् अनिवार्य संरचक घटक हुनुकासाथै कथामा विन्यस्त कथावस्तु, पात्र, घटना, कालक्रम र कार्यकरण सम्बन्धको अन्वितिपूर्ण व्यवस्था पनि महत्त्वपूर्ण हुन्छ ।

५. कथाको उद्भव समूहिक श्रमप्रक्रियाबाट भएको हुनाले यही श्रमप्रक्रियासँग गाँसिएका विभिन्न पक्षहरू कथारचनाका विषयस्रोत हुने गर्दछन् ।

६. कथाको रचनाप्रक्रियामा कथाकारमा बस्तुसम्त एवम् वैचारिक दृष्टिकोण हुनु आवश्यक ठानिन्छ । त्यसैगरी प्रतिनिधि विषयवस्तु, पात्र, परिवेश र प्रत्यङ्कनलाई पनि कथा रचनाप्रक्रियामा महत्त्वपूर्ण मानिन्छ ।

एउटा कथाकारले समाजका जुनसुकै पक्ष र विषयलाई कथालेखनको उद्देश्य बनाउन सक्ने भएता पनि समाजका सम्पूर्ण कुराहरूको प्रतिबिम्बन गर्ने उद्देश्य नै राखेको पाइन्छ ।

### ४.३.१.२ हास्यव्यङ्ग्य र निबन्ध विषयक सैद्धान्तिक समालोचना

पौडेलका समालोचनाहरू हास्यव्यङ्ग्य एवम् निबन्ध विषयमा पनि रहेका छन् । उनका हास्यव्यङ्ग्य र निबन्धका विषयमा आधारित सैद्धान्तिक समालोचनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन यहाँ सङ्क्षिपत रूपमा प्रस्तुत गरिएको छ ।

**'सुन्दर सौन्दर्यबोध र सौन्दर्यात्मक कार्य'** शीर्षकको समालोचना सौन्दर्यबोध र समीक्षा विविध (२०५९) नामक पुस्तकमा प्रकाशित भएको सैद्धान्तिक समालोचनाको रूपमा रहेको पाइन्छ । पौडेलले यसमा मानवलगायत सम्पूर्ण प्राणी तथा अन्य वस्तु, प्राकृतिका सुन्दुर सिर्जना हुन् भन्दै त्यसमा पनि मानवलाई सर्वश्रेष्ठ मानेका छन् । त्यसैले मानवजातिका क्रियाकलाप सुन्दर वा कुरूप हुनुमा उसले अवलम्बन गरेको जीवनदृष्टिमा भर पर्ने देखिन्छ । त्यसैकारण वर्गविहिन आदिम सम्यवादी युगदेखि वर्तमानको वर्गविभक्त पूँजीवादी युगसम्मको मान्छेको

यात्रामा सुन्दर सौन्दर्यमूल्य प्राप्त गर्न उसको तीव्र इन्छाशक्ति र संसारका यावत् वस्तुलाई हेर्ने दृष्टिकोण भनेको दार्शनिक दृष्टिकोण हो भन्दै पौडेलले दर्शनका दुई शाखा द्वन्द्वात्मक भौतिकवादी दर्शन र अध्यात्मवादी दर्शनमध्ये सुन्दर वा सौन्दर्य मूल्यलाई पारख गर्ने द्वन्द्वात्मक भौतिकवादी दर्शन नै हो भन्ने दृष्टान्त प्रस्तुत गरेका छन् । द्वन्द्वात्मक नियमअनुसार हुने परिवर्तनले सधैभरि पुरानो वस्तुलाई निशेष गरी नयाँ वस्तुको जन्म दिन्छ भने पुरानो तुलनामा नयाँ सुन्दर लाग्नु पनि स्भाविक छ भन्ने ठहर उनको रहेको छ । यहाँ मार्क्सवादी चिन्तन र विचारको प्रस्तुति भएको हुँदा मार्क्सवादले प्रत्येक वस्तुलाई उपयोगिताका आधारमा बुझ्ने, व्याख्या गर्ने र ग्रहण गर्ने गर्दछ भन्ने दृष्टिकोण पौडेलको रहेको छ । मानवसमाजलाई विकासको यो विन्दुसम्म ल्याउने मुख्य कारण भनेकै श्रमकार्य हुनाले त्यो सबभन्दा बढी सुन्दर हुनुमा दुई मत देखिन्न भन्ने विचार उनको पाइन्छ ।

पौडेलले दर्शनका क्षेत्रमा देखिएका आदर्शवादी मान्यताको खण्डन गरेर द्वन्द्वात्मक भौतिकवादीदर्शनको प्रतिपादनसँगै उन्नत सौन्दर्यचिन्तनका रूपमा मार्क्सवादी सौन्दर्य चिन्तनको आरम्भ सर्वप्रथम मार्क्स-एङ्गेल्सका सतत् प्रयासबाट नै भएको देखिन्छ भनेका छन् । यसै परिप्रेक्ष्यमा मार्क्सवादी कलासाहित्यले विगत र वर्तमानको मात्र उद्बोधन नगरी भविष्यसम्म चिनाउने हुँदा मार्क्सवादी सौन्दर्यशास्त्रीय दृष्टिकोणअनुरूप रचिएका साहित्यक कृति नै पौडेलले बढी सुन्दर हुने दृष्टिकोण प्रस्तुत गरेका छन् । पौडेलले कुनै वस्तुको सुन्दरता र सौन्दर्यमूल्यलाई आंकलन र मापन गर्ने कार्य स्रष्टाको सौन्दर्यात्मक क्षमता र रूचिमा नै भर पर्ने देखिन्छ भन्ने निर्क्योल प्रस्तुत गरेका छन् । नेपाली साहित्यका सन्दर्भमा पनि मार्क्सवादी चिन्तन र प्रगतिवादका नाउँमा यथास्थितिवादलाई नै पृष्ठपोषण गर्ने साहित्यकारहरू पनि रहेका छन् भन्ने उनको धारणा पाइन्छ ।

**'संस्मरण विधाको सैद्धान्तिक अवधारणा'** शीर्षकको (कलम १४:२) लेखमा निबन्धपछिको नवीन विधाको रूपमा संस्मरण विधा रहेको उल्लेख गरेका छन् । संस्मरण लेख्नु भनेको विगतको जीवन भोगाइको सपाट वर्णन नभएर कलात्मक

तथा सौन्दर्यात्मक सिर्जना हो र संस्मरण पनि अन्य साहित्यिक विधाजस्तै आवश्यकताको उपज हो भन्ने उनको धारणा रहेको पाइन्छ । पौडेलले संस्मरण गद्या साहित्यको नयाँ विधा भए पनि यसले आफ्नै प्रकृतिको विधागत संरचना र स्वरूप प्राप्त गरेको छ भन्ने तथ्य प्रस्तुत गरेका छन् । पौडेलले यसको परिभाषा र तात्पर्यलाई हेर्दा पनि यसको विधागत स्वरूप स्पष्ट हुन गएको छ भन्दै विषयवस्तु, भोगमुक्त जीवन, स्मृतितत्त्व, विचारतत्त्व, पात्र, आख्यानतत्त्व, कालक्रम, समयावधि, परिवेश नै संस्मरणका संरचक घटक हुन् भन्ने धारणा प्रस्तुत गरेका छन् । विषयको प्रस्तुति र प्रकृतिका आधारमा भन्नु पर्दा संस्मरण व्यक्तिकेन्द्री, यात्राकेन्द्री र घटनाकेन्द्री गरी तीन प्रकारका हुन्छन् भन्ने दृष्टिकोण उनको देखिन्छ ।

पौडेलले संस्मरणको रचना गर्दा विषयवस्तुको छनौट सामाग्रीको उपयोग, घटना तथा विषयको पूर्वापर प्रसङ्गको संयोजन, सुन्दरको उच्चतर एवम् कुरूपको हीनतर चित्रण, कलात्मक वान्की र भाषा तथा प्रस्तुति शैलीमा विशेष ध्यान दिनु आवश्यक छ भन्ने कुरा औंल्याएका छन् । इतिहासलेखन तथा जीवनीलेखनको सामाग्री बन्नुका साथै संस्मरणबाट युद्धकालीन विराट्ताको प्रस्तुति, ज्ञान आर्जनको माध्यम तथा सामाजिक -सांस्कृतिक पक्षको जानकारी प्राप्त हुने परिप्रेक्ष्यमा यसको महत्त्व र उपयोग पनि स्पष्ट हुन गएको छ भन्ने विचार उनले प्रस्तुति गरेका छन् । पौडेलले संस्मरण नवीन विधा भए पनि समाज र युगविनाको प्रतिबिम्बन तथा समाजरूपान्तरणकारी भूमिकाको निर्वाह सम्यक् रूपमा हुने भएकाले यो लोकप्रिय विधाको प्रतिष्ठा प्राप्तगर्नतर्फ उन्मुख रहेको छ भन्ने निष्कर्ष पनि प्रस्तुत गरेका छन् ।

गोपीन्द्र पौडेलको वि.सं. २०६५ मा प्रकाशित **भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व** नामक कृति हास्यव्यङ्ग्यका सिद्धान्त र व्यावहारिक समीक्षामा आधारित रहेको छ । यो कृतिमा छैंठौं परिच्छेदसम्म रहेका छन् । जसको पहिलो अध्ययमा हास्याव्यङ्ग्य सिद्धान्तको अध्ययन गरिएको छ । पौडेलले यस कृतिको विश्लेषणको मुख्य उद्देश्य हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूपलाई निरूपण गर्नु नै बनाएका छन् । यस क्रममा पौडेलले हास्यव्यङ्ग्यको सैद्धान्तिक परिचय, पूर्वीय

एवम् पाश्चात्य चिन्तन र निष्कर्ष प्रस्तुत गरेका छन् । पौडेलले हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूपको विश्लेषणका क्रममा विभिन्न शीर्षक एवम् उपशीर्षकमा विभाजन गरेका छन् । तिनको सङ्क्षिप्त अध्ययन सर्वेक्षण यहाँ प्रस्तुत गरिएको छ ।

पौडेलले हास्यको सैद्धान्तिक परिचय दिने क्रममा हास्नु मान्छे मात्रको मानवीय स्वभाव भएको बताएका छन् । यो क्रियाकलाप जन्मदेखि मृत्युसम्म हुने गर्दछ । त्यसैले हास्यलाई व्यञ्जनसहितको भोजनसँग तुलना गर्न सकिन्छ भन्ने धारणा पौडेलको रहेको छ । हास्यको परम्परा पूर्व र पश्चिम दुवैतिर भए पनि हेर्ने दृष्टिकोण फरक रहेको पाइन्छ । पूर्वमा हास्यलाई रसविशेषका रूपमा हेरिन्छ भने पश्चिममा शारीरिक वा मानसिक वृत्तिविशेषका रूपमा हेरिने ठहर पौडेलको छ ।

पौडेलले हास्यसम्बन्धी पूर्वीय चिन्तका बारेमा चर्चा पनि गरेका छन् । पूर्वमा हास्यलाई रसविशेषको रूपमा हेरिएिको र यसको थालनी आदि आचार्य भरतबाट भएको भन्ने उल्लेख उनले गरेका छन्,  आदि आचार्य भरतले नवरसध्येको शृङ्गार रसबाट हास्य उत्पत्ति हुने बताएका छन् । हास्य रसको अन्तिम परिणति आनन्द हो र यो नवरसमध्येको सबैभन्दा सुखान्त रसको रूपमा रहेको उल्लेख गर्दै संस्कृत साहित्यमा भने यसले उच्च गरिमा प्राप्त गर्न नसकेको धारणा पौडेलले प्रस्तुत गरेका छन् । मूलतः हास्य रस मान्छेमा मात्र हुने र पूवीय साहित्यमा मानवजीवनलाई आनन्ददायी बनाउने र सुख-शान्ति दिलाउने साधनका रूपमा यसको विवेचना भएको पाइन्छ भन्ने धारणा पौडलको देखिन्छ ।

हास्योत्पत्तिको कारणका सम्बन्धमा पौडेलले विभिन्न विद्वान्हरूको भिन्न भिन्न मत रहेको उल्लेख गर्दै उत्तरवर्ती विद्वान्हरूले कतिपय मतलाई अस्वीकार गरेको कुरा पनि व्यक्त गरेका छन् । वस्तुतः हास्योत्पत्तिको कारण वस्तु मात्रमा देखिने विकृति अथवा विपरीता, व्यङ्ग्यदर्शन, परचेष्टा, विकृत आकारप्रकार, भेषभूषा, बोलीवचन आदि नै हुन् भन्ने निष्कर्ष निकाल्न सकिने ठहर पौडेलको छ ।

हास्यको वर्गीकरण आचार्य भरतले गरेका हुन्, हालसम्म यसै वर्गीकरणलाई स्वीकारिएको धारणा पौडेलको रहेको छ ।

पौडेलले हास्यसम्बन्धी पूर्वीय चिन्तनकासाथै पाश्चात्य चिन्तनको पनि चर्चा गरेका छन् । पाश्चात्य साहित्यमा हास्यका लागि Humour भन्ने शब्दको प्रयोग भएको र व्यङ्ग्यलाई पनि हास्यकै भेदअन्तर्गत राखेर चर्चा गरिनुले यसको महत्ता प्रष्ट हुन जान्छ भन्ने धारणा पौडेलको रहेको छ ।

हास्योत्पत्तिका सम्बन्धमा पूर्वमा जस्तै पश्चिमी साहित्यमा पनि विभिन्न धारणाहरू पाइने पौडेलले जनाएका छन् । तिनै विद्वान्हरूको धारणाको निष्कर्ष निकाल्दै शारीरिक गुण, मानसिक गुण, धटनाकार्यकलाप, रहनसहन, शब्दावली आदिलाई हास्योत्पत्तिको कारण मान्न सकिने विचार पौडेलले प्रस्तुत गरेका छन् । पाश्चात्य साहित्यमा हास्यको वर्गीकरणलाई हेर्दा हास्य (Humor), व्यङ्ग्य, वक्रोक्ति, वाक्वैदग्ध्य गरी जम्मा सात भेद धारणा गरिएको पौडेलले प्रस्तुत गरेका छन् ।

पौडेलले हास्यसम्बन्धी पूर्वीय तथा पाश्चात्य निष्कर्ष प्रस्तुत गर्ने क्रममा दुवैतिर हास्यका बारेमा शास्त्रीय विवेचनाको लामो परम्परा रहेको बताएका छन् । त्यसैगरी पूर्वमा हास्यलाई रस विशेषका रूपमा हेरिने तर पश्चिममा हास्यलाई शारीरिक तथा मानसिक वृति विशेषका रूपमा हेर्ने गरिएको उनी बताउँछन् । मानवीय जीवनमा रमणीयता वा आनन्द प्रदान गरी जीवनलाई सबलता र सफलता प्रदान गर्नु नै हास्यको सोउद्देश्यता हुनाले जुनसुकै दुर्वलताहरूबाट बच्न र सक्षम तथा सबल बन्नेतर्फ प्रेरित गर्नुमै हास्यको सोउद्देश्यता प्राप्त हुने धारणा पौडेलले प्रस्तुत गरेका छन् ।

पौडेलले व्यङ्ग्यको सैद्धान्तिक परिचय दिने क्रममा दुवैतर्फ व्यङ्ग्यसम्बन्धी चिन्तनको लामो परम्परा रहेको जानकारी दिएका छन् । यसको सैद्धान्तिक चिन्तन दुवैतर्फ हुँदाहुँदै पनि दृष्टिकोणमा भने भिन्नता रहेको जनाएका छन् । यसरी पश्चिममा व्यङ्ग्यको तात्पर्य यथास्थिति, विसङ्गति, सामाजिक कुरीति तथा

असमानताप्रतिको विरोध र परिवर्तनको चाहना रहेको देखिन्छ भने पूर्वमा यस्तो चाहना नरहेको ठहर पौडेलको पाइन्छ ।

पौडेलले व्यङ्ग्यसम्बन्धी पूर्वीय अवधारणाका सम्बन्धमा पनि चर्चा गरेका छन् । पाश्चात्य साहित्यमा प्रचलित सटायरका तात्पर्यमा पूर्वीय साहित्यमा व्यङ्ग्यको विवेचना नभए पनि पूर्वमा ध्वनिवादका सन्दर्भमा व्यङ्ग्यसम्बन्धी चिन्तनलाई अगाडि सारिएको धारणा पौडेलले प्रस्तुत गरेका छन् । आनन्दवर्धनले जुन अर्थका लागि शब्द वा अर्थले आफ्नो अभिप्रायलाई त्यगिदिन्छ र कुनै विशिष्ट भावलाई व्यक्त गर्दछ त्यस्तो व्यङ्ग्य भएर आउने काव्यको वस्तुविशेषलाई विद्वान्हरूले ध्वनि भनेका छन् भन्ने कुरा उल्लेख गरेका छन् । यसबाट काव्यमा निहित विशिष्ट भाव वा अर्थ नै ध्वनि हो भन्ने निष्कर्ष ध्वनिकारहरूको छ भन्ने धारणा पौडेलको देखिन्छ । ध्वनिवादी आचार्यहरूले ध्वनिवादी व्यङ्ग्य अभिधा र लक्षणबाट नभई व्यञ्जनाशक्तिबाट व्यञ्जित हुने कुरा उल्लेख गर्दै तिनीहरूले ध्वनिवादी व्यङ्ग्यलाई पनि बाच्यार्थ र प्रतीयमान गरी दुई भेदमा विभाजन गरेका छन् भन्ने धारणा पौडेलको देखिन्छ । काव्यको शब्द र अर्थ कुनै एक पक्षबाट मात्र नभई काव्य समष्टिले दिने प्रतीयमान अर्थ वा गूढार्थ वा व्यङ्ग्यबाटै काव्यसौन्दर्य प्रकट हुन्छ भन्ने ध्वनिवादीहरूको विचार प्रस्तुत गर्दै यसको अनुभूति वा प्रतीतिका लागि व्यञ्जनाशक्तिकै आवश्यकता पर्दछ भन्ने ठहर पौडेलको रहेको छ ।

अतः ध्वनिवादीहरूले ध्वनिलाई नै काव्यको आत्मा मानेर काव्यको वर्गीकरण गरेको पाइन्छ । यसैक्रममा ध्वनिवादी आनन्दर्धनले उत्तम, मध्यम र अद्यम गरी काव्यलाई तीन भेदमा विभाजन गरेको कुरालाई पौडेलले प्रस्तुत गरेका छन् ।

पौडेलले व्यङ्ग्यसम्बन्धी पाश्चात्य चिन्तनपरम्पराको चर्चा गर्ने क्रममा व्यङ्ग्यलाई Staire भनिएको उल्लेख गरेका छन् । पश्चिममा व्यङ्ग्यसम्बन्धी लामो परम्परा रहेको भए पनि हास्यकै भेदअन्तर्गत यसलाई राखिनुले समस्या पनि खडा हुन गएको छ भन्ने पौडेलले धारणा देखिन्छ । यसरी व्यङ्ग्य हास्यको उपकरण

बन्ने र व्यङ्ग्यलाई हास्यको एक भेद भान्ने कुरा भने विवादास्पद देखिन्छ भन्ने निष्कर्ष पौडेलको देखिन्छ ।

मानवसमाजमा प्रारम्भदेखि नै यथार्थ र आदशेका बीचमा द्वन्द्व चल्दै आएको परिप्रेक्ष्यमा साहित्यमा पनि यी दुवै बीचको द्वन्द्वले प्रभुत्व जमाएको पौडेलले बताएका छन् । यसरी नै एकातिर साहित्यकार जस्तो छ मा सन्तोष गर्छन् भने अर्काथरिले जस्तो हुनुपर्छको खोजी गर्छन् जसले गर्दा समाजमा द्वन्द्वको स्थिति रहन्छ भन्ने धारणा पौडेलको देखिन्छ । यसरी नै व्यङ्ग्यको उद्देश्य भनेको विसङ्गति र असमानताप्रति प्रहार गर्नु रहेको हुन्छ र व्यङ्ग्यको मूल कारणको रूपमा विसङ्गति हो भन्ने पौडेलको ठम्याइ छ । तसर्थ जीवनलाई सहीदिशामा डोऱ्याउनका लागि व्यङ्ग्यको रचना हुने पौडेलले बताएका छन् । त्यसैले विषयविधिताका आधारमा वैयक्तिक व्यङ्ग्य र सामाजिक व्यङ्ग्य गरी दुई भेदमा विभाजन गर्न सकिने ठहर पौडेलको पाइन्छ । व्यङ्ग्य सिधै नभनेर घुमाउरो पाराले भनिने हुनाले बक्रोक्तिलाई पनि उपकरणकै रूपमा लिन सकिने धारणा पौडेलको छ । हास्यको मात्रा कम र आलोचनाको मात्रा तीव्र बन्दै जाँदा पनि व्यङ्ग्य एउटा उपकरण बन्ने विचार पौडेलको पाइन्छ । त्यसैले गाली-निन्दा, तिरस्कार, आत्मव्यङ्ग्य, चरित्रानुकरण, हाँसोठट्टा, पुराकथा, आदि पनि व्यङ्ग्यका उपकरण बन्न सक्ने पर्याप्त संभावना छ भन्ने निष्कर्षमा पौडेल पुगेको देखिन्छ ।

पौडेलले व्यङ्ग्यासम्बन्धी पूर्वीय र पाश्चात्य चिन्तनको निष्कर्ष प्रस्तुत गर्ने क्रममा दुवै तर्फको अध्ययन नितात्न फरक पाइने बताएका छन् । पूर्व र पश्चिमको व्यङ्ग्यलाई आदर्श र यथार्थका बीचको भिन्नताका रूपमा पनि हेर्ने गरिन्छ भन्ने धारणा यहाँ प्रस्तुत गरिएको छ । व्यङ्ग्यको मुख्य स्रोतको रूपमा विसङ्गतिबोध रहेको र हास्यसँगको आधारभूत भिन्नता पनि यसैलाई मानिने परिप्रेक्ष्यमा पूर्वीय व्यङ्ग्यको कुनै सामाजिक प्रयोजन देखिदैन भने पाश्चात्य व्यङ्ग्य चाहिं पूर्ण रूपले समाजसँग गाँसिएको हुन्छ भन्ने उल्लेख यहाँ पाइन्छ । ध्वनियुक्ति रचनामा सटायर नपाइन सक्छ तर उत्कृष्ट व्यङ्ग्य रचनामा व्यञ्जनाअर्थ भने ध्वनित भइरहेको हुन्छ त्यसैले एउटा व्यङ्ग्यकारले व्यञ्जना

शक्तिको प्रयोग गरेर व्यङ्ग्य रचना गरेमा उत्कृष्ट रचना हुन सक्छ भन्दै यस अर्थमा पूर्वीय पाश्चात्य व्यङ्ग्य चिन्तनको समन्वय थलो पनि यही हुन सक्ने निष्कर्ष पौडेलले प्रस्तुत गर्न पुगेका छन् ।

पौडेलले हास्यव्यङ्ग्यसम्बन्धी सैद्धान्तिक चिन्तनको निष्कर्ष प्रस्तुत गर्ने क्रममा पूर्वीय साहित्यमा हास्य र व्यङ्ग्यको फरकफरक अर्थ तथा प्रयोग र प्रयोजन भएको पाइने तथा पाश्चात्य साहित्यमा यसको संयुक्त चर्चा नगेर पनि चेतनाका दृष्टिले पाश्चात्य चिन्तन नै विकसित भएको बताएका छन् । त्यसैले हास्य र व्यङ्ग्यलाई संयुक्त रूपमा हेर्ने वा पृथक रूपमा हेर्ने भन्नेबारे स्पष्ट धारणा पाश्चात्य साहित्यमा रहेको पाइँदैन । यसरी नै नेपाली साहित्यमा पनि हास्य र व्यङ्ग्यको संयुक्त स्वरूपका बारेमा विवाद रहेको कुरा विभिन्न समालोचकहरूले दिएको धारणाले पनि पुष्टि हुन गएको बताइएको छ । यी दुईको आफ्नै स्वतन्त्र अस्तिव र निजत्व हुँदा हुँदै पनि विच्छेदित रूप भन्दा संयुक्त रूप नै बढी शक्तिशाली बन्न सक्ने हुनाले यिनको प्रयोगचाहि संयुक्त रूपमा नै हुनु आवश्यक देखिन्छ भन्ने पौडेलको धारमा रहेको छ ।

### ४.३.१.३. संस्कृतिविषयक सैद्धान्तिक समालोचना

पौडेलले सर्वप्रथम समालोचनाको क्षेत्रमा नै कलम चलाएको पाइन्छ । उनको सैद्धान्तिक समालोचनामा साहित्यिक र संस्कृतिविषयक गरी दुई प्रकारको देखिन्छ । साहित्य सिद्धान्तका बारेमा गरिएको समालोचनालाई साहित्यिकअन्तर्गत र संस्कृति विषयमा गरिएका समालोचनालाई संस्कृति विषयक समालोचनाअन्तर्गत राखेर अध्ययन विश्लेषण गरिएको छ । पौडेलका संस्कृतिका विषयमा गरिएका समालोचनाहरू संस्कृति, सांस्कृतिक आन्दोलनको परम्परा र दिशा (सुमन ३:६, २०५८ असोज), संस्कृति, जनसंस्कृति र सांस्कृतिक रूपान्तरण (कालिका युवा क्लव, २०६३, कार्त्तिक रजत महोत्सव स्मारिका, प्यूठान), संस्कृतिका विभिन्न आयम र यसको रूपान्तरणकारी भूमिका (नव चेतना १२:३, २०६३ कार्त्तिक) सञ्चार, संस्कृति र संविधानसभा (संश्लेषण ११:१, जेष्ठ २०६५), आदि रहेका छन् ।

यिनीहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन संक्षिप्त रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

'सांस्कृतिक मूल्यबोध र शासकीय संस्कृति', शीर्षकको समालोचनामा पौडेलले सांस्कृतिक मूल्यबोधसँगै शासकीय संस्कृतिले पारेका नकारात्मक प्रभावको बारेमा चर्चा गर्ने उद्देश्य राखेको पाइन्छ । पौडेलले संस्कृतिको निर्माण र भोगचलनकर्ता मानिस नै भएको हुँदा संस्कृति भन्नु मान्छेको चिन्तन, व्यवहार, आचार विचार र कार्यलगायत जीवन सञ्चालनको प्रक्रिया हो र समाजबोधको पनि आधार हो भन्ने उल्लेख गरेको देखिन्छ । सम्पन्न र विपन्न वर्गका मानिसका बीचमा देखिने बोलीवचन, खानपिन, बसउठ, शिष्टाचार लगायत समग्र जीवनशैलीमा देखिने भिन्नता भनेकै सांस्कृतिक मूल्यमा आएको भिन्नता हो भन्ने पौडेलले औंल्याएका छन् । पौडेलले जनताले निर्माण गरेको जनसंस्कृति उच्चउदान्त गरेका छन् । पुरातन सामन्ती संस्कृति र आयातीत पूँजीवादी संस्कृतिका बीचको अपवित्र गठबन्धनमा रमाउने संस्कृति नै शासकीय स.स्कृति हो, यो पुङमाङ संस्कृति हो भन्ने ठहर पौडेलको देखिन्छ । पौडेलले संस्कृति भन्नु मान्छेलाई सभ्य, शिष्ट एवम् परिष्कृत बनाउने विचारधारात्मक रूप हुनाले संस्कृतिक रूपमा नमाझिएसम्म सबै प्रकारका कार्य तथा नीति र योजनाहरू बोक्रे स्वाङ मात्र सावित हुन्छन् भन्ने तथ्य प्रस्तुत गरेका छन् । राजनीतिक रूपान्तरणसँगै हुने सांस्कृतिक रूपान्तरणले नै सबै प्रकारका समस्याको स्वस्थ समाधान खोज्न सकिन्छ भन्ने निष्कर्ष पौडेलको देखिन्छ ।

'संस्कृति, सांस्कृतिक आन्दोलनको परम्परा र दिशा' शीर्षकको समालोचनामा पौडेलले आफ्नो जन्मथलो बाहानेलाई छाडेको धेरै भए पनि बाहाने बालक्रिडा स्थलदेखि आफूलाई कर्मतर्फ उत्प्रेरित गराउने गुरू पनि भएको र आज यो आफ्नो मानसपटलमा संस्कृतिको रूप धारण गरेर घुमिरहेको उल्लेख गरेका छन् । पौडेलले संस्कृतिलाई साँगुरो घेराभित्र वा परिभाषाको कुनै पनि साङ्लोभित्र कैद गर्न संभव छैन भन्ने उल्लेख गर्दै सिंगो संसार नै गतिशील छ, संसारका प्रत्येक वस्तु गतिशील छन्, त्यसैले संस्कृति पनि गतिशील हुन्छ र यो

सामाजिकतालाई बुझ्ने चिन्तन पनि गतिशील एवम् द्वन्द्वशील हुनु आवश्यक छ भन्ने धारणा प्रस्तुत भएको पाइन्छ । संस्कार, सस्कृति वा रीतिथिति भन्नु श्रमकै प्रतिबिम्बन भएकोले श्रमको स्वरूप र प्रकृतिअनुसार सस्कृतिको निर्माण भएको हुन्छ भन्ने दृष्टिकोण पौडेलको रहेको छ । पौडेलले नेपाली समाज र राष्ट्रिय जीवनका परिप्रेक्ष्यमा संस्कृतिका अन्य रूपहरू पनि चलखेल गरेको पाइन्छ । द्रुत गतिमा विकासिदो विद्युतीय सञ्चार माध्यमबाट जनसंस्कृतिका विरूद्ध धावा बोल्ने कार्य साम्राज्यवादी संस्कृतिबाट भइरहेको छ जसलाई मुलुकका शासक वर्गले तात्क्षणिक रूपमा राहत महशुस गर्दछन् भन्दै त्यसैले यस प्रकारको साम्राज्यवादी संस्कृतिका विरूद्धको संघर्ष र जनसंस्कृतिको निर्माणसम्बन्धी कार्य समानन्तर रूपमा हुनु आवश्यक देखिन्छ भन्ने ठहर उनको पाइन्छ । पौडेलले वर्तमानको वितण्डा संस्कृतिको पतन र सुन्दर संस्कृतिको निर्माण अनिवार्य भएको उल्लेख गर्दै यो प्रक्रिया वर्गसङ्घर्षबाट पृथक नभई वर्गसङ्घर्षसँगै चल्ने प्रक्रिया हुनाले नेपालको वर्तमान सांस्कृतिक, आन्दोलन पनि नयाँ संस्कृतिको निर्माण गर्ने अग्रगामी दिशातर्फ उन्मुख रहेको निष्कर्षको प्रस्तुत गरेका छन् ।

संस्कृति, जनसंस्कृति र सांस्कृतिक रूपान्तरण शीर्षकको संस्कृतिक समालोचनामा पौडेलले 'संस्कृतिको अर्थ र तात्पर्य, परम्परागत संस्कार, संस्कृति, जनसंस्कृति पतनशील र उन्नत संस्कृति, वर्गीय द्वन्द्व र सांस्कृतिक रूपान्तरणको अपरिहार्यता' जस्ता उपशीर्षकमा संस्कृति बारे चर्चा परिचर्चा गरेका छुन् । संस्कृति कुनै पनि वस्तुलाई परिमार्जन गर्न र उजिल्याउनुमा मात्र सीमित नरहेर मानवजीवनका विभिन्न क्षेत्रमा देखापर्ने क्रियाकलापहरूको समष्टि रूप नै सस्कृति हुन पुगेको धारणा उनको देखिन्छ । संस्कृतिलाई परम्परागत रूपमा हुने विविध कार्यहरूको रूपमा मात्र नलिएर मानवसमाजको परिष्कार हो, मानवजीवनलाई शालीन र शिष्ट बनाउने पद्धति हो भन्ने व्याख्या यसमा गरिएको छ । त्यसैगरी परम्परागत रूपमा हुँदै आएका विवाह, वर्तबन्ध आदि जस्ता कार्यहरू जनताले निर्माण नगरेर अभिजात वर्गले निर्माण गरेको सामन्ती सस्कृती हुनाले मानवजातिले आफ्नो हीतअनुकूल निर्माण गर्ने प्रक्रिया वा पद्धतिलाई नै संस्कृति

मान्न सकिन्छ भन्ने पौडेलको धारणा छ । पौडेलले श्रमजीवी जनताले आवश्यकताको सिद्धान्तअनुरूप निर्माण गरेको संस्कृति नै जनसंस्कृति हो र यसले आम जनतालाई समृद्धितर्फ डोऱ्याउने कार्य गर्दछ भन्ने दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । त्यसैले वर्गीय समाजमा संस्कृतिको स्वरूप पनि वर्गीय नै हुने हुनाले अभिजात वर्गीय संस्कृति र जनसंस्कृतिका बीचमा सधैं अन्तर्विरोध चलिरहने उनको ठम्याइ छ । यसरी नै समाजमा पतनशील र उन्नत संस्कृति रहने परिप्रेक्ष्यमा मानवसमाजलाई भ्रष्टीकरणतर्फ उन्मुख गराउने पतनशील संस्कृति र जनता आफैले निर्माण गरेको संस्कृति उन्नत संस्कृति हुने गर्दछ भन्दै यही उन्नत संस्कृतिको पक्षमा यहाँ पौडेलका स्पष्ट धारणाहरू पाइन्छन् । सांस्कृतिक रूपान्तरण भनेको समग्र जीवनमूल्यको रूपान्तरण हो र आवश्यकताको परिपूर्ति गर्ने माध्यम पनि हो । त्यसैले मानवजीवनलाई सबल र समृद्ध तुल्याउने मूल आधार भनेकै सांस्कृतिक रूपान्तरण भएकोले समाजमा वर्गीय द्वन्द्व पनि सांस्कृति रूपान्तरणमा अपरिहार्य हुन्छ भन्ने दृष्टिकोण पौडेलको देखिन्छ ।

यसैगरी 'संस्कृतिका विभिन्न आयाम र यसको रूपान्तरणकारी भूमिका' शीर्षकको लेखमा पौडेलले विषय उठानदेखि सांस्कृतिक व्यापकता र संकीर्ण सोच, संस्कृतिको सम्वेदनशीलनता र हिंसासंस्कृति, संस्कृति र राजनीति बीचको सम्बन्ध, सांस्कृतिक साम्राज्य र मिचाहा संस्कृति एवम् सस्कृतिको रूपान्तरणकारी भूमिका आदिका बारेमा चर्चा गरेको पाइन्छ । पौडेलले विषयवस्तुको उठानको क्रममा संस्कृति मानवीय वस्तुका साथै मानवजातिले आर्जेको अमूल्य निधि हो भनेका छन् । मानिसका समग्र क्रियाकलाप र जीवनशैलीमा संस्कृतिको प्रतिबिम्बन हुने गरेको परिप्रेक्ष्यमा संस्कृतिलाई सीमित रूपमा परिभाषित गर्न सकिदैन भन्ने ठहर पौडेलको रहेको छ । आज आएर संस्कृतिलाई व्यापकताका साथ हेर्ने र बुझ्ने गरेको देखिन्छ तर आज पनि नेपाली समाजमा परम्परागत धारणा एवम् सङ्कीर्ण सोच रहेको परिप्रेक्ष्यमा संस्कृति भन्नु जनताले अवलम्बन गरेको जीवनशैली हो, जीवन सञ्चालनको विधि हो र मानव जीवनलाई सम्बृद्ध तुल्याउिने औंजार हो भन्ने दृष्टिकोण पौडेलको रहेको छ । पौडेलले संस्कृति अत्यन्त सम्वेदनशील विषय

क्षेत्र भएकोले यसलाई हल्का रूपमा बुझ्न सकिंदैन भन्ने उल्लेख गरेका छन् । त्यसैगरी संस्कृति मानिस र उसको आनीवानी, आचारविचार, कार्यशैली तथा चिन्तनपद्धतिलाई परिष्कार गर्ने महत्त्वपूर्ण औंजार हुनाले पनि यसको संवेदनशीलतालाई हल्का रूपमा लिन मिल्दैन भन्ने ठहर पौडेलको देखिन्छ । सांस्कृतिक संवेदनशीलता हुँदाहुँदै पनि सामन्ती एवम् पूँजीवादी व्यवस्थाभित्र हिंसा संस्कृतिको विरोधमा क्रान्तिकारीले आवाज उठाउँदा प्रगतिगमनकारी र यथास्थितिवादीहरूले हिंसासंस्कृतिलाई संस्थागत रूपमा टिकाइराख्न हिंसाको प्रयोग गर्दछन् अनि क्रान्तिकारीहरूले यो कुराहरूको अन्त्य गर्न प्रतिहिंसाको बाटो खोज्न बाध्य हुन्छन् भन्ने निष्कर्ष पौडेलले दिएका छन् । राजनीति र संस्कृति दुवैको समाज रूपान्तरणकारी भूमिका प्रवल हुन्छ तापनि राजनीतिलाई संस्कृति भन्दा माथि ठान्ने, संस्कृतिलाई गौण ठान्ने र अझ राजनीतिलाई संस्कृतिको अङ्गका रूपमा स्वीकार गर्न नसक्ने चिन्तनले गर्दा राजनीति र संस्कृतिका बीचको घनिष्ठ संबन्धलाई खुट्याउन कठिन भएको छ भन्ने ठहर उनको देखिन्छ । यसरी राजनीतिलाई सरल, सुसंस्कृत र समृद्ध बनाउने र राजनीतिलाई माझ्ने साधन संस्कृति नै भएको हुँदा जनताले अवलम्बन गरेको वस्तुगत एवम् वैज्ञानिक संस्कृतिलाई आत्मसात् गर्न नसक्ने राजनीतिक पार्टी, नेता वा व्यक्ति इतिहासको गर्तमा वीलिन भएर जान्छन्, गएका थुप्रै दृष्टान्त छन् भन्ने धारणा पौडेलको पाइन्छ । वर्तमान अवस्थामा राजनीति मात्र होइन संस्कृतिमा समेत साम्राज्यवादी र मिचाहा प्रवृत्तिको हावी भएको धारणा उनको छ । त्यसो भए तापनि नेपाली भूमिमा सञ्चालित वर्गीय युद्धका कारण नेपाली समाजमा ऊर्ध्वगामी चेतना सल्बलाएको छ र त्यसले सामन्ती संस्कृतिलाई ठूलै धक्का दिएको पाइन्छ भन्ने उल्लेख गर्दै पूँजीवादी, सामन्ती एवम् मिचाहा संस्कृति पतनको दिशातिर र जनसंस्कृति उदीयमान दिशमा रहेको पाइन्छ भन्ने निष्कर्ष पौडेलले प्रस्तुत गरेका छन् । पौडेलले संस्कृतिको रूपान्तरणकारी भूमिकाका संम्बन्धमा विगतका दिनमा संस्कृतिको जेजस्तो रूप थियो त्यो आज छैन, आज जस्तो छ त्यो भोलि नरहनु निश्चित छ भन्ने दृष्टान्त प्रस्तुत गर्दै संस्कृतिको रूपान्तरणकारी भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् ।

'जनयुद्धका दश वर्ष र सांस्कृतिक रूपान्तरणमा त्यसको भूमिका' शीर्षकको समीक्षामा पौडेलले दश वर्षे माओवादी जनयुद्ध र २०६२/०६३ को जनआन्दोलनपश्चात् संविधानसभा मार्फत मुलुक गणतन्त्रको दिशातर्फ फड्को मार्दै गरेको परिप्रेक्ष्यमा दश वर्षे जनयुद्धले सांस्कृतिक क्षेत्रमा पारेको प्रभाव र सांस्कृतिक रूपान्तरण बारेमा छलफल, बहस चल्नु/चलाइनु अत्यन्त सान्दर्भिक छ भन्ने उल्लेख गरेका छन् । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा राजनीतिको तुलनामा संस्कृतिलाई गौण ठानिएको उल्लेख गर्दै ने.क.पा. (माओवादी) ले जनयुद्धकै क्रममा सांस्कृतिक आन्दोलनलाई समेत निरन्तरता दिने चेष्टा गरेकै कारण सांस्कृतिक रूपान्तरणको सङ्केत र सम्भावना स्पष्ट देखिन थालेको छ भन्ने धारणा पौडेलको पाइन्छ । यसैगरी वर्गसङ्घर्ष र सांस्कृति सङ्घर्ष अभिन्न रूपमा अगाडि बढेको परिप्रेक्ष्यमा दश वर्षे जनयुद्धले सांस्कृतिक रूपान्तरणमा सकारात्मक भूमिका खेलेको निष्कर्ष पौडेलले दिएका छन् । उनका विचारमा सांस्कृतिक रूपान्तरणमा दश वर्षे जनयुद्धको प्रभाव भनेको सामन्ती संस्कृतिमाथिको हस्तक्षेप पनि हुनाले जनयुद्ध पुरातन संस्कृतिको अन्त्य गरी नयाँ संस्कृतिको निर्माण गर्न आधारशीलाको रूपमा रहेको देखिन्छ । पौडेलका अनुसार संविधानसभा मार्फत देश गणतन्त्रमा जाँदैमा क्रान्तिकारीको हातमा शासनको बागडोर पर्दैमा नयाँ संस्कृतिको निर्माण भइहाल्छ भन्न सकिदैन । यो त निरन्तर एवम् दीर्घकालीन प्रक्रिया हुनाले यसलाई कुनै समय सीमाभित्र बाँध्न सकिदैन भन्दै क्रान्तिकारी शक्ति र व्यक्तिले सर्वप्रथम आफूलाई रूपान्तरण गर्दै सांस्कृतिक रूपान्तरणमा सहभागी हुनु आवश्यक छ, त्यही निरन्तर रूपान्तरणको प्रक्रियाले नै सांस्कृतिक रूपान्तरणको प्रक्रियालाई गति प्रदान गर्छ भन्ने निष्कर्ष पौडेलको देखिन्छ ।

'सञ्चार, संस्कृति र संविधानसभा' शीर्षकको समीक्षात्मक लेखनमा पौडेलले सञ्चार र संस्कृतिका क्षेत्रमा भएका पुरातन एवम् नयाँ कुराहरूलाई प्रष्ट्याउने उद्देश्य राखेको देखिन्छ । संस्कृति भनेर जन्मदेखि मृत्युसम्मका संस्कार आदि लाई मात्र बुझ्ने परम्परावादी सङ्कीर्ण चिन्तन पनि हाम्रो समाजमा यथावत् देखिन्छ भन्दै मानवश्रम, मानवसिर्जना र मानवीय व्यवहारको परिष्कृत एवम् व्यवस्थित

रूप नै संस्कृति हो, यो मानव जातिले आर्जन गरेको अमूल्य निधि पनि हो भन्ने उल्लेख पौडेलले गरेका छन् । उनले सूचना सम्प्रेषण मानवीय क्रियाकलाप हुनाले त्यससँग सम्बन्धित सम्पूर्ण व्यवस्था तथा परिधान नै सञ्चार संस्कृति हो भन्ने ठहर गरेका छन् । आदिम युगमा चोक र चौतारीमा आगो बालेर वा दमाहा बजाएर आरम्भ गरिएको सूचना-सम्प्रेषणको प्रक्रिया आजको आधुनिक युगमा आइपुग्दा उच्चतम प्रविधिका साथ विकास भएको भन्ने उल्लेख पौडेलले गरेको पाइन्छ । आजको यो प्रविधि जनमुखी, ज्ञानमुखी, सेवामुखी तथा विकासमुखी हुनुको सट्टा शासकमुखी, मनोरञ्जमुखी, नाफामुखी तथा विलासमुखी हुनुले सञ्चार-संस्कृतिको स्वरूप उत्तरोत्तर जनविरोधी हुँदै गएको उनको धारणा छ । यसलाई बजारमुखी र नाफामुखी बनाइनुले दिन-प्रतिदिन यसको भ्रष्टीकरण हुँदै गएको छ भन्ने उल्लेख पौडेलले गरेका छन् । यी सबैको कारण पूँजीवादी सामन्ती संस्कृति नै रहेको देखिन्छ । त्यसैले वर्तमानको सञ्चार-संस्कृति उच्च, उदात्त र सौम्य-शिष्ट नभएर नीच, निकृष्ट र नग्न प्रकृतिको देखिन्छ भन्ने ठहर पौडेलको पाइन्छ । पौडेलले देशमा ऐतिहासिक जनआन्दोलन सफल भएपछि पनि अबल दर्जाका भनिने सञ्चार माध्यमले पनि माओवादी विस्तृत शान्ति-सम्झौतामा आइसकेपछि पनि खेदो खन्न नछोडेको उल्लेख पौडेलले गरेका छन् । यसरी संविधानसभाको यस ऐतिहासिक निर्वाचनमा काँग्रेस एमाले जस्ता यथास्थितिवादी पार्टीको हार र जनताको जीत भएको देखिन्छ भन्दै अब्बल दर्जाका भनिने मिडियाहरूको पनि हार यस संविधानसभाको निर्वाचनले गराएको छ भन्ने निष्कर्ष पौडेलको देखिन्छ ।

### ४.३.२ व्यावहारिक समालोचनाको विश्लेषण

गोपीन्द्र पौडेलको कृतित्वको अध्ययनअन्तर्गत व्यावहारिक समालोचनाको अध्ययन यस उपशीर्षकमा गरिएको छ । पौडेलका व्यावहारिक समालोचना पुस्तककार कृतिका साथै विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । तिनीहरूको तथ्य उपशीर्षक ४.३ को विवरणबाट स्पष्ट भइसकेको छ । पौडेलका समालोचनाहरू कविता, कथा, नाटक जीवनी साथै विविध विधासँग सम्बन्धित रहेका छन् । उपर्युल्लिखित विधासँग सम्बन्धित समालोचनात्मक रचनाहरूमा

प्रस्तुत गरिएका उद्देश्य, विषय, वैचारिक पक्ष निष्कर्ष एवम् तिनको शैलीपक्षको बारेमा अध्ययन अनुशीलन तलका उपशीर्षकमा गरिएको छ ।

### ४.३.२.१ कविताविषयक समालोचना

गोपीन्द्र पौडेलका कविता विषयक समालोचनाहरू पुस्तकाकार कृतिका साथै विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । तिनीहरूको क्रमशः चर्चा परिचर्चा यहाँ गरिएको छ ।

'विचार र विधागत मान्यताका पृष्ठभूमिमा आन्दोलन कविता' शीर्षकको समालोचनामा शोषकहरूका विरूद्ध शोषित-पीडित जनताको आन्दोलन विश्वकै इतिहासमा सुदीर्घ परम्पराको रूपमा रहेको उल्लेख गर्दै सोही अनुरूप नै नेपालमा पनि २०४६ सालको आन्दोलन भएको भन्ने दृष्टान्त पौडेलले प्रस्तुत गरेका छन् । विगतको आन्दोलनका सहयोगी तथा शुभ-चिन्तक प्राय-जसो कविहरूका कविताको संगालो **आन्दोलन कविता** प्रकाशनमा ल्याएर परिवर्तनधमी कविहरूलाई जनसमक्ष प्रस्तुत गर्ने कार्य स्रष्टा प्रकाशनले गरेको छ भन्ने स्पस्टोक्ति पौडेलको देखिन्छ । पौडेलले मार्क्सवादी दर्शनलाई मूल आधार बनाएर जीवन र जगत्को वास्तविक बिम्ब प्रस्तुत गरिएमा मात्र कविता बस्तुवादी बन्न सक्ने र त्यसले नयाँ जनवादी क्रान्तिमासमेत महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ भन्दै नेपाली सन्दर्भमा परिवर्तनका साथै अग्रगाामि संस्कृतिको निर्माणको आग्रह गरिएको कविता नै प्रगतिवादी कविता हुन सक्ने भएकाले प्रस्तुत संग्रहभित्र परेका कवितालाई हेर्ने वैचारिक दृष्टि पनि यही रहेको निष्कर्ष पाइन्छ ।

त्यसैगरी आजभोलिको साहित्यिक लेखनको परिप्रेक्ष्यमा कविता फेशनको रूपमा मात्र आएको पाइन्छ । कविता विधाले अपेक्षा गर्ने भाव, भाषा लय तथा बिम्ब योजना आदि वाह्य र आन्तरिक तत्त्वलाई पकड्न सकेको छैन भन्ने धारणा पौडेलको देखिन्छ ।

'आन्दोलन कविता' सङ्ग्रहलाई वैचारिक पक्ष र तत्त्वगत हिसावले छाम्ने प्रयास यसमा गरिएको छ । यो प्रयासमा छाम्न खोज्दा केही सवल र केही दुर्वल पक्ष देखा पर्नु स्वभाविकै हो भन्ने निष्कर्ष पनि पौडेलको पाइन्छ । यो संग्रहमा जम्मा ४९ वटा कविता रहेको त्यसमा पनि १५ वटा स्तरीय कविता रहेको पौडेलको धारणा देखिन्छ । यिनमा प्रगतिवादी मान्यताका नजिक थोरै कविताहरू रहेको उनले जनाएका छन् । त्यसमा पनि ताराकान्त पाण्डे, ईश्वरचन्द्र ज्ञावाली, शार्दूल भट्टराई र पूर्णविरामका कविताहरू अन्यको तुलनामा उत्कृष्ट रहेका र यिनै कविताको सामान्य चर्चा पौडेलले गरेका छन् ।

**'आन्दोलन कविता'** सङ्ग्रह भित्रका कविताको चर्चा गर्ने क्रममा ताराकान्त पाण्डेको यात्रा नरोकौं कविताले भोली हुने नेपाली जनवादी क्रान्तिको दिशालाई स्पष्ट सङ्केत गरेको उल्लेख छ । मार्क्सवादी दर्शनमा आधारित प्रगतिवादी साहित्यको सेरोफेरोलाई कविताले धेरै हदसम्म आत्मासात् गरेको देखिन्छ भन्दै कवितामा आयोजित बिम्ब तथा प्रतीकको सफल तथा कलात्मक प्रयोगले कविताको बाह्य अन्तरसंरचनालाई एकाकार गर्न सकेको छ भन्ने निष्कर्ष पौडेलको छ ।

त्यसैगरी अर्को कविता शार्दूल भट्टराईको **'सहिद बोल्छ'** अनुष्टुप छन्दमा लेखिएको मध्यम खालको संरचना देखिए पनि बाह्य तथा आन्तरिकसंरचनाका दृष्टिले सवल नै रहेको पौडेलले उल्लेख गरेका छन् । वर्तमान अवस्थाको नेपाली जनजीवन अन्धकारमा जकडिएको छ, निरङ्कुश शासन-व्यवस्थाले सिर्जना गरेको भ्रष्ट तथा अमानवीय क्रियाकलापले आजको मान्छे लुटिएको छ, चुसिएको छ र समग्रमा भन्दा सिङ्गो नेपाली समाज तथा देश नै खोरभित्र बन्द रहेको कुरा कवि भट्टराईले उल्लेख गरेका छन् भन्दै त्यसका साथै अन्याय र उत्पीडनको विरोधमा लड्दा सहिद हुन पुगेका सहिदका माध्यमबाट स्वतन्त्र राष्ट्र र स्वतन्त्र नेपाली समाजको निर्माण गर्ने अठोट मूल कथ्यका रूपमा अभिव्यक्तिएको छ भन्ने निष्कर्ष पौडेलले दिएका छन् । यो कवितामा जनता र राष्ट्रको मुक्तिको चाहना प्रतिबिम्बन भएको, सम्पूर्ण शोषित पीडितका पक्षमा आवज उठेको हुँदा यसमा प्रगतिवादी

विचारले नै प्रश्रय पाएको पौडेलले उल्लेख गरेका छन् । कवितामा भाव, भाषा र लयको त्रिकोणात्मक सम्बन्धलाई प्रस्तुत हुँदा हुँदै पनि थोरैमा धेरै भन्न खोज्नुले कविताको मर्मलाई पकड्न सक्ने बिम्ब तथा प्रतीकको संयोजन हुन सकेको छैन तर पनि केही कमी कमजोरीका बाबजुद पनि कविता धेरै हदसम्म सफल नै छ भन्ने ठहर पौडेलको पाइन्छ । त्यसैगरी अर्का कवि ईश्वरचन्द्र ज्ञवालीको 'जादूको घर' कविताले कवितागत मान्यतालाई अँगाल्न सके पनि सामान्य पाठकका लागि सम्प्रेष्य बन्न नसक्नु र बुद्धिजीवी पाठकका लागि मात्र सम्प्रष्य बन्नुले कविता प्रगतिवादी मान्यताअनुरूप प्रस्तुत हुन सकेको पाइन्न भन्ने उल्लेख पौडेलले गरेका छन् ।

**'वैशिष्ट्यगत सर्वेक्षणका सन्दर्भमा पारिजातको बैसालु वर्तमान'** शीर्षकको समीक्षात्मक लेखमा कवयत्रि पारिजातको पछिल्लो कविता सङ्ग्रहका रूपमा रहेको **'वैसालु वर्तमान'** वैचारिक दृष्टिले विशेष महत्त्व राख्दछ भन्दै त्यसका खास खास वैशिष्ट्यको सान्दर्भिक चर्चा गर्ने उद्देश्य यहाँ राखिएको छ । यो सङ्ग्रहमा केही कवितामा नारीवादी स्वर अभिव्यक्त भएको धारणा पौडेलको छ । मूलतः नारीसमस्यालाई केन्द्रविन्दु बनाएका कवितामा नारीजातिले थेग्नुपरेका आर्थिक-सामाजिक विसङ्गतिदेखि लिएर परम्परागत परिपाटीले प्रदान गरेको सीमित स्वतन्त्रता र असीमित दासताभित्र नारीमाथि पुरूषद्वारा हुने जातीय शोषण र पाशविक क्रियाकलाप र व्यवहारको स्पष्ट तस्वीर उतारेको उल्लेख गरेका छन् । यसैगरी नारीसमस्याकै सेरोफेरोमा आबद्ध भएका यस सङ्ग्रहका कविताहरू 'एउटी स्वास्नी मान्छेको अन्तर्वार्ता', 'जुठी दमिनीको अभिव्यक्ति', 'मानुषी 'बलात्कृत बयान', 'प्रेमकथा', 'आमा', 'गढितिरको ढुङ्गामा आमाको सम्झना', आदि कविताहरूमा नारीस्वतन्त्रताको मात्र सन्देश नदिएर विपन्न वर्गको मुक्तिसँगै नारीस्वतन्त्रताको अभ्यूदय, समतामूलक तथा समुन्नत समाजको निर्माणसँग नारीस्वतन्त्रताको  यथार्थ रूप प्रकटित हुने वा हुन सक्ने मूल तात्पर्यलाई पारिजातले औंल्याएकी छन् भन्ने निष्कर्ष पौडेलको देखिन्छ ।

पौडेलले यस सङ्ग्रहमा अधिकांश कविताहरू सर्वहारा वर्गीय दृष्टिकोणअनुरूपको क्रान्तिचेतनाले ओतप्रोत भएका छन् भन्ने धारणा दिएको देखिन्छ । कवयत्रि पारिजातको चिन्तन र विचारमा आएका परिवर्तनकै परिमाणस्वरूप प्रगतिवादी साहित्यसिर्जनाको मोडमा आइपुगेकी पारिजातबाट समाजमा आमूल परिवर्तन हुनु पर्ने वस्तुसम्म अवधारणाअनुरूप युगीन चेतनाको सञ्चार हुनु स्वभाविक थियो भन्ने ठहर पौडेलको देखिन्छ ।

पौडेलले पारिजातका **'एउटी स्वास्नी मान्छेको अन्तर्वार्ता'**, **'आन्दोलन'**, **'मान्छे मरूभूमि होइन'**, **'एउटा निमुखा बूढाको भविष्य'**, **'मानुषी'**, **'तिमी मान्छेका जात हौ'**, **'म कोलाहल जन्माउन खोज्दैछु'**, **'मृत्यु'** आदि कविताहरूले वर्तमान विसङ्तिपूर्ण यथार्थ तथा वितण्ड संस्कृतिको आलोचना र परिवर्तनधार्मी स्वरको सञ्चार गरेको उल्लेख गरेका छन् । पारिजात एक कुशल शैली-शिल्पी भएकाले शैलीशिल्पमा नवीनता देखिनु यस संग्रहको कविताको वैशिष्ट्य पनि हो भन्ने उल्लेख पौडेलले गरेका छन् । यसरी पौडेलले पारिजातका अन्य दुई कविताकृतिका दाँजोमा यो उत्कृष्ट हुँदा हुँदै पनि यसका पनि केही सवल र दुर्वल पक्ष रहेको उल्लेख गरेका छन् ।

'स्वर र संचारका दृष्टिमा आहुतिको **'तपस्वीको गीतहरू'**, शीर्षकको समालोचनामा कवि आहुतिको पहिलो सङ्ग्रहको रूपमा रहेको 'तपस्वीका गीतहरू' वैचारिक दृष्टिले समाजलाई बुझ्ने र बदल्ने आधारभूमि द्वन्द्वात्मक भौतिकवादी दर्शन चिन्तन हो भने प्रगतिवादी साहित्यसिर्जना पनि यो आधारभूमिबाट पृथक रहन सक्दैन भन्दै यस कविता सङ्ग्रहका कविताको मूल स्वरको लेखाजोखा गर्दै शिल्प संरचनागत वैशिस्ट्यलाई पनि औंल्याउने उद्देश्य राखेको पाइन्छ । यो कविता सङ्ग्रहभित्र निम्नवर्गीय नेपाली समाजको आक्रान्त जीवनशैलीको सजिव चित्रण हुनका साथै कवितामा निम्नवर्गीय पात्रको जीवनशैलीसँग आफ्ना सुलभ अनुभूतिको एकाकार गरेर कविताको भावभूमिलाई अभिव्यञ्जित गर्ने प्रयास गरिएको उल्लेख पौडेलले गरेका छन् । आहुतिका प्रयाजसो कवितामा दर्दानक जीवन झेल्न विवश भएका पात्रपात्रा कविताका विषयवस्तु भएर आएको सन्दर्भमा

'तपस्वीका गीतहरू'मा पनि समाजका हरेक पक्षलाई समेटिएको हुनाले कम्तिमा मान्छे भएर जीउन चाहने ती लुटिएका पात्रलाई मुक्तिको गोरेटो देखाउने चेष्टाद्वारा यस संग्रहका कविता घनीभूत हुन पुगेको उल्लेख उनले गरेका छन् । यो कविता संग्रहमा भावको विविधता रहेकाले नै कतै हेपिएका नारी, कतै टुहुरा र निमुखा बालबालिका, कतै क्रान्ति त कतै आफ्नै जीवन भोगाइएका अनुभूतिहरू पनि आहुतिका कविताका विषयवस्तु बनेर आउने गरेका छन् भन्ने पौडेलको निष्कर्ष देखिन्छ । यो संग्रहको वैचारिक धरातलचाहिँ प्रगतिवाद नै हो भन्ने पौडेलको दृष्टिकोण रहेको छ । अहिले साम्राज्यवादी तथा संशोधनवादीहरूले विश्व कम्युनिस्ट आन्दोलनलाई दवाउने तथा पथभ्रष्ट बनाउने प्रयास गरे पनि तिनैलाई डस्ने गोमन सर्प बनेर आन्दोलन अगाडि बढेको छ भने अमेरिकी साम्राज्यवादलाई डस्ने त्यस्तै विषालु सर्पको रूपमा गोञ्जालोको चित्रण यहाँ गरिएको छ भन्ने दृष्टान्त पौडेलले दिएका छन् । पौडेलले यसरी स्वरका दृष्टिले क्रान्तिकारी परिवर्तनको उद्घोषणदेखि लिएर मानवीय जीवनका विविध पाटाहरूको सूक्ष्म चित्रण हुनुका साथै कवितामा समसामयिक, सान्दर्भिक तथा जल्दाबल्दा विषयले स्थान पाएको देखिन्छ भन्ने उल्लेख गरेका छन् ।

कवितामा भरिने कलात्मक रंगरोगन र बुनोट नै यसको शिल्पसंरचना अन्तर्गत पर्दछ । त्यसैले साहित्यका अन्यविधाका तुलनामा कवितामा सूच्यात्मकता, कलात्मकता र कल्पनाको आधिक्य रहनु पर्छ भन्ने पौडेलले उल्लेख गरेको पाइन्छ । कविताको बाह्य स.रचनाले आन्तरिक संरचनालाई पनि प्रभाव पार्ने हुँदा दुवै संरचना सघन र सुगठित भएमा मात्र कविताको मर्मलाई आत्मसात् गर्न सक्ने देखिन्छ । त्यसोहुँदा आहुतिका यस सङ्ग्रहभित्रका धेरैजसो कविता सघन र सुगठित संरचनामा बाँधिन सकेका छैनन् भन्ने निष्कर्ष पौडेलको देखिन्छ । कथ्य भाषाको प्रयोग गर्नुले यस सङ्ग्रहका कवितालाई सरल र बोधगम्य बनाएको छ, जनस्तरका विम्ब एवम् प्रतीकको चयन गरेर श्रमजीवी वर्गका जनताका मूल समस्यालाई आफ्ना अनुभूतिसँग समीकरण गरेर लेखिएका आहुतिका धेरैजसो कविता दुर्वल भन्दा पनि सवल पक्ष नै बढी पाइन्छ भन्ने ठहर पौडेलको छ ।

**'कवि केवलपुरे किसान र कविता सिर्जनाका स्वरहरू'** शीर्षकको समालोचनामा पौडेलले वि.सं. २०४६ को राजनीतिक परिवर्तनले जनजीवनलाई सरल एवम् व्यवस्थित नबनाई झनै जटिलतातिर धकेलेको अनुभव गर्दै राजनीतिक क्षेत्रमा सीमित मात्रामा खुकुलोपन देखिए पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कुनै सकारात्मक प्रभाव पर्न नसकेको साथै प्राकृतिक स्रोत विदेशीको पोल्टामा सुम्पन, बाह्य मुलुकको ऋणभार बढ्नु जस्ता कुराहरू उद्देश्यको रूपमा देखाएका छन् । कविले २०४६ सालको आन्दोलनपछि जुन किसिमको पारिपाटी हुन्छ भनेर प्राण आहुति दिन पनि पछि नपरेको तर त्यस्तो समतामूलक समाज र शासक-सत्ता सिर्जना हुन नसकेको ठहर रहेको पौडेलले उल्लेख गरेका छन् । यहाँनेर बोल्नसम्म पाइनुलाई झिनो उपलब्धिकोरूपमा स्वीकार्दै मूलतः नेपली जनताको बलिदान तुहिएको तथा जनताको त्यस्तो बलिदानलाई तुहाउने काम कसले गऱ्यो वा के कारणले तुहियो भन्ने सबैले बुझ्नु पर्नेतर्फ सचेत गराएका छन् भन्ने ठहर पौडेलको पाइन्छ । त्यसैगरी कविले संसद र संसदीय क्रियाकलापप्रति देखाएको वितृष्णाको स्वर एवम् वर्तमानको यही जीवन परिवेशलाई कविताका रूपमा वाणी दिनुका साथै संसदीय व्यवस्थाले सिर्जना गरेका विसङ्गतिको सूक्ष्म अवलोकन एवम् भण्डाफेर गर्ने कार्य भएको छ भन्ने उल्लेख पौडेलको पाइन्छ । त्यसैले वर्तमान संसदीय व्यवस्थाअन्तर्गतका सांसदलाई कविले एकातिर जाँडको घडासँग र अर्कोतिर आहालमा बसेर ठुम्स-ठुस्स गनाउने भ्यागुतासँग तुलना गरेका छन् भन्ने निस्कर्ष दिएका छन् ।

सबै नागरिकलाई आफ्नो राष्ट्र प्राण भन्दा प्यारो लाग्छ । मुलुकको शासन सत्तामा राष्ट्रघातीहरूको हात पर्नाले असमान सन्धी-सम्झौताहरू पनि भएका छन् । त्यसैले बारम्बार आफ्नो राष्ट्र र राष्ट्रियतामाथि सौदाबाजी भइरहेको विगत र वर्तमान परिप्रेक्ष्यमा राष्ट्रघातीलाई आफ्नो गाउँ, घर र आँगनबाट नै बाससमेत बस्न नदिइ लखेट्नु पर्छ भन्ने राष्ट्रवादी स्वर यसमा अभिव्यञ्जित भएको छ भन्ने निष्कर्ष पौडेलले दिएका छन् । मुलुकमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भए पनि नेपाली जनताले मौलिक अधिकार उपयोग गर्न पाएका छैनन् । साथै राष्ट्रघात,

जनहत्या, महङ्गी, लुटपाट आदिले देश आक्रान्त भएको अवस्थामा पनि जनसाधारणले संविधानको परिधिभित्र रहेर विरोध गर्न पाउने नैसर्गिक अधिकार पनि शासक वर्गबाट कुल्चने काम भएको उल्लेख पौडेलले गरेका छन् । पौडेलले जहाँसुकै जनतालाई ढुकुर मारे झै मार्ने काम सामान्य भएको छ, जसले बहुदलीय व्यवस्थाप्रति नै जनताको वितृष्णा भाव जाग्नु स्वभाविक हो भन्ने गरेका छन् । यस्तो स्थितिमा एउटा कवि मुकदर्शक भएर टुलुटुल हेरिरहन सक्दैन बरू यो स्थितिका विरूद्ध कलम तिखार्ने र शासकलाई घोच्ने काम गर्न थाल्छ, त्यही काम कवि किसानबाट भएकोछ भन्ने निष्कर्ष पौडेलले दिएका छन् ।

**'युद्धप्रसाद मिश्रः कवितायात्रा, विश्लेषण र मूल्याङ्कन'** शीर्षकको समीक्षात्मक लेखमा कवि युद्धप्रसाद मिश्रको कवितायात्राको निरूपण, विश्लेषण र मूल्याङ्कन गर्ने उद्देश्य पौडेलले राखेका छन् । कविता विधामा कलम चलाउने कवि मिश्रको चिन्तन र सिर्जनामा समयानुकूल आएको परिवर्तनले प्रगतिवादी सिर्जनामा उनको क्रियाशीलता रहेको देखिन्छ भन्ने पौडेलको धारणा छ । पौडेलले मिश्रको कवित्वको मूल्याङ्कन गर्ने यो प्रयासका सन्दर्भमा उनका खण्डकाव्यलाई समावेश नगरी फुटकर कविताको अध्ययनमै यो लेखलाई सीमित गरेका छन् । त्यसैले मिश्रको कविता यात्राको निरूपण, चरणगत रूपमा कविताको विश्लेषण तथा समग्र कविता सिर्जनाको मूल्याङ्कन गरी निष्कर्षसमेत संक्षिप्त रूपमा प्रस्तुत गर्नु सान्दर्भिक हुने ठहर पौडेलको देखिन्छ ।

पौडेलले युद्धप्रसाद मिश्रको कविता यात्रालाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई कालखण्डमा विभाजन गरेका छन् । पूर्वार्द्ध (१९८६-१९९९) भित्र पनि प्रथम चरण ( १९८६-१९९०) र दोस्रो चरण (१९९१-१९९९) र उत्तरार्द्ध (२०१७-२०४७) लाई पनि प्रथम चरण (२०१७-२०२५) र दोस्रो चरण (२०२६-२०४७) मा वर्गीकरण गरी दुई-दुई उपचरणमा विभाजन गरेको पाइन्छ ।

पौडेलले मिश्रको पूर्वार्द्ध (१९८६-१९९९) को कविता लेखन भित्र पर्ने प्रथम चरण (१९८६-१९९०) लाई अभ्यासिक लेखनको रूपमा लिएका छन् । यो समयमा

लेखनाथ पौडेल, सोमनाथ सिग्देल, चक्रपाणि चालिसे, शुम्भुप्रसाद ढुङ्गेल जस्ता स्थापित प्रतिभाहरू क्रियाशील थिए भने अर्कोतर्फ लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ आदि प्रतिभाहरूको आभ्यासिक लेखन देखिन्छ । यसै सेरोफेरोमा लेखनाथ पौडेलको प्रभाव र प्रेरणास्वरूप मिश्रले पनि कविताको अभ्यासिक लेखन शुरू गरेको देखिन्छ भन्ने उल्लेख पौडेलले गरेका छन् । यो चरणका उनका कविताहरू 'विद्यार्थी शिक्षा', अहिंसा प्रार्थना रहेको उल्लेख पौडेलले गरेका छन् । त्यसैगरी मिश्रको दोस्रो चरण (१९९१-१९९९) लाई स्वच्छन्दतावादी कविता लेखनको रूपमा लिन सकिने धारणा पौडेललको देखिन्छ । कवि मिश्रले परिष्कारवादी सिर्जन-परिवेशबाट कविता लेखनको अभ्यास गरे तापनि उनको आत्मद्रवित स्थिति, उन्मुक्त चिन्तन र तत्कालीन युग जीवनका भोगाइले उनी स्वच्छन्दतावादी कविता लेखनमा क्रियाशील भएको भन्ने निर्क्यौल पौडेलको पाइन्छ । यस चरणमा कवि मिश्रले चराको जीवन, चराको बोल, चन्चल मन, अनित्यमा नित्य, चरखण्डीको खोंच, जाबीको चरा, जलन, कवि, सूर्यघाटमा, नौ बज्यो, बनकालीमा, प्रेमपिण्ड, बनसित, पागल, जनको पागल बनको माली आदि कविता सिर्जना गरेका हुन भन्ने उल्लेख पौडेलको देखिन्छ ।

यसैगरी पौडेलले कवि मिश्रको उत्तरार्द्धचरणअन्तर्गत प्रथम चरण (२०१७-२०२५) मा आलोचनात्मक यथार्थवादी कविता लेखनको स्थिति रहेको उल्लेख गरेका छन् । यस चरणमा लेखिएका मिश्रका कविता 'बाढी' कविता संग्रहमा परेको देखिन्छ । यो सङ्ग्रहमा परेका ३९ वटा कविता मध्ये २८ वटा मात्रा यो चरणमा लेखिएका हुन भन्ने स्पष्ट धारणा पौडेलको छ । यस चरणका कवितामा परिवर्तनधर्मी स्वर, जीवनका जटिलताबाट मुक्तिको खोजी, जीवनप्रति आशा एवम् वर्तमानका विसङ्गतिप्रति विरोधका स्वर मुखरित भए पनि समाजलाई बुझ्ने र बदल्ने द्वन्द्वात्मक भौतिकवादी चिन्तनको अभाव देखिन्छ । त्यसो भएतापनि उनका यस चरणका कविताले उनी प्रगतिवादी सिर्जनातर्फ उन्मुख हुन लागेको सङ्केत स्पष्ट रूप दिइरहेको छ भन्ने निष्कर्ष पौडेलले दिएका छन् । पौडेलले उनको यसैअन्तर्गतको दोस्रो चरण (२०२६-२०४७) लाई प्रगतिवादी कविता लेखनको

स्थितिको रूपमा उल्लेख गरेका छन् । यस चरणमा मिश्रले क्रान्तिका नाउँमा एउटा तार, भित्रका श्री ढलेका, पर्दा छिट्टै खोलिद्यौ, ज्वालामुखीका शिखा, न्याय बनोल्नु हो बेमानी, बानर, लौन मैले के गर्न आदि कविताहरू रचना गरेको कुरा पौडेलले उल्लेख गरेका छन् । मिश्रले यो चरणका कवितामा भौतिकवादी चिन्तनलाई आत्मासात् गर्दै प्रगतिवादी विचारको अभिव्यक्ति दिएका छन् भन्ने ठहर पौडेलको देखिन्छ ।

पौडेलले समकालीन कविका बीचमा कविता लेखनकै स्थितिकै सापेक्षतामा भाव तथा शिल्पका दृष्टिले देखापर्ने सबलता र दुर्बलताका आधारमा नै मिश्रका समग्र कविता सिर्जनाको मूल्याङ्कन गर्न सकिने धारणा प्रस्तुत गरेका छन् । मिश्रले पूर्वार्द्ध चरणमा परिष्कारवादी धारबाट आभ्यासिक लेखनको शुरूवात् गरेपनि यसै चरणको उत्तराद्धतिर स्वच्छन्दतावादी कविता लेखनका साथै यही स्वच्छन्दतावादी सिर्जनाले नै कवि मिश्रलाई सफलताको उचाईमा पुऱ्याएको मूल्याङ्कन पौडेलको देखिन्छ । त्यसैगरी उत्तरार्द्धमा भने मिश्रले भौतिकवादी चिन्तनलाई आत्मसात् गर्दै प्रगतिवादी कविता लेखनकै उत्तरार्द्ध चरणमा गरेको देखिन्छ भने यही चरणको पूर्वाद्धमा भने आलोचनात्मक यथार्थवादी कविताहरू नै लेखेको पाइन्छ भन्ने धारणा पौडेलको छ । यसैगरी मिश्रका समग्र कविताहरूलाई मूल्याङ्कन गर्दा केही सबल पक्षका साथै केही दूर्वल पक्षहरू पनि भेटिन्छ भन्ने निष्कर्ष पौडेलले दिएका छन् ।

**'पाँच कविका पाँच थुङ्गा फूल : एक संक्षिप्त विश्लेषण'** शीर्षकको समालोचनामा पौडेलले ईश्वरचन्द्र ज्ञवालीको 'आगोका शब्दविम्ब' (२०६३) हरिगोविन्द लुइँटेलको 'निर्माणाधीन' स्नेह सायमीको 'पुल र पर्खालहरू' (२०६३) गणेश, भण्डरीको 'आस्थाको निहारिकाबाट' (२०६२) र विष्णु भण्डारीको 'देश जागेको बेला' (२०६३) कविताका थुङ्गा बग्रेल्ती छन् तर पनि यिनै पाँच थुङ्गाका विश्लेषण गर्ने उद्देश्य पौडेलले राखेको देखिन्छ ।

ईश्वरचन्द्र ज्ञवालीको **'आगोका शब्दबिम्ब'** (२०६३) मा युद्धलाई अर्घेलो ठान्ने र युद्ध थोपर्ने युद्धको निन्दा गर्ने र युद्धकै भरणपोषण गर्ने सुन्दर भविष्यको

खोजीमा जनस्तरबाट उठ्ने युद्धको आँधीबारे महिमा गान गाउने यस सग्रहभित्रका कविता युद्धसौन्दर्यसम्बन्धी चेतनाले खारिएका छन् भन्ने उल्लेख पौडेलले गरेका छन् । पौडेलले यस थुङ्गाभित्र एकथरी कविता खुनी शासकहरूको उत्पीडक, परपीडक एवम् दमनकारी प्रवृत्ति र विताण्डा शैलीको खोलुवा दिँदै शासकीय ढाँचा-ढर्राको खिल्ली उडाएका छन् भने यसै थुङ्गाअन्तर्गत अर्कोथरी कविताले सहिदको गाथा सुसेल्ने गर्दछन् भन्ने उल्लेख गरेका छन् । यसैगरी यसै थुङ्गामा यथास्थितिपरक रमझम विखण्डनकारी चिन्तन र  वितण्डा तडकभडकको धज्जी उडाएका छन् भन्ने उल्लेख पौडेलले गरेका छन् ।

अर्को थुङ्गा हरिगोविन्द लुँइटेलको निर्माणाधीन (२०६३) मा जम्मा ३७ वटा कविता बान्की मिलाएर राखिएको चर्चा पौडेलले गरेका छन् । कवि लुइँटेलका कवितामा वितण्डा राजनीति र शासनशैली, संसदीय व्यवस्थाभित्रका विसङ्गति, शान्ति सुरक्षाको वास्तविक स्थिति, स्रष्टाको सिर्जनकर्म र सामाजिक दायित्व तथा राष्ट्रिय अन्तर्राष्ट्रिय रूपलाई विषयवस्तु बनाएर अड्वाङ्गे प्रवृत्तिप्रति कर्के नजर मात्र लगाएका छैनन् बरू तिनको छेड्खानसमेत गरेका छन् भन्ने निष्कर्ष पौडेलले दिएका छन् । त्यसैगरी यस थुङ्गामा अर्का थरी कविता जसले युद्ध र शान्तिको मर्म खोतल्दै आमूल परिवर्तन र उन्मुक्तिकोअभिव्यञ्जना गर्दछन् भन्ने धारणा पौडेलको पाइन्छ ।

पौडेलको नजरमा परेको अर्को थुङ्गा स्नेह सायमीको **'पुल र पर्खाल'** हो । यस थुङ्गामा २०३६ सालदेखि हालसम्मका ३६ वटा कविताहरू समेटिएको पौडेलले बताएका छन् । साय्मीका कवितामा दुष्ट शासकहरू, संसदीय व्यवस्था, विदेशी शासक, राजनीतिज्ञहरू र कम्युनिस्टहरू साइनबोर्ड झुण्डाएर निरङ्कुश शैलीको अवलम्बन गर्नेहरूप्रतिको व्यङ्ग्य विरोध नै कविताका कच्चा सामाग्रीका रूपमा आएका छन् भन्ने निर्क्यौल पौडेलको पाइन्छ । त्यसैगरी साय्मीका अर्का थरी कवितामा आडम्वरीप्रवृत्ति, नाम मात्र क्रान्तिकारी भनिनेहरू, विकृति एवम् जनविरोधी संस्कृतिप्रति, उदण्ड एवम् भाँड नीतिप्रति तीखो व्यङ्ग्य र तीव्र विमति विरोधको स्वर पाइन्छ भन्ने निष्कर्ष पौडेलले दिएका छन् । साय्मीका कवितामा

भावमा ओज र खँदिलोपना, सुन्दर कवितात्मक शिल्प पाइनुका साथै उनका कविताले आमूल परिवर्तन र उन्मुक्तिको अभिञ्जना गरेका भन्ने छन् उनको ठहर छ ।

पौडेलको नजरमा परेको चौथो चुङ्गा गणेश भण्डारीको **'आस्थाको निहारिकाबाट'** रहेको छ । कवि भण्डारी जनयुद्धमा होमिएका दुई वर्षसम्म जेल परी विभिन्न यातना यन्त्रणा र प्रताडनासँग पौठेजरी खेल्दै जेलब्रेकजस्तो सम्वेदनशील तर सहासिक कार्य गर्न सफल कवि गणेश भण्डारीका कविता जनयुद्ध धनीभूत भएकै अवस्थामा लेखिएका हुनाले सबैजसो कवितामा युद्धआँधीका वेगमय यात्रा र पदचाप देखिनु स्वभाविक नै हो भन्ने उल्लेख पौडेलले गरेका छन् । युद्ध कठोर प्रक्रिया भए पनि भण्डारीका कवितामा जीवनसपेक्ष रूपमा कठोर र कोमल दुवै छन् । त्यसो हुनु भनेको युद्धलाई कठोरतामा मात्र नबुझेर कोमलतामा समेत बुझ्नु हो भन्ने निष्कर्ष पौडेलको पाइन्छ । भण्डारीका कवितामा सुन्दर विचार भए पनि सुन्दर लयविधान, सुन्दर बिम्बविधान अनि सुन्दर शब्द, पद र पदावलीको भने अभाव खट्किएको छ भन्दै उनका कवितामा प्रगतिवादी विचार पाउन सकिन्छ भन्ने ठहर पौडेलको देखिन्छ ।

पौडेलको नजमा परेका पाँचौ र अन्तिम थुङ्गा विष्णु भण्डारीको **'देश जागरेको बेला'** शीर्षकको कविता सङ्ग्रह देखिन्छ । यस थुङ्गामा भण्डारीले २०६२/०६३ को आन्दोलनलाई सेरोफेरोमा राखेर आन्दोलन भएका विभिन्न ठाउँहरू र आन्दोलनलाई दवाउन खोज्ने नाइकेहरूलाई समेत कविताको विषयवस्तु बनाएको उल्लेख पौडेलले गरेका छन् ।

कवितामा आवश्यकता, औंचित्य र सन्दर्भअनुसार निरङ्कुश शासन र उसका चाटुकारहरूको हीनतर चित्रण भएको देखिन्छ । साथै निरङ्कुश शासनको नाङ्गो उत्पीडन जनताको त्याग र उत्सर्ग, राष्ट्र र मुक्तिका लागि आत्मोसर्ग गर्ने योद्धाहरूको बयान तथा शासकबृत्तबाट भएका नरसंहारका दृष्टान्त पनि प्रायः जसो कवितामा पाउन सकिन्छ भन्ने निष्कर्ष पौडेलले दिएका छन् ।

**'कुञ्जिनी' काव्य एक दृष्टि अनेक'** शीर्षकको समीक्षात्मक लेखमा पौडेलले नेपाली कवितामा स्वच्छन्दतावादी लेखनलाई आमन्त्रण गरी नयाँ मोड ल्याउने प्रतिभाका रूपमा देवकोटालाई प्रस्तुत गर्दै देवकोटाले लेखेका दुई दर्जन खण्डकाव्यमध्ये उनलाई सफलताको शिखरमा पुऱ्यापउने 'मुनामदन' र 'कुञ्जिनी' खण्डकाव्य नै हुन भन्ने उल्लेख गर्दछन् । त्यसैले कुञ्जिनी खण्डकाव्यका विविध पक्ष र पाटाको अध्ययन अवलोकन गर्ने उद्देश्य पौडेलले राखेको पाइन्छ ।

**'कुञ्जिनी'** क्षीण कथा वस्तु भएको खण्डकाव्य हो जसमा **'मुनामदन'** मा जस्तो परिपुष्ट कथा वस्तु नभएको उल्लेख पौडेलले गरेका छन् । खण्डकाव्यको कथावस्तु धादिङ जिल्लाको झिल्टुङ्देखि गजुरी पेडासम्मको पहाडी परिवेश हुँदै अन्तर्राष्ट्रिय परिवेशसमेत सेरोफेरोमा आएका छन् । खण्डकाव्यमा गोरे र कुञ्जिनी एक आपसमा प्रेममा बाँधिएपछि गोरे कुञ्जिनीलाई माग्न ठालुसिंह कहाँ जान्छ तर उल्टो अपमान सहेर फर्कनु परे पनि केही समयपछि खोलाले बगाउँदै गरेकी कुञ्जिनीलाई गोरेले बचाउनुले ठालुसिङमा दया जागेको देखिन्छन् भन्ने उल्लेख पौडेलले गरेका छन् । परिमाणस्वरूप दुवैको विवाह गर्ने निधो पनि हुन्छ । सोही समयमा जर्मनको धावामा जानु पर्ने बाध्यता स्वरूप गोरेसहित १५ वर्ष भन्दा माथिका अरू गाउँले युवाहरू पनि जान्छन् । गोरे अब फर्किदैन भनी बाबुले अर्को केटासँग कुञ्जिनीको विवाह गर्ने निधो गर्दछ । तर आफ्नो पवित्र प्रेमलाई अर्कोसँग समर्पण गर्न नसक्ने देखी कुञ्जिनी कोल्पूखोलामा हामफालेर मर्छे जुन बेला जन्ती घरमा आएका हुन्छन् उता धावामा घाइते गोरेको पनि मृत्यु हुन्छ । यसरी नै ग्रामीण युवायुवतीमा हुने, प्रणय, मिलन अनि वियोगको कारूणिक तस्वीर देवकोटाको कुञ्जिनी खण्डकाव्यमा उतारिएको पाइन्छ भन्ने उल्लेख पौडेलले गरेका छन् ।

पौडेलले कुञ्जिनी खण्डकाव्यमा मानवीय भावना र आकांक्षाअनुरूप ग्रामीण युवायुवतीमा हुने प्रणयका साथै विश्वयुद्धको प्रसङ्ग पनि जोडिएर विषयवस्तुको रूपमा आएको उल्लेख गरेका छन् । यसमा कुञ्जिनी र गोरेको बीचको प्रणय सम्बन्ध घनीभूत भएर आएको उल्लेख गर्दै काव्यमा विश्वयुद्धको प्रतिबिम्बनका

साथै नेपाली परिवेशको पनि उल्लेख छ भन्ने धारणा पौडेलको छ । पौडेलले यस खण्डकाव्यमा देशप्रेम, प्रकृतिप्रेम र समाजचित्रण जस्ता कुराहरूले पनि पूर्ण रूपमा स्थान पाएको उल्लेख गरेका छन् । यति हुँदा हुँदै पनि शिल्प संरचनाका दृष्टिले खण्डकाव्य दुर्वल नै रहेको ठहर पौडेलको देखिन्छ ।

**'नेपाली कविता परम्परामा हास्यव्यङ्ग्य प्रयोगको रूपरेखा'** शीर्षकको समीक्षामा पौडेलले नेपाली कविता परम्परामा हास्यव्यङ्ग्य प्रयोगको स्वरूप त्यसको मूल प्रवृत्ति के कस्तो छ भन्ने बारे सिंहावलोकन गर्दै नेपाली कविताको तीनै कालमा हास्यव्यङ्ग्य प्रयोगको स्वरूप तथा मूल प्रवृत्तिलाई खोतल्ने प्रयास गरेको पाइन्छ । प्राथमिक कालीन नेपाली कवितामा हास्यव्यङ्ग्यको प्रयोगलाई खोतल्दै जाँदा नेपाली कवितामा पनि हास्यव्यङ्ग्यको थालनी लेख्य नेपाली कविताको शुरूवात्सँगै भएको हो, भन्ने उल्लेख पौडेलले गरेका छन् । प्रथमतः छिटफुट रूपमा हास्यव्यङ्ग्यको प्रयोग सुवानन्द दासका कविताबाटै भएको देखिन्छ तापनि कविताका क्षेत्रमा मौलिक र शसक्त प्रयोग भने भानुभक्तबाट नै भएको हो भन्ने ठहर पौडेलको देखिन्छ । त्यसबेलाको तत्कालीन समाजमा देखापरेका असङ्गति, शासनव्यवस्थामा देखिएको ढिलासुस्ती तथा अन्यायअत्याचारप्रति व्यङ्ग्य गर्ने प्रयत्न भानुभक्त, सन्त ज्ञानदिल दास बाट भए पनि भाषागत सौन्दर्य, व्यङ्ग्य प्रविधि र भावगत गाम्भीर्यताका दृष्टिले भने यिनका कवितामा पनि ऋणात्मक पक्ष नै देखापर्छन् भन्ने निष्कर्ष पौडेलको देखिन्छ ।

पौडेलले नेपाली कविताको माध्यमिक कालमा हास्यव्यङ्ग्यको प्रयोग आरम्भ मोतीराम भट्टबाट नै भएको उल्लेख गरेका छन् । यसका कालका अन्य हास्यव्यङ्ग्य प्रयोक्ता कविहरूमा रविलोचन जोशी, शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी छविकान्त शर्मा, पहलमानसिंह स्वाँर, देवीदत्त पराजुली, चक्रपाणी चालिसे, शम्भुप्रसाद ढुङ्गेल सोमनाथ सिग्देल आदि हुन् । यिनीहरूले आ-आफ्ना कवितामार्फत हास्यव्यङ्ग्य प्रस्तुत गरेका छन् भन्ने दृष्टान्त पौडेलले दिएका छन् । यसरी माध्यमिक कालका कविहरूले सामाजिक, आर्थिक, राजनैतिक तथा अन्य विविध क्षेत्रमा देखापरेका विसङ्गतिप्रति तीव्र व्यङ्ग्य नगरेर मूलतः

श्रृङ्गारधर्मी हास्यव्यङ्ग्यको प्रयोग यस कालका कविहरूले आफ्नी कवितामा गरेका छन् भन्ने निष्कर्ष पौडेलको देखिन्छ ।

आधुनिक कवितामा हास्यव्यङ्ग्यको प्रयोगलाई हेर्दा पूर्वीय मान्यतालाई छोडेर पाश्चात्य साहित्यमा प्रचलित व्यङ्ग्यका सापेक्षतामा जीवनजगत्को व्यापक सेरोफेरोलाई पकड्न खोजेको र पकडेको समेत छ भन्ने उल्लेख पौडेलको पाइन्छ । यो कालमा लेखनाथ पौडेलबाट शुरू भएको कवितामा हास्यव्यङ्ग्य लेखन बालकृष्ण सम, भूपि शेरचन, भैरव अर्याल, विमल निभा, हरिगोविन्द लुइटेल आदिले पनि आ-आफ्ना कवितामा हास्यव्यङ्ग्यको प्रयोग गरेको उल्लेख पौडेलले गरेका छन् । यो समयका कविहरूले आ-आफ्ना कवितामार्फत सामाजिक, राजनैतिक, आर्थिक सांस्कृतिक आदि पक्षदेखि लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जनजीवनमा देखापरेका उत्पीडन अन्याय, अत्याचार, तथा अनेक विसङ्गतिप्रति व्यङ्ग्यका गुलेलीले ठोक्ने काम भएको छ भन्ने ठहर पौडेलको देखिन्छ ।

**'तिवारीका कवितामा हास्यव्यङ्ग्य चेतनाको निर्माण र उनको हास्यव्यङ्ग्यात्मक कवितायात्रा'** शीर्षकको अध्ययनमा पौडेलले विकृतिग्रस्त समकालीन सामाजिक, आर्थिक तथा राजनीतिक परिपाटी र तिनले जन्माएका पीडा र असन्तुष्टि नै समष्टिगत रूपमा कवि तिवारीको व्यङ्ग्य चेतनाको निर्माणका लागि कारण तत्त्व हुन् भन्ने ठहर गरेका छ । यसरी पौडेलले तिवारीको हास्यव्यङ्ग्य कवितायात्रालाई प्रथम (२०१३-२०१९), दोस्रो (२०२०-२०२९) गरी दुई चरणमा विभाजन गरेका छन् । तिवारीका प्रथम चरणमा ४८ कविता रहे पनि १५ वटा विश्लेषणका लागि छनौट गरिएको पाइन्छ भने दोस्रो चरणमा ७९ मा हास्यव्यङ्ग्यको सशक्त प्रयोगका दृष्टिले १६ वटाको विवेचना पौडेलले गरेका छन् । पौडेलले दुवै चरणका विश्लेषणका लागि छनौट कविताको विषयवस्तु मूल कथ्य व्यङ्ग्य प्रविधि, आलम्बन, अभिधार्थ तथा व्यङ्ग्यार्थ आदिलाई आधार बनाएको उल्लेख गरेका छन् । जसको संक्षिप्त प्रस्तुत यहाँ गरिएको छ ।

गोपीन्द्र पौडेलले तिवारीका पहिलो चरणका 'पण्डितजी', 'बेफूर्सत', 'दरबार पसेकी नानी', 'अजब नेपाल', 'म चीन हुँ', 'जनतामा अपील', '३२५ नं. को कैदी', 'के आयो', 'मस्तिष्कको विकार', 'टुकुचालाई', 'गँजडी गुरू', 'बूढो मास्टर', 'शनिवारको विदा', 'इन्साफ' र 'खसीको टाउको' जस्ता शीर्षकका १५ वटा कविताको विवेचना गरेका छन् । यसपछि पौडेलले पहिलो चरणका कविताको निष्कर्ष प्रस्तुत गरेका छन् । पौडेलले यो चरणका तिवारीका विवेच्य कविताहरूमा सामाजिक, आर्थिक, राजनीतिक तथा साहित्यिक व्यङ्ग्य नै विषयवस्तुका रूपमा आएको निर्क्यौल गरेका छन् । यसैगरी तिवारीका कवितामा राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीतिक क्षेत्रमा देखापरेका वि.सं.ङ्गत अवस्थाप्रति व्यङ्ग्य, सामाजिक आर्थिक अवस्थाप्रति पनि व्यङ्ग्य प्रहार भएका छन् भन्ने निष्कर्ष पौडेलको छ । यस चरणका तिवारीका कवितामा पूर्वीय एवम् पाश्चात्य व्यङ्ग्य प्रविधिको प्रयोग गरेको पौडेलले उल्लेख गरेका छन् । यस चरणका तिवारीका कवितामा हास्य र व्यङ्ग्यको सहज सन्तुलन नभई व्यङ्ग्य प्रवल र हास्य गौण हुन गई सूक्ष्म हास्यको सिर्जना भएको कुरा पौडेलले औंल्याएको देखिन्छ । तिवारीका यस चरणका हास्यव्यङ्ग्यात्मक कविताको भाषिक प्रयोग सरल र सहज देखिन्छ तर व्यङ्ग्यका लागि अपेक्षित धारिलो र पाइन्दार भाषाको प्रयोग हुन नसक्नुले व्यङ्ग्य उत्कृष्ट र मर्मभेद्य हुन सकेको देखिन्न भन्ने ठहर पौडेलको पाइन्छ ।

पौडेलले तिवारीको दोस्रो चरणका हास्यव्यङ्ग्यात्मक कविताको सूची प्रस्तुत गर्दै भान्छे बाजे, मध्यम वर्गकी श्रीमती, आवेदन - पत्र, सिंहदबार, पुच्छर महात्म्य, तृप्ति, परिवार नियोजन, सुनकोशी र दूधकोशी, मान्छे, देवता, यहाँ कुकुरको पूजा हुन्छ, हामी, क्रिया बत्तीस पुतली, यो देश हावापानी आदि शीर्षकका कविताहरू स्तरीय रहेको उल्लेख गरेका छन् । यो चरणका कवितामा तिवारीले विषयवस्तुका दृष्टिले सामाजिक, आर्थिक, प्रशासनिक, धार्मिक, सांस्कृतिक तथा साहित्यिकतालाई प्रस्तुत गरेका छन् तापनि सामाजिक व्यङ्ग्य सशक्त रूपमा प्रस्तुत भएको उल्लेख पौडेलले गरेका छन् । व्यङ्ग्य प्रविधिका हिसावले तिवारीका यस चरणका कवितामा पूर्वीय र पाश्चात्य व्यङ्ग्य प्रविधिको प्रयोग भएको उल्लेख गर्दै प्रथम

चरण भन्दा दोस्रो चरणका कवितामा हास्यव्यङ्ग्यत्मक प्रविधिको सफल प्रयोग देखिन्छ भन्ने ठहर पौडेलको पाइन्छ ।

**'तिवारीको हास्यव्यङ्ग्य कवित्वको मूल्याङ्कन र निष्कर्ष'** शीर्षकको समीक्षामा पौडेलले पूर्वार्द्धमा भक्ति र कारूणिक कवितालेखनमा सक्रिय तिवारी उत्तरार्द्धमा आएर हास्यव्यङ्ग्यका यथार्थवादी फाँटमा प्रर्याप्त मात्रामा समर्पित हुँदै हास्यव्यङ्ग्यात्मक कविता लेखनलाई नै आत्मसात् गरेको उल्लेख गरेका छन् ।

पौडेलले सैद्धान्तिक परिप्रेक्ष्यमा तिवारीको हास्यव्यङ्ग्य कवित्वको मूल्याङ्कन गर्ने क्रममा तिवारीका कवितामा हास्य र व्यङ्ग्य दुवै किसिमको प्रयोग पाइने तर हास्य र व्यङ्ग्यको स्पष्ट पृथकता पाउन गाह्रो पर्छ भन्ने उल्लेख गरेका छन् । तिवारीको कवितामा विषयका दृष्टिले पनि विविधता पाइन्छ । उनले समाजमा सूक्ष्मतिसूक्ष्मदेखि विशेष महत्त्वका विषयलाई समेत आलम्बन गरेको देखिन्छ । त्यसैगरी समाजमा देखापरेका अभिल्दा पक्षलाई केस्रा-केस्रा केलाएर त्यसप्रति तीव्र व्यङ्ग्य गर्न र नेपाली समाजका अनेकन पाटालाई छिचोलेर त्यसमा भएका कमीकम्जोरिप्रति व्यङ्ग्य र आलोचनात्मक प्रहार गर्न तिवारी सफल छन् भन्ने निर्क्यौल पौडेलको पाइन्छ । यसरी विषयका दृष्टिले तिवारीका हास्यव्यङ्ग्यात्मक कवितामा विविध व्यङ्ग्यको प्रयोग भएको भए तापनि उनको विशेष सफलताचाहिँ सामाजिक व्यङ्ग्यको प्रयोगमा देखिन्छ भन्ने पौडेलको निष्कर्ष रहेको छ । हास्यव्यङ्ग्य प्रविधिको प्रयोग दृष्टिले पनि प्रविधिगत विविधता तिवारीका कवितामा पाइन्छ तर सबै प्रविधिमा भने एकैनासे सफलता तिवारीले प्राप्त गर्न सकेका छैनन् भन्ने धारणा पौडेलको देखिन्छ । तिवारीले व्यङ्ग्यका उपर्युक्त प्रविधिबाहेक आत्मव्यङ्ग्यलाई पनि प्रमुख प्रविधि पाइन्छ भन्ने ठहर पौडेलको रहेको छ । यसरी पूर्वीय तथा पाश्चात्य विविध व्यङ्ग्य-प्रविधिको प्रयोग तिवारीको हास्यव्यङ्ग्यक कवितामा भएको छ तापनि प्रमुख रूपमा व्यञ्जना, वाग्वैदध्य, वक्रोक्ति र आत्मव्यङ्ग्यको प्रयोग भएको देखिन्छ भन्ने उल्लेख पौडेलको पाइन्छ । भाषिक प्रयोगका दृष्टिले सरल तथा सुबोध्य भाषाको प्रयोग तिवारीका हास्यव्यङ्ग्यक कवितामा भएको देखिन्छ भन्ने ठहर पौडेलको छ ।

त्यसैगरी नेपाली हास्यव्यङ्ग्य कवितापरम्परामा तिवारीको हास्य व्यङ्ग्य कवित्वको मूल्याङ्कन गर्ने उद्देश्य यसमा राखिएको देखिन्छ । नेपाली कविता परम्परामा सुवानन्द दास, भानुभक्त आचार्य आदिबाट विजारोपण भएको हास्यव्यङ्ग्यको परम्परा माध्यमिक काल हुँदै आधुनिक कालमा आएर व्यापक रूपमा फैलिएको कुरा पौडेलले उल्लेख गरेका छन् । पौडेलले आधुनिकतामा विभिन्न सिद्धान्त र बादको थालनी नेपाली कविताका क्षेत्रमा गर्न सफल कविहरू लेखनाथ पौड्याल, लक्ष्मिप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, भूपि शेरचन आदिका तुलनामा विशुद्ध हास्यव्यङ्ग्य प्रयोगका दृष्टिले कवि तिवारी नै सफल रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

पौडेलले भीमनिधि तिवारीको नेपाली हास्यव्यङ्ग्य कवितापरम्पराका परिप्रेक्ष्यमा उनको हास्यव्यङ्ग्यात्मक कवित्वको मूल्याङ्कनबाट ठोस निष्कर्ष प्रस्तुत सकिने कुरा उल्लेख गरेका छन् । नेपाली हास्यव्यङ्ग्य कविता परम्परामा मात्रात्मक दृष्टिले तिवारीको महत्त्वपूर्ण स्थान देखिनुका साथै हास्यकार, व्यङ्ग्यकार र हास्यव्यङ्ग्यकार तीनै खालको व्यक्तित्व समाहित देखिन्छ । व्यङ्ग्यको समग्रतालाई हेर्दा तिवारीले आंशिक सफलता प्राप्त गरे पनि व्यङ्ग्य प्रयोगका प्रविधिलाई हेर्दा उनको केही पूर्ण र केही आंशिक प्रयोग पाइन्छ । तिवारीको कवितामा हास्यव्यङ्ग्य प्रवृत्तिलाई हेर्दा आलोचनात्मक यथार्थ रहे पनि उनी सामाजिक व्यङ्ग्यकारका रूपमा स्थापित छन् । तिवारीलाई नेपाली हास्यव्यङ्ग्य परम्परामा देवकोटापछि दोस्रो स्थान दिन सकिन्छ भन्ने निष्कर्ष पौडेलले दिएका छन् ।

### ४.३.२.२ कथाविषयक समालोचना

गोपीन्द्र पौडेलका कथासम्बन्धी समीक्षात्मक लेखहरू **'सौन्दर्यबोध र समीक्षा विविधि'** का साथै विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । यहाँ तिनको विश्लेषण उद्देश्य, विषय र शैलीका आधारमा गरिएको छ । 'हृदयचन्द्रसिंह प्रधानको कथाकारिताको विश्लेषण - मूल्याङ्कन' शीर्षकको समीक्षामा विषयको उठान,

प्रणयको चित्रण, वैचारिक पक्ष, शैली आदिलाई केलाउने उद्देश्य पौडेलले राखेका छन् । साहित्यकार हृदयचन्द्रसिंह प्रधानका **उसको आँशुका** (२०१२) **हृदयचन्द्रका केही कथाहरू** (२०५५) कथासङ्ग्रहका आधारमा उनको कथाकारिताको बारेमा विश्लेषणमूल्याङ्कन गरिएको छ ।

कथाकार हृदयचन्द्रसिंह प्रधानका कथामा एकातिर आर्थिक विपन्नता, सामाजिक शोषण, रूढि, अन्धपरम्परा आदिलाई विषयवस्तु बनाइएको छ भने अर्कोतिर प्रणयलाई पनि कथाको विषय बनाइएको उल्लेख यसमा पाइन्छ । यसै समयमा नेपाली कथाले एकपछि अर्को फड्को मारिरहेको परिप्रेक्ष्यमा कथाको कथ्य र शिल्पलाई नयाँ उचाइमा पुऱ्याउने काम गुरूप्रसाद मैनाली, पुष्कर शम्शेर, रमेश विकल, बालकृष्ण सम, भवानी भिक्षु, गोविन्द गोठालेजस्ता कथाकारहरूले गरिहेका दृष्टान्त प्रस्तुत गर्दै पौडेलले यी यस्तै सामाजिक-सांस्कृतिक परिवेशका बीचबाट प्रधान अन्य विधाका साथै कथालेखनमा पनि क्रियाशील भएका हुन् भन्ने उल्लेख गरेका छन् । प्रधानले आफ्ना अन्य साहित्यिक विधामा परम्परागत सामाजिक मूल्यमान्यताप्रति तीखो आलोचना गर्दै शोषक र शोषित वर्गवीचको अन्तर्विरोधलाई छिचोल्न सके पनि कथामा त्यसो गर्न नसकेको धाररणा पौडेलको देखिन्छ । कथाकार प्रधानले कथामा जेजति मात्रामा समस्यामूलक विषयको उठान गरेका छन् त्यसलाई छिचोल्ने वर्गीय चिन्तन तथा द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणको अभाव उनमा छ भन्ने ठहर पौडेलको पाइन्छ । उनका विचारमा कथाकार प्रधान आलोचनात्मक यथार्थवादी लेखनका सीमासम्म पुग्ने प्रयासमात्र गरेको तर त्यसको सीमालाई नाघेर अघि बढेको देखिदैन । उनका समकालिन कथाकारले प्राप्त गरेको भावगत् एवम् शिल्पगत उचाईका समकक्षमा प्रधान पुग्न सकेका छैनन् भन्ने निष्कर्ष पौडेलको देखिन्छ ।

**'समकालीन यथार्थ र कथालेखनका वैशिष्ट्य'** शीर्षकको समीक्षामा वर्तमानको समाजवादी-यथार्थवादी धाराअन्तर्गतको कथालेखनको वैशिष्ट्यका बारेमा अवलोकन गर्ने उद्देश्य गरिएको छ । पौडेलले २०३० सालदेखि यताको सम्पूर्ण समयावधिलाई समकालीनताभित्र समेट्ने गरिए पनि त्यसलाई छोट्याउँदै

ल्याउँदा तत्काल चलखेल गर्दै गरेको समय मात्रैलाई पनि समकालीनता मान्नु बाञ्छनीय हुने कुरा उल्लेख गरेका छन् । त्यसैले पौडेलका विचारमा नेपाली समाजका परिप्रेक्ष्यमा २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप पंचवायतको अन्त्य र बहुदलीय व्यवस्थाको पुनर्स्थापना हुँदै वर्तमानको तात्तालो समयप्रवाह नै समकालीनता हो ।

पौडेलले बहुदलीय व्यवस्थाअन्तर्गत देखिएका विसङ्गति, जनआन्दोलनका सहिदप्रतिको अपमान, कम्युनिष्ट पार्टी, नेता, राष्ट्रियतासम्बन्धी जटिल समस्या, विद्यमान सामाजिक विसङ्गति, सरकारद्वारा हुने दमन-हत्या आदि विविध विषयको प्रतिबिम्बन कथामा हुनु नै समकालीन कथालेखनका वैशिष्ट्य हुन भन्ने उल्लेख गरेका छन् । यसैक्रममा वर्तमानमा देखापरेका विविध समस्याको चिरफार गर्दै वर्तमानका विसङ्गतिको अन्त्य तथा सङ्गतपूर्ण समाजको निर्माणतर्फ अग्रसर हुनुपर्ने चेतनाको सञ्चार गर्नु पनि समाजवादी-यथार्थवादी कित्ताका कथारको वैशिष्ट हो भन्ने धारणा उनले प्रस्तुत गरेका छन् । पौडेलले दृष्टान्तस्वरूप समकालीन परिप्रेक्ष्यमा सक्रिय पहिलो पुस्ताका कथाकारहरूमा हरिहर खनाल, खग्रेन्द्र संग्रौलाका साथै दोस्रो पुस्ताका इस्माली, ऋषिराज बराल, घनश्याम ढकाल आदिको नाम उल्लेख गरेका छन् । त्यसैगरी पुण्य खरेल, हरिगोविन्द लुईटेल, तारा गाउँले, विवश वस्ती आदि कथाकारहरू पनि समाजवादी यथार्थवादी मान्यताअनुरूप नै आ-आफ्नो ठाउँबाट नयाँ नयाँ संभावनाको खोजी गर्दै अगाडि बढिरहेका छन् भन्ने निष्कर्ष पौडेलले प्रस्तुत गरेका छन् ।

**'हरिहर खनालका कथामा यथार्थको प्रतिबिम्बन'** शीर्षकको समीक्षामा पौडेलले वि.सं. २०२४ देखि कथा लेखन आरम्भ गरेका खनालको 'आकाश छुने डाँडोमुनि' (२०३८), 'देशपरदेश' (२०४६), 'बमको छिर्का' (२०४७) र 'विगत-आगत' (२०५५) गरी पाँचवटा कथासङ्ग्रह प्रकाशित भएको उल्लेख गरेका छन् । खनालको आरम्भदेखि हालसम्मको कथायात्रालाई तीन चरणमा विभाजन गर्न सकिने धारणा पौडेलको पाइन्छ । यिनै कथासङ्ग्रहको सिंहावलोकन गरी उनका कथामा यथार्थको प्रतिबिम्बनलाई केलाउने उद्देश्य पौडेलले राखेको देखिन्छ ।

पौडेलले वि.सं. २०२४ देखि वर्तमानसम्म निरन्तर रूपमा कथा-लेखनमा सक्रिय रहेका कथाकार हरिहर खनालका कथालाई आँकलन, गर्दा कथामा गतिशील यथार्थको प्रतिबिम्बन गर्ने प्रगतिवादी कथाकार हुन् भन्ने धारणा प्रस्तुत गरेका छन् । हरिहर खनाल समाजवादी यथार्थवादी दृष्टिकोण अनुरूप कथासिर्जना गर्ने कथाकार हुनाले केही कथाहरू आलोचनात्मक यथार्थवादसम्म सीमित रहे पनि अधिकांश कथाहरू समाजवादी यथार्थवादी दृष्टिकोणअनुरूप नै लेखिएका छन् भन्ने धारणा पौडेलको रहेको छ । त्यसैगरी खनालका कथामा किसान तथा सुकुम्बासीका समस्या र वर्गीय अन्तरविरोधको प्रस्तुति, नारीमाथि हुने शोषण, उत्पीडन तथा नारीअस्मिताको प्रतिबिम्बन, राजनीतिक-सामाजिक वितण्डा र विसङ्गतिको चित्रण, शैक्षिक समस्या, शिक्षकहरूको स्वाभिमान र सङ्घर्षको प्रतिबिम्न, लेखक-कलाकारका समस्या तथा लेखकीय मनोबृत्तिको प्रस्तुति, राष्ट्रिय भावनाको प्रतिबिम्ब तथा अतिक्रमणको विरोध, कर्मचारी प्रशासनभित्रका विसङ्गति र उत्पीडनको प्रस्तुति एवम् जनआन्दोलनको प्रतिबिम्न जस्ता विषयप्रसङ्ग खनालका कथामा प्रस्तुत हुनाले नै उनका कथामा यथार्थको प्रतिबिम्बन भएको छ भन्ने उल्लेख यहाँ गरिएका छ । पूर्वार्द्धको कथालेखनमा पोखिनुको हतारले कलात्मकताको समुचित निर्वाह नहुनु तथा उत्तरार्द्धमा यथार्थको सम्वेदनशील पक्षको प्रस्तुतिमा उदासीनता देखाउनु कथाकार हरिहर खनालका कम्जोरी हुन् भन्ने ठहर पनि पौडेलको देखिन्छ ।

**‘सन्दर्भ समकालीन कथालेखनको चर्चा ‘वेदना’ (कथाविशेष) का कथाको’** समीक्षात्मक लेखमा पौडेलले समकालीन कथालेखनका बारेमा सान्दर्भिक टिप्पणी गर्दै विशेषतः ‘वेदना’ (कथाविशेष) का कथाको छोटोमोटो विश्लेषण गर्ने उद्देश्य राखेको पाइन्छ ।

पौडेलले समकालीनताभित्र न त विगतको लम्बेतान इतिहासलाई समेट्न सकिन्छ न त आउँदो भविष्यलाई नै भन्दै २०४६ सालयताको नेपाली जीवनपरिवेश नै समकालीन कालखण्ड हो, समसामयिक समय सन्दर्भ हो भन्ने औंल्याएका छन् । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् राजनीतिक रूपमा केही खुकुलोपन आए

पनि समग्रमा राजनीतिक, आर्थिक तथा समाजिक शोषण-उत्पीडनका साथै दिनप्रतिदिन बढ्दै गएको राज्यआतंक र जनहत्याले विकराल रूप लिन पुगेको उल्लेख पौडेलले गरेका छन् । पौडेलले यही समकालीन नेपाली समाजको यथार्थ हो र यही यथार्थको प्रतिबिम्बन हुने गरी समकालीन कथाकारले समयसापेक्ष एवम् वस्तुसापेक्ष रूपमा आ-आफ्ना कथामार्फत प्रस्तुत गरेका छन् भन्ने उल्लेख गरेका छन् । समकालीन कथालेखनमा पनि सवल र दुर्वल दुवै पक्ष रहेको ठहर पौडेलको पाइन्छ ।

**वेदना**मा प्रकाशित यी कथाले समसामयिक जीवनपरिवेशको प्रतिनिधिमूलक प्रतिबिम्बन गर्ने हुनाले समकालीन कथालेखनको सङ्क्षिप्त अवलोकनपश्चात् विश्लेष्य सामग्रीका रूपमा यिनलाई अगाडि सारिनु बाञ्छनीय हुन्छ भन्ने स्पष्टोक्ति पौडेलको देखिन्छ । पौडेलले **वेदना** मा प्रकाशित कथाले २०४९ सालयता मुलुक र मुलुकबासी कंगाल जनले भोग्नु परेका वेथिति र विसङ्गतिका केस्रोकेस्रा केलाउने काम गरेका छन् भन्ने कुरा प्रस्तुत गरेका छन् । ‘वेदना’ का कथाले एकातिर सत्तास्वार्थ र राजनीतिक दाउपेचका निम्ति हुने गरेको लुछाचुँडीको परिदृष्य प्रस्तुत गरेका छन् भने अर्कोतिर आर्थिक शोषण र उत्पीडनको समेत लेश्नो काढ्ने काम गरेका छन् भन्ने ठहर पौडेलको देखिन्छ । पौडेलले **वेदना**का कथामा सरकारद्वारा चलाइएको हत्या तथा राज्यआतंकको विरोध गर्नुका साथै जनस्तरबाट भएगरेका बलिदानीपूर्ण घटनासन्दर्भ र भावनाको प्रतिबिम्बन भएको उल्लेख गरेका छन् । ‘बेदना’ का केही कथाले आलोचनात्मक यथार्थवादका सीमालाई नाध्न सकेका छैनन् भन्दै अधिकांश कथाहरू वर्तमानको सत्तासंरचना र त्यसअन्तर्गका विसङ्गतिको तीखो आलोचना गर्दै गणतन्त्रात्मक चेतनाको सम्प्रेषण गर्न सक्षम भएका छन् भन्ने निष्कर्ष पौडेलले दिएका छन् । **वेदना**मा प्रकाशित पाँच वटा कथा र उन्नाईसवटा लघुकथामध्ये कलामूल्यका दृष्टिले धेरै कथा सवल छन् भने केही दुर्वल भएको पनि पौडेलले औंल्याएका छन् । त्यसैगरी कलामूल्यका दृष्टिले सवलरहेका कथाहरूमा ‘सम्वेदना ‘माध्यम’, ‘प्रजातन्त्रको गणित’, ‘अँध्यारोमा अजामील’, ‘ऐठन’, ‘प्रजातन्त्र’, आईते गुट र मङ्गले गुट , ‘धन्यवाद नेप्टे सार्की’,

'एकादेशको एउटा निर्णय' आदिका साथै समसामयिक एवम् सान्दर्भिक विषयवस्तुको चयन गरिएका तर कलामूल्यका दृष्टिले दुर्वल रहेका कथाहरूमा 'अन्तराल', 'विसङ्गतिक एउटा पाटो', 'चोर चिहान', 'वर्खास्त', आदि रहेका छन् भन्ने दृष्टान्त पौडेलले प्रस्तुत गरेका छन् ।

**'स्मृतिका क्षण'** (२०६०) मा गोपीन्द्र पौडेलको 'कथामा पात्रको स्थान, चयन तथा वर्गीकरण,' शीर्षकको समालोचना प्रकाशित भएको पाइन्छ । पौडेलले यसमा विषयको उठान, पात्र चरित्रहरू, कथामा पात्रको चयनका आधार, वैचारिक आधारमा पात्रको वर्गीकरण, भूमिकाका आधारमा पात्रको वर्गीकरण, प्रवृत्तिका आधारमा पात्रको वर्गीकरण, क्रियाशीलताका आधारमा, आसन्नताका आधारमा, वर्गीय आधारमा आदि आधारमा वर्गीकरण गरेर अध्ययन, अनुशीलन गर्ने उद्देश्य राखेको देखिन्छ ।

पौडेलले मानवजीवनको उषकालदेखि आरम्भ भएको कथा निरन्तर गतिशील रहेको र यो कथा विगतदेखि वर्तमान हुँदै सूदुर भविष्यसम्म यात्रारत रहने छ भन्ने उल्लेख गरेका छन् । कथा लोकप्रिय साहित्यिक विधा हुनुका साथै यो लोकपरम्परामा हुर्केर पनि आधुनिक युगमा समाजसापेक्ष रूपमा विकसित गद्याख्यान हो भन्ने धारणा यसमा पाइन्छ । पौडेलले चरित्रहरू कथाका अनिवार्य तत्त्व हुन् जसको उपस्थितिविना कथाको परिकल्पना गर्न सकिन्न भन्दै कथामा त्राण संचार गरेर कथालाई जीवन्त एवम् गतिशील बनाउने माध्यम नै पात्र हुन् भन्ने दृष्टिकोण व्यक्त गरेका छन् । द्वन्द्वमय मानवसमाजको प्रतिबिम्बन कथामा हुने भएकै कारण कथाभित्रको समाजमा पनि त्यो द्वन्द्व चलिरहन्छ जसका क्रियात्मक कर्ता भनेकै पात्र हुन् भन्ने ठहर पौडेलको देखिन्छ । त्यसैले मानवजगत्मा जस्तै कथाजगत्मा पनि मानवीय क्रियाकलाप सञ्चालन हुनु स्वभाविक हो भन्ने उनको धारणा देखिन्छ । पौडेलले कथामा कथानक, कथावस्तु, घटना, द्वन्द्व, क्रियाव्यापार आदिसँग प्रत्यक्ष सम्बन्ध राख्ने पात्रहरूले कथालाई निश्चित मोड र गति, प्रदान गर्ने हुँदा कथामा पात्र विभिन्न आरोह अवरोहसँग अन्तर्सम्बन्धित हुँदै उद्देश्य प्राप्तिप्रति अग्रसर हुने विचार प्रस्तुत गरेका छन् ।

त्यसैगरी कथामा पात्रको चयन विषयवस्तु वा कथावस्तुका सापेक्षतामा हुनुका साथै वैचारिक चिन्तन एवम् वर्गीय आधारमा पनि गरिने धारणा पौडेलले प्रस्तुत गरेका छन् । पौडेलले कथामा पात्रको चयन गर्ने कार्य त्यति सरल नभएर कुशल एवम् कलात्मक कार्य हो भन्दै कथामा चलखेल गर्ने पात्र विभिन्न वर्ग, विचार, चिन्तन, कार्यशैलीबाट प्रभावित हुने हुनाले तिनको वर्गीकरण पनि औचित्यमूलक नै देखिन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । पौडेलले विभिन्न तात्पर्यमा पात्रहरूको वर्गीकरणलाई देखाउँदै कथामा पात्रलाई वैचारिक आधारमा क्रान्तिकारी, सुधारवादी र प्रतिक्रियावादी, भूमिकाका आधारमा मुख्य, सहायक र गौण, वर्गीय आधारमा उच्च, मध्यम र निम्न, प्रवृत्तिका आधारमा सकारात्मक र नकारात्मक, क्रियाशीलताका आधारमा स्थिर र गतिशील अनि आसनन्ताका आधारमा मञ्चीय र नेपथ्य गरी विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ भन्ने निष्कर्ष प्रस्तुत गरेको देखिन्छ ।

**'कथारचनामा स्रष्टाको जीवनदृष्टि र विचारतत्त्वको भूमिका'** शीर्षकको लेखमा पौडेलले कथारचनामा कथाकारको जीवनदृष्टि र विचारतत्त्वको प्रस्तुति के कसरी भएको हुन्छ र त्यसमा कस्तो भूमिका रहेको हुन्छ भन्ने कुरालाई देखाउने उद्देश्य राखेको पाइन्छ । कथा मानवजातिको इतिहास जत्तिकै पुरानो तथा लोकप्रिय विधा भएकोले नै यसले तमाम पाठकमनलाई आनन्दित मात्र पार्ने नभई मस्तिष्कलाई समेत परिष्कृत तुल्याई कर्मपथमा अग्रसर गराउँछ भन्ने दृष्टिकोण उनको पाइन्छ । पौडेलले कथाले पाठकलाई आशावादी तुल्याउनु, भविष्यप्रति भरोसा जगाउनु तथा सुन्दर भविष्यको निर्माणमा अग्रसर गराउनु कथाको मुख्य कार्य हो भन्ने धारणा व्यक्त गरेका छन् । तर सबैखाले कथाले त्यस्तो मानवकल्याणकारी कार्य गर्दैनन् । बरू उन्नत विचारले ओतप्रोत भएका कथाले मात्र त्यस्तो कार्य सम्पन्न गर्दछन् भने त्यस्तो उन्नत विचारका कथा सिर्जना गर्ने व्यक्ति नै प्रथमोप्रथम उन्नत विचारले बेष्ठित हुनु अपरिहार्य छ भन्ने स्पष्टोक्ति पौडेलको देखिन्छ । त्यसैले पौडेलले मार्क्सवादी विश्वदृष्टिकोणलाई बुझेको स्रष्टाले मात्रै त्यस्तो उन्नत कथाको रचना गर्न सक्ने स्पष्ट धारणा व्यक्त गरेको पाइन्छ ।

जुन कथास्रष्टाले मार्क्सवादी विश्वदृष्टिकोणलाई बुझेको छ उसले मात्र जीवनका समस्त पक्षलाई द्वन्द्वात्मक रूपमा बुझ्ने र सोहीअनुरूप नै सुस्पष्ट वैचारिक एवम् वर्गीय दृष्टिकोणको निर्माण गर्न सक्दछ भन्दै वस्तुतः उसले द्वन्द्वशील समाजको शाश्वत प्रक्रियालाई बुझेर नै कथामार्फत समुन्नत एवम् शाश्वत विचारको सम्प्रेषण गर्दछ भन्ने विचार पौडेलको रहेको छ । उनले कथामा विचार अनिवार्य एवम् केन्द्रीय तत्त्व भएकाले त्यसको सोझो सम्बन्ध कथामा अन्य संरचक घटकसित पनि हुने गर्दछ भन्ने कुरा उल्लेख गरेको पाइन्छ । पौडेलले कथाका संरचक घटकहरू कथानक पात्र, दृष्टिविन्दु परिवेश, भाषा-शिल्प आदिमा विचारको सम्मिक्षण हुने हुनाले कथारचनाका सन्दर्भमा विचारतत्त्वको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ तापनि यसो भनेर कथाको कतात्मक एवम् सौन्दर्यात्मक महत्त्वलाई घटाउन खोजेको नभई अझ सुस्पष्ट तथा खँदिलो बनाउन खोजिएको हो भन्ने निष्कर्ष दिएको पाइन्छ ।

**'पैयुँ फुल्न थालेपछि वैशिष्ट्यगत सर्वेक्षणका सन्दर्भमा'** शीर्षकको समालोचनामा पौडेलले प्रगतिवादी नेपाली कथापरम्परामा नवीन विषयले प्रवेश पाएको र छुट्टै पहिचान बोकेको कथासङ्ग्रह हो भन्दै 'पैयुँ फुल्न थालेपछि' कथासङ्ग्रहभित्र रहेका कथाहरूको वैशिष्ट्यगत सर्वेक्षण गर्ने उद्देश्य राखेको पाइन्छ । पौडेलले पैयुँ फुल्न थालेपछिका कथाले उदीयमान यथार्थ, सक्रिय यथार्थ, गतिशील यथार्थ र समग्रमा भन्दा नेपाली समाजको प्रतिनिधि यथार्थको प्रतिबिम्बन गर्दछन् भन्ने उल्लेख गरेका छन् । त्यसैगरी आरम्भदेखि आजसम्म प्रगतिवादी नेपाली कथाले उठान गरेको गाउँले फाटाहाहरूको शोषण-उत्पीडन, सामन्ती शोषण, वितण्डा सामन्ती संस्कृति, वर्गीय चिन्तन र चेतनाको प्रस्तुति, नारीमाथि हुने अनेक प्रकारका शोषण-उत्पीडन र वेचविखन, साम्राज्यवादी युद्धआतङ्क, बसाइँ-सराइ र विदेशिने समस्या, सरकारी उत्पीडन, धोका एवम् षड्यन्त्र आदि विषयप्रसङ्को प्रस्तुति यस सङ्ग्रहका कथामा छैन तापनि यी सबैको निष्कर्षस्वरूप वर्गसङ्घर्षको सघन प्रस्तुति भने भएको छ भन्ने ठहर पौडेलको देखिन्छ । यस कथासङ्ग्रहमा द्वन्द्वरत नेपाली समाजको प्रतिबिम्बन हुनुका साथै विशेष गरेर

युद्धकालीन घटनाप्रसङ्ग र परिवेशको प्रस्तुति यस सङ्ग्रहका कथामा हुन गएको छ भन्ने मनसाय पौडेलको देखिन्छ । पौडेलले यसमा सङ्गृहीत प्रायजसो कथाहरू ग्रामीण जीवनपरिवेशमा आधारित छन् र त्यसमा पनि युद्ध प्रभावित क्षेत्र रोल्पा, रूकुम, सल्यान, सुर्खेत, जाजरकोट आदि जिल्लाका विभिन्न स्थानको परिवेश रहेको दृष्टान्त प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका कथामा विषयगत नवीनता पनि छ र प्रस्तुति एवम् संरचनागत सघनता पनि छ भन्ने उल्लेख पौडेलको पाइन्छ । यति हुँदाहुँदै पनि केही कम्जोरी पनि रहेको ठहर उनको देखिन्छ । पौडेलले संभवतः युद्धको सघन प्रस्तुतिका दृष्टिले प्रगतिवादी नेपाली कथापरम्परामा यस सङ्ग्रहलाई महत्त्वपूर्ण प्राप्ति मान्न सकिन्छ भन्दै युद्धमय नेपाली समाजको ऐतिहासिक साक्षी पनि मान्न सकिन्छ भन्ने कुरा पौडेलले औंल्याएका छन् । यस सङ्ग्रहमा सङ्गृहीत बाह्रवटा कथामध्ये विषयवस्तुको प्रभावकारिता र कथाकलाको समुचित संयोजनका दृष्टिले ‘पैयुँ फुल्न थालेपछि’ गन्तव्यप्रति आगमनप्रत्यागमन र ‘स्पर्श’का तुलनात्मक रूपमा स्तरीय कथा हुन्, प्रतिनिधि कथा हुन् भन्ने निष्कर्ष पौडेलले प्रस्तुत गरेका छन् ।

**‘नेपाली लघुकथा परम्परा र समकालीन प्रवृत्ति’** शीर्षकको समालोचनामा पौडेलले लघुकथासम्बन्धी सैद्धान्तिक अनुशीलन नगरेर नेपाली लघुकथालेखनको परम्परा र यसको समकालीन स्थिति के कस्तो छ भन्ने बारेमा चर्चा गर्ने उद्देश्य राखेको पाइन्छ । पौडेलले नेपाली साहित्यका परिप्रेक्ष्यमा गद्यआख्यानको लोकप्रिय एवम् लघुतम् प्रवर्ग लघुकथाको सिर्जन आरम्भ २००७ सालदेखि भएको हो भन्ने धारणा अघि सारेका छन् । लघुकथालेखनका दृष्टिले (२००७-२०२९) सालसम्मको समयलाई पहिलो चरणअन्तर्गत राखी यो चरणमा पूर्णप्रसाद ब्राह्मणको **झिल्को** (२००७) तथा जयनारायण गिरीको **कसिङ्गर** (२००८) लाई दृष्टान्तका रूपमा प्रस्तुत गर्दै पौडेलले यो चरण अत्यन्त शिथिल रहेको धारणा व्यक्त गरेका छन् ।

त्यसैगरी वि.सं. २०३० - वि.सं. २०४५ सम्मलाई दोस्रो चरणमा राखी यस चरणमा प्रकाशित विश्वम्भर प्याकुरेलको **इन्द्रेणीको गुम्बभित्र** (२०२९), अनिता तुलधरको **फूलु** (२०३४), लव गाउँलेको **‘गाउँका मसिना कथाहरू’** (२०३७)

विनयकुमार कसजूको **'पशुतन्त्र'** (२०३९) आदि लाई दृष्टान्तस्वरूप पौडेले प्रस्तुत गरेका छन् । पौडेलले वि.सं. २०४६ देखि हालसम्मलाई तेस्रो चरण मान्न सकिने भन्दै विनयकुमार कसजूको **लिस्नो** (२०५३), हरिहर खनालको **'विगत-आगत'** ( २०५५ कथा लघु कथा), हरिगोविन्द लुइँटेलको **'समय र पोखरी'** (२०५६), कुसुम ज्ञवालीको **'सहीदले विर्सेको गाउँ'** (२०६०) आदिलाई यस चरणका लघुकथा परम्पराको दृष्टान्तको रूपमा प्रस्तुत गर्दै यो चरण लघुकथालेखनको दृष्टिले उत्तरोत्तर उर्वर रहेको कुरा औंल्याएको पाइन्छ । त्यतिमात्र होइन विभिन्न पत्रपत्रिकाको प्रकाशन तथा विभिन्न संघसंस्थाबाट आयोजना गरिएका गोष्ठी र प्रतियोगिता जस्ता क्रियाकलापले पनि लघुकथापरम्परालाई उत्तरोत्तर उर्जाशील बनाएको छ भन्ने विचार उनको देखिन्छ । पौडेलले समकालीन लघुकथामार्फत प्रतिनिधि यथार्थको चयन र विचारको उदात्तिकरणमा समकालीन कथास्रष्टाको रूचि र सीप दुवै देख्न सकिन्छ भन्दै सघन, सूच्यात्मक एवम् भङ्गीपूर्ण प्रस्तुति तथा अन्तर्वस्तु र रूपका बीचको सापेक्ष सम्बन्धका माध्यमबाट उन्नत विचारको सम्प्रेषण जस्ता कुरा समकालीन लघुकथाका प्रवृत्तिका रूपमा रहेको पाइन्छ भन्ने निष्कर्ष दिएका छन् ।

**'द्वन्द्वरत नेपाली समाज र समयका कथा'** शीर्षकको समालोचनामा नेपाली कथामा द्वन्द्वको प्रभाव, द्वन्द्वको प्रकृति र ढाँचा तथा प्रवृत्ति र दिशालाई प्रष्ट्याउने उद्देश्य राखिएको छ । पौडेलले समाज र युगजीवनको सम्यक् प्रस्तुति हुने कथामार्फत नेपाली समाजमा विद्यमान द्वन्द्वको पनि यथार्थपरक प्रस्तुति भएको छ भन्ने उल्लेख गरेका छन् । त्यसैगरी कतिपय गीत र संस्मरणका तुलनामा कथामा द्वन्द्वको सघन प्रस्तुति हुन नसक्नुका पछाडि विधागत सीमा र समस्या पनि देखिन्छ तापनि मात्रात्मक रूपमा द्वन्द्वको प्रतिबिम्बन गर्ने कथाको सङ्ख्या अपेक्षाकृत रूपमा थोरै भए पनि गुणात्मक मूल्यका दृष्टिले सन्तोषजक स्थिति रहेको पाइन्छ भन्ने ठहर पौडेलको रहेको छ । पौडेलले २०५२ सालयता नेपाली समाजमा घनीभूत भएको द्वन्द्व र द्वन्द्वरत नेपाली समाजका वैविध्यलाई कथालेखनको विषयसामग्री बनाएर नेपाली जनताको परिवर्तन र उन्मुक्तिको चहानाप्रति गम्भीर

चासो र चिन्ता नेपाली कथाकारले कथामार्फत प्रस्तुत गरेका छन् भन्ने उल्लेख गरेका छन् । यसै सिलशीलामा रमेश विकलको 'आतंकवादी', खगेन्द्र संग्रौलाको 'रोल्पाको रमिता' र ॠषिराज बरालको 'आजभोलिको गीत' र 'एउटा बनमान्छेको कथा' आदि कथाहरूलाई दृष्टान्तस्वरूप प्रस्तुत गर्न सकिन्छ भन्ने धारणा उनको देखिन्छ । यस समयावधिका कथाको विषयवस्तु, पात्र तथा परिवेश द्वन्द्वरत नेपाली समाज नै हो भन्ने दृष्टिकोण उनको देखिन्छ । पौडेलले वर्तमानको कथामार्फत नेपाली समाजका अन्तर्विरोधको प्रस्तुति तीव्र रूपमा भएको छ र नेपाली समाजको गतिलाई वर्तमानको कथालेखनले आत्मसात् गर्दै सुन्दर भविष्यको आमन्त्रण गरेको छ भन्ने कुरा निष्कर्षस्वरूप प्रस्तुत गरेका छन् ।

**'आधुनिक नेपाली कथापरम्परामा चरणविभाजनका समस्या र तिनको समाधान'** शीर्षकको लेखमा पौडेलले नेपाली कथाको चरण विभाजनसम्बन्धी विभिन्न मतको सर्वेक्षण तथा खण्डन गर्दै साहित्यिक-सांस्कृतिक गतिविधि र तिनले स्थापित गरेको औंचित्यका आधारमा आधुनिक नेपाली कथाको चरण विभाजन गर्ने उद्देश्य राखिएको उल्लेख गरेका छन् । पौडेलले प्रथामिक र माध्यमिककालीन कथालेखन नै आधुनिक कालको पृष्ठभूमि हो भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । आधुनिक नेपाली कथाका बारेमा विभिन्न विद्वान्द्वारा गरिएका चरणविभाजनको सर्वेक्षण गर्दा तिनको समयसीमा तथा नामाङ्कन वस्तुगत नभएको राजनीतिक - सामाजिक सम्बन्धिप्रति उदासिन रहेर रूपरचनालाई चरणविभाजनको विशेष आधार मानिएको तथा समयसीमा र सिर्जनप्रक्रियाको यथार्थपरक प्रस्तुति हुन नसकेको देखिन्छ भन्ने ठहर उनको देखिन्छ । पौडेलले वि.सं. १९९२ देखि वर्तमानसम्मको साहित्यिक सांस्कृतिक गतिविधि, तिनले कथालेखनमा पारेको प्रभाव र औंचित्यालाई मध्य नजर राख्दै राजनीतिक - सामाजिक एवम् साहित्यिक-सांस्कृतिक सम्वन्धका आधारमा आधुनिक नेपाली कथालाई प्रथम चरण (१९९२-२००७), दोस्रो चरण (२००८-२०१६) तेस्रो चरण (२०१७-२०३५), चौथौ चरण ( २०३६-२०४५) र पाँचौ चरण (२०४६-हालसम्म) गरी पाँच चरणमा विभाजन गर्न सकिने विचार प्रस्तुत गरेका छन् । पौडेलले आधुनिक नेपाली कथाको आरम्भ

उठानका दृष्टिले प्रथम चरणको महत्ता विशिष्ट रहनुका साथै कठोर प्रकृतिको राणाशासन विधमान रहेकै अवस्थामा यथार्थवादी कथालेखनको चेष्टा हुनुलाई यस चरणको महत्त्वपूर्ण उपलब्धि मान्न सकिने धारणा व्यक्त गरेका छन् । यस चरणमा क्रियाशील विश्वेश्वरप्रसाद कोइराला, बालकृष्ण सम, रूपनारायण सिंह, गोविन्द गोठाले, भवानी भिक्षु, भीमनिधि तिवारी आदि कथाकारहरूको नाम उल्लेख गर्दै गोविन्द गोठालेको 'कथासङ्ग्रह' (२००३), बी.पी. कोइरालाको दोषी चस्मा (२००६), र ईश्वर बरालको सम्पादनमा 'झ्यालबाट' (२००६) समेतको प्रकाशन हुनुलाई थप उपलब्धिको रूपमा मान्न सकिने तथ्य पौडेलले प्रस्तुत गरेका छन् ।

पौडेलले दोस्रो चरण समयसीमाका दृष्टिले छोटो भए पनि अत्यन्त उर्वर कालखण्ड एवम्आधुनिक शिल्पविन्यास तथा विचार विन्यासका दृष्टिले सबल रहेको औंल्याएका छन् । यस चरणका कथास्रष्टाले राजनीतिक विसङ्गति, विद्रूपता तथा अवसरवादी चरित्रप्रति कठोर आलोचना गर्नुका साथै उन्मुक्तिको अभिव्यञ्जना पनि दिएका छन् भन्ने ठहर पौडेलको देखिन्छ । यस चरणमा रमेश विकल, तारानाथ शर्मा, बल्लभमणि दाहाल, चूडामणि रेग्मी, पोषण पाण्डे, माया ठकुरी, मदनमणि दीक्षित आदि कथाकारहरूले कथाको क्षेत्रमा कलम चलाउनुका साथै समाजवादी-यथार्थवादी, सामाजिक यथार्थवादी एवम् मनोवैज्ञानिक कथालेखनमार्फत यस चरणको कथालेखनले नेपाली समाज र जीवनको अन्तरकुन्तरमा प्रवेश गरेको पाइन्छ भन्ने निष्कर्ष उनको देखिन्छ ।

पौडेलले तेस्रो चरणमा राजनीतिक कठोरताका कारण कथालेखनमा पनि चरम सङ्कट परेको अनि कतिपय कथाकारहरू लेखनबाट पलायन हुनु परेको भन्दै गैरप्रगतिवादी कथाकारहरूले कथासम्बन्धी सर्वस्वीकृत मान्यतालाई भत्काएर अकथात्मक लेखनतिर उन्मुख हुनु परेको दृष्टिकोण उनको पाइन्छ । यस चरणमा इनद्रबहादुर राई, ध्रुबचन्द्र गौतम, पारिजात, मनुब्राजकी, मोहनराज शर्मा, खगेन्द्र संङ्ग्रौला, हरिहर खनाल, नारायण ढकाल, ऋषिराज बराल आदि कथाकारले कलम चलाएको पाइन्छ भन्दै यो चरणको पूर्वार्द्ध गैरयथार्थवादी कथालेखनको समय हो

भने उत्तरार्द्ध क्रमशः यथार्थवादी कथालेखनतर्फ अभिमुख रहेको समयावधि हो भन्ने पौडेलको धारणा छ ।

पौडेलले चौथो चरणमा २०३५/०३६ सालको जनसङ्घर्ष र जनमतसङ्घर्ष पछि आधुनिक नेपाली कथामा उदीयमान नयाँ चेतना र सम्भावनास्वरूप नयाँ मोडको थालनी भएको चर्चा गरेका छन् । मूलतः यस चरणमा आइसकेपछि कथामार्फत पञ्चायतविरोधी चेतना अधिक रूपमा सम्प्रेषण हुन थाल्नु, जसको परिणाम निरङ्कुश व्यवस्थाको आडमा हुने शोषण-उत्पीडन सामन्ती थिचोमिचो, शासकीय उत्पीडन, प्रहरी प्रशासनको दमन तथा जनजीवनसम्बन्धी यावत् समस्याको प्रतिबिम्बन हुन गएको पाइन्छ भन्ने ठहर उनको देखिन्छ । यस चरणमा खग्रेन्द्र सङ्ग्रौला, हरिहर खनाल, पारिजात, ऋषिराज बराल, हरिगोविन्द लुइँटेल, ध्रुबचन्द्र गौतम, किशोर पहाडी, परशु प्रधान, शैलेन्द्र साकार आदि कथाकारले कलम चलाएको र सबैजसो कथाकारको धेरथोर चासो र चिन्ता २०४६ सालको आमन्त्रण गर्नुमा थियो भन्न सकिन्छ भन्ने निष्कर्ष उनले दिएका छन् ।

पौडेलले पाँचौ चरणको कथालेखनमा मुलुकमा विद्यमान विसङ्गति र वेथितिप्रति कठोर आलोचना एवम् व्यङ्ग्यात्मक स्वर भेटिए तापनि जुन गति र उर्जाका साथ २०४६ सालपछिको कथालेखन अगाडि बढ्नु पर्ने हो त्यो स्थिति पटक्कै देखिदैन भन्ने धारणा व्यक्त गरेका छन् । पौडेलले यस चरणमा ऋषिराज बराल, घनश्याम ढकाल, दिल साहनी, सी.पी गजुरेल, गङ्गा श्रेष्ठ, पुन्य कार्की, हरिगोविन्द लुइँटेल आदि कथाकारहरूको नाम उल्लेख गर्दै समग्रमा भन्नु पर्दा यस चरणको कथालेखनले उत्तरोत्तर गतिशील हुँदै सङ्क्रमित नेपाली समाजको दिशालाई आत्मसात् गरेको देखिन्छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

**'जनयुद्धकालीन नेपाली कथामा जनयुद्धको प्रतिबिम्बन'** शीर्षकको समालोचनामा पौडेलले जनयुद्धको एतिहासिक प्रक्रियाबाट नेपाली सौन्दर्यचिन्तन तथा सिर्जनाका क्षेत्रमा नयाँ प्रतिमान स्थापित हुनुका साथै यसै सन्दर्भमा नयाँ यथार्थ, नयाँ प्रारूप र सिर्जनमूल्यमा पनि परिवर्तन आएको छ भन्ने विचार प्रस्तुत

गरेका छन् । वर्गबोध, समाजबोध र सिर्जनाबोधले सिर्जनप्रक्रिया र स्रष्टामा नयाँ उलर्जा थपेको कारण जनयुद्धसिर्जित नयाँ यथार्थको धरातलमा गोता लगाउने क्रममा प्रगतिवादी नेपाली कथाले पनि नयाँ प्रतिमानलाई आत्मसात् गर्न पुगेको छ भन्ने अभिमत पौडेलले दिएको पाइन्छ । पौडेलले खासगरेर वि.सं. २०५२ देखि धनीभूत भएको वर्गीय द्वन्द्वसँगै कथारचनामा पनि नयाँ यथार्थले प्रवेश पाएको औंल्याएका छन् । यसरी कथामा नयाँ यथार्थको प्रतिबिम्बन गरेर कलम चलाउने पुरानो पुस्ताका सी.पी गजुरेल, ऋषिराज बराल, घनश्याम ढकाल हुँदै जनयुद्धको प्रक्रियासँग कलम चलाउने नयाँ पुस्ताका कमल निओल, सरला रेग्मी, हीरामणि दुःखी, श्यामकुमार बूढा, प्रभात चलाउने, कुमार शाह, झक्कप्रसाद पुनलगायतका दर्जनौ कथाकारको जन्म भएको दृष्टान्त उनले प्रस्तुत गरेका छन् । पौडेलले यो समयमा बममान्छेको कथा, सैन्य उपहार, पैयुँ फुल्न थालेपछि **प्रतिरोध, आजको महाभारत, जनसभाका यात्रीहरू, स्पातले बनेका मान्छेहरू, मध्य रातमा, चुँडाल्दै बन्धनहरू,** आदि दर्जनौ कथासङ्ग्रहरू पनि प्रकाशित भएका छन् भन्ने दृष्टिकोण राखेका छन् । पौडेलले विश्लेषण गरिएका १२ वटा कथालाई विषय प्रवृत्तिगत आधारमा चार वर्गमा रेखाङ्कन गरिएको भए तापनि एउटा कथामा अनेक विषय प्रवृत्ति पनि पाउन सकिन्छ भन्दै विषय - प्रवृत्तिको मात्रा मात्रै फरक देखिन्छ भन्ने धारणा व्यक्त गरेका छन् । जनयुद्धको प्रतिबिम्बन गर्ने कथामा नयाँ यथार्थको प्रतिबिम्न हुनुका साथै अग्रगामी चेतनाको सम्प्रेषण गर्ने सौन्दर्यात्मक /कलात्मक निधिको रूपमा रहेका छन् जसको माध्यमबाट नेपाली कथापरम्परामा नयाँ प्रतिमानको उपस्थापन हुन गएको छ भन्ने निष्कर्ष उनले दिएका छन् ।

**'दाहालको कथाकारिता कथासाक्ष्यमा सन्दर्भमा'** शीर्षकको लेखमा पौडेलले विभिन्न कोणबाट दाहालको कथाकारिताको मूल्याङ्कन गर्ने उद्देश्य राखेको देखिन्छ । पौडेलले दाहालको कथाकार व्यक्तित्व प्रमुख एवम् महत्त्वपूर्ण पाटो नभए पनि कथाकारका रूपमा उनलाई चिनाउने सातवटा कथा मात्रै उपलब्ध छन् भन्दै उनको सिर्जनात्मक सीपसम्बन्धी सम्भावना पर्याप्त हुँदा हुँदै पनि कथासिर्जनाले निरन्तरता पाउन सकेको देखिदैन भन्ने धारणा दिएका छन् । अन्य प्रगतिवादी

कथाकार सरह दाहाललाई पनि कथासिर्जनातर्फ उत्प्रेरित गर्ने मुख्य कारक तत्त्वको रूपमा २००७ सालको सङ्क्रमणपछि मुलुकमा जुन खुकुलो सिर्जनपरिवेशको निर्माण भयो त्यसैलाई नै लिन सकिन्छ भन्ने धारणा उनको देखिन्छ । पौडेलले मार्क्सवादी चिन्तन तथा प्रगतिवादी सिर्जनसम्बन्धी मान्यताबाट सम्बल प्राप्त गर्दै कथालेखनमा क्रियाशील भएका दाहालले यो कार्यलाई भने निरन्तरता दिन सकेको देखिदैन भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । दाहालले लेखनसिर्जनसम्बन्धी अभ्यासकै क्रममा पनि समाजका तल्लो वर्गका पात्रहरूले भोग्नु परेका समस्या तथा तत्सम्बन्धी विसङ्गतिको चिरफार र आमूल परिवर्तनसम्बन्धी सन्देश उनका कथामा पाइनु महत्त्वपूर्ण प्राप्ति हुन् भन्ने विचार उनको देखिन्छ । पौडेलले दाहालका कथामा प्रयुक्त विषयप्रसङ्गमा विविधता देखिनुका साथै उनका कथामा सामाजिक, आर्थिक, शैक्षिक एवम् सांस्कृतिक विषयको प्रयोग भेटिन्छ भन्ने उल्लेख गरेका छन् । विषयवस्तुको यही सेरोफेरोअन्तर्गत विशेषतः दाहालका कथामा आर्थिक सामाजिक विपन्नता विरूपावस्थाका साथै गाउँले मुखिया र सामन्तद्वारा हुने अनेक शोषण उत्पीडनप्रति व्यङ्ग्य र विरोध दुवै देख्न सकिन्छ भन्ने उनको धारणा रहेको छ । दाहाल विचारको उदात्तीकरणमा जति सचेत देखिएका छन् त्यति वर्गीय द्वन्द्वको सिर्जना उनका कथामा हुन नसक्नुलाई ऋणात्मक पक्ष हो भन्ने पौडेलले गरेका छन् । पौडेलले प्रगतिवादी सिर्जनधर्मअनुरूप नै दाहालका कथामा यथास्थितिको आलोचना मात्र नभएर आमूल परिवर्तनसम्बन्धी वस्तुवादी दृष्टिकोणको पनि प्रस्तुति भएको छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । दाहालका कथामा विचारको गम्भीरताअनुरूप शैल्पिक विन्यास हुन नसकेकै देखिए तापनि उनको आभ्यासिक लेखन हुनाले प्रगतिवादी कथापरम्पारमा दाहालको पहिचान र योगदान सुरक्षित रहेको छ भन्ने ठहर उनको पाइन्छ । पौडेलले गतिशील एवम् प्रतिनिधि यथार्थको चयनले नै दाहालका कथा जीवन्त बनेका छन्, अनि पठनीय बनेका छन्, भन्दै त्यसैले यहाँ उल्लेख्य सीमित कुथुङ्ग्रीहरू नै उनको कथाकार व्यक्तित्वको पहिचान हुन् सर्जकका रूपमा दाहाललाई जीवित राख्ने सञ्जीवनी हुन् भन्न सकिन्छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन्

**'भोको रात'** अर्थात् भोगमुक्त जीवनको कथा' शीर्षकको भूमिकामा पौडेलले जनयुद्धको महान् प्रक्रियामा हेलिएका कमल निओलले युद्धमा संलग्न हुँदाका कठोर एवम् कोमल अनुभूतिलाई कलात्मक एवम् आख्यानात्मक वान्की दिएको हुँदा आख्यानात्मक विधामा समाज र युगजीवनका आरोह-अवरोध एवम् घात प्रतिघातको जीवन्त प्रस्तुति हुने परिप्रेक्ष्यमा निओलका आख्यानात्मक कृति त्यसका दृष्टान्त बनेका छन् भन्ने धारणा पौडेलको देखिन्छ । आन्दोलनबाट सिर्जनउर्जा र वैचारिक निष्ठा प्राप्त गर्ने स्रष्टा हुन् कमल निओल भन्दै सङ्घर्षमय जीवनका कथामा हेलिदै कथासिजर्ननामा सक्रिय रहेका कमल निओल कथामार्फत जीवनका विभिन्न झाँकीहरू प्रस्तुत गर्दै कथामय जीवनका बीचबाट कथैकथाको मन्थन गरेर सुन्दर कथा कुद्ने कथाकार कथाबाटै जीवनलाई छाम्न उद्यत देखिन्छन् भन्ने दृष्टिकोण पौडेलको पाइन्छ । पौडेलले यसअघिको कथासङ्ग्रह **'नयाँ इतिहास'** को तुलनामा प्रस्तुत **'भोको रात'** कथासङ्ग्रह अन्तरवस्तु र रूप दुवैको प्रस्तुतिमा केही नयाँपन र परिपक्कता समेत रहेको छ भन्ने निर्क्योल दिएका छन् ।

माओवादी पार्टी युद्धको सघन प्रक्रियाबाट संवाद, सहमति र सहकार्य हुँदै शान्तिप्रक्रियामा अगाडि बढ्दै जाँदा लेखिएको प्रस्तुत सङ्ग्रहमा कथाकार निओल झण्डै विषयान्तर हुन खोजेका छन् भन्दै पौडेलले अधिकांश कथामा आर्थिक विपन्नता, विसङ्गत जीवनशैली, वितण्डा संस्कृति र पुरातन जीवनमूल्यको ओलचना त भएको छ तर दशएघार वर्षे जनयुद्धको महान् प्रक्रियामा जेजति कथा, व्यथा र गाथाका अनन्त शृङ्खला निर्माण भएका छन् तिनको प्रतिबिम्बनप्रति कथाकारको उदासिनता रहन गएको छ भन्ने उल्लेख उनले गरेका छन् । त्यसैगरी पौडेलले उनको यस संङ्ग्रहमा परेका नौ वटा कथामध्ये 'युद्धको गाथा र मान्छेको कथा' शीर्षकको कथाले मात्रै जनयुद्धको सघन प्रक्रियाद्वारा निर्मित नयाँ यथार्थको प्रतिबिम्बन गर्दछ भन्ने भाव व्यक्त गरेका छन् । पौडेलले कथाकार कमल निओलनको साघना, सिर्जन उर्जा र लगावले सबै प्रकारका अवसरवाद र विचलनका विरूद्ध क्रान्तिकारी सिर्जनप्रक्रियालाई आत्मसात् गर्दै भविष्यमा पनि त्यसलाई निरन्तरता दिनुपर्छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

### ४.३.२.३ स्रष्टाविषयक समालोचना

गोपीन्द्र पौडेलका जीवनी र व्यक्तित्वसम्बन्धी स्रष्टापरक समीक्षात्मक लेखहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका छन् । यहाँ तिनीहरूको विश्लेषण विषयवस्तु उद्देश्य, निष्कर्ष, एवम् वैचारिक आधारमा प्रस्तुत गरिएको छ ।

**'प्रगतिवादी साहित्य चिन्तन र लेलिन'** शीर्षकको लेखमा पौडेलले कला-साहित्यलाई उपयोगिताको दृष्टिले हेर्ने तथा सौन्दर्यात्मक दृष्टिले मूल्याङ्कन गर्ने वस्तुसम्मत धारणाले शुरूवात् दर्शनका क्षेत्रमा मार्क्सवादको उदयपछि मात्र भएको हुँदा मार्क्सले आरम्भ तथा स्थापना गरेको साहित्यसम्बन्धी चिन्तनको यसै धरातलमा लेनिनको सौन्दर्यशास्त्रीय दृष्टिकोण, विचार र चिन्तको महल निर्माण भएको छ भन्ने धारणा व्यक्त गरेका छन् । लेलिन चेर्निशेष्स्की, वेलिन्स्की, नेक्रासोव, हर्जेन, म्याक्सिम गोर्की, दोस्तोब्स्की जस्ता महान् लेखक र उनीहरूका कृतिबाट प्रभावित भएको दृष्टान्त दिँदै त्यसमा पनि यथार्थवादी रचना र रचनाकारको प्रभाव उहाँमा सर्वाधिक मात्रामा रहेको पाइन्छ भन्ने ठहर पौडेलको देखिन्छ । पौडेलले कला-साहित्यको आवश्यकता, उपयोगिता तथा प्रयोगधार्मिताका सम्बन्धमा प्रस्तुत भएका लेलिनका सौन्दर्य चिन्तनसम्बन्धी विचारहरू अत्यन्तै सारगर्मित रहेका छन् भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । लेलिनले कलासाहित्यलाई सर्वहारा वर्गको पार्टी राजनीतिसँग जोडेर हेरिनु पर्ने आवश्यकताअनुरूप पार्टी साहित्यकै निर्माण गर्ने कुरा बताउनु भएको छ जुन उहाँले उठाउँनु भएका साहित्यसम्बन्धी सवालमध्ये यो चर्चित र महत्त्वपूर्ण सवालको रूपमारहेका छ भन्ने उनको निक्यौंल रहेको छ । यसैगरी द्वन्द्वात्मक दृष्टिकोण, लेखकीय प्रतिबद्धता, सौन्दर्यचेतना तथा समाजबोधको एकत्वबाट नै समाजबादी यथार्थवादी साहित्य सिर्जना हुन सक्ने देखिन्छ भन्दै लेनिनका कला-साहित्यसम्बन्धी यी मान्यताहरू परिवर्तनधर्मी लेखक, पाठक तथा शुभचिन्तक सबैका लागि मननीय र अनुकरणीय छन् भन्ने निष्कर्ष उनको पाइन्छ ।

**'श्यामप्रसाद शर्मा : प्रलेसदेखि मुक्ति पुरस्कारसम्म'** शीर्षकको समालोचनामा पौडेलले शर्माको शुरूदेखि अहिलेसम्मको चिन्तन, सिर्जन र क्रियाशीलतालाई खोतल्ने उद्देश्य राखेको पाइन्छ । पौडेलले प्रलेसबाट थालिएको श्यामप्रसाद शर्माको करीव आधा शताब्दीको युगान्तकारी - गरिमामय इतिहास पुनः प्रलेस हुँदै महेन्द्र प्रज्ञा पुरस्कार र मुक्ति पुरस्कारमा आएर विटुलिएको जानकारी दिन्छन् । व्यक्तित्वका विभिन्न पाटामा छरिनु भएका शर्मा लेखन सिर्जनका क्षेत्रमा उत्तरोत्तर उर्जाशील नहुनु तथा पुरातन प्रकृतिको उपदेशकर्ता हुनुलाई ऋणात्मक पक्षको रूपमा लिन सकिने धारणा उनको पाइन्छ । पौडेलले श्यामप्रसाद शर्माको समग्र क्रियाशील जीवनवृत्तका सापेक्षतामा उनको वैचारिक तथा सिर्जनात्मक यात्रालाई तीन प्रमुख मोडमा विभाजन गर्नु उपयुक्त देखिन्छ भन्ने मत जाहेर गरेका छन् । शर्माको २००२ सालदेखि २०२४ सालसम्म पहिलो मोड रहेको यो उनको चिन्तन, सिर्जन र क्रियाशीलताका दृष्टिले उर्वर काल हो भन्ने विचार पौडेलको देखिन्छ ।

त्यसैगरी २०२४ सालदेखि २०४७ सालसम्म दोस्रो मोड त्याग, तपस्या र साधनका बीचमा पनि चिन्तन र सिर्जनाका दृष्टिले खस्कँदो अवस्था नै हो भने २०४७ सालदेखि २०५१ सालसम्मको शर्माको तेस्रो मोड चिन्तन र सिर्जनाका दृष्टिले प्रगतिवादी साहित्यिक सांस्कृतिक आन्दोलनप्रति उदासीनता तथा क्षयोन्मुख संस्कृति र सत्तासँग सम्झौतापरस्त हुँदै गएको अवस्था हो भन्ने उनले औंल्याएका छन् । पौडेलले प्रलेसको स्थापना, नेपाली प्रगतिवादी साहित्यमा संगठित प्रयासको थालनी, विभिन्न पत्रपत्रिकामार्फत प्रगतिशिल साहित्यको प्रचारप्रसार उनका यस क्षेत्रमा महत्त्वपूर्ण योगदान हुन् तर उत्तरोत्तर खस्कँदै गरेको चिन्तन-पद्धति र त्यसैको परिमाण स्वरूप पुरस्कारद्वारा प्रतिध्रुवीय सँस्कृतिको जगेर्ना गर्ने शपथ शर्माको प्रगतिवादी साहित्यिक सांस्कृतिक आन्दोलनबाट विसर्जनको सङ्केत हो भन्ने निष्कर्ष पौडेलले दिएका छन्

**'कृष्ण सेन इच्छुक : व्यक्ति एक व्यक्तित्व अनेक'** शीर्षकको लेखमा पौडेलले इच्छुकका व्यक्तित्वका विभिन्न पाटाहरूलाई खोतल्ने उद्देश्य राखेको पाइन्छ ।

पौडेलले कृष्ण सेन इच्छुकमा कवि व्यक्तित्व, राजनीतिक व्यक्तित्व, पत्रकार व्यक्तित्वका साथै प्रेरक व्यक्तित्व, समाजसेवी व्यक्ति, सङ्गठक व्यक्तित्व तथा सांस्कृतिक व्यक्तित्व पनि रहेका छन् भन्नु बाञ्छनीय हुने धारणा दिएका छन् । वि.सं. २०३२ मा मातृभूमि साप्ताहिकमा 'भोलिप्रति' शीर्षकको कविता छपाएर कविता लेखनको औंपचारिक आरम्भ गरेका इच्छुकका **शोकाञ्जली** (२०४८) **इतिहासको यस** घडीमा (२०५६), **बन्दी र चन्द्रागिरी** (२०५८ लामो कविता) गरी तीनवटा काव्यकृति प्रकाशित हुनु र **'पर्खालभित्रका बन्द आवाजहरू'** नामक कवितासङ्ग्रह पनि प्रकाशनको सङ्घारमा रहनुले इच्छुकले आर्जन गरेका व्यक्तित्वका विभिन्न पाटामध्ये कवि व्यक्ति सर्वाधिक प्रभावशाली र महत्त्वपूर्ण रहेको ठहर उनको देखिन्छ । पौडेलले इच्छुक विद्यार्थी राजनीतिदेखि नै कम्युनिष्ट पार्टीसँग आबद्ध हुँदै आउनुभएको र राजनीतिलाई नै समाजरूपान्तरणको सशक्त माध्यम ठान्ने इच्छुक सँस्कृतिकर्मीका साथै कुशल राजनीतिज्ञ पनि हुनु हुन्थ्यो भन्ने कुरा उहाँको राजनीतिक क्रियाशीलताबाट स्पष्ट हुन गएको छ भन्ने धारणा राखेका छन् । पौडेलले इच्छुकले पत्रकारिता क्षेत्रमा क्रियाशील रहँदा सहकर्मी मित्रलाई मात्र सही सूचना सम्प्रेषण लागि उत्प्रेरित गर्नुभएन अपितु गैरजनपक्षीय पत्रकारसमेतलाई सही सूचना सम्प्रेषणका लागि प्रेरित गर्नुहुन्थ्यो भन्ने उल्लेख गरेको पाइन्छ ।

इच्छुक न्यायका पक्षमा कलम चलाउने होनहार योद्धा एवम् जनताका सच्चा मित्र हुनुहुन्थ्यो भन्ने सत्यतथ्यको जानकारी उहाँको सम्पादकीय टिप्पणी तथा समसामयिक अभिव्यक्तिबाट पनि प्राप्त गर्न सकिने निष्कर्ष उनले दिएका छन् । पौडेलले कृष्ण सेन इच्छुकमा मार्क्सवादी दर्शन र कम्युनिष्ट राजनीतिप्रति गहिरो आस्था भएकै कारण समाजबोध तीव्र समाजबोधका साथै जिम्मेवारी बोध र कर्तव्यबोध पनि थियो भन्ने अभिमत जाहेर गरेका छन् । इच्छुक राजनीतिक, कलासाहित्य तथा पत्रकारिताका माध्यमबाट समाजसेवामा समर्पित व्यक्तित्व साथै कुशल सङ्गठक व्यक्तित्व पनि हुनुहुन्थ्यो भने उहाँ सङ्गठन निर्माणका क्रममा रोल्पा, रूकुम, प्यूठान, सल्यान, जाजरकोटलगायत जिल्लामा क्रियाशील एवम्

पार्टीको विभिन्न तहमा रहेर कार्य गर्नुले पनि सो कुराको पुष्टि हुने उल्लेख पौडेलको पाइन्छ । पौडेलले इच्छुक विभिन्न सङ्घर्षलाई केन्द्रमा राख्दै अघि बढ्ने एवम् आफ्नो जीवनलाई सङ्घर्षको खातिर बलिदान दिने एक सङ्घर्षशील एवम् बलिदानी व्यक्तित्व हुनुहुन्थ्यो भन्ने औंल्याएका छन् । निरन्तर रूपमा सामन्ती एवम् पूँजीवादी - साम्राज्यावादी संस्कृतिका प्रतिध्रुवमा उभिएर जनताको संस्कृतिको उत्थानमा संलग्न जनसंस्कृतिका हिमायती अनि नेपाली सांस्कृतिक आन्दोलनका शिखर पुरूष हुन भन्ने दृष्टान्त पौडेलले प्रस्तुत गरेका छन् ।

**'इच्छुक : सिर्जनचेत, सौन्दर्यचेत र उन्नत संस्कृतिका त्रिवेणी'** शीर्षकको लेखमा पौडेलले सिर्जनात्मक कार्यका लागि कलाचेतना धेरै स्रष्टमा हुन सक्छ तर गम्भीरता भने कमै मात्र स्रष्टा हुँदो रहेछ भन्दै त्यस्तो गम्भीरताले ओतप्रोत स्रष्टाको रूपमा इच्छुकलाई पनि उभ्याएको उल्लेख रेका छन् । पौडेलले धेरै स्रष्टाहरू आफ्नो सिर्जनकर्मप्रति इमान्दार बन्न सक्दैनन्, जुन कुरा चाहेर पनि सम्भव नहुने भन्दै जीवनप्रति, समाजप्रति, उत्पीडित जनताप्रति र क्रान्तिकारी विचारप्रति गम्भीर र इमान्दार नहुँदासम्म सिर्जनकर्मप्रति इमान्दार हुन सकिँदो रहेनछ भन्ने गतिलो दृष्टान्तका रूपमा कृष्ण सेन इच्छुकलाई प्रस्तुत गर्न सकिन्छ भन्ने विचार व्यक्त गरेका छन् । समाजप्रतिको उत्तरदायित्वबोधले नै इच्छुकलाई सिर्जनकर्मप्रति बढी गम्भीर र इमानदार बनाएको देखिन्छ भन्ने भनाइ पौडेलको रहेको छ । पौडेलले इच्छुकका कविता या त यस्तै उकाली ओराली गर्दा लेखिएका छन् या त जेलका चिसा छिँडीभित्र बस्दा लेखिएका हुनाले तिनमा जीवनबोध र सिर्जनचेत सगबगाएको हुनका साथै उच्चउदात्त सिर्जनमूल्य खचाखच हुन्छ भन्ने औंल्याएका छन् । इच्छुकमा तीव्र सौन्दर्यचेत पाइन्छ र सिर्जनकर्मप्रति गम्भीरता र भरोसा छ, त्यति मात्र होइन सौन्दर्यचेत र सिर्जनमूल्यका बीचमा अनौठो समीकरण भएको छ जुन सबै क्रान्तिकारी सर्जकहरूका लागि अनुकरणीय रहेको ठहर पौडेलको देखिन्छ । पौडेलले अनौठो र उच्चखालको सचेतता, गम्भीरता र सौन्दर्यमोहले नै इच्छुकलाई महान् सांस्कृतिक योद्धाका रूपमा परिचित गराउनुका

साथै सिर्जनचेत, सौन्दर्यचेतका साथै सुदूर भविष्यसम्म चियाउने क्रान्तिकारी भविष्ट्दृष्टि खचाखच थियो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

**'शब्दश्रद्धाञ्जली : रमेश विकललाई'** शीर्षकको लेखमा पौडेलले दिवङ्गत स्रष्टा विकलप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दै उनका साहित्यिक एवम् व्यक्तित्वका पाटाहरूलाई खोतल्ने उद्देश्य यसमा राखेको देखिन्छ । मातृवात्सल्यबिहीन परिवारिक जीवनभोगाई र सामन्ती सत्तासंरचनाले सङ्गारेको कठोर सामाजिक परिवेश नै विकलको लागि सिर्जन उर्जा र प्रेरणा बनेको हुनसक्छ भन्ने जानकारी पौडेलले दिएका छन् । पौडेलले विकलका अनेक व्यक्तित्व र आयम रहेका छन् भन्ने उल्लेख गरेको देखिन्छ । पौडेलले प्रशासक विकल, शिक्षासेवी, प्राध्यापक एवम् सम्पादक व्यक्तित्व यी विकलका परिधीय व्यक्तित्वका पाटा रहेको र यसका अतिरिक्त कथाकार, बालकथाकार, उपन्यासकार, नाटकका एवम् निबन्धकार व्यक्तित्व पनि रहेको दृष्टान्त प्रस्तुत गरेका छन् । यसरी विकलका यी व्यक्तित्वमा पनि उनलाई साहित्यका क्षेत्रमा उचाइमा पुऱ्याउने सन्दर्भमा कथाकार व्यक्तित्व नै बढी उर्वर र प्रभावशाली रहेका दृष्टिकोण पौडेलले राखेका छन् । पौडेलले विकलको नेपाली कथासाहित्यमा अग्रणी स्थान र महत्त्वपूर्ण योगदान रहनुका साथै सिङ्गो नेपाली समाज र विशेषतः काठमाडौं आसपासका ग्रामीणनगर जीवनमा देखापर्ने घटनाहरूलाई विषयालम्बन बनाउँदै तिनलाई कथाकलाको साँचोमा ढालेर निश्चित आकार र बान्की दिने कुशल शिल्पी भएको उल्लेख गरेका छन् । पौडेलले प्रगतिवादी नेपाली कथाको आरम्भ गर्ने सन्दर्भमा विकलको पनि महत्त्वपूर्ण योगदान रहेको छ भन्दै गोविन्दप्रसाद लोहनी, भवानीप्रसाद शर्मा, जगत्मोहन अधिकारी, नारायणचन्द्र गौतमसँगै रमेश विकलको पनि प्रगतिवादी नेपाली कथाको आरम्भ र उत्थानका क्रियाशील भूमिका रहेको तथ्य प्रस्तुत गरेका छन् । विकलका कथामा सामन्ती सत्ताद्वारा संरक्षित वितण्डा संस्कृति अनि मुखिया द्वारे, जिम्दार, तालुकदार, साहूमाजन आदिद्वारा थोपरिएको सामन्ती उत्पीडनको चिरफार र दोहन गर्ने कार्य भएको पाइन्छ भन्ने धारणा पौडेलले व्यक्त गरेका छन् । पौडेलले आउँदा दिनहरूमा विकलको योगदानको उचित मूल्याङ्कन गर्दै नेपाली समाजको

रूपान्तरणमा सक्रिय सहभागिता देखाउनु नै विकलका प्रतिको सच्चा सम्मान हो भन्दै अतः श्रद्धेय स्रष्टा विकलप्रति यिनै शब्द श्रद्धाञ्जली अर्पण गर्न सकिन्छ भन्ने निष्कर्ष पौडेलले व्यक्त गरेका छन् ।

**'ताराकान्त पाण्डेको आलोचना : शैलीगत वैशिष्ट्य'** शीर्षकको समालोचनामा पौडेलले ताराकान्त पाण्डेका प्रकाशित कृतिका आधारमा उनका द्रष्टा व्यक्ति र वैशिष्ट्यको खोजी गर्नु मुख्य उद्देश्य रहेको उल्लेख गरेका छन् । नेपाली साहित्यिमा चालीसको दशकदेखि आलोचनाको क्षेत्रमा सक्रिय रहेका पाण्डे प्रगतिवादी समालोचक हुन् भन्ने पौडेलले जनाएका छन् । पौडेलले पाण्डेयको समालोचक व्यक्तित्वको स्पष्ट पहिचान दिने तीनवटा समीक्षात्मक कृतिहरूका साथै अन्य फुटकर समीक्षात्मक लेखहरू पनि विभिन्न पत्रपत्रिकामा छरिएर रहेकालाई नै दृष्टान्तको रूपमा प्रस्पतुत गर्न सकिने धारणा व्यक्त गरेका छन् । पाण्डेयले सैद्धान्तिक र व्यावहारिक समालोचनामा रूचि देखाउनुको साथै सैद्धान्तिक अध्ययन विशेषतः प्रगतिवाद, कविता र हास्यव्यङ्ग्यका बारेमा देख्न सकिन्छ भन्ने तथ्य उनले प्रस्तुत गरेका छन् । पौडेलले पाण्डे प्रगतिवादी नेपाली कवितामा नै विद्यावारिधिका लागि अनुसन्धान कार्य सम्पन्न गर्नु तथा कवितासम्बन्धी आलोचनामा विशेष रूचि एवम् सक्रिय देखिनुले कविता उनको रूचिकर विधा हो भन्ने निष्कर्ष दिएका छन् । **'प्रगतिवाद र कविता'** तथा **देवकोटाको व्यङ्ग्य कवित्व** नामक कृतिले उनको अनुसन्धानात्मक लेखनका अनुशासन र संयमको पुष्टि गर्दछन् भन्ने दृष्टान्त दिन सकिने भाव उनले व्यक्त गरेका छन् । पौडेलले पाण्डेय विश्लेषणात्मक /विवेचनात्मक पद्धतिको अनुसरण गर्ने आलोचक हुन् भन्ने तथ्यको पुष्टि उनका सबैजसो कृति र लेखरचनाबाट पाउन सकिन्छ भन्ने ठहर गरेका छन् । पाण्डेयको अभिव्यक्तिमा पाइने प्राज्ञिक/बौद्धिक भाषा बौद्धिक पाठकका लागि ग्राह्य भए पनि सामान्य पाठकका लागि केही बोझिलो देखिन्छ भन्दै यस्तो प्रयोग आम रूपमा नभएर आंशिक रूपमा देख्न सकिन्छ भन्ने दृष्टिकोण पौडेलको रहेको देखिन्छ । पौडेलले पाण्डेयको अभिव्यक्ति शैली बौद्धिक भए पनि उनी प्रगतिवादी आलोचक हुनाले एउटा यथार्थवादी आलोचकले पालना गर्ने यथार्थपरक प्रस्तुति

उनमा देखिन्छ जुन प्रायजसो प्रगतिवादी आलोचकमा हुने गर्दछ भन्ने धारणा प्रस्तुत गर्दछन् । पाण्डेयले कुनै पनि सामग्रीको विश्लेषणको क्रममा सूचना तथा तथ्याङ्कको प्रस्तुति, सन्दर्भको उपयोग तथा विवेच्य विषयको पुष्ट्याइँ गर्नु उनको समालोचकीय धर्म हो । त्यसैले गर्दा उनको आलोचना पद्धति प्रमाणिक र वस्तुवादी रहेको छ भन्ने उनले औंल्याएका छन् । पौडेलले पाण्डेयको आलोचनापद्धति प्रगतिवादी चिन्तन र विचारको समकक्षी एवम् सहयोगी बनेको पाइन्छ भन्ने निष्कर्षको रूपमा प्रस्तुत गरेका छन् ।

### ४.३.२.४ निबन्धविषयक समालोचना

यस उपशीर्षकमा पौडेलद्वारा निबन्ध विधामा गरिएका समीक्षाहरूको उद्देश्य, विषय एवम् पद्धतिका आधारमा अध्ययन गरिएको छ ।

**'व्यङ्ग्यको बाङ्गोपना र निर्जीवका बाङ्गा निबन्धहरू'** शीर्षकको समीक्षामा पौडेलले यिनै बाङ्गा निबन्धमा निबन्धकारले आलम्बन गरेको विषयवस्तु, औंचित्य, व्यङ्ग्यात्मकता के कति मात्रामा भएको छ भन्ने बारेको छिपछिपे अध्ययन गर्नु नै मुख्य उद्देश्य रहेको उल्लेख गरेका छन् । वि.सं. २०४७ सालमा प्रकाशित 'सोझा निर्जीवका वाङ्गा निबन्धहरू' नामक सङ्ग्रहमा ११ वटा निबनधहरू रहेको उल्लेख उनले गरेका छन् । पौडेलले निर्जीवको प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धलाई आत्मपरक निबन्ध लेखनको सेरोफेरोमा त राख्न सकिने तर सफल नै भन्न सकिने स्थिति नरहेको ठहर गरेका छन् । विषयका दृष्टिले निर्जीवको यस बिन्धमा मूलतः राजनीति-सामाजिक विषयवस्तुको प्रयोग हुन गएको दृष्टिकोण पौडेलको पाइन्छ । पौडेलले यस सङ्ग्रहका निबन्धले एकातिर पञ्चायतकालीन निरङ्कुश राजनीतिक परिवेश र शासनयन्त्रको कालो कर्तुतको धज्जी उडाउने काम गरेका छन् भने अर्कोतर्फ समाजमा विद्यमान विकृत परम्पराप्रति वितृष्णा जगाउने काम गरेको पाइन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । यी निबन्धमा वर्तमानको विकृत यथार्थप्रति वितृष्णा छ र समुन्नत तथा सभ्य समाजस्थापनाको चहाना पनि अभिमुख भएको पाइन्छ भन्ने उल्लेख पौडेलले गरेका छन् । यसैगरी पौडेलले तीखो

व्यङ्ग्य र रमरम हास्यको निम्ति खिरिलो अर्थात् पाइन्दार भाषाको प्रयोग आवश्यक हुन्छ, प्रस्तुत निबन्ध संग्रहमा यसको अभाव खड्कँदो छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । विषय र प्रसङ्गनुसार हास्यव्यङ्ग्यात्मक सिर्जनाको निम्ति व्यक्ति, समाज, संघसस्था, सरकार वा अन्य यस्तैप्रति व्यङ्ग्य गर्दा सम्बन्धित बस्तुकै सादृश्यतामा ठीकठीक ढङ्गले विम्ब वा प्रतीकहरूको चयन हुनु आवश्यक छ किनकि त्यसो हुन नसकेमा व्यङ्ग्य तिख्खर र धारिलो हुँदैन भन्दै यी यस्ता सवालमा प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्ध खरो उत्रन सकेका छैनन् भन्ने निष्कर्ष पौडेलको देखिन्छ ।

**'निबन्धका बारेमा निबन्धकारहरूको अभिमत'** शीर्षकको अन्तर्वार्तामा पौडेलले निबन्धका बारेमा आफ्ना धारणाहरू व्यक्त गरेको पाइन्छ । पौडेलले निबन्धकाबारेमा अवस्तुगत तथा उडन्ते परिभाषाहरू प्रशस्तै फेला पर्दछन् तर तिनले वास्तवमै निबन्धको मर्म र धर्मलाई पक्डन सकिरहेको छैन, त्यसैले जीवनजगत्का सबै खाले विब्ल्याँटाप्रति छेडखान र घोचपेच गर्दै आमूल परिवर्तनको सन्देश दिने संक्षिप्त एवम् कलात्मक गद्य रचना नै निबन्ध हो भन्न सकिन्छ भन्ने धारणा राखेका छन् । सिङ्गो साहित्य नै मूलतः सौन्दर्यबोधी चेतनाको सम्प्रेषण गर्नका लागि लेखिन्छ भने निबन्ध पनि त्यही उद्देश्यअनुरूप लेखिन्छ र लेख्नु पर्छ भन्ने ठहर उनको देखिन्छ । पौडेलले वर्गीय पक्षधरताका आधारमा निबन्ध पनि प्रगतिवादी र गैरप्रगतिवादी हुने हुनाले गैर प्रगतिवादी निबन्धले श्रमसौन्दर्यको अपेक्षा गर्नुका साथै समाज र जीवनका समग्र वस्तुस्थितिको पर्यवेक्षण गर्न सक्दैन तर प्रगतिवादी निबन्धले श्रमसौन्दर्यको उचित कदर गर्दै समुन्नत एवम् समतामूलक समाजको निर्माणमा सकारात्मक भूमिका निर्वाह गर्दछ भन्ने विचार प्रस्तुत गरेका छन् । निबन्धको भाषा सरल, सुकोमल, र जनजिब्रोले बोल्ने झर्रा शब्दको प्रयोग नै प्रभावकारी हुने तर अमूर्त, अस्पष्ट र विश्रृङ्खल भाषाको प्रयोग उचित नहुने धारणा पौडेलको देखिन्छ । पौडेलले निबन्ध शैलीका दृष्टिले बर्णात्मक, व्याख्यात्मक एवम् हास्यव्यङ्ग्यात्मक शैलीलाई नै बढि रूचाएको देखिन्छ भन्ने भाव व्यक्त गरेका छन् ।

वि.सं. २०४६ सालको जनआन्दोलनपश्चातको समकालीन प्रगतिवादी साहित्यमा जे जस्ता प्रवृत्ति देखापरेका छन् मूलतः निबन्धमा पनि तिनै र त्यस्तै प्रवृत्ति पाइन्छ भन्ने पौडेलको दृष्टिकोण रहेको छ । उनले नेपाली समाज र जीवनका परिप्रेक्ष्यमा यहाँ गतिशील बनेको वर्गसङ्घर्षको स्वरूप र त्यसले सम्प्रेषण गरेको मुक्तिकामी चेतना नै वर्तमानको प्रतिनिधि यथार्थ हो भन्ने धारणा प्रस्तुत गरेका छन् । पौडेलले यो समयमा निबन्ध विधातर्फ श्यामप्रसाद शर्मा, आनन्ददेव भट्ट, खगेन्द्र सङ्ग्रौला, रूद्र खरेल, मोदनाथ प्रश्रित, राजेन्द्र सुवेदी, विमल निभा, विष्णु प्रभात, जगदीशचन्द्र भण्डारी, घनश्याम ढकाल, रविकीरण निर्जीव, गंगप्रसाद उप्रेती, नरनाथ लुँइटेल र गोपीन्द्र पौडेल आदि स्रष्टाहरू क्रियाशील रहेका छन् भन्ने दृष्टान्त पनि प्रस्तुत गरेका छन् । उनले प्रगतिवादी निबन्ध स्रष्टाले प्रस्तुत गर्ने जीवनदृष्टि भनेको द्वन्द्वात्मक भौतिकवादी जीवनदृष्टि हो भने यही जीवनदृष्टिअनुरूप लेखिएका निबन्ध नै देश र जनताका पक्षमा हुने गर्दछन् परिवर्तन र मुक्तिका पक्षमा हुने गर्दछन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

**'व्यङ्ग्यको बाङ्गोपना र बाङ्गिनुको तात्पर्य'**, शीर्षकको लेखमा पौडेलले व्यङ्ग्यका बारेमा पूर्वीय तथा पाश्चात्य साहित्यपरम्परामा हुर्केको साहित्य चिन्तनमाथि गोता लगाउन खोजिएको नभई व्यङ्ग्यको प्रकृति, यसको स्वभाव कारण तथा प्रयोजनका बारेमा छोटो मन्थन गर्ने उद्देश्य राखिएको उल्लेख गरेका छन् । व्यङ्ग्यलाई आस्वाद्य तुल्याउन र प्रयोजनमुखी बनाउनका लागि पनि हास्य र व्यङ्ग्यको सम्मिश्रण अपरिहार्य मानिन्छ भन्ने तर्क पौडेलको देखिन्छ । पौडेलले आफ्नो सिर्जनामाफर्त स्रष्टा बाङ्गिनु उसको रहर नभएर बाध्यता हो र ठोस प्रयोगका लागि अवलम्बन गरिने एउटा सिर्जनात्मक प्रक्रिया हो, त्यसैले व्यङ्ग्यलेखन आफैमा साध्य नभएर साधन मात्र हो भन्ने धारणा प्रस्तुत गरेका छन् ।

स्रष्टाको यथार्थपरक जीवनदृष्टि, सार्थक चिन्तन, समतामूलक समाजस्थापनाको आग्रह एवम् परम्पराप्रति वितृष्णा भएन भने व्यङ्ग्य पाइन्दार बन्न सक्दैन भन्दै व्यङ्ग्यलाई धारिलो, पेचिलो र पाइनदार एवम् निखरो बनाउने

मूल अस्त्र भनेको स्रष्टाले अवलम्बन गरेको जीवनदृष्टि नै हो भन्ने धारणा पौडेलको देखिन्छ । पौडेलले व्यङ्ग्यकलाको धारिलो अस्त्र भनेको भाषा हो त्यसैले भाषालाई मनमौजी खेलाउन सक्ने, जनजीब्रोले बोल्ने कथ्यभाषाको राम्रो प्रयोग हुने बहुभाषाभाषी समुदायका बीचमा प्रचलित भाषा तथा भाषिकाको ज्ञान हुने, भाषालाई सरल एवम् सुपाच्य लोकबिम्ब र प्रतीकका माध्यमबाट व्यङ्ग्यका विभिन्न ढाँचाको संम्प्रेषण गर्न सक्ने स्रष्टाले मात्रै समय, स्थान र समाजसपेक्ष रूपमा व्यङ्यको सिर्जना गर्दछ भन्ने ठहर प्रस्तुत गरेका छन् । सिर्जनाका साथै विशेष गरेर रङ्गमञ्चका क्षेत्रमा सञ्चालन हुँदै आएका हास्यव्यङ्ग्यात्मक प्रस्तुतिहरू सस्तो लोकप्रियता आर्जन गर्नमै व्यस्त देखिन्छन भन्ने विचार उनको देखिन्छ । पौडेलले नेपाली साहित्यिक-सांस्कृतिक क्षेत्रका प्रायजसो व्यङ्ग्यस्रष्टामा विसङ्गतिका विरूद्ध, अन्याय र उत्पीडनका विरूद्ध, वितण्डा संस्कृति र सांस्कृतिक चिन्तका विरूद्ध, जनविरोधी राजनीतिका विरूद्ध, शोषण उत्पीडनका विरूद्ध र सबै प्रकारका मानवताविरोधी क्रियालापका विरूद्ध बाङ्गिनु पर्छ भन्ने चेतना जागृत भए पनि सबै प्रकारका विसङ्गतिको मुहान् कहाँनेर हो भन्ने चेतनाको अभाव एकातिर देखिन्छ भने अर्कोतिर विसङ्गतिको मुहान् खुट्याउन सक्षम भएर पनि उक्त स्रोतप्रति उदासीन बन्ने प्रवृत्ति पनि देखिन्छ भन्ने औंल्याएका छन् ।

बाङ्गिनुको तात्पर्य सस्तो लोकप्रियता आर्जन गर्नु, बजारिया मोलमोलाइको साधन बन्नु, विकृत संस्कृतिको पक्षपोषण गर्नु, अर्थोपार्जनको ध्याउन्नमा लाग्नु, विसङ्गतिको मूलस्रोतप्रति उदासीन बनेर झिनामसिना विषयप्रसङ्गमा अल्झिनु, आमूल परिवर्तनको दिशा पक्रन नसकेर सामान्य सुधारमा अल्झनु मात्र नभएर विसङ्गतिको स्रोतको रूपमा रहेको पुरातन एवम् उत्पीडक सत्तासंरचना र त्यसका कुकर्मप्रति आक्रामक बन्दै समतामूलक समाज स्थापनाका लागि आमूल परिवर्तनको मार्गनिर्देशन गर्नु पनि हो भन्ने पौडेलले निष्कर्ष स्वरूप प्रस्तुत गरेको देखिन्छ ।

### ४.३.२.५ नाटकविषयक समालोचना

पौडेलले नाटकका बारेमा गरेको समीक्षा एवम् नाटकको भूमिका लेखनलाई उद्देश्य, विषय र निष्कर्षको आधारमा अध्ययन गरिएको छ ।

**'रिमालको मसान नाटकमा विद्रोहको स्वरूप'** शीर्षकको समीक्षामा पौडेलले 'मसान' नाटकमा नारी समस्यामा केन्द्रीत भएर नारीविद्रोहको स्वर ठम्याउने उद्देश्य राखेको पाइन्छ । पौडेलले परिमाणका दृष्टिले थोरै मात्र कृति सिर्जना गरेर पनि कृतिको मूल्यका दृष्टिले चर्चाको अग्र पङ्क्तिमा रहेका रिमाल नवीनतम सामाजिक मूल्य र मान्यताको खोजी गर्ने परिवर्तनधर्मी स्रष्टाको रूपमा रहेका छन्, त्यसको ज्वलन्त उदाहरणको रूपमा 'मसान' नाटकलाई लिन सकिने विचार व्यक्त गरेका छन् । नेपाली नारीलाई आफ्नो स्वाधीनता र सम्मानका खारित विद्रोह गर्न अभिप्रेरित गरेर लेखिएको उक्त नाटक पाश्चात्य यथार्थवादी नाटकलेखन परम्परामा नर्वेली नाटककार हेनरिक इब्सेनको यथार्थवादी नाट्यलेखनबाट प्रभावित रिमालको मसान नाटकलाई 'पुतलीको घर' सँग तुलनीय भनिए पनि त्यस्तो समानता पाइँदैन भन्ने दृष्टिकोण उनको देखिन्छ । पौडेलले केही समालोचकहरूले भनेजस्तै रिमाल स्वच्छन्दतावादी, प्रगतिवादी तथा क्रान्तिकारी नभई स्वच्छन्दतावादी, प्रगतिशील तथा विद्रोही स्रष्टा हुन् भनेका छन् । यथार्थवादी लेखनका दृष्टिले हेर्दा रिमाल आलोचनात्मक यथार्थवादका प्रयोक्ता हुन् उनको **'मसान'** नाटक पनि सोही अनुरूप नै सिर्जिएको कृति हो भन्नु युक्रिसङ्गत नै हुने दृष्टिकोण पौडेलको पाइन्छ ।

उनले जहिले पनि नारीलाई भोग्या, चरणकी दासी तथा रखौटीका रूपमा व्यवहार गर्ने सामन्ती तथा निम्न पूँजीवादी मनोवृत्ति र परम्पराप्रति रिमालको तीव्र आक्रोश देखिनु स्वभाविक हो भन्दै त्यसको सिर्जनशील प्रयोगको दृष्टान्त **'मसान'** नाटक रहेको तथ्य प्रस्तुत गरेका छन् । नाटकमा लोग्ने आफूमाथि र सौतामाथि गरेको घोर अपमान अन्याय र ज्यादतीका विरूद्ध विद्रोह गरेर सदाका लागि घर छोडेर हिँड्ने युवती विद्रोही नारी हो, त्यसैले पुरूषतन्त्रको मारमा परेका नेपाली

नारीलाई त्यसरी नै विद्रोही बन्ने सन्देश उसले दिएकी छ भन्ने ठहर पौडेलको देखिन्छ । पौडेलले कृष्णले औंषधी खुवाएको उपसंहारमा उल्लेखित प्रसङ्गमा विश्वसनीयता र स्वभाविकता देखिदैनन् तापनि समष्टिमा नाटकभित्र जुन विद्रोहको स्वर अभिव्यक्त भएको छ त्यसलाई नेपाली नाट्य परम्परामा थपिएको नवीन प्रयोग तथा महत्तम उपलब्धि मान्न सकिन्छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

**'नयाँ यथार्थको प्रतिबिम्बन गर्ने नयाँ नाट्यकृति : अमर मृत्यु'** नामक नाटकको भूमिकामा पौडेलले विगतका जनयुद्ध र जनआन्दोलनको सघन प्रक्रिया तथा सहमति र सहकार्यको प्रक्रियाबाट नेपाली समाज अगाडि बढ्दो छ अनि जनयुद्ध र जनआन्दोलन एवम् त्यसपछिको सङ्क्रमित नेपाली समाजको गतिशील प्रक्रिया सौन्दर्यबिम्बका माध्यमबाट प्सतुत गर्ने उदीयमान पछिल्लो पुस्तका स्रष्टाका रूपमा शोभित 'सिकारू' लाई लिन सकिने उल्लेख गरेका छन् । जनयुद्ध सुरू भएयता कविता, गीत, संस्मरण, कथा, निबन्ध, उपन्यासले जुन स्थान लिएका छन्, नाटकको स्थिति अत्यन्तै दयनीय रहेको अवस्थामा नयाँ यथार्थको प्रतिबिम्न गरेर लेखिएको 'अमर मृत्यु' नामक प्रस्तुत नाटक यसतर्फको सचेत प्रयास हो, दरिलो पइला हो भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । पौडेलले प्रस्तुत नाट्यकृतिभित्र ११ वटा नाटक /एकाङ्की समावेश गरिएका छन् भन्दै यिनलाई आयाम, विषयवस्तु र संरचनाका कारण नाटक नभनेर एकाङ्की सङ्गालो भन्न सकिन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । 'सिकारू' को प्रस्तुत कृतिमा समावेश गरिएका एघारवटा एकाङ्कीले जनयुद्धको उत्तरार्द्धको कालखण्ड, १२ बुँदे समझदारी, १९ दिने आन्दोलनका साथै त्यसपछि मुलुकमा विकसित राजनीतिक - सामाजिक विषयप्रसङ्ग र घटनाक्रमलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् भन्ने आशय उनले प्रस्तुत गरेका छन् । पौडेलले यी एकाङ्कीमा त्याग, तपस्या र बलिदानका गाथा छन्, ध्वंश र निर्माणका जीवनसङ्गत प्रक्रिया छन् अनि मुलुक र मुलकबासीका सपनालाई साकार रूप दिने निश्छल भावनाहरू छन् भन्ने अभिव्यक्ति दिएका छन् । पौडेलले पहिलो प्रयास र त्यसमा पनि आवश्यकता र उपयोगितासम्बन्धी वस्तुवादी मान्यताका आधारमा भन्नुपर्दा प्रस्तुत एकाङ्की सङ्ग्रह

**'अमर मृत्यु'** ले पाठकको न्यायो माया पाउने छ भन्ने अपेक्षा गर्न सकिन्छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

### ४.३.२.६ विविध विधा-विषयक समालोचना

पौडेलका विविध विधा विषयक समालोचनाहरूमध्ये फुटकर र स्तम्भ लेखका रूपमा केही पत्रपत्रिकामा रहेका छन् । ती रचनाहरको विवरण प्रस्तुत सङ्क्षिप्त गरी तिनको अध्ययन गरिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| क | लोक साहित्य विधाको परिचय विशेषता, वर्गीकरण तथा विश्लेषण | जमर्को ४:१ | २०५७ वैशाख | ललितपुर |
| ख | स्रष्टा भेट | जलजला ६:३ | २०६४ असोज | काठमाडौं |

माथि उल्लेखित लेख/रचना एवम् अन्तरवार्ताको अध्ययन तल गरिएको छ ।

**'लोक साहित्य विधाको परिचय विशेषता, वर्गीकरण तथा विश्लेषण'** शीर्षकको लेखमा पौडेलले लोक साहित्यिक विधाको परिचय दिँदै तिनमा पाइने विशेषताको उल्लेखका साथै वर्गीकरण समेत गर्ने उद्देश्य राखेका छन् । पौडेलले लोकसाहित्य परापूर्वकालदेखि लोकजीवनमा मौखिक परम्परामा हुर्कँदै आएको समृद्ध एवम् लोकप्रिय परम्परा हो भन्ने दृष्टिकोण प्रस्तुत गरेको देखिन्छ । त्यसैले लोकसाहित्य लोकजीवनको कलात्मक प्रतिबिम्न हो जहाँ मानवीय क्रियाकलापको कतै स्वभाविक र कतै अतिरञ्जनात्मक प्रस्तुति पनि गरिएको हुन्छ भन्ने धारणा उनको रहेको छ । पौडेलले नेपालको प्रायजसो भूभागमा कुनै न कुनै लोकसाहित्य विधाको प्रभाव रहेको हुन्छ तापनि नेपालको सुदूर पश्चिम तथा मध्यपश्चिमी क्षेत्र लोकसाहित्यको उर्वर भूमि मानिन्छ भन्दै लोकसाहित्य लोकजीवनको सहज उद्गार हुनाले लोकजीवनकोसमस्त क्रियाकलाप लोकसाहित्यमार्फत कलात्मक रूपमा प्रतिबिम्बन हुनु स्वभाविक हुने विचार उनको पाइन्छ । पौडेलले श्रुतिपरम्परामा आधारित हुनु, रचनाकार अज्ञात रहनु, जनहृदयको सहज उद्गार हुनु,

लोकसंस्कृतिको संवाहक हुनु, सामाजिक विषयवस्तुमा आधारित हुनु, सहजता र यथार्थताको प्रधानता रहनु एवम् ऐतिहासिक परम्परको स्वभाविक प्रतिबिम्न हुनु जस्ता कुराहरूलाई लोकसाहित्यको विशेषताको रूपमा लिन सकिने निष्कर्ष प्रस्तुत गरेका छन् । यसै प्रसङ्मा पौडेलले लोकसाहित्यलाई लोकगीत, लोककविता, लोककथा, लोकगाथा एवम् लोकनाटक जस्ता विधागत रूपमा वर्गीकरण गर्न सकिने भन्दै यी विधाभित्र पनि उपविधाहरू रहेको जानकारी दिएका छन् । त्यसैगरी विभिन्न प्रकारका लोकसाहित्यका विधामध्ये लोकगीत नै नेपाली परिप्रेक्ष्यमा सर्वाधिक लोकप्रिय विधा रहेको छ । जसको प्रभाव र विस्तार नेपालको सबै क्षेत्रमा भएको र साथै अन्य विधाको महत्त्व पनि रहेकै पाइन्छ भन्ने निष्कर्ष पौडेलले प्रस्तुत गरेको देखिन्छ ।

**'जसले सपना देख्दैन, उसले जीवनमा केही पनि गर्दैन'** शीर्षकमा पौडेलले स्रष्टा भेटको क्रममा आफ्ना जीवन भोगाइका तीतामिठा क्षणहरूको प्रस्तुत गरेका छन् । पौडेलले दश वर्षे जनयुद्धले सामन्ती संस्कृतिलाई थङ्थिलो बनाउने, पुरातन मानवता विरोधी वितण्डा शैलीलाई भत्काउने र त्यसको सट्टामा जनसंस्कृतिलाई प्रोत्साहित गर्ने काम गरेको छ भन्दै नयाँ जनवादी संस्कृतिको निर्माणमा यसलाई महत्त्वपूर्ण आधारशिला मान्न सकिन्छ भन्ने धारणा व्यक्त गरेका छन् । त्यसैगरी पौडेलले स्रष्टाभेटकै क्रममा आजभोलिको समकालीन साहित्यिक सांस्कृतिक आन्दोलनबारेमा आफूले जानेबुझेका कुराहरूका साथै आफ्नै जीवनका अविष्मरणीय क्षणहरूको बारेमा पनि प्रकाश पारेका छन् । स्रष्टा भेटमा सोधिएको प्रश्नकै क्रममा आफू कृष्णसेन 'इच्छुक' डा. ऋषिराज बराल, भैरव अर्याल, नारायण शर्मा, डा. ताराकान्त पाण्डेय, चैतन्य आदिको प्रेरणाबाट साहित्य सिर्जनामा अभिप्रेरित भएको उल्लेख गरेका छन् । पौडेलले अन्तमा हामीले उडन्ते सपना होइन लेलिनले जस्तै सपना देख्नु पर्ने सन्देश नयाँ पुस्तालाई दिएका छन् ।

## साप्ताहिक /दैनिक पत्रपत्रिकामा प्रकाशित लेख रचना र टिप्पणीहरू :

पौडेलका विविध विधा विषयक समालोचनात्मक रचनाहरू विभिन्न साप्कताहिक एवम् दैनिक पत्रिकाहरूमा प्रकाशित भएका छन् । ती रचनाहरूको विवरण कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

| क.सं. | समालोचना शीर्षक | प्रकाशित पत्रिका | वर्ष अङ्क | मिति | स्थान |
|---|---|---|---|---|---|
| १ | प्रसङ्ग हास्यव्यङ्ग्यको चर्चा तिवारीका कविताको | जनजागृति | १९:१ | २०४५माघ | काठमाडौं |
| २ | कला साहित्यका बारेमा पनि माओवाट सिकौं | योजना | ९ :११ | २०४७ पौष | ” |
| ३ | उ फेरि आउने छ मञ्चनपछिका टिपोटहरू | ” | ९:२५ | २०४७ चैत्र | ” |
| ४ | नाट्य मञ्चन तथा मञ्चनका दृष्टिले सडक नाटकको भूमिका | ” | ९:२९ | २०४८ वैशाख | ” |
| ५ | जनआन्दोलनका छर्राहरू : केही वेचारिक टिपोटहरू | ” | ९:३१ | २०४८ जेष्ठ | ” |
| ६ | बहुदलीय शब्दकोषको निर्माण गरियोस | ” | ९:३९ | २०४८ श्रावण | ” |
| ७ | बहुदलीय फिल्मको एकदलीय हिरो ‘म’ | ” | ९:४१ | २०४८ श्रावण | ” |
| ८ | देउवाको बरियाँत र दिल्लीको जाँड | जनादेश | ३:२७ | २०५१ जेष्ठ | ” |
| ९ | सरकार, छायाँ सरकार र प्रतिछायाँ सरकार | ” | ३:३४ | २०५१ श्रावण | ” |
| १० | जनादेशलाई प्राप्त अप्रकाशित कविताहरू | ” | ३:३५ | २०५१ श्रावण | ” |
| ११ | नवीनतम् सौन्दर्य विधान हिजडाको संस्कृति | ” | ३:३६ | २०५१ भाद्र | ” |
| १२ | साउने खडेरी र भ्यागुते संङ्गीत | ” | ३:४० | २०५१ असोज | ” |
| १३ | समाजवादी शिवीरभित्रका यी स्रष्टाहरू | ” | ३:४२ | २०५१ कार्त्तिक | ” |
| १४ | प्रगतिशील सङ्घको गोष्ठी र मनचिन्ते टिप्पणी (साँइल्दाईका नामबाट) | ” | ३:४६ | २०५२ असोज | ” |
| १५ | प्रभु ! गाईको छाला पाउँ न ! | ” | ४:४३ | २०५२ असोज | ” |
| १६ | हुरीका स्पन्दनहरू (उदेक शर्माका नामबाट) | ” | ४:४४ | २०५२ माघ | ” |
| १७ | जनादेशका लागि अप्रकाशित कविताहरू | ” | ५:१२ | २०५२ फाल्गुन | ” |
| १८ | कर्के आँखा (उदेक शर्माका नामबाट) | ” | ५:१३ | २०५१ माघ | ” |
| १९ | चुनाव, मन्तरी र प्रगतिशील लेखक संघ | ” | ४:१० | २०५१ | ” |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | माघ | |
| २० | जनवादी संस्कृति र पुरस्कारका डल्ला | " | ४:१२ | २०५१ माघ | " |
| २१ | चन्दने संवादाता र समाचार सप्ताह | " | ४:३१ | २०५३ असार | " |
| २२ | अनियमित यथार्थ कि अनेकनको यथार्थ ? (विनय शर्माका नामबाट) | " | ५:३१ | २०५३ असार | " |
| २३ | वर्तमानको यथार्थ कविताको कथ्य ( विनय शर्मा) | " | ५:३७ | २०५३ श्रावण | " |
| २४ | वर्तमान साहित्य आन्दोलन र संयुक्त मोर्चाको औचित्य (विनय शर्माका नामबाट) | " | ७:६४ | २०५४ मंसिर | " |
| २५ | हृदयचन्द्रसिंह प्रधान : चिन्तनको सेरोफेरोमा (विनय शर्माका नामबाट) | " | ७:१६ | २०५४ फागुन | " |
| २६ | प्रस्तावित कालो विधेक र लेखक कलाकारको दायित्व (विनय शर्माका नामबाट) | " | ७:२४ | २०५५ वैशाख | " |
| २७ | हो तिमीले आउँदा बसन्त पनि जित्ने छौं । (विनय शर्माका नामबाट) | " | ७:३१ | २०५५ असार | " |
| २८ | वर्तमान वर्गसङ्घर्षका सापेक्षतामा आजको महाभारत (विनय शर्माका नामबाट) | " | ७:३६ | २०५५ श्रावण | " |
| २९ | राजाराम पौडेल, जुत्ताको उपहार र भ्रष्ट संस्कृति (विनय शर्माका नामबाट) | " | ७:४१ | २०५५ भाद्र | " |
| ३० | रक्तिम सङ्गीत सन्ध्या : शब्द र कर्ममा योगको अपेक्षा (विनय शर्माका नामबाट) | " | ८:२ | २०५५ मंसिर | " |
| ३१ | निस्तेज पारिएको अभिव्यक्ति स्वतन्त्रता र लेखकीय दायित्व (विनय शर्माका नामबाट) | " | ८:१० | २०५४ माघ | " |
| ३२ | पूर्ण विरामको महा यथार्थ र कविताको आदर्श | " | २:२१ | २०४९ पौष | " |
| ३३ | जनयुद्धकालीन सिर्जनाको मूल्याङ्कनको प्रश्न | " | १६:७ | २०६३ पौष | " |
| ३४ | दोलखा साहित्य सम्मेलनको सन्देश | " | १६:१४ | २०६३ फाल्गुन | " |
| ३५ | साम्राज्यवादी संस्कृति र सुन्दरी प्रतियोगिता | " | १६:२१ | २०६३ चैत्र | " |
| ३६ | कथा स्रष्टाको जीवनदृष्टि र सौन्दर्यबोध | " | १८:४ | २०६५ मंसिर | " |
| ३७ | यथार्थको प्रतिबिम्बन : भावनात्मक एकताका सन्दर्भमा (विनय शर्माका नामबाट) | " | ६३० | २०५४ असार | " |
| ३८ | फोहोर पुराण | कान्तिपुर | ८:११७ | २०५७ असोज | " |
| ३९ | भद्रकालीमा भेटौला | " | - | २०५७ असोज १ | " |
| ४० | उल्टो बाढी | " | ८:१४६ | २०५७ | " |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | असार | |
| ४१ | घटाउनलाई बढाएको भाउ | " | - | २०५७ मंसिर ५ | " |
| ४२ | मन्त्रीज्यूको सम्पत्ति विवरण | " | - | २०५७ वैशाख २७ | " |
| ४३ | तिथिमिति र दिनदशा जुराएर आन्दोलन हुन सक्दैन | जनएकता | २४:१४ | ०६२ चैत्र | " |
| ४४ | महत्वकांक्षा उपलब्धि हो उपाधिको विद्यावारिधि | जनधारणा | १४:३५ | ०६२ पुस | " |
| ४५ | द्वन्द्वरत वर्तमान र कथामा त्यसको अवतरण | जनादेश | - | ०६३ भाद्र १३ | " |
| ४६ | संस्कृतिकर्मीको गणतान्त्रिक मोर्चा टट्कारो आवश्यकता बनेको छ | नेपाल आवाज | १५:२७ | ०६३ मंसिर | " |
| ४७ | सांस्कृतिक आन्दोलनको शिखर पुंरूष : इच्छुक | जनजिब्रो | - | ०६४जेष्ठ ११ | " |
| ४८ | प्रतिनायकको अवसान र सांस्कृतिक रूपान्तरण | जनादेश | १७:३० | ०६५ जेष्ठ | " |
| ४९ | मिचाहा भूत भङ्गालो | जनदिशा | ७:३२८ | ०६५ भदौ | " |

माथिको तालिकामा उल्लेख भएबमोजिम लेखरचनाहरू गहन अध्ययनमूलक समालोचना नभएर सामान्य टीकाटिप्पणीमा मात्र सीमित देखिन्छन् । त्यसैले तिनको अलगअलग विश्लेषण नगरी समग्रमा परिचयात्मक जानकारी मात्र दिनु उपयुक्त देखिन्छ । यस उपशीर्षकअन्तर्गत पर्ने लेख/रचनाहरू, साहित्यसिद्धान्त वा विधासिद्धान्त, तत्कालीन घटना, समकालीन सन्दर्भ, साहित्यिक-सांस्कृतिक गतिविधि तथा कृतिसमीक्षामा आधारित हुनाले यिनै विषय प्रसङ्गका वरिपरि रहेर तिनको चर्चा परिचर्चा गर्नु उपयुक्त देखिन्छ ।

पौडेलले साप्ताहिक र दैनिक टिप्पणीमा पनि साहित्यसम्बन्धी प्रगतिवादी मान्यताको अनुसरण गरेको पाइन्छ । त्यस क्रममा पौडेलले प्रगतिवादी साहित्य सिद्धान्तको आधार, उठान, परम्परा, स्वरूप, विशेषता एवम् यसका बारेमा गहन चिन्तन गर्ने विभिन्न विद्वान्का धारणा तथा चिन्तनहरूकै बारेमा टीकाटिप्पणी प्रस्तुत गरेका छन् । पौडेलले विधासिद्धान्तका बारेमा चर्चा गर्दा पनि प्रगतिवादी साहित्यसिद्धान्तकै सेरोफेरोमा विशेष गरी कथा, कविता, नाटक एवम् निबन्ध तथा अन्य साहित्यिक विधाका विविध पक्षबारे टिप्पणी गरेका छन् । यस सन्दर्भमा 'द्वन्द्वरत वर्तमान र कथामा त्यसको अवतरण', 'कलासाहित्यका बारेमा पनि

माओबाट सिकौं', 'ऊ फेरि आउने छ मञ्चनपछिका टिपोटहरू', 'एउटा नयाँ कोसेली हुरीका स्पन्दनहरू' आदि लेखहरू उल्लेख हुनसक्छन् ।

पौडेलले तत्कालीन घटना, समकालीन सन्दर्भ, तत्कालीन राजनीतिक परिवेश एवम् घटनाहरू तथा साहित्यिक सांस्कृतिक गतिविधिहरूका बारेमा पनि थुप्रै टिप्पणीहरू गरेका छन् । यस सन्दर्भमा विशेष गरी राजनीतिक, साहित्यिक क्षेत्रमा भएका राष्ट्रिय अन्तर्राष्ट्रिय गतिविधि, नयाँ नयाँ धारणा एवम् सभा गोष्ठीहरूमा साहित्यका विविध विषय एवम् विशेषताका बारेमा गरिएका छलफल र निष्कर्षहरूको बारेमा खण्डनमण्डन गर्दै आफ्ना धारणालाई स्पष्ट रूपमा प्रस्तुत गरेका छन् । 'सरकार, छायाँ सरकार र प्रतिछायाँ सरकार', 'देउवाको वरियात र दिल्लीको जाँड', 'जनवादी संस्कृति' र 'पुरस्कारका डल्ला', 'वर्तमान साहित्य आन्दोलन र संयुक्त मोर्चाको औंचित्य', 'निस्तेज पारिएको अभिव्यक्ति स्वतन्त्रता र लेखकीय दायित्व' आदि रचनाहरू यसै विषय प्रसङ्गसँग सम्बन्धित रहेका छन् ।

पौडेलले साँस्कृति र निबन्धका बारेमा पनि टिकाटिप्पणी गरेको पाइन्छ । उनले खासगरी सँस्कृतिको बारेमा संस्कृतिक आन्दोलनका क्षेत्रमा खेल्नु पर्ने भूमिका, यसको उद्देश्य, कमीकम्जोरीका बारेमा टिप्पणी गरेका छन् । त्यसैगरी निबन्धमा राजनीतिमा हुने विभिन्न कुप्रवृत्ति, फोहोरी खेल आदिको बारेमा टीकाटिप्पणी गरेका छन् । 'सामना' को सांस्कृतिक सौगत, 'नवीनतम् सौन्दर्य विधान हिँजडाको संस्कृति', 'रक्तिम सङ्गीतसन्ध्याः शब्द र कर्ममा योगको अपेक्षा', 'फोहोर पुराण', 'उल्टो बाढी', 'घटाउनलाई बढाएको भाउ' आदि यस सन्दर्भमा आउने उल्लेख्य लेखहरू हुन् ।

पौडेलले प्रगतिवादी साहित्य सिद्धान्तका मूल्य एवम् मापदण्डलाई आधार बनाएर विविध विधामा रहेका कृतिहरूको टीकाटिप्पणी पनि गरेका छन् । 'साउने खडेरी र भ्यागुते सङ्गीत', 'जनादेशलाई प्राप्त अप्रकाशित कविताहरू', 'चन्दने संवादाता र समाचार सप्ताह', 'बहुदलीय शब्दकोषको निर्माण गरियोस्',

'भद्रकालीमा भेटौला' आदि लेख रचनाहरू यस विषय प्रसङ्सँग सम्बन्धित रहेका देखिन्छन् ।

यसरी पौडेलले प्रस्तुत गरेका विविध विधाविषयक रचनाहरूका साहित्यिक गतिविधिका बारेमा तथा यसका मूलभूत पक्षका बारेमा केलाउने उद्देश्य अगाडि सारेर सोहीबमोजिम आफ्नो विचार राखेका छन् । उनले मूलतः प्राज्ञिक-बौद्धिक, व्याख्यात्मक-विश्लेषणात्मक तथा यथार्थपरक-वस्तुपरक अभिव्यक्ति शैली अङ्गीकार गरेर ती फुटकर लेख/रचनाहरूमा आफ्नो दृष्टिकोण एव विचारहरू प्रस्तुत गरेका छन् ।

## ४.४ गोपीन्द्र पौडेलका निबन्धगत एवम् समालोचनागत प्रवृत्ति र प्राप्ति

गोपीन्द्र पौडेलको निबन्ध र समोचना नै सिर्जनाका मुख्य विधा रहेको पाइन्छ । त्यसैले यिनै विधाको अध्ययनबाट प्राप्त वैशिष्ट्य वा प्रवृत्तिहरूका बारेमा पनि संक्षिप्त चर्चा यस सन्दर्भमा आवश्यक देखिएको छ । यहाँ केही बुँदाभित्र पौडेलका निबन्धगत एवम् समालोचनागत वैशिष्ट्यलाई समेट्ने काम भएको छ ।

### ४.४.१ पौडेलका निबन्धगत प्रवृत्ति एवम् प्राप्तिहरू

**क. हास्यव्यङ्ग्यगत प्रवृत्ति**

पौडेलले आफ्ना निबन्धहरूमा हास्य र व्यङ्ग्यलाई मूल रूपमा प्रयोग गरेका छन् । उनका निबन्धमा उखान टुक्काको प्रयोग एवम् प्यारोडी, सटायर, आदि व्यङ्ग्य प्रविधिको प्रयोगले नै यसको पुष्टि हुन जान्छ ।

**ख. नेपाली समाजको विविधताको चित्रण**

पौडेलका अधिकांश निबन्धहरूमा विषयको विविधता पाउन सकिन्छ । प्रगतिवादी मूल्यमान्यताकै आधारमा नेपाली समाजको विविधतालाई छाम्ने प्रयास पौडेलबाट भएको छ । विशेषतः उनका निबन्धमा सत्तासीनवर्गको आलोचना व्यापक रूपमा भएको देखिन्छ ।

**ग. राष्ट्रियताप्रतिको चासो**

पौडेलका धेरै निबन्धहरूमा राष्ट्रियताको सवाललाई ओजपूर्ण रूपमा प्रस्तुत गरिएको पाइन्छ । उनले राष्ट्रिय भूमि र सम्पदाहरूको दुरुपयोग आदि विषयमा विशेष चासो देखाउनुले पनि यसलाई दृष्टान्तस्वरूप प्रस्तुत गर्न सकिन्छ ।

**घ. शासक वर्गप्रति अनुदार देखिनु**

पौडेलका निबन्धहरूमा तीव्र रूपमा शासक एवम् सत्तासीन वर्गहरूप्रति आलोचना गरेको देखिन्छ । यसरी शासक वर्गले गरेका हरेक कमीकम्जोरीको बारेमा कर्के दृष्टि प्रस्तुत हुनुले पनि यस कुराको पुष्टि गर्दछ ।

**ङ. विभिन्न व्यङ्ग्य प्रविधिको प्रयोग**

पौडेलका निबन्धहरूमा व्यापक रूपमा व्यङ्ग्यको प्रयोग भएको छ । उनले सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, धार्मिक आदि विषयप्रसङ्गप्रति व्यङ्ग्य गरेका छन् । उनले हास्यव्यङ्ग्यको सैद्धान्तिक मान्यताअनुरूप नै विभिन्न व्यङ्ग्य प्रविधिहरूको प्रयोगमा प्यारोडी, सटायर आदि प्रविधिलाई दृष्टान्तका रूपमा प्रस्तुत गर्नसकिन्छ ।

**च. भाषाशैलीगत प्रवृत्ति**

पौडेलका अधिकांश निबन्धमा प्रयुक्त भाषा सरल, सरस र संप्रेष्य नै रहेको पाइन्छ भने शैली पक्षमा भने व्यङ्ग्यात्मकता रहेको छ । उनका निबन्धहरू बौद्धिक एवम् साधारण पाठकका लागि सुपाच्य देखिन्छ ।

**छ. विसङ्गतिमाथिको प्रहार र आमूल परिवर्तनको चेतना**

पौडेलले प्रगतिवादी मूल्यमान्यताका आधारमा नै विसङ्गतिमाथि तीव्र रूपमा प्रहार गरेका छन् । पौडेलले निबन्धमा विसङ्गतिमाथि आलोचना मात्र

गरेका छैनन् बरू त्यस्ता कुराहरूमा सुधारका साथै आमूल परिर्वन सम्बन्धि धारणा स्पष्ट रूपमा राखेको देखिन्छ ।

### ४.४.२ पौडेलका समालोचनागत प्राप्ति र प्रवृत्तिहरू

#### क. प्रगतिवादी मूल्यमान्यताको अनुसरण

गोपीन्द्र पौडेल प्रगतिवादी समालोचक भएको हुँदा उनको वैचारिक आधार प्रगतिवादी चिन्तनसिर्जनबाट निर्देशित रहेको देखिन्छ । उनका व्यावहारिक समालोचनाअन्तर्गतका कथा, कविता, नाटक, विषयक समीक्षाहरू प्रगतिवादी चिन्तनलाई केन्द्रमा राखेर प्रस्तुत गरिएको छ तर 'भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व' नामक कृतिमा भने प्रगतिवादी मूल्यमान्यतालाई हु-बहु अनुसरण गरिएको छैन ।

#### ख. कथाकेन्द्रित समालोचना

पौडेलले प्रायः साहित्यका हरेक विधाको समीक्षमा कलम चलाएर समालोचनात्मक विशिष्टता एवम् परिपक्वताको पहिचान दिएका छन् । उनका समीक्षाहरू कथा, कविता, नाटक, निबन्ध, जीवनी व्यक्तित्व एवम् साँस्कृति आदि विधामा आधारित छन् तापनि उनको समालोचना सम्बन्धी विशेष रूचि र सीप भने कथामा नै देखिन्छ । 'प्रगतिवादी नेपाली कथाका प्रवृत्ति' शीर्षकमा विद्यावारिधि तहको अध्ययन सम्पन्न गर्नुले पनि कथाविषयक समीक्षा उनको रूचिको विषय हो भन्न सकिन्छ ।

#### ग. अनुसन्धनात्मक समालोचना पद्धतिमा रूचि

पौडेलका सैद्धान्तिक र व्यावहारिक समालोचनाहरूमा अनुसन्धानात्मक पद्धतिको अनुसरण गरिएको पाइन्छ । साथै उनले समीक्षा गर्दा विषयको वर्गीकरण, विश्लेषण, सत्यापन र निष्कर्षण प्रस्तुत गर्नुले पनि यस सम्बन्धी उनको क्षमता सीप राम्रो पाउन सकिन्छ ।

**घ. सैद्धान्तिक समालोचनामा रूचि**

गोपीन्द्र पौडेलका समालोचनाहरू निश्चित सैद्धान्तिक ढाँचालाई अनुसरण गरेर प्रस्तुत गरेका छन् । उनले केही बाहेक अधिकांश रचनाहरू प्रगतिवादी मान्यताको आधारमा नै समीक्षा गरेका छन् । कथाको सैन्दर्यशास्त्र, हास्यव्यङ्ग्यको सैद्धान्तिक परिचय, संस्मरण विधाको सैद्धान्तिक अवधारणासम्बन्धी कृति र फुटकर लेखले यसको पुष्टि गर्दछन् ।

**ङ.स्पष्ट निर्णय दिन सक्ने क्षमता**

पौडेलका समालोचनाहरू निर्णयात्मक रूपमा प्रस्तुत गरिएका पाइन्छन् । उनले खास विचार र मान्यतालाई आधार बनाएर समीक्षा प्रस्तुत गरेका छन् । उनले कृतिका राम्रा र नराम्रा पक्षलाई किटेर भनिदिने निर्णयात्मक प्रवृत्ति उल्लेख्य रूपमा अवलम्बन गरेका छन् । 'सौन्दर्यबोध र समीक्षा विविध', 'भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व', 'कुञ्जिनी काव्य' एक दृष्टि अनेक, प्रगतिवादी साहित्य चिन्तन र लेनिन आदि शीर्षकका समीक्षामा पौडेलले आफ्नो निर्णयात्मक क्षमताको पहिचान दिएका छन् ।

**च. कुशल विवेचना र विश्लेषण पद्धति**

पौडेलको समालोचनाकारितामा विवेचनात्मक एवम् विश्लेषणात्मक प्रवृत्ति पनि राम्रो रहेको छ । उनले **सौन्दर्यबोध र समीक्षा विविध** (२०५६), **कथाको सौन्दर्यशास्त्र** (२०६५) एवम् **भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व** (२०६५) का साथै अन्य कथा, कविता, नाटक, निबन्ध, संस्कृति विषयक समालोचना पनि विवेचनात्मक-विश्लेषणात्मक पद्धतिअनुरूप अध्ययन अनुशीलन गरेका छन् ।

**छ. स्रष्टापरक समालोचनात्मक प्रवृत्ति**

पौडेलले विभिन्न स्रष्टाहरूको बारेमा पनि समीक्षा गरेको पाइन्छ । उनले कृष्ण सेन इच्छुक, श्यामप्रसाद शर्मा, ताराकान्त पाण्डेय आदिका बारेमा गरेको समालोचनालाई नै यसको दृष्टान्तका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

## ४.८ निष्कर्ष

विस २०४५ को 'जनजागृतिमा' प्रसङ्ग हास्यव्यङ्ग्यको चर्चा भीमनिधि तिवारीका कविताको' शीर्षकको समीक्षात्मक लेखको प्रकाशनबाट नेपाली समालोचनाका क्षेत्रमा क्रियाशील रहँदै आएका प्रतिभाशाली समालचोक पौडेलको '**कामरेडमा नाउँ दरिएन**' (२०५६) व्यङ्ग्य निबन्ध सङ्ग्रह, **सौन्दर्यबोध र समीक्षा विविध** (२०५९) **कथाको सौन्दर्य शास्त्र** (२०६५) र **भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व** (२०६५) नामक कृतिका साथै छरिएर रहेका दर्जनौ फुटकर समालोचनाले उनलाई प्रगतिवादी बृत्तका प्रतिनिधि समालोचकका रूपमा देखाएका छन् । सैद्धान्तिक र व्यावहारिक गरी दुवै समालोचनाको क्षेत्रमा कलम चलाएका पौडेलका सैद्धान्तिक समालोना अन्तर्गत संस्कृति, कथा, हास्यव्यङ्ग्य र निबन्ध विषयक रहेका छन् भन्ने व्यावहारिक समालोचनाहरू कविता, कथा, नाटक, जीवनी, व्यक्तित्व विषयसँग सम्बन्धित रहेका देखिन्छ ।

पौडेलले प्रगतिवादी साहित्यसिद्धान्तको अनुशीलनका सन्दर्भमा यसको दार्शनिक आधार, पृष्ठभूमि र परम्पराका साथै मान्यताअन्तर्गत, उद्भव, प्रयोजन तथा रूप र अन्तर्वस्तु एवम् साहित्यिक मापदण्डका आधारसमेतको निरूपण गरेका छन् । त्यसैगरी प्रगतिवादसम्बन्धी प्रमुख मान्यताका परिप्रेक्ष्यमा कथाको सिद्धान्तअन्तर्गत कथाको विधागत परिचय र संरचना, कथाको उद्भव र विषयस्रोत, कथाको रचनाप्रक्रिया, कथारचनाको उद्देश्य/प्रयोजनका बारेमा समष्टि रूपमा विवेचना गरेका छन् । यसैगरी हास्यव्यङ्ग्यको सैद्धान्तिक अध्यायनका सन्दर्भमा पूर्वीय एवम् पाश्चात्य परम्पराका साथै नेपाली चिन्तनका मान्यतालाई पनि समेट्दै यसको सैद्धान्तिक स्वरूपको विवेचनासमेत पौडेलले गरेका छन् ।

पौडेलले प्रगतिवादी मान्यताअनुरूप नै निवन्ध सिर्जना गरेका छन् । उनले ती निबन्धहरूमा भौगोलिक, राजनैतिक, प्रशासनिक, आर्थिक, संस्कृतिक धार्मिक, राष्ट्रिष्य-अन्तर्राष्ट्रिय घटनाक्रम आदि विषयवस्तुमा तीखो व्यङ्ग्य र विद्रोहको स्वर प्रखर रूपमा मुखरित गरेका छन् ।

पौडेलले कथा विषयक समालोचनाअन्तर्गत पनि व्यक्तिप्रतिभा परम्परा,कृति र प्रवृत्तिको अध्ययन गरेका छन् । व्यक्तिप्रतिमाअन्तर्गत हृदयचन्द्रसिंह प्रधान, हरिहर

खनालको कथाकारिता र कथामा यथार्थविम्बनको चर्चा गरेका छन् । त्यसैगरी समकालीन कथालेखनको चर्चा बेदना (कथा विशेषका) कथाको, समकालीन यथार्थ र कथालेखनका वैशिष्ट्य, कथारचनामा स्रष्टाको जीवनदृष्टि र विचारतत्वको भूमिका पैयुँ फुल्न थालेपछि, आधुनिक लघुकथा परम्परा र समकालीन प्रवृत्ति, द्वन्द्वरत नेपाली समाज र समयका कथा, जनयुद्धकालीन नेपाली कथामा जनयुद्धको प्रतिबिम्बन आदि जस्ता शीर्षकमा उनले समकालीन कथा लेखन परम्परा र प्रवृत्तिको बारेमा सम्यक् अध्ययन गरेका छन् । त्यसैगरी कविता विषयअन्तर्गत विचार र विधागत मान्यताका पृष्ठभूमिमा 'आन्दोलन कविता', कवि केवलपुरे किसान र कवितासिर्जनका स्वरहरू, युद्ध प्र. मिश्रः काव्ययात्रा र विश्लेषण, पारिजातको वैशालु वर्तमान आदिको विभिन्न कोणबाट विवेचना एवम् विश्लेषण गरिएको छ । संस्कृति विषयक समालोचनाअन्तरर्गत संस्कृति सांस्कृतिक आन्दोलनको परम्परा र दिशा, संस्कृति, जनसंस्कृति र सांस्कृतिक रूपान्तरण, संस्कृतिका विभिन्न आयम र रूपान्तरणकारी भूमिका, जनयुद्धका दश वर्ष र सँस्कृति रूपान्तरणमा त्यसको भूमिका, सञ्चार सस्कृति र संविधान सभा आदि संस्कृतिसम्बन्धी समालोचनामा उनले प्रगतिवादी मूलमान्यताअनुरूप नै व्याख्या विश्लेषण गरेको देखिन्छ ।

यसै शीलशीलामा कृष्ण सेन 'इच्छुक' श्यामप्रसाद शर्माका बारेमा जीवनी व्यक्तित्वको अध्ययन एवम् रिमालको **'मसान'** नाटक एवम् **अमरमृत्यु** नामक नाटकको भूमिका लेखन जस्ता विषयहरूको विवेचना पनि गरेका छन् । यी बाहेरक अनुसन्धान पद्धतिका बारेमा गहन अध्ययनका साथै कृति समीक्षा र भूमिका लेखनका कार्य पनि गरेका छन् । त्यसो त पौडेलले विभिन्न साप्ताहिक दैनिक पत्रपत्रिकामा पनि कृति समीक्षाका साथै साहित्यिक -सांस्कृतिक, राजनैतिक आदि घटनाप्रसङ्गका बारेमा पनि प्रशस्त टीकाटिप्पणी गरेका छन् । पौडेलको समालोचना शैली अनुसन्धानात्मक, व्याख्यात्मक, विश्लेषणात्मक हुनुका साथै निबन्धकारिता भने व्याङ्ग्यात्मक, विद्रोहात्मक, सम्प्रेष्य भाषाशैली जस्ता पक्षहरू उनका लेखनमा देख्न सकिन्छ ।

# पाँचौं अध्याय

# उपसंहार र निष्कर्ष

## ५.१ उपसंहार

प्यूठान जिल्लाको लुङ् बाहानेमा २०१४ सालमा जन्मेका गोपीन्द्र पौडेलले बाल्यकाल, किशोरावस्थाको जीवनका साथै एस.एल.सी. सम्मको अध्ययन त्यहीबाट पूरा गरेको पाइन्छ । विभिन्न अभाव र विपन्न आर्थिक अवस्थासँग पौँठेजोरी गर्दै महेन्द्र बहुमुखी क्याम्पस दाङबाट आई.ए. र बी.ए., त्रि.वि., कीर्तिपुरबाट स्नातकोत्तर तह एवम् त्रि.वि. बाटै विद्यावारिधिसम्मको अध्ययन पौडेलले पूरा गरेका छन् । २०३९ सालमा उर्मिला रेग्मीसँग वैवाहिक सम्बन्धमा बाँधिएका पौडेलले आर्थिक स्रोत जुटाउन शिक्षण पेशामा संलग्न रहनुका साथै साहित्य-सिर्जना र राजनीतिमा समेत क्रियाशीलता देखाएको पाइन्छ । २०३०/०३१ सालबाट अभ्यासिक लेखन शुरू गरे पनि २०४५ सालको 'जनजागृति' मा 'प्रसङ्ग हास्यव्यङ्ग्यको चर्चा भीमनिधि तिवारीका कविताको' शीर्षकको समीक्षात्मक लेखको प्रकाशनपछि निरन्तर रूपमा कलम चलाएका पौडेलले मार्क्सवादी सौन्दर्यशास्त्रबाट प्रभावित भएपछि यस क्षेत्रमा क्रियाशील हुँदै आफ्नो स्पष्ट पहिचान बनाउन सफल भएका छन् । त्यतिमात्र होइन, विभिन्न प्रकारका जनवर्गीय एवम् पेशागत सङ्घ-सङ्गठनमा संलग्न हुँदै पौडेलले आफ्नो रूचि, क्षमता, क्रियाशीलता र भूमिकाको स्पष्ट पहिचान दिएका छन् । वि.सं. २०४८ सालदेखि प्राध्यापनलाई आफ्नो मूल पेशा बनाएका पौडेल हाल उपप्राध्यापकका रूपमा पाटन संयुक्त क्याम्पस कार्यरत छन् । मूलतः अभावग्रस्त जीवनका आरोह-अवरोहसँग सङ्घर्ष गर्दै एउटा प्रतिभाशाली लेखक, आलोचक, कुशल प्राध्यापक एवम् चिन्तक बन्ने अवसर पौडेलले प्राप्त गरेका छन् ।

गोपीन्द्र पौडेलले कठोर साधना र सीपको प्रदर्शन गरी विभिन्न क्षेत्रमा कार्य गरेर पश्चात् ज्ञान एवम् अनुभव बटुल्न सफल भएको हुँदा व्यक्तित्वका विभिन्न पाटाहरू रहेका छन् । समालोचनाबाट सिर्जनामा प्रवेश गरेका पौडेल अर्थोपार्जनका लागि अध्ययनमा संलग्न हुँदै आएका छन् । त्यतिमात्र होइन सामाजिक

उत्तरदायित्व बोधबाट प्रेरित भएका पौडेलले राजनीतिक, सांस्कृतिकलगायतका विभिन्न सङ्घसंस्थामा आबद्ध हुँदै र मार्क्सवादी सौन्दर्यशास्त्रतर्फ अभिरूचि बढ्दै गएपछि प्रखर प्रगतिवादी समालोचक एवम् सौन्दर्यचिन्तकका रूपमा आफ्नो स्पष्ट चिनारी दिएका छन् । प्रखर समालोचक भएकै कारण भूमिका लेखक व्यक्तित्वको निर्माण पनि पौडेलले गरेका छन् । त्यसैगरी पौडेल समालोचक, निबन्धकार, सम्पादक, भूमिका लेखक, साहित्यिक वार्ताकार, प्राध्यापक, शिक्षक, सङ्गठक, सामाजिक राजनीतिकलयातका व्यक्तित्व हुन् भन्न सकिन्छ । त्यसो भए तापनि मूलतः समालोचक, निबन्धकार एवम् प्राध्यापक व्यक्तित्व नै बढी प्रभावशाली देखिन्छन् ।

पौडेलको आभ्यासिक लेखन ०३०/०३१ बाट शुरू भएपनि २०४५ को 'जनजागृति' मा प्रकाशित 'प्रसङ्ग हास्यव्यङ्ग्यको चर्चा भीमनिधि तिवारीका कविताको' शीर्षकको समीक्षाबाट समालोचनाको क्षेत्रमा लेखन आरम्भ गरेको पाइन्छ । वि.सं. २०४५ पश्चात् पौडेलका समालोचना, निबन्धका साथै अन्य समसामयिक टिप्पणी र लेखरचनाहरू प्रकाशन हुन थालेको देखिन्छ । त्यस्तै **'कामरेडमा नाउँ दरिएन'** (२०५६) व्यङ्ग्य निबन्ध सङ्ग्रह, **सौन्दर्यबोध र समीक्षा विविध** (२०५९) समालोचना, **भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व** (२०६५) सिद्धान्त र समालोचना एवम् **कथाको सौन्दर्यास्त्र** (२०६५) कथा सिद्धान्त तथा दर्जनौ फुटकर समीक्षा एवम् समालोचनाहरूले पौडेललाई प्रगतिवादी वृत्तका प्रतिनिधि समालोचकका रूपमा स्थापित गराएको छ । समालोचक पौडेलका सैद्धान्तिक समालोचनाअन्तर्गत हास्यव्यङ्ग्य सिद्धान्त र कथा सिद्धान्त रहेका छन् भने व्यावहारिक समालोचनाअन्तर्गत कथा, कविता, जीवनी, व्यक्तित्व, नाटक एवम् निबन्ध विषयक समालोचनाहरू प्रकाशित देखिन्छन् ।

कामरेडमा नाउँ दरिएन (२०५६) निबन्ध संग्रहका साथै पौडेलका अन्य पत्रपत्रिकाहरूमा फुटकर निबन्धहरू पनि प्रकाशित भएका छन् । पौडेलका अधिकांश निबन्धहरूमा विभिन्न राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक एवम् राष्ट्रिय-अन्तर्राष्ट्रिय घटनाहरूप्रति व्यङ्ग्य, विद्रोह र आलोचना

गरिएको पाइनुका साथै निबन्धमा शैलीशील्पअन्तर्गत भाषा सरल, सहज, सम्प्रेष्य रहनुको अलवा व्यङ्ग्यका विभिन्न प्रविधिहरूको प्रयोग पनि पाइन्छ ।

पौडेलले 'भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व' नामक कृतिको पहिलो अध्यायमा हास्यव्यङ्ग्यसम्बन्धी सैद्धान्तिक अध्ययन गर्ने क्रममा उनले हास्यव्यङ्ग्यसम्बन्धी पूर्वीय तथा पाश्चात्य चिन्तन परम्पराको सापेक्षतामा नेपाली समीक्षकको धारणालाई पनि अनुसन्धानात्मक तथा विश्लेषणात्मक पद्धतिअनुरूप प्रस्तुत गरेका छन् । त्यसैगरी पौडेलले हास्यव्यङ्ग्य विकृति र वि.सं.ङ्गतिबाट उत्पन्न हुने हुनाले मानवीय कमजोरी दुर्बलता एवम् विसङ्गतिमाथि प्रहार गर्दै सुधारको आग्रहसमेत राख्ने सशक्त साहित्यिक मान्यता हो भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । पौडेले प्रगतिवादी मान्यताकै आधारमा 'कथाको सौन्दर्यशास्त्र' को सम्यक् अध्ययन गरेका छन् । उनले 'कथाको सौन्दर्यशास्त्र'को सम्बन्धमा कथाको विधागत परिचय र संरचना, कथाको उद्भव र विषयस्रोत, कथाको रचना प्रक्रिया, कथारचनाको उद्देश्य /प्रयोजन आदिका बारेमा अनुसन्धानात्मक एवम् विश्लेषण पद्धति अँगालेर सूक्ष्म ढङ्गले अध्ययन-अनुशीलन गरेका छन् । त्यसैगरी विभिन्न संस्कृतिसम्बन्धी संस्कृति, जनस.स्कृति र सांस्कृतिक रूपान्तरण, संस्कृतिका विभिन्न आयम र यसको रूपान्तरणकारी भूमिका, सञ्चार, संस्कृति र संविधानसभा आदि लेखहरूका बारेमा पनि अनुसन्धानात्मक, व्याख्यात्मक तथा विश्लेषण पद्धतिको अनुसरण गरेर सूक्ष्म ढङ्गले प्रस्तुत गरेका छन् ।

पौडेलको समालोचनाको सैद्धान्तिक आधार प्रगतिवाद हो । उनका व्यावहारिक समालोचनाअन्तर्गत कविता विषयक समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । पौडेलले समकालीन कविताको संरचनालगायत विभिन्न कविका कविताहरूलाई प्रगतिवादी कोणबाटै सर्वेक्षण गरी कवि एवम् कविताका शक्ति र सीमालाई पनि औंल्याएका छन् । पौडेलले ताराकान्त पाण्डे, ईश्वरचन्द्र ज्ञावाली, शार्दूल भट्टराई, पूर्णविराम तथा पारिजातका कवित्वको विश्लेषण - मूल्याङ्कन गर्दै यिनीहरूलाई प्रगतिवादी कित्तामा उभ्याउँदै यिनीहरूका कविताले प्रगतिवादी स्वरलाई मुखरित गरेका छन् भने धारणा पौडेलले

प्रस्तुत गरेका छन् । यसैगरी समकालीन कविताको मूल प्रवृत्ति प्रगतिवादी सिर्जनविधि भएको र यस कित्ताका कविहरू आहुति, केवलपुरे किसान, युद्धप्रसाद मिश्र, ईश्वरचन्द्र ज्ञवाली, हरिगोविन्द लुइँटेल, स्नेह सायमी, गणेश भण्डारी, विष्णु भण्डारीलगायतका कविहरूले कसैले निम्नवर्गीय नेपाली समाजको आक्रान्त जीवनशैली सजिव चित्रण गरेका छन् भन्ने उल्लेख गरेका छन् । त्यस्तै देवकोटा र तिवारीलाई स्वच्छन्दतावादी तथा प्रगतिशील कविका रूपमा प्रस्तुत गरेका छन् ।

पौडेलले प्रगतिवादी मान्यताकै आधारमा कथाविषयक समालोचना व्यक्ति प्रतिभा र समकालीन कथा लेखनका बारेमा कलम चलाएका छन् । त्यसक्रममा हृदयचन्द्रसिंह प्रधानकोकथाकारिताको विश्लेषण-मूल्याङ्कन, समकालीन यथार्थ र कथालेखनका वैशिष्ट्य, हरिहर खनालका कथामा यथार्थको प्रतिबिम्बन, प्रसङ्ग समकालीन कथालेखनको चर्चा वेदना (कथाविशेष) का कथाको, आधुनिक नेपाली कथामा चरण विभाजनको समस्या र समाधान आदि शीर्षकका समीक्षाहरूमा समकालीन कथालेखन परम्परा, उद्देश्य र प्रवृत्तिको बारेमा सम्यक अध्ययनका साथै कतिपय विषय परिवेशलाई हेर्दा समाजवादी यथार्थवादी धारणाअनुरूप, वर्गीय चेतना, वर्गीय द्वन्द्व तथा गणतान्त्रिक स्वरलाई नै मुखरित गरेको विचार पौडेलले प्रस्तुत गरेका छन् ।

पौडेलले स्रष्टा विषयक समालोचनाअन्तर्गत पनि समकालीन समाजवादी यथार्थवादी चिन्तन अनुरूप नै व्यक्ति प्रतिभाहरूका बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् । श्यामप्रसाद शर्मा, रमेश विकल, कृष्ण सेन ‘इच्छुक’, ताराकान्त पाण्डेय आदिका बारेमा चर्चा गर्दै पौडेलले यी स्रष्टाहरूमा हरेक किसिमको विकृतिको भण्डाफोर गर्ने प्रवृत्ति पर्याप्त मात्रामा देखिन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् ।

पौडेलले निबन्धविषयक समालोचनाअन्तर्गत व्यङ्ग्यको बाङ्गोपन र निर्जीवका बाङ्गा निबन्धहरू समालोचना गरेका छन् । निर्जीवका यी निबन्धहरू खारिएका र माझिएका छन् भन्दै यिनमा तत्कालीन शासन व्यवस्था र समाजका

वि.सं.ङ्गतिप्रति आक्रोश व्यक्त भएको उल्लेख पौडेलले गरेका छन् । त्यसैगरी नाटक विषयक समालोचनामा रिमालको **मसान** नाटक र **अमर मृत्यु**को भूमिका लेखेका छन् । यिनमा पनि व्यङ्ग्य र विद्रोहको स्वर मुखरित भएको ठहर पौडेलको देखिन्छ ।

उपर्युल्लिखित विधागत समालोचनाका अतिरिक्त पौडेलले अनुसन्धान पद्धतिका बारेमा पनि सूक्ष्म ढङ्गले अध्ययन गरेका छन् । त्यसैगरी कृति समीक्षा, तत्कालीन समय-सन्दर्भका घटना-प्रसङ्ग तथा साहित्य-सांस्कृतिक विषयक प्रसङ्ग राजनीतिक र आन्दोलनसँग सम्बन्धित गतिविधिका बारेमा पनि पौडेलले समष्टिगत रूपमा टीकाटिप्पणी गरेका छन् ।

गोपीन्द्र पौडेलको समालोचनाको मुख्य आधार प्रगतिवाद नै देखिन्छ । त्यसैले व्यावहारिक समालोचना भित्रका विभिन्न विधाका प्रगतिवादी एवम् केही गैरप्रगतिवादी स्रष्टा र सिर्जनाहरूको समीक्षा पौडेलले प्रगतिवादी कोणबाट गरेको देखिन्छ । पौडेलले समाजवादी यथार्थवादी मान्यता एवम् वैचारिक अवधारणाअनुरूप स्रष्टा र सिर्जनाहरूको मूल्याङ्कन गर्दै तिनमा देखापरेका प्राप्ति र सीमालाई पनि औंल्याएका छन् । पौडेलका सैद्धान्तिक समालोचना तथा अभिकांश व्यावहारिक समालोचनामा अनुसन्धनात्मक पद्धतिको अनुसरण गरिएको छ । त्यसैगरी व्याख्यात्मक विश्लेषणात्मक एवम् प्रज्ञिक-बौद्धिक पद्धति पनि समीक्षामा सन्दर्भमा पौडेलले अनुसरण गरेको पाइन्छ । त्यसैले पौडेलले विषयको वर्गीकरण निष्कर्षका साथै बस्तुपरक एवम् यथार्थपरक निर्णय दिएर समालोचकीय धर्मको अवलम्बन गरेका छन् भन्नु उपयुक्त देखिन्छ ।

## ५.२ निष्कर्ष

'साहित्यकार गोपीन्द्र पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकमा गरिएको समग्र अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् :

१. प्यूठान जिल्लाको लुङ बाहानेमा २०१४ सालमा जन्मेका पौडेलले विभिन्न आर्थिक कठिनाइसँग पौंठेजोरी खेल्दै त्यहीँबाट माध्यमिक तहको अध्ययन पूरा गरी महेन्द्र बहुमुखी क्याम्पस दाङबाट आई.ए र बी.ए. एवम् त्रि.वि. बाटै स्नातकोत्तर र विद्यावारिधिसम्मको अध्ययन सम्पन्न गरेको तथा प्राध्यापन र साहित्य सिर्जनामा संलग्न भई प्रगतिवादी खेमाका प्रखर समालोचकका रूपमा स्थापित हुन पुगेका पौडेलको जीवन ज्यादै सङ्घर्षमय एवम् वेगवान रहेको देखिन्छ।

२. वि.सं. २०३०/०३१ बाट नाटक र कवितामार्फत अभ्यासिक लेखन सुरू गरे पनि औंपचारिक रूपमा वि.सं. २०४५ बाट समालोचनाका फाँटमा प्रवेश गरी हालसम्म सक्रिय रहेका पौडेल प्राध्यापकको, निबन्धकार, सम्पादक, शिक्षक, भूमिका लेखक, समालोचक, राजनीतिक-सांस्कृतिक सङ्गठनिक आदि व्यक्तित्वका पाटा रहेका भए पनि प्राध्यापक र समालोचक व्यक्तित्व नै बढी प्रभावकारी रहेको पाइन्छ ।

३. पौडेलको विद्यागत लेखनलाई सिंहवलोकन गर्दा अभ्यासिक लेखन कविता र नाटक रहे तापनि त्यसपछि समालोचना र निबन्धमा उनी निरन्तर क्रियाशील रहेको पाइन्छ ।

४. पौडेलका कथा, हास्यव्यङ्ग्य र निबन्ध एवम् संस्कृतिसम्बन्धी सैद्धान्तिक समालोचनाका साथै कथा, कविता, निबन्ध, स्रष्टापरक एवम् नाटकसम्बन्धी व्यवहारिक समालोचना देखिन्छन् ।

५. सैद्धान्तिक अध्ययनका क्रममा पौडेलले 'कथाको सौन्दर्यशास्त्र'को विधागत परिचय र संरचना, उद्भव र विषयस्रोत, रचनाप्रक्रिया, उद्देश्य/प्रयोजन आदिका बारेमा प्रगतिवादी मान्यताअनुरूप प्रकाश पारेका छन् ।

६. पौडेलले हास्यव्यङ्ग्यको सम्बन्धी पूर्वीय तथा पाश्चात्य मान्यता र हास्यव्यङ्ग्यको कारण प्रवृत्ति र वर्गीकरणको बारेमा आफ्नो स्पष्ट दृष्टिकोण प्रस्तुत गरेका छन् ।

७. पौडेलले संस्कृति र संस्मरणसम्बन्धी सैद्धान्तिक अध्ययन विभिन्न लेख रचनामार्फत गरेका छन् ।

८. व्यावहारिक समालोचनाअन्तर्गत कथा कविता, स्रष्टापरक, निबन्ध, नाटक विषयक समालोचनाका साथै अनुसन्धानात्मक पद्धतिको बारेमा पनि पौडेलले दक्ष समीक्षात्मक सीपसँग गरेका छन् । तापनि कथाका अलवा गरेका अन्य विधासम्बन्धी अध्ययन न्यून रहेका छन् ।

९. पौडेलले समसामयिक साहित्यिक - सांस्कृतिक घटना सन्दर्भका साथै तत्कालीन गतिवधिका बारेमा पनि समीक्षात्मक टिप्पणी एवम् विचार प्रस्तुत गरेका छन् ।

१०. पौडेलको समालोचना लेखनमा सैद्धान्तिक मान्यताको अवलम्बन, उन्नत विचारको पक्षपोषण, अनुसन्धानात्मक-निर्णयात्मक क्षमताको प्रदर्शन, विवेचना, व्याख्या, वर्गीकरण र निष्कर्षण विधि अवलम्बन जस्ता वैशिष्ट्य रहेका छन् ।

११. पौडेलको 'कामरेडमा नाउँ दरिएन' निबन्ध संग्रहका साथै विभिन्न पत्रपत्रिकामा प्रकाशित निबन्धहरू व्यङ्ग्य विद्रोहका दृष्टिमा सुन्दर स्वम् उच्च-उदात्त रहेका छन् ।

१२. पौडेलको निबन्धलेखनमा व्यङ्ग्यविद्रोह, सामाजिक विविधता, राष्ट्रियताप्रतिको चासो, शासकप्रति अनुदार, विभिन्न व्यङ्ग्य प्रविधिको प्रयोग, सरल, सरस एवम् सम्प्रेष्य भाषाशैली जस्ता वैशिष्ट्य रहेका छन् ।

१३. गहन विश्लेषण, वस्तुपरक मूल्याङ्कन, निर्णयात्मक क्षमता, जनपक्षीय एवम् उन्नत विचारको अनुसरण पौडेलको समालोचनाकारिताका मुख्य प्राप्ति हुन् भने प्राज्ञिक - बौद्धिक अभिव्यक्ति एवम् सैद्धान्तिक चाप आदिलाई सीमाका रूपमा लिन सकिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, रविलाल (२०६५), **प्रगतिवादी नेपाली समालोचना**, पोखरा : लेकाली प्रकाशन ।

एट्म, नेत्र (२०६१), **समालोचनाको स्वरूप**, ललितपुर : साझा प्रकाशन ।

कँडेल, घनश्याम (२०५५), **नेपाली समालोचना,** ललितपुर साझा प्रकाशन ।

खतिवडा, गोपाल (२०५९), **साहित्यकार कविताराम श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रि.वि. रत्नराज्य लक्ष्मी क्याम्पस ।

गौतम, देवीप्रसाद (२०४९), **प्रगतिवाद परम्परा र मान्यता**, काठमाडौं : श्रीमती मुना गौतम ।

घिमिरे, बुद्धिसागर (२०५६), **नेपाली साहित्यमा कलम पत्रिकाको योगदान**, स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाडौं) ।

चापागाई निनु, (२०४६), **प्रतिनिधि नेपाली कथाहरूअरूहरू,** (सम्पा.), काठमाडौंः स्रष्टा प्रकाशन प्रा.लि. ।

ज्ञवाली, रामप्रंसाद, (२०६४), **रश्मि** (२३ : १) वैशाख : काठमाडौं ।

ढकाल, घनश्याम (२०६२), **यथार्थवादी नेपाली समालोचना** , पोखरा : गण्डकी प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०५६), **प्रगतिवाद र कविता**, काठमाडौं : शीला योगी

पाण्डेय, ताराकान्त, (२०५८), **देवकोटाको व्यङ्ग्यकवित्व,** काठमाडौः शीलायोगी ।

पाण्डेय ताराकान्त (२०५९), 'प्रलेस' : काठमाडौं ।

बराल, ऋषिराज (२०४९), प्रगतिवाद, विराटनगर ! हाम्रो साहित्य सदन ।

महतारा, बलबहादुर (२०६१), नेपाली साहित्यमा प्यूठान जिल्लाको योगदान, स्नातकोत्तर शोधपत्र, त्रि. वि. , कीर्तिपुर ।

श्रेष्ठ, दयाराम (२०५७), संम्पा, **नेपाली कथा भाग-४**, ललितपुर साझाप्रकाशन ।

श्रेष्ठ, दयाराम : माहेनराज शर्मा (२०५९), **नेपाली साहित्यको संक्षिप्त इतिहास** (छै. सं.) ललितपुर : साझा प्रकाशन ।

सापकोटा, योगदाराज, (२०६३), साहित्यकार ताराकान्त पाण्डेयको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रि.वि., पाटन संयुक्त क्याम्पस ।

सुवेदी, राजेन्द्र, (२०६१), **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन ।

सुधांसु (२०६३), जनजिब्रो (१० : १) मंसिर : काठमाडौं ।

सञ्जय, (२०५७), **कान्तिपुर,** ८ : ८५ वैशाख : काठमाडौं ।

सुवेदी, धनप्रसाद, (२०६५) **जनएकता,** पुस ७, काठमाडौं ।

सापकोटा, योगराज (२०६५), **संश्लेषण** (१ : १) पुस, काठमाडौं ।

पौडेल, गोपीन्द्र (२०५६), ***कामरेडमा नाउँ दरिएन,*** काठमाडौं : हेमराज पौडेल ।

________(२०५९), ***सौन्दर्यबोध र समीक्षा विविध,*** काठमाडौं : उर्भिला पौडेल ।

________(२०६५), ***भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व,*** काठमाडौं : प्रज्ज्वल पौडेल/प्रताप पौडेल ।

________(२०६५), ***कथाको सौन्दर्यशास्त्र,*** काठमाडौं : उर्मिला पौडेल ।

________'कुञ्जिनी : काव्य एक दृष्टि अनेक', जमर्को (३ : १), २०५६ वैशाख, पृ. ७-१८ ।

________'लोकसाहित्यिक विधाको परिचय, विशेषता, वर्गीकरण तथा विश्लेषण', ***जमर्को*** ४ : १ २०५७ वैशाख पृ. १८-३२ ।

________'निबन्धको बारेमा निबन्धकारहरूको अभिमत', (अन्तर्वार्ता), सहयात्री २ : २ त्रैमासिक, २०५७ ।

________'संस्कृति, सांस्कृतिक आन्दोलनको परम्परा र दिशा', सुमन ३ : पृ. ६, २०५८ असोज

________'कथा रचनामा स्रष्टाको जीवनदृष्टि र विचारतत्त्वको भूमिका' ***सुमन*** (८ : पृ. ५), २०६० असोज पृ. २१-२६ ।

'कथामा पात्रको स्थान, चयन तथा वर्गीकरण' : ***स्मृतिका क्षण,*** (२०६०), पोखरा ।

________'न्यूरोडको निशेध यात्रा', ***फित्कौली*** (१ : २), २०६२ असोज, पृ.२१-२३ ।

________'व्यङ्ग्यको बाङ्गोपन र वाङ्गिनुको तात्पर्य', **फित्कौली** (१ : ५), २०६२ माघ/फागुन (पृ. ४४-४७) ।

________'संस्कृतिका विभिन्न आयाम र यसको रूपान्तरणकारी भूमिका', ***नव चेतना*** (१२ : २), २०६३, कार्त्तिक, पृ. ४०-४२ ।

________'द्वन्द्वरत नेपाली समाज र समयका कथा', **नौलो विहानी** (९ : ४) २०६३, कार्त्तिक, पृ. २०-२३ ।

________'पैयुँ फुल्न थालेपछि वैशिष्ट्यगत सर्वेक्षणका सन्दर्भमा', ***मधुपर्क*** (३९ : ५), २०६३ असोज, पृ. ३९-४३ ।

________'आधुनिक नेपाली कथामा चरण विभाजनका समस्या र तिनको समाधान', ***रश्मि*** मासिक, २०६३, पृ. १-२२ ।

________'नेपाली लघुकथा परम्परा र समकालीन प्रवृत्ति', ***साहित्य सन्ध्या,*** (२०६३) विशेष अङ्क पृ. २२-३१ ।

________'संस्कृति, जनसंस्कृति र सांस्कृतिक रूपान्तरण', ***रजत महोत्सव स्मारिका*** (२०६३), प्यूठान, पृ. ७-१० ।

________'पाँच कविका पाँच थुङ्गा फूल : एक सङ्क्षिप्त विश्लेषण', ***कलम*** (१५ : १० पू. ४६-४७), २०६४ चैत्र - भाद्र, पृ. ३९-५१ ।

________'जनयुद्धका दश वर्ष र सांस्कृतिक रूपान्तरणमा त्यसको भूमिका', ***प्रतिबिम्बन*** (१ : १), २०६४ असार, पृ. ७४-७६ ।

________'प्रगतिवादी साहित्य चिन्तन र लेनिन', ***कलम*** (२.२), २०५१ वैशाख, पृ. ४३-४७ ।

________'सांस्कृतिक मूल्यबोध र शासकीय संस्कृति', ***प्रत्याक्रमण*** (२ : पृ. १५), २०६४ साउन पृ. ३६-३७ ।

________'स्रष्टा भेट', **जलजला** (६ : ३१), २०६४ असोज, पृ. ४४-४५ ।

________(२०६२), 'ताराकान्त पाण्डेयको आलोचनाः शैलीगत वैशिष्ट्य' पोखरा : गण्डकी साहित्य सङ्गम ।

________(२०६४), **'कृष्ण सेन इच्छुक : व्यक्ति एक व्यक्तित्व अनेक'**, स्मृति ग्रन्थ काठमाडौं : अशोक सुवेदी ।

________(२०६४), 'नयाँ यथार्थको प्रतिबिम्बन गर्ने नयाँ नाट्य कृति', भूमिका, **अमर मृत्यु**, काठमाडौं : प्रगति पुस्तुक सदन ।

_______'सञ्चार संस्कृति र संविधान सभा', **संश्लेषण** (११ : १) २०६५ जेष्ठ पृ. ३६-३८ ।

________'इच्छुक : सिर्जनचेत, सौन्दर्यचेत र उन्नत संस्कृतिका त्रिवेणी', **नौलो विहानी** (११ : १) २०६५ असार - साउन, पृ. १२ - १४ ।

________(२०६५), 'शोकाञ्जली : बहिरङ्ग पर्यवेक्षण तथा अन्तरङ् विश्लेषण', **कृष्ण सेन 'इच्छुक'**, स्मृति ग्रन्थ, काठमाडौं : अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ।

________'भोको रात' अर्थात भोगमुक्त जीवनको कथा', भूमिका **भोको रात**, काठमाडौं : अखिल नेपाल लेखक सङ्घ, केन्द्रीय समिति ।

________'शब्दश्रद्धाञ्जली : रमशे विकललाई', **संश्लेषण** (१ : १) २०६५ पुष/माघ पृ. ४६-४७ ।